# निर्वाचन सम्पर्क व्यक्तिको लागि तालिम सहजीकरण मार्गदर्शन २०७७ (स्रोत सामग्री)




**निर्वाचन आयोग, नेपाल**

कान्तिपथ, काठमाडौं

निर्वाचन शिक्षा तथा सूचना केन्द्र

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

निर्वाचन आयोग नेपाल २०२३

**दिनेश कुमार थपलिया**
**प्रमुख निर्वाचन आयुक्त**



## मन्तब्य

नेपालको संविधानले जनताको प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मानव अधिकार, वालिग मताधिकार र आवधिक निर्वाचन जस्ता लोकतन्त्रका आधारभूत मूल्य मान्यतालाई प्रस्तावनामा उल्लेख गरी नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने व्यवस्था गरेअनुसार तीनै तहमा निर्वाचित सरकार क्रियाशील रहेका छन् । संविधान बमोजिम निर्वाचन आयोगले राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको व्यवस्थापन, संचालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्दछ । यसको निम्ति आयोगले मतदाता नामावली संकलन र अद्यावधिक गर्ने, राजनैतिक दलहरुको दर्ता, नियमन र विवाद निरुपण गर्ने, निर्वाचनको लागि मतदान स्थल तथा मतदान केन्द्रको निर्धारण गर्ने, निर्वाचन सम्बन्धी नीति, योजना र कानून तर्जुमा र कार्यान्वयन गर्ने गराउने तथा निर्वाचन तथा मतदाता शिक्षालाई समुदायस्तर सम्म पुऱ्याई नागरिकको चुन्ने र चुनिने अधिकारलाई सुनिश्चित गर्ने लगायतका कार्यहरु सम्पादन गर्दछ ।

आयोगले आफ्नो कार्यलाई व्यवस्थित र प्रभावकारी ढंगले सम्पादन गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग उपलब्ध गराउनु नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको कर्तव्य हुने कुरा नेपालको संविधान र निर्वाचन सम्बन्धी कानूनले स्पष्ट गरेको सन्दर्भमा निर्वाचनका सबै चरण र प्रक्रियामा सबैको सहभागिता सुनिश्चित गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र विश्वसनीय बनाउने सन्दर्भमा मतदाता नामावली संकलन एवम् अद्यावधिक गर्ने, मतदाता शिक्षा कार्यक्रम संचालन गर्ने, निर्वाचन सम्बन्धी सूचनाहरु सहज रुपमा पुऱ्याउने, मतदानकेन्द्र तथा मतदानस्थलहरुलाई सुरक्षित, सहज, पहुँचयोग्य र लैगिंक एवम् समावेशी तथा अपाङ्गता मैत्री बनाउने आादि कार्यहरु स्थानीय तहसँग समन्वय र अन्तर सम्बन्ध कायम गरी गर्ने गराउने उद्देश्यले आयोगले प्रदेश तथा स्थानीय तहहरुमा निर्वाचन सम्पर्क व्यक्ति तोकी निजहरुको कार्य जिम्मेवारी समेत निर्धारण गरिसकेको छ । यसै सिलसिलामा निर्वाचन सम्बन्धी सूचना र जानकारी प्राप्त हुने खालका सबै विषयवस्तुहरु समेटी निर्वाचन सम्पर्क व्यक्तिहरुको तालिम प्रयोजनका लागि तयार भएको प्रस्तुत **निर्वाचन सम्पर्क व्यक्तिका लागि तालिम सहजीकरण मार्गदर्शन, २०७७** श्रोत पुस्तिका प्रकाशन गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । यो पुस्तिकाको प्रकाशन गर्ने कार्यमा संलग्न सबैलाई धन्यवाद दिंदै यो श्रोत सामग्री निर्वाचनका विषयमा ज्ञान हासिल गर्न चाहने जो कोहीका लागि समेत उपयोगी हुने कुरामा विश्वास व्यक्त गर्दछु ।

मिति : २०७८/८/२९

**( दिनेश कुमार थपलिया )**

# प्राक्कथन

नेपालको संविधानमा व्यवस्था भएको लोकतन्त्र, संघीयता र समावेशीतालाई सम्बर्द्धन र सबलीकरण गर्न तथा संघ, प्रदेश र स्थानीय तहको संरचनालाई संस्थागत गर्न स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी निर्वाचन आवश्यक छ । स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी निर्वाचनले मात्र लोकतन्त्रलाई संस्थागत गर्दै लोकतान्त्रिक मूल्य मान्यतालाई सुदृढीकरणतर्फ लैजान महत्वपूर्ण भूमिका खेलेको हुन्छ । लोकतन्त्रमा प्रत्येक नागरिकलाई आफूले चुनेका प्रतिनिधि मार्फत शासन व्यवस्थामा सहभागिता जनाउने अवसर प्राप्त हुन्छ ।

देशमा हुने निर्वाचनको सञ्चालन, रेखदेख, नियन्त्रण र निर्देशन गर्ने संबैधानिक तथा कानूनी दायित्व निर्वाह गर्ने जिम्मेवारी संविधानले निर्वाचन आयोगलाई दिएको छ । सो अनुरुप आयोगले नियमितरुपमा निर्वाचनसँग सम्बन्धित विभिन्न क्रियाकलापहरु सञ्चालन र व्यवस्थापन गर्दै आइरहेको छ ।

आयोगले कार्य सम्पादनका क्रममा स्थानीय तहसँग निरन्तर समन्वय र सहकार्य गरी मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने कार्य, निर्वाचन शिक्षा तथा मतदाता जागरणका कार्य लगायतका कार्य सञ्चालन गरी सुसूचित मतदाता तयार गर्ने कार्य गर्दै आईरहेको छ । आयोगले निर्वाचन प्रक्रियामा अधिकाधिक नागरिकको सहभागिता गराउदै निर्वाचनमा हुने बदर मत प्रतिशतलाई न्यूनीकरण गर्ने लक्ष्य लिएको छ । यही लक्ष्य प्राप्तिका लागि आयोगले निर्वाचन व्यवस्थापनमा स्थानीय तहसँगको समन्वय र सहकार्य गर्नु अपरिहार्य ठानेको छ । तसर्थ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग अनुरोध गरी सबै प्रदेश तथा स्थानीय तहमा एक/एकजना सम्पर्क व्यक्तिको व्यवस्था गरेको छ ।

स्थानीय तहका मतदातालाई आयोगका कार्यक्रम गतिविधि, सूचना र सन्देशहरुको उपयुक्त विधि र प्रविधिको माध्यमद्वारा सूचना सम्प्रेषण तथा निर्वाचनका हरेक प्रक्रिया र चरणमा हुने क्रियाकलापमा नागरिकको सहभागिता बृद्धिका लागि निर्वाचन सम्पर्क व्यक्तिमा निर्वाचन सम्वन्धी विविध विषयसम्वद्ध ज्ञान तथा निर्वाचन व्यवस्थापनका कार्यमा सीप र क्षमता अभिवृद्धि गर्ने प्रयोजनार्थ यो स्रोत पुस्तिका तयार गरिएको छ। प्रस्तुत स्रोत पुस्तिका तयार पार्न महत्वपूर्ण पृष्ठपोषण प्रदान गर्नु हुने आयोगका पदाधिकारी, कर्मचारी एवम् साझेदार संस्था संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, निर्वाचन सहायता परियोजना ७ल५एञकए० र इन्टरनेशनल फाउण्डेशन फर इलेक्ट्रोरल सिस्टम्स ँ\भक ल७एढी० सबैमा आयोग धन्यवाद व्यक्त गर्दछ ।

यो स्रोत पुस्तिका सबैको साझा सम्पत्ति हो । यसमा सुधार गर्नु पर्ने विषय प्रशस्त हुन सक्छन् । त्यसैले यो स्रोत पुस्तिकालाई अझ बढी उपयोगी र जानकारीमूलक बनाउनका लागि सबैको सुझाब एवम् सहयोगको अपेक्षा गरिन्छ ।

**निर्वाचन आयोग, नेपाल**

# विषयसूची


१. तालिम प्रशिक्षकको लागि मार्गदर्शन १

२. तालिम सत्र प्रशिक्षकको लागि मार्गदर्शन र सन्दर्भ सामग्रीहरु ७

सत्र १ सन्दर्भ सामग्री निर्वाचन आयोग, कार्यप्रणाली र निर्वाचन कानुन ७

सत्र २ सन्दर्भ सामग्री नेपालमा प्रयोगमा रहेका निर्वाचन प्रणालीहरु १९

सत्र ३ सन्दर्भ सामग्री मतदाता दर्ता (Voter registration), अध्यावधिक कार्य र मतदाता परिचयपत्र २५

सत्र ४ सन्दर्भ सामग्री निर्वाचन चक्र तथा प्रक्रिया र निर्वाचन विवाद निरुपण (मतदान, नमुना मतदान अभ्यास र मतगणना प्रक्रिया) ३५

सत्र ५ सन्दर्भ सामग्री निर्वाचन शिक्षा तथा मतदाता जागरण र निर्वाचनमा सामाजिक सञ्जालको सदुपयोग ५९

सत्र ६ सन्दर्भ सामग्री निर्वाचनमा समावेशिता ७७

सत्र ७ सन्दर्भ सामग्री तालिम सहजीकरण सीप र अभ्यास ८६

सत्र ८ सन्दर्भ सामग्री स्थानीय तहसँगको आयोगको समन्वय र अन्तरसम्बन्ध एवम् निर्वाचन सम्पर्क व्यक्तिको कार्य विवरण ९६

अनुसूची १ १०५

अनुसूची २ ११२

# १. तालिम प्रशिक्षकको लागि मार्गदर्शन

| तालिमको तयारी चरण | | |
|---|---|---|
| **प्रशिक्षकले गर्नु पर्ने तयारी** | प्रशिक्षकले देहाय अनुसार तालिमको लागि तयारी गर्नु पर्दछ ।<br>(क) निर्वाचनसँग सम्वन्धित विषयवस्तुको अध्ययन, तालिम स्रोत पुस्तिकाको अध्ययन गरेको हुनुपर्दछ ।<br>(ख) तालिमको लागि आवश्यक पर्ने सामग्रीहरु मेटाकार्ड, न्युजप्रिन्ट, मार्कर, पोष्टर, खेल सामग्री, इनरजाइजर सामग्री र आइसब्रेक सामग्री लगायतका सामग्रीहरु तयार गर्नु पर्दछ।<br>(ग) तालिमको लागि आवश्यक विषयवस्तुहरु, प्रि तथा पोष्टटेष्ट फर्म, सन्दर्भ सामग्री, सफलताको कथा, घटना अध्ययन, तालिमको प्रतिवेदन ढाँचा, सहभागी हाजिर कपी, तालिम अनुगमन फाराम र पावरप्वाइन्टहरु तयार गर्नु पर्दछ ।<br>(घ) तालिमको लागि सहभागीहरु छनौट गर्दा महिला तथा समावेशी समूह, अपाङ्गता भएका व्यक्तिहरुवाट प्रतिनिधित्व हुने गरी छनौट गर्नु पर्दछ ।<br>(ङ) तालिमको स्थान छनौट गर्दा लैङ्गिक तथा अपाङ्गता भएका सहभागीहरुलाई ध्यानमा राखी छनौट गर्नु पर्दछ ।<br>(च) प्रशिक्षकले तालिमका सहभागीहरुसँग अनौपचारिक छलफल र भलाकुसारी गरी सौहार्द्धपूर्ण बातावरण तयार गर्नु पर्दछ । | तालिमको तयारीः तालिम सुरु गर्नु भन्दा अगाडि |

| | | |
|---|---|---|
| **तालिम मोडलको बारेमा जानकारी** | निर्वाचन आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरी सातै प्रदेश तथा ७५३ स्थानीय तहमा एक/एक जना गरी जम्मा ७६० जना निर्वाचन सम्पर्क व्यक्तिको व्यवस्था गरेको छ । सातै प्रदेशमा निर्वाचन सम्बन्धी बिषयमा आवश्यक समन्वय गर्न सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सहसचिव वा सो सरहका एकजना कर्मचारीलाई निर्वाचन सम्पर्क व्यक्ति तोकी आयोगमा जानकारी गराउने व्यवस्थाका लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र स्थानीय तहमा शिक्षा वा सामाजिक विषयसँग सम्बन्धित शाखाको प्रमुखलाई निर्वाचन सम्पर्क व्यक्ति तोकी आयोगमा जानकारी गराउने व्यवस्थाका लागि नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग अनुरोध भए अनुसार प्रदेश तथा स्थानीय तहमा निर्वाचन सम्पर्क व्यक्तिको व्यवस्था भएको छ । यसका साथै आयोगले प्रदेश र स्थानीय तहमा रहने सम्पर्क व्यक्तिको कार्यविवरण समेत स्वीकृत गरेको छ । तसर्थ निर्वाचन सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धिका लागि गरिने तालिमका लागि देहायका क्यास्केड तालिम मोडुल अपनाइनेछ ।<br><br>(१) आयोगबाट स्थानीय तहका प्रमुख/अध्यक्ष तथा सातै प्रदेश र ७५३ स्थानीय तहका एक /एक जना निर्वाचन सम्पर्क व्यक्तिहरु सहभागी | |

गराई **अभिमुखीकरण कार्यक्रम**(उदघाटन सत्र मूल समारोह) कार्यक्रम सम्पन्न गरिसकेको अवस्था छ ।

(२) **मुख्य प्रशिक्षक प्रशिक्षणः Master ToT**

मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न भईसकेको छ जसमा आयोगका अधिकृत कर्मचारीहरु २५ जना UNDP/ESP/IFES प्रतिनिधि गरी जम्मा ३० जना सहभागी रहेका थिए ।

(३) **प्रदेशतहमा Province TOT**

प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षणमा प्रदेशस्थित निर्वाचन कार्यालयका निर्वाचन अधिकारीहरु र प्रदेश तथा स्थानीय तहको निर्वाचन सम्पर्क व्यक्तिहरु स्थानीय तहको संख्याको आधारमा सहभागी तय गरिनेछ ।

**प्रदेश १ :** यस प्रदेशमा १४ जिल्ला छ :

प्रत्येक जिल्लावाट एक/एक जना निर्वाचन अधिकारी, प्रत्येक जिल्लाबाट एक एक जना स्थानीय सहजकर्ता र प्रत्येक जिल्लाबाट एक एक जना निर्वाचन सम्पर्क व्यक्ति गरी जम्मा ४२ जना सहभागी हुनेछन् ।

**प्रदेश २ :** यस प्रदेशमा ८ जिल्ला छ :

प्रत्येक जिल्लावाट एक/एक जना निर्वाचन अधिकारी, प्रत्येक जिल्ला बाट एक एक जना स्थानीय सहजकर्ता र प्रत्येक जिल्लाबाट एक एक जना निर्वाचन सम्पर्क व्यक्ति गरी जम्मा २४ जना सहभागी हुनेछन् ।

**बागमती प्रदेश :** यस प्रदेशमा १३ जिल्ला छ :

प्रत्येक जिल्लावाट एक/एक जना निर्वाचन अधिकारी, प्रत्येक जिल्ला बाट एक एक जना स्थानीय सहजकर्ता र प्रत्येक जिल्लाबाट एक एक जना निर्वाचन सम्पर्क व्यक्ति गरी जम्मा ३९ जना सहभागी हुनेछन् ।

**गण्डकी प्रदेश :** यस प्रदेशमा ११ जिल्ला छ :

प्रत्येक जिल्लावाट एक/एक जना निर्वाचन अधिकारी, प्रत्येक जिल्लाबाट एक एक जना स्थानीय सहजकर्ता र प्रत्येक जिल्लाबाट एक एक जना निर्वाचन सम्पर्क व्यक्ति गरी जम्मा ३३ जना सहभागी हुनेछन् ।

**लुम्बिनी प्रदेश :** यस प्रदेशमा १२ जिल्ला छ :

प्रत्येक जिल्लावाट एक/एक जना निर्वाचन अधिकारी र प्रत्येक जिल्ला बाट एक एक जना स्थानीय सहजकर्ता र प्रत्येक जिल्लाबाट एक एक जना निर्वाचन सम्पर्क व्यक्ति गरी जम्मा ३६ जना सहभागी हुनेछन्

**कर्णाली प्रद्रेश :** यस प्रदेशमा १० जिल्ला छ ।

प्रत्येक जिल्लावाट एक/एक जना निर्वाचन अधिकारी, प्रत्येक जिल्ला बाट एक एक जना स्थानीय सहजकर्ता र प्रत्येक जिल्लाबाट एक एक जना निर्वाचन सम्पर्क व्यक्ति गरी जम्मा ३० जना सहभागी हुनेछन् ।

**सुदूरपश्चिम प्रदेश :** यस प्रदेशमा ९ जिल्ला छ :
प्रत्येक जिल्लावाट एक/एक जना निर्वाचन अधिकारी, प्रत्येक जिल्ला बाट एक एक जना स्थानीय सहजकर्ता र प्रत्येक जिल्लाबाट एक एक जना निर्वाचन सम्पर्क व्यक्ति गरी जम्मा २७ जना सहभागी हुनेछन् ।

**(क) विकल्प १ :** सातै प्रदेशमा प्रदेश स्तरीय २ दिने प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरिनेछ । प्रदेश स्तरीय तालिमको लागि प्रत्येक प्रदेश अन्तर्गतका जिल्लाबाट २ जनाका दरले(१जना जि.नि.अ र १ जना स्थानीय तहबाट) छनौट गरिनेछ (प्रदेश १ बाट ४२ जना, प्रदेश २ बाट २४ जना, बाग्मती प्रदेशबाट ३९ जना, गण्डकी प्रदेशबाट ३३ जना, लुम्बिनी प्रदेशबाट ३६ जना, कर्णाली प्रदेशबाट ३० जना, सुदूरपश्चिम प्रदेशबाट २७ जना सहभागीहरु छनौट) गरिनेछ । उक्त तालिम पश्चात प्रशिक्षार्थीहरुलाई जिल्लास्तरीय तालिमको लागि परिचालन गरिनेछ ।

**(४) जिल्ला तहमा प्रशिक्षण कार्यक्रम District Training**
प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण प्राप्त प्रशिक्षकहरु जिल्ला तहमा प्रशिक्षण कार्यक्रम सञ्चालनका लागि परिचालित हुनेछन् ।

प्रदेश १: १३७ स्थानीय तह

प्रदेश २: १३६ स्थानीय तह

बाग्मती: ११९ स्थानीय तह

गण्डकी: ८५ स्थानीय तह

लुम्बिनी: १०९ स्थानीय तह

कर्णाली: ७९ स्थानीय तह

सुदूरपश्चिम: ८८ स्थानीय तह

**जिल्ला तहमा जिल्लास्तरीय तालिम**
जिल्ला तहमा जिल्लास्तरीय तालिमको लागि जिल्ला भित्र रहेका स्थानीय तहका निर्वाचन सम्पर्क व्यक्तिहरुको सहभागीता हुनेछ । जिल्ला भित्र रहेका स्थानीय तहको संख्यालाई मध्यनजर गरी जिल्लाका सहभागीहरुलाई एउटै क्लस्टरमा समूह बनाई तालिम सञ्चालन गरिनेछ । तालिम अवधि २ दिनको हुनेछ । यस तालिम पश्चात निर्वाचन सम्पर्क व्यक्तिहरु आफनो कार्य विवरण अनुसार निर्वाचन सञ्चालन तथा व्यवस्थानका क्रियाकलापहरु कार्यान्वयनको लागि परिचालित हुनेछन् ।

- यस तालिममा प्रदेशस्तरीय प्रशिक्षक प्रशिक्षण प्राप्त कर्मचारीहरु नै जिल्ला तहमा जिल्ला स्तरीय तालीम सञ्चालन गर्ने सहजकर्ता हुनेछन् ।

**(ख) विकल्प २**
प्रदेश तथा जिल्लास्तरीय प्रशिक्षण कार्यक्रमका लागि सबै प्रदेश तथा स्थानीय तहका ७६० निर्वाचन सम्पर्क व्यक्तिहरुलाई करिव ३० वटा

| | | |
|---|---|---|
| | क्लस्टरमा समुहीकरण गरी मुख्य प्रशिक्षक प्रशिक्षण प्राप्त प्रशिक्षकहरुबाट जिल्लास्तरीय प्रशिक्षण कार्यक्रम सञ्चालन गरी निर्वाचन सम्पर्क व्यक्तिहरुको ज्ञान,सीप र क्षमता अभिवृद्धि गरिनेछ ।<br><br>**(ग) कार्यक्रमको अनुगमन तथा मूल्यांकन**<br>कार्यक्रमलाई प्रभावकारी तथा परिणाममुखी बनाउन अनुगमन तथा मूल्यांकन गरिनेछ ।<br><br>● आयोगका पदाधिकारी तथा तोकिएका कर्मचारीलाई आवश्यकता अनुसार गुण नियन्त्रकको रुपमा आयोगले जिल्ला तहमा सञ्चालन हुने निर्वाचन सम्पर्क व्यक्तिको तालिममा अनुगमनको लागि परिचालित गर्न सक्नेछ ।<br><br>● अनुगमन साथै समग्र कार्यक्रमको प्रभावकारिता, तालिमको अवधि र गुणस्तर वार्षिक रुपमा मूल्यांकन गरिनेछ । यसका लागि चेकलिष्ट समेत तयार गरिनेछ ।<br><br>**(घ) बार्षिक प्रतिवेदन तयार**<br>प्रदेश तथा स्थानीयतहका निर्वाचन सम्पर्क व्यक्तिद्धारा सम्पादन गरिएका कार्यको प्रदेश तथा जिल्ला निर्वाचन कार्यालय मार्फत बार्षिक प्रतिवेदन तयार गरी पेश गरिने व्यवस्था गरिनेछ । | |
| **तालिमको मुख्य उद्धेश्य** | **तालिमको उद्धेश्य देहाय बमोजिम हुनेछ**<br>(क) निर्वाचन आयोगले सातै प्रदेश तथा ७५३ स्थानीयस्तरमा रहेका निर्वाचन सम्पर्क ब्यक्तिहरुको निर्वाचन सञ्चालन तथा व्यवस्थापनको विषयलाई केन्द्रित गरी क्षमता अभिवृद्धि गर्ने ।<br>(ख) निर्वाचनका सबै चरण, प्रक्रिया र क्रियाकलापमा प्रदेश तथा स्थानीय सरकार एवम् स्थानीय संघ संस्थाहरुसँगको समन्वय, सहभागिता र सहकार्य अभिबृद्धि गरी स्वतन्त्र, पारदर्शी, विश्वनीय र मितव्ययी निर्वाचनमा टेवा पुर्‍याउने ।<br>(ग) निर्वाचन आयोग र आयोग अन्तर्गतबाट सञ्चालन हुने नागारिक तथा मतदाता शिक्षा, मतदाता नामावली संकलन तथा अध्यावधिक कार्यहरुलाई प्रभावकारीरुपमा सञ्चालनमा सहयोग गर्ने ।<br>(घ) प्रदेश तथा स्थानीयतहमा निर्वाचन आयोगको तर्फबाट निर्वाचन सम्पर्क व्यक्तिकोरुपमा परिचालन हुनको लागि ज्ञान तथा सिप प्रदान गर्ने । | |

| क्रियाकलाप तथा प्रशिक्षण विधि | प्रशिक्षकले देहाय अनुसारका कार्यमूलक शिक्षणका विधिहरु अपनाउन सक्नेछन् ।<br>(क) समूह छलफलः समूह गठन, छलफल, समूहको प्रस्तुति र निष्कर्ष ।<br>(ख) भूमिका निर्वाह/अभिनयः शिर्षकको ज्ञान, भूमिका विभाजन तथा बाँडफाँड, भूमिका प्रदर्शन, छलफल तथा प्रश्न उत्तर ।<br>(ग) समस्या समाधानः समस्याको पहिचान, समस्याको व्याख्यान, सूचना तथा तथ्य संकलन, तथ्य विश्लेषण, निष्कर्ष, परीक्षण, मिल्दोजुल्दो निष्कर्षको छनोट र समस्या समाधान ।<br>(घ) प्रदर्शनीः अडियो, भिडियो प्रर्दशनी, तयारी,र मूल्याङ्कन ।<br><br>प्रशिक्षकले देहाय अनुसारका सहभागी केन्द्रीत वयस्क सिकाई विधि अपनाउन सक्नेछन् ।<br>(क) प्रदर्शन विधिः यस विधि अनुसार पहिला सामग्रीहरु देखाएर, चित्र देखाएर व्याख्या गर्ने । त्यसपछि प्रश्न उत्तर, छलफल र अभ्यास गराउने ।<br>(ख) अभिनय विधिः सहभागी छनोट गरी उनीहरुलाई मनपर्ने भूमिका दिएर आ आफ्नो भूमिकामा अभिनय गर्न लगाउने ।<br>(ग) कथावाचन विषयवस्तु मिल्दो कथा समावेश गरेर प्रस्तुत गर्न लगाउने । कथा भने पछि छलफल गराउने ।<br>(घ) खेल विधिः विषयवस्तु मिल्दो खेलको माध्यमबाट रमाइलो वातावरणमा विषयवस्तु प्रस्तुत गरेर खेल खेलाउने र खेलपछि छलफल गराउने ।<br>(ङ) मस्तिष्क मन्थन विधिः आःआफनो विचार/अनुभव भन्न लगाएर बढी भन्दा बढी उपायहरु/संभाब्यताहरु सङ्कलन गर्न लगाउने । निर्णय गर्नु पर्ने भएमा सबैको सहमति/वहुमतले निर्णय गर्न लगाउने ।<br>(च) समूह कार्य विधिः यसमा ४/५ जनाको समूहमा फरक फरक कामको जिम्मा दिएर समूहले छानेको नेताबाट काम प्रस्तुत गरी प्रस्तुतिपछि प्रश्न सोध्ने, सुझाव दिन लगाउने ।<br>(छ) ग्यालरी वाक विधिः समूहले तयार गरेको कुनै पनि विषयमाथि तयार पारेको समग्रीलाई समूहगतरुपमा अवलोकन गर्दै छलफल गर्ने ।<br>(ज) हाजिरीजवाफ विधिः सहभागीहरुलाई समूह समूहमा विभाजन गरी सत्रको विषयवस्तुमा आधारित रहेर प्रश्नहरु सहभागीहरुलाई सोध्ने । | स्रोत सामग्री |
|---|---|---|

| | | |
|---|---|---|
| **प्रशिक्षकले ध्यान दिनुपर्ने मुख्य कुराहरु** | प्रशिक्षकले आफनो सत्र सञ्चालनको समयमा देहाय अनुसारका बिषयहरुमा ध्यान दिनु पर्छ ।<br>(क) आत्म-निर्देशित भई सिक्ने अवसर प्रदान गर्नु पर्दछ ।<br>(ख) अनुभवको कदर उचित आदर सम्मान दिदैं सत्र सञ्चालन गर्नु पर्दछ ।<br>(ग) सिक्ने विषयवस्तु महत्वपूर्ण र उपयोगी छ भनि महशुस गराउन सक्नु पर्दछ ।<br>(घ) सिक्ने र सिकाउने वातावरण उपयुक्त बनाउनु पर्दछ ।<br>(ङ) सहभागीहरुलाई आफ्नो अनुभव र ज्ञानको प्रयोग गर्ने मौका प्रदान गर्नु पर्दछ ।<br>(च) आपसी छलफल तथा विचारको आदान प्रदान गर्ने अवसर दिनु पर्दछ ।<br>(छ) सहभागीहरुसँग सुमधुर सम्वन्ध राख्ने, जस्तोः हालखवर सोध्ने, सम्मान गर्नु पर्दछ।<br>(ज) एक पटकमा एकजनालाई मात्र प्रश्न सोध्ने र सबैलाई पालैपालो बोल्ने अवसर प्रदान गर्नु पर्दछ ।<br>(झ) छलफलबाट निस्केका हरेक कुराहरु वोर्ड वा न्यूजप्रिन्टमा लेखेर टाँस्नु पर्दछ ।<br>(ञ) धेरै संख्या सहभागी भएमा ससाना समूहमा बाँढी छलफल चलाउनु पर्दछ । | |
| **तालिमको सुरुवात** | तालिमको उद्घाटन सत्र सञ्चालन<br>प्रशिक्षक र सहभागी बिच परिचय<br>तालिमको आचारसंहिता निर्माण<br>तालिमको व्यवस्थापन पक्षको जानकारी<br>प्रिटेष्ट सञ्चालन | |
| | **तालिमको समापन सत्र**<br>**समयः १ घण्टा** | |
| | तालिमको समापन देहाय अनुसार हुनेछ ।<br>(क) तालिमको समग्र सारांशमा पुनरावलोकन गर्ने ।<br>(ख) तालिमको सहभागीहरुलाई पोस्टटेष्ट फर्म र तालिमको मूल्यांकन फर्म वितरण गरी भर्नको लागि १० मिनेट समय दिने ।<br>(ग) तालिम सामग्रीहरु पावरप्वाइन्ट, सन्दर्भ सामग्री ह्याण्डआउट वितरण गर्ने ।<br>(ग) तालिमको औपचारीक कार्यक्रम आयोजना गरी समापन गर्ने । | |

## २. तालिम सत्र प्रशिक्षकको लागि मार्गदर्शन र सन्दर्भ सामग्रीहरु

**सत्र १**
**निर्वाचन आयोग, कार्यप्रणाली र निर्वाचन कानून**

**समयः १ घण्टा ३० मिनेट**

यस सत्र पश्चात देहायका सिकाइ उपलब्धी हुनेछन् ।

(क) संविधान र कानुनले व्यवस्था गरे बमोजिम निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारको बारेमा सहभागी स्पष्ट हुनेछन् ।

(ख) निर्वाचन आयोगको कार्यप्रणाली र सांगठनिक संरचनाबारे सहभागी सुसुचित हुनेछन् ।

(ग) निर्वाचन कानूनहरुको बारेमा स्पष्ट जानकारी हुनेछ ।

सत्र सञ्चालनको लागि देहायका तयारी गर्नु पर्दछ ।

(क) सत्र सञ्चालनको लागि आवश्यक प्रयोगमा आउने सिकाई सामग्रीहरु न्युजप्रिन्ट, मार्कर, मेटाकार्ड, पोष्टेड, मास्किङ टेप, कैची, A4 साइजको पेपर तयार गर्नु पर्दछ ।

(ख) तालिमको विषयवस्तुको पावरप्वाइन्ट र हेण्डआउट तयारी अवस्थामा राख्नु पर्दछ ।

सत्र सञ्चालनको लागि प्रशिक्षकले देहायको सिकाई विधिहरु अपनाउन सक्नेछन् ।

(क) सहभागीहरुलाई मस्तिष्क मन्थन

(ख) समूह छलफल र प्रस्तुतीकरण

(ग) समूहमा प्रश्न उत्तर

**सत्रको चरणहरु**

**चरण १** निर्वाचन व्यवस्थापन निकाय भन्नाले केलाई बुझाउँछ यस बारेमा मस्तिष्क मन्थन गर्ने, छलफल पश्चात विश्वमा प्रचलनमा रहेका निर्वाचन व्यवस्थापन गर्ने निकायको बारेमा पावरप्वाइन्टबाट प्रस्तुतीकरण गर्ने (२० मिनेट)

**चरण २** निर्वाचन आयोगको संवैधानिक व्यवस्था, काम, कर्तव्य, अधिकार र संगठन संरचना बारेमा प्रस्तुतीकरण गर्ने (२० मिनेट)

**चरण ३** संविधान र यसका विशेषताको बारेमा मष्तिक मन्थन गर्ने । (१५ मिनेट)

**चरण ४** निर्वाचनमा कानुनको महत्वको बारेमा प्रकास पार्ने । (१५ मिनेट)

**चरण ५** कानुन निर्माण प्रक्रिया र निर्वाचन कानूनहरुको बारेमा प्रस्तुतीकरण गर्ने (१५ मिनेट)

**चरण १०** सत्रको पुनरावलोकन तथा सारांश प्रस्तुतीकरण गर्ने । (५ मिनेट)

यो सत्रको लागि स्रोत सामगीहरु

१. नेपालको संविधान र निर्वाचन सम्बन्धी ऐन, नियम सङग्रह.

२. निर्वाचन आयोगमा कार्यरत कर्मचारीको आचारसंहिता, २०७७

३. निर्वाचन आयोगका पदाधिकारीहरुको आचारसंहिता, २०७७

४. https://election.gov.np

| | | |
|---|---|---|
| ५. | https://aceproject.org/ace-en/topics/em/default |
| ६. | Frequently Asked Questions( FAQ) of ECN |

## सत्र १ सन्दर्भ सामग्री
## निर्वाचन आयोग, कार्यप्रणाली र निर्वाचन कानून

### निर्वाचन व्यवस्थापन गर्ने निकायको रुपमा निर्वाचन आयोग

निर्वाचनमा हुने सबै क्रियाकलापको सञ्चालन, व्यवस्थापन, निर्देशन, रेखदेख र नियन्त्रण गर्न संवैधानिक तथा कानुनी रूपमा स्थापना हुने जिम्मेवार निकाय नै निर्वाचन व्यवस्थापन निकाय हो । विश्वका विभिन्न देशमा यस्ता निकायलाई निर्वाचन आयोग, निर्वाचन परिषद्, निर्वाचन एकाइ, निर्वाचन विभाग, निर्वाचन बोर्ड आदि विभिन्न नामले सम्बोधन गर्ने गरिन्छ। सबैजसो लोकतान्त्रिक देशहरूमा निर्वाचन व्यवस्थापन निकायहरूको व्यवस्था गरिएको हुन्छ । निर्वाचन व्यवस्थापन गर्ने निकायको गठन, क्षेत्राधिकार, सदस्यको सङ्ख्या, अधिकारको सीमा आदि विषय त्यस देशको संविधान र कानुनले निर्धारण गरेको हुन्छ । नेपालका सन्दर्भमा संविधानको धारा २४५ बमोजिम गठन हुने संवैधानिक निकाय नै निर्वाचन व्यवस्थापन गर्ने निकाय हो ।

निर्वाचनको कार्य विशिष्ट प्रकृतिको हुने हुँदा यसको व्यवस्थापन निर्वाचन सम्बन्धी विशेष जिम्मेवारी भएको व्यवसायिक निकायबाट सम्पादन गर्नुपर्ने हुन्छ । निर्वाचन व्यवस्थापन निकायहरू स्थायी वा अस्थायी, केन्द्रीकृत अथवा विकेन्द्रीकृत एवं स्वायत्त वा अर्धस्वायत्त प्रकृतिका हुन्छन् । निर्वाचन व्यवस्थापन निकाय संस्थागत, वित्तिय तथा कार्यगत रुपमा सरकारी नियन्त्रणवाट स्वायत्त हुन सकेको खण्डमा मात्र यसले स्वच्छ, स्वतन्त्र तथा निश्पक्ष रुपमा निर्वाचन गराउने उत्तरदायित्व पुरा गर्न सक्दछ । संसारका विभिन्न मुलुकमा सरकारी, मिश्रित र स्वतन्त्र ढाँचाका निर्वाचन व्यवस्थापन निकायको प्रबन्ध गरेको पाइन्छ । स्वतन्त्र पद्धति लागू भएको देशहरूमा निर्वाचन आयोग कार्यकारिणी निकायबाट स्वतन्त्र र स्वायत्त हुन्छन् । सरकारी पद्धतिमा सरकार अन्तर्गत रहेको निकायले निर्वाचन व्यवस्थापन गरेको पाइन्छ । निर्वाचन व्यवस्थापन निकाय आफ्नो काम कारवाहीको लागि सोही सरकारी निकायप्रति जिम्मेवार हुन्छन् । मिश्रित पद्धति स्वभावैले दुई पद्धतिको समिश्रणबाट निर्धारण भएको निर्वाचन व्यवस्थापन निकाय हो । जसअन्तर्गत नीतिगत अनुगमनकारी अधिकार भएको स्वतन्त्र निकाय तथा निर्वाचन प्रक्रिया कार्यान्वयन गर्ने जिम्मेवारी लिएको सरकारी निकायको संलग्नता रहने गर्दछ ।

निर्वाचन व्यवस्थापन गर्ने निकायका मुख्य निर्देशक सिद्धान्तहरू निम्नानुसार छन् :

- स्वायत्तता (Independence),
- तटस्थता (Impartiality),
- निष्ठा (Integrity),
- पारदर्शिता (Transparency),
- दक्षता (Efficiency),
- व्यावसायिकता (Professionalism),
- सेवामुखी (Service-Mindedness)।

## निर्वाचन आयोग, नेपाल

नेपालको समग्र निर्वाचन व्यवस्थापन गर्ने निकाय निर्वाचन आयोग हो । नेपालको संविधानको धारा २४५ ले नेपालमा एक निर्वाचन आयोग रहने तथा आयोगमा प्रमुख निर्वाचन आयुक्त र अन्य चार जना निर्वाचन आयुक्त रहने व्यवस्था गरेको छ । प्रमुख निर्वाचन आयुक्त र आयुक्तहरुको नियुक्ति संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिबाट हुने संवैधानिक प्रावधान रहेको छ । आयोगको प्रमुख निर्वाचन आयुक्तले अध्यक्ष भई काम गर्ने प्रावधान छ । प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि नियुक्ति भएको मितिले छ बर्षको हुने तर पदावधि समाप्त हुनु अगावै पैँसठ्ठी वर्ष उमेर पूरा भएमा छ बर्ष वा पैँसठ्ठी बर्ष उमेर पुरा जुन पहिला हुन्छ सोही अवधिसम्म पदावधि रहने संवैधानिक व्यवस्था रहेको छ ।

प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्त पदमा नियुक्तिका लागि मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको, नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, पैंतालिस वर्ष उमेर पूरा भएको, र उच्च नैतिक चरित्र भएको हुनु पर्ने संवैधानिक व्यवस्था रहेको छ ।

नेपालको संविधानको धारा २४६ ले निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार तोकेको छ । नेपालको संविधान बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन् :

(क) संविधान र संघीय कानूनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्नु,

(ख) निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्नु,

(ग) संविधान र संघीय कानून बमोजिम राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउनु,

(घ) राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यका लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भैनसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय गर्नु,

(ङ) निर्वाचन सञ्चालन तथा व्यवस्थापन कार्यका लागि आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट लिनु ।

प्रमुख निर्वाचन आयुक्त र आयुक्तको कार्य विभाजन आयोगले तोकेबमोजिम हुने कानुनी व्यवस्थाबमोजिम आयोगको निर्णयअनुसार प्रमुख निर्वाचन आयुक्त र आयुक्तको कार्य विभाजन हुने गरेको छ । संविधान तथा प्रचलित कानुनबमोजिम आयोगले गर्नुपर्ने सबै काम प्रमुख निर्वाचन आयुक्त मात्र रहेको अवस्थामा निजबाट र अन्य आयुक्तसमेत रहेको अवस्थामा निजहरूको बैठक बसी निर्णय भएबमोजिम हुन्छ । आयोगले आफ्नो काम, कर्तव्य र अधिकार प्रमुख निर्वाचन आयुक्त, कुनै निर्वाचन आयुक्त वा सरकारी कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्ने संवैधानिक व्यवस्था रहेको छ ।

## निर्वाचन आयोग ऐन, २०७३ बमोजिम आयोगको काम, कर्तव्य र अधिकारहरु

नेपालको संविधानले निर्वाचन आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि संघीय कानून बमोजिम हुने व्यवस्था गरेको छ । सोही बमोजिम निर्वाचन आयोग ऐन, २०७३ ले संविधानमा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख गरेको छ :

(क) संघीय कानूनमा व्यवस्था भए बमोजिम निर्वाचनको मिति तोक्ने तथा परामर्श दिने,

(ख) निर्वाचनमा प्रभावकारी सुरक्षा व्यवस्थाको लागि आवश्यक कार्य गर्ने,

(ग) निर्वाचनको अनुगमन गर्ने वा गराउने,

(घ) निर्वाचन पर्यवेक्षण गर्न अनुमती दिने,

(ङ) निर्वाचनको कामको लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा कुनै सार्वजनिक वा निजी संस्थाबाट सहयोग लिने,

(च) निर्वाचनको काम सञ्चालन गर्न नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा कुनै सार्वजनिक संस्था वा निकाय वा सामुदायिक वा निजी विद्यालय वा महाविद्यालयको भौतिक साधन स्रोतको प्रयोग गर्ने गराउने,

(छ) उम्मेदवारको अयोग्यता सम्बन्धमा परेका उजुरी उपर कारवाही किनारा गर्ने,

(ज) प्रचलित कानूनको आधार तथा प्रक्रिया पुर्‍याई निर्वाचन रद्द गर्न सक्ने,

(झ) निर्वाचन सम्बन्धी नीति, योजना, रणनीति तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने,

(ञ) मतदाता पहिचानका लागि आवश्यक व्यवस्था मिलाउने,

(ट) निर्वाचन सम्बन्धी सुधारका बिषयमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने,

(ठ) निर्वाचन सम्बन्धी सूचना तथा तथ्यांकलाई एकीकृत गरी अभिलेखको व्यवस्थापन गर्ने,


(ड) निर्वाचन कार्यालयको आवश्यक पूर्वाधार विकास सम्बन्धी आवश्यक व्यवस्था मिलाउने,

(ढ) निर्वाचन सम्बन्धी विशेषज्ञ सेवा दिने व्यवस्था मिलाउने,

(ण) निर्वाचनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध विस्तार गर्ने रहेका छन्,

(त) निर्वाचन सम्बन्धी नियमावली तथा आवश्यकता अनुसार निर्देशिका, कार्यविधि, मापदण्ड, आचार संहिता आदि तर्जुमा गरी लागु गर्ने ।

## आयोगको संगठन संरचना



आयोगले व्यवस्थापन गर्ने सबै प्रकारका निर्वाचनको सञ्चालन, रेखदेख, नियन्त्रण र निर्देशनको पूर्ण जिम्मेवारी आयोगमा रहेको हुन्छ । निर्वाचन व्यवस्थापनसम्बन्धी नीतिगत निर्णय र निर्देशन आयोगले प्रदान गर्ने र सोको कार्यान्वयन सचिवालयले गर्ने व्यवस्था छ । आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनका लागि नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिवको नेतृत्वमा केन्द्रीय स्तरमा आयोगको सचिवालय रहेको छ । सचिवालयमा तीन वटा महाशाखा रहेका छन् प्रशासन महाशाखा, निर्वाचन व्यवस्थापन महाशाखा र कानुन तथा राजनीतिक दल व्यवस्थापन महाशाखा रहेका छन् । यी महाशाखाहरु अन्तर्गत विभिन्न नौ वटा शाखाहरु रहेका छन् । आयोग सचिवालयअन्तर्गत ७ ओटा प्रदेश निर्वाचन कार्यालय र ७० ओटा जिल्ला निर्वाचन कार्यालयहरू रहेका छन् ।

निर्वाचनका अवधिमा आयोगले आयोग र अन्तर्गत कार्यालयहरूका अतिरिक्त निम्नानुसारका संरचना तयार गरी कार्य गर्ने गरको छ :

- आयोगले न्याय परिषद्को परामर्शमा जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत र न्याय सेवा आयोगको सिफारिसमा न्याय सेवाका राजपत्राङ्कित अधिकृतमध्येबाट निर्वाचन अधिकृतमा नियुक्ति गरी प्रत्येक जिल्लामा मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन क्षेत्रगत रूपमा निर्वाचन अधिकृतको कार्यालय स्थापना,
- मतदान सम्पन्न गर्न गराउन प्रत्येक मतदान केन्द्रका लागि मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र स्वयंसेवक नियुक्ति,
- केन्द्रमा आयोग र नेपाल सरकारका सुरक्षा निकायहरूको प्रतिनिधित्व रहने गरी Joint Election Operation Center-JEOC स्थापना,
- आवश्यकता अनुसार विभिन्न विषयगत समिति, एकाइ आदिको गठन ।

*आयोगको निर्णय अनुसार देशका सबै प्रदेश तथा स्थानीयतहमा एक एक जना निर्वाचन सम्पर्क व्यक्ति (Election Focal Person) रहने गरी सम्बन्धित प्रदेश तथा स्थानीय तहकै कर्मचारी मध्येबाट एक जना कर्मचारीलाई सो पदको काम गर्ने गरी तोक्ने व्यवस्था गरेको छ ।*

## निर्वाचन सम्बन्धी कानूनी संरचना र निर्वाचन विवाद निरुपण

### संविधान

संविधान देशको मूल कानुन हो । संविधानलाई जीवन्त र गतिशील लिखतका रूपमा लिइन्छ । संविधान राज्य सञ्चालनको मार्गदर्शन मात्र नभएर नागरिक जीवन र राजनीतिक प्रणालीलाई दिशानिर्देश गर्ने एउटा राजनीतिक र कानुनी दस्तावेज हो । संविधानले जनताको अधिकार र राज्य शक्ति तथा सरकारको अधिकारको स्पष्ट सीमाङ्कन गर्दछ । राज्य सञ्चालनका लागि आवश्यक पर्ने निकायहरूको गठन, कार्यक्षेत्र निर्धारण र कार्य गर्ने सार्वजनिक अधिकारीको काम, कर्तव्य र अधिकार संविधानले नै निर्धारण गरेको हुन्छ । संविधानले नै ऐन, नियम निर्माण गर्ने अख्तियारी प्रदान गरेको हुन्छ । कानुन, सरकार र यसका अङ्गहरूले वैधानिकता प्राप्त गर्ने स्रोत नै संविधान हो । त्यसैले संविधानलाई सरकारको शक्तिलाई सीमित गर्ने, जनताको अधिकारलाई संरक्षित गर्ने तथा सरकारका अङ्गहरू बीच शक्तिको वितरण र सम्बन्ध निश्चित गर्ने राजनीतिक तथा कानुनी मूल लिखतका रूपमा लिइन्छ ।

नेपालमा लिखित संविधान रहेको छ । वि.सं. २००४ सालमा वैधानिक कानूनको घोषणा भएपश्चात नेपालमा संविधान निर्माण प्रक्रियाको शुरूवात भएको मानिन्छ । त्यसपछि नेपालको अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९, नेपाल अधिराज्यको संविधान २०४७,

नेपालको अन्तरिम संविधान २०६३ र २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधान सहित हालसम्म ७ वटा संविधान कार्यान्वयनमा आइसकेका छन् ।

### निर्वाचनसम्बन्धी संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा २४५ मा निर्वाचन आयोग र धारा २४६ मा आयोगको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरिएको छ। नेपालको संविधानको भाग २४, धारा २४५ मा निर्वाचन आयोग रहने व्यवस्था छ । निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्त र अन्य ४ जना आयुक्त रहने व्यवस्था गरिएको छ। प्रमुख निर्वाचन आयुक्तले आयोगको अध्यक्ष भई काम गर्ने व्यवस्था समेत रहेको छ।

### निर्वाचन कानुन

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष ढङ्गबाट सञ्चालन एवम् व्यवस्थापन गर्न तथा निर्वाचनसँग सम्बन्धित संस्था, निकाय र व्यक्तिका गतिविधिहरूको नियमन गर्न निर्माण गरिएको कानुन नै निर्वाचन कानुन हो। निर्वाचन कानुनअन्तर्गत संविधानका साथै निर्वाचनसँग सम्बन्धित ऐन, नियमावली, आचारसंहिता, निर्देशिका, कार्यविधि, दिग्दर्शन, मापदण्डलगायतका कानुनी लिखत पर्दछन् । निर्वाचनसँग सम्बन्धित ऐन विधायिकाले निर्माण गर्ने र त्यस्ता ऐनअन्तर्गत बनाउनुपर्ने नियम, निर्देशिकालगायतका कानुन निर्वाचन व्यवस्थापन गर्ने निकायले बनाउने गर्दछ। नेपालका सन्दर्भमा निर्वाचन आयोग स्वतन्त्र संवैधानिक निकायका रूपमा रहेको हुनाले सिद्धान्ततः आयोगको स्वतन्त्रता तथा सक्षमतालाई कायम राख्न यस्ता प्रत्यायोजित कानुन बनाउने अधिकार विधायिकाले आयोगलाई प्रत्यायोजन गरेको छ ।

### निर्वाचन कानूनका निर्देशक सिद्धान्तहरु

निर्वाचन सम्बन्धी कानूनको अन्तर्राष्ट्रिय मान्यता अनुसार मतदानको विश्वव्यापी अधिकार, मतदानमा समान अधिकार, मतदानमा प्रत्यक्ष संलग्नता, गोप्य मतदान तथा निर्वाचनमा समान सहभागिता जस्ता बिषय निर्वाचन कानुनका प्रमुख सिद्धान्तका रुपमा रहेको पाइन्छ । यसका अतिरिक्त निर्वाचन कानुनमा सरल भाषाको प्रयोग गरिनु, द्विअर्थि वा धेरै अर्थ लाग्ने शब्द प्रयोग नगरिनु, सबैले सहजै रुपमा बुझ्न सक्ने हुनु तथा बुझाइमा स्पष्टता हुनु लगायत प्रजातान्त्रिक निर्वाचनका लागि आवश्यक निर्वाचनका सबै विषयहरु समेटिएको हुनु निर्वाचन कानूनका अन्य सिद्धान्तको रुपमा रहेका छन्। निर्वाचन आयोगले निर्वाचन सम्बन्धी कानूनको तर्जुमा गर्दा यिनै बिषयबस्तुलाई मार्गदर्शक सिद्धान्तको रुपमा अंगिकार गर्ने गरेको छ ।

### निर्वाचन मिति घोषणा सम्बन्धमा नेपालमा कानूनी व्यवस्था

नेपालको संविधानले राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने संवैधानिक व्यवस्था गरेको छ। संविधानत राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यको पदावधि पाँच बर्षको र राष्ट्रिय सभा सदस्यको पदावधि छ बर्षको हुने व्यवस्था छ । पदावधि समाप्त हुनु अगावै आवधिक निर्वाचन मार्फत नयाँ जनप्रतिनिधि निर्वाचित गर्नु पर्ने हुन्छ। प्रचलित कानूनी व्यवस्था बमोजिम राष्ट्रपति तथा उपराष्ट्रपतिको पदावधि सकिनु भन्दा कम्तीमा एक महिनाअघि वा अन्य कुनै कारणले सो पद रिक्त हुन आएमा त्यस्तो पद रिक्त हुन आएको मितिले एक महिनाभित्र निर्वाचन हुने गरी आयोगले मिति तोकी सो को जानकारी नेपाल सरकारलाई दिनु पर्ने व्यवस्था गरेको छ। त्यसै गरी संघीय संसदका सदस्य तथा प्रदेश सभाका सदस्यको निर्वाचन मिति निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारले तोक्ने र स्थानीय तहका सदस्यको हकमा कार्यकाल समाप्त हुन भन्दा दुई महिना अगाडी निर्वाचन हुने गरी निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारले निर्वाचन मिति तोक्ने कानूनी व्यवस्था छ।

लोकतान्त्रिक शासन व्यवस्थामा निर्वाचन व्यवस्थापनको लागि उपयुक्त र पर्याप्त कानुनी व्यवस्थाको आवश्यकता पर्दछ। संविधान, निर्वाचन सम्बन्धी कानुन र अन्तर्राष्ट्रिय मापदण्ड समेतको आधारमा स्वच्छ,

स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचनको प्रत्याभूति गरिएको हुन्छ । निर्वाचन सम्बन्धी सबै कानुनी व्यवस्थालाई कानुनी संरचनाको रुपमा लिने गरिएको छ ।

मूलतः निर्वाचनका लागि कानुनी संरचनाअन्तर्गत निम्न कुराहरू पर्दछन् :

(क) अन्तर्राष्ट्रिय कानुन ⁄ सम्झौता आदि,

(ख) निर्वाचनसम्बद्ध संवैधानिक प्रावधानहरू,

(ग) व्यवस्थापिकाले पारित गरेका निर्वाचनसम्बन्धी कानुन तथा निर्वाचनलाई प्रभावित पार्ने अन्य सबै कानुनहरू,


(घ) निर्वाचनसम्बन्धी कानुन तथा सरकारले निर्माण गरेका अन्य महत्वपूर्ण कानुनहरूसँग सम्बद्ध सबै नियमावलीहरू,

(ङ) निर्वाचनसम्बन्धी कानुन तथा निर्वाचन व्यवस्थापनसम्बन्धी जिम्मेवार निकायले जारी गरेका नियमावलीसँग सम्बन्धित महत्वपूर्ण निर्देशिकाहरू, निर्देशनहरू र सम्बन्धित आचारसंहिताहरू ।

**निर्वाचन सम्बन्धी कानुनी संरचना**



### कानुन निर्माण प्रक्रियाको तालिका




## निर्वाचन ऐन तर्जुमाको प्रक्रिया

संविधान र निर्वाचन सम्बन्धी नीतिले निर्वाचन सम्बन्धमा निर्दिष्ट गरेको व्यवस्था बमोजिम निर्वाचन सम्बन्धी ऐनको तर्जुमा हुने गर्दछ । कानुन तर्जुमा प्रक्रियामा ऐन निर्माण हुनु अगाडी सबै कानुनहरु विधेयकको रुपमा रहन्छन् । विधेयकले ऐनको रुपमा धारण गर्नका लागि संविधानले तोकको प्रक्रिया पुरा गर्नु पर्दछ । सामान्यतया सबै ऐनहरु निर्माणको प्रक्रिया संविधानमा उल्लेख भए बमोजिम हुने हुनाले निर्वाचन सम्बन्धी ऐन पनि संविधानले तोकेको प्रक्रिया पुरा गरी निर्माण हुने गर्दछ । यसका लागि निर्वाचन आयोगले नेपाल सरकारसँग सैद्धान्तिक सहमति प्राप्त गरी प्रारम्भिक मस्यौदा तर्जूमा गर्दछ । मस्यौदा तयार गर्दा आयोगले सबै सरोकारवालाहरुको राय, सुझाव तथा प्रतिक्रिया समेतका आधारमा अन्तिम मस्यौदा तयार गरी आयोगको सम्पर्क मन्त्रालयमा पठाउँछ । सम्पर्क मन्त्रालयले कानून मन्त्रालयको राय लिई नेपाल सरकारको स्वीकृतिमा संघीय संसदमा निर्वाचन सम्बन्धी विधेयक पेश गर्दछ । यसरी पेश हुन आएको विधेयक उपर संघीय संसदले छलफल गरी स्वीकृत गर्दछ । यसरी स्वीकृत भएको विधेयक राष्ट्रपतिबाट प्रमाणिकरण भएपछि मात्र ऐनको रुप धारण गर्दछ । निर्वाचन आयोग ऐन, २०७३ बमोजिम हाल आयोगको सम्पर्क मन्त्रालयको रुपमा गृह मन्त्रालय रहेको छ ।

## निर्वाचन सम्बन्धी नियमावली, आचारसंहिता, निर्देशिका, कार्यविधि निर्माणका प्रक्रिया

नेपालको संविधानले निर्वाचन सम्बन्धी ऐन निर्माणको अधिकार संघीय संसदलाई दिए झै संघीय संसदबाट निर्माण हुने निर्वाचन सम्बन्धी ऐनले नियमावली लगायतको अन्य कानुन निर्माण गर्ने अधिकार निर्वाचन आयोगलाई प्रत्यायोजित गरेको हुन्छ । यस्तो अधिकारलाई कानून निर्माणमा प्रत्यायोजित अधिकार भनिन्छ । प्रत्यायोजित अधिकार बमोजिम आयोगले संविधान र निर्वाचन सम्बन्धी कानूनसँग नबाझिने गरी निर्वाचन सम्बन्धी नियमावली, आचारसंहिता, निर्देशिका र कार्यविधि निर्वाचन आयोग आफैंले निर्माण गरी लागू गर्दछ । यसरी निर्वाचन सम्बन्धी नियमावली, आचारसंहिता, निर्देशिका, कार्यविधि, मापदण्ड लगायतका कानून निर्माण गर्दा मस्यौदा समिति गठन गर्ने, प्रारम्भिक मस्यौदा तर्जूमा गर्ने, मस्यौदा उपर सरोकारवालहरुको राय,

सुझाव र प्रतिक्रिया लिने आदि क्रियाकलाप गरी अन्तिम मस्यौदा तयार गर्ने कार्य गरिन्छ । आयोगले निर्माण गर्ने निर्वाचन सम्बन्धी नियमावली, आचारसंहिता, निर्देशिका, कार्यविधि, मापदण्ड लगायतका कानून अन्तिम मस्यौदा स्वीकृतिका लागि आयोग सचिवालयले आयोग समक्ष लिखित प्रस्ताव पेश गर्दछ । यसरी पेश हुने आएको प्रस्ताव आयोगबाट स्वीकृत भएपछि यसले नियमावली, आचारसंहिता, निर्देशिका, कार्यविधि, मापदण्ड लगायतका कानूनको स्वीकृत भए पछि निर्माण प्रक्रिया सम्पन्न हुन्छ । आयोगको निर्णय बमोजिम बनेका यस्ता कानूनहरु नेपाल राजपत्रमा प्रकाशित भएपछि कार्यान्वयनमा आउँदछन् ।

**नेपालमा निर्वाचनसम्बन्धी ऐनहरु** (*आयोगको वेबसाइट www.election.gov.np हेर्नु हुन अनुरोध छ ।)*

**(क) निर्वाचन आयोग ऐन, २०७३ र यसका मुख्य व्यवस्थाहरु**

नेपालको संविधानको धारा २४६ को उपधारा (५) ले निर्वाचन आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि सङ्घीय कानुनबमोजिम हुने व्यवस्था गरेको छ । आयोगको काम, कर्तव्य र अधिकारलाई परिभाषित गरी कार्यसञ्चालन तथा व्यवस्थापनसम्बन्धमा स्पष्टता कायम गर्नु निर्वाचन आयोग ऐन, २०७३ को मुख्य विशेषता हो । यसका अतिरिक्त निर्वाचन आचारसंहिता बनाई लागु गर्ने, निर्वाचन खर्चको हद तोक्ने, तोकिएको हदभन्दा बढी खर्च गर्ने तथा आचारसंहिता उल्लङ्घन गर्ने उपर कारबाही गर्ने, विकास सहायतासम्बन्धी नीतिको अनुकूल हुने गरी बाह्य स्रोत जुटाउने, कर्मचारीलाई प्रोत्साहन स्वरूप थप सुविधा उपलब्ध गराउन सक्ने, तोकिएका निर्वाचन सामग्री वा सेवा छोटो प्रक्रियामार्फत खरिद गर्न सक्ने, मतदाता जागरण कार्यक्रम सञ्चालन गर्न सक्ने, निर्वाचन व्यवस्थापनका लागि नवीन प्रविधिको प्रयोग गर्न सक्ने, निर्वाचनको काममा खटिएका राष्ट्रसेवकले कानुन विपरीत कार्य गरेमा विभागीय कारबाही गर्न सक्ने, ऐन कार्यान्वयन गर्न आवश्यक नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्ने, आफूलाई प्राप्त कुनै अधिकार नियमानुसार प्रत्यायोजन गर्न सक्ने, निर्वाचनको सञ्चालन र व्यवस्थापन सम्बन्धमा आवश्यक आदेश जारी गर्न सक्ने, निर्वाचनसम्बन्धी नीति, योजना, रणनीति तयार गरी सोको कार्यान्वयन र अनुगमन गर्ने तथा निर्वाचनसँग सम्बन्धित अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सम्बन्ध विस्तार गर्न सक्ने आदि निर्वाचन आयोग ऐन, २०७३ का अन्य विशेषताहरू हुन् ।

**(ख) राजनीतिक दल सम्बन्धी ऐन, २०७३ र यसका मुख्य प्रावधानहरु**

नेपालको संविधान तथा प्रचलित कानुनबमोजिम राजनीतिक काम कारबाही सञ्चालन गर्न समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले राजनीतिक दल गठन गर्न सक्ने तथा दर्ता भएको राजनीतिक दल अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्था हुने व्यवस्था राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को मुख्य विशेषता हो । यस ऐनका अन्य विशेषताहरू देहायबमोजिम रहेका छन् :

- राजनीतिक दल निर्वाचन आयोगमा दर्ता हुनुपर्ने व्यवस्था,
- दल दर्ताका लागि आवश्यक कागजात र पूरा गर्नुपर्ने प्रक्रिया स्पष्ट रूपमा उल्लेख,
- कस्तो अवस्थामा दल दर्ता हुन सक्दैन भन्ने विषयमा स्पष्टता,
- दलको नाम, झन्डा र चिह्न अरू कसैले प्रयोग गर्न नपाउने गरी संरक्षण,
- दलहरू एकीकरण हुन, गाभिन, अध्यावधिक गर्न सक्ने व्यवस्था,
- दलको कारबाहीमा रोक लगाउन सकिने वा दलको दर्ता खारेज हुन सक्ने व्यवस्था,
- राजनीतिक दलको काम, कर्तव्य र अधिकार परिभाषित,
- राजनीतिक दलको संसदीय दलको गठनसम्बन्धी व्यवस्था,
- दल त्यागसम्बन्धी स्पष्ट व्यवस्था,

- राजनीतिक दलको लेखा र लेखापरीक्षणसम्बन्धी स्पष्ट व्यवस्था,
- दलको मान्यतासम्बन्धी विवाद निरूपण गर्ने निकाय र प्रक्रियामा स्पष्टता,
- दुई वा सोभन्दा बढी दलले एकल चुनाव चिह्न लिई निर्वाचनमा भाग लिन सक्ने व्यवस्था,
- राष्ट्रिय दलको मान्यता प्राप्त गर्न पूरा गर्नुपर्ने आधारमा स्पष्टता,
- राजनीतिक दलको सङ्गठनात्मक संरचना र सदस्यको योग्यतासम्बन्धी व्यवस्था,
- दलको विधान प्रजातान्त्रिक, लैङ्गिक तथा समावेशी हुनुपर्ने व्यवस्था,
- दलको सबै तहको समितिमा एकतिहाइ महिला सदस्य र देशको सामाजिक विविधता प्रतिबिम्बित हुने गरी समानुपातिक समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्वको व्यवस्था,
- दलले आफ्ना पदाधिकारी, सदस्य तथा कार्यकर्ताले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्नुपर्ने व्यवस्था,
- दलको केन्द्रीय समितिका पदाधिकारी र सदस्यमा निर्वाचित व्यक्तिले निर्वाचित भएको ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण दलको केन्द्रीय कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था ।

**(ग) निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ र यसका मुख्य व्यवस्थाहरु**

निर्वाचन सञ्चालन तथा व्यवस्थापनका सिलसिलामा हुन सक्ने कसूरका सम्बन्धमा सजाय र अन्य आवश्यक व्यवस्था गर्नका लागि निर्माण गरिएको निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को मुख्य बिशेषता निर्वाचन सम्बन्धी कसूरलाई वर्गिकरण सहित परिभाषित गर्नु, कसूरको प्रकृति हेरी दण्ड सजाय तोकिनु र निर्वाचन कसूरको सूनुवाई गर्ने निकायका रुपमा मतदान अधिकृत, अनुगमनकर्ता, निर्वाचन अधिकृत, निर्वाचन आयोगलाई अर्धन्यायिक निकायको रुपमा तोकिनु रहेको छ। यसका अतिरिक्त विवादको सनुवाई गर्ने निकायको निर्णय उपर अदालतमा पुनरावेदन लाग्ने व्यवस्था, निर्वाचन कसूर सम्बन्धी अनुसन्धान र मुद्दाको कारबाही तथा किनारा गर्ने प्रक्रियाको निर्धारण, निर्वाचन बदर सम्बन्धी व्यवस्था, निर्वाचन कसूरको सूनुवाई गर्न विभिन्न तहका अदालतको अधिकारक्षेत्रको स्पष्टता आदि निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ का अन्य बिशेषताहरु हुन् ।

**क. निर्वाचन सम्बन्धी लिखत तथा निर्वाचन सामग्री सम्बन्धी कसूर**

(१) झुट्टा विवरण तथा कागजात सहित मनोनयन पत्र पेश गर्न नहुने,

(२) निर्वाचन सामग्रीको प्रयोगमा बाधा पुऱ्याउन नहुने,

(३) मतपत्रको दुरुपयोग गर्न नहुने,

(४) गैरकानूनी तवरले मतपत्र दिन वा लिन नहुने ।

**ख. मतदान तथा मतगणना सम्बन्धी कसूर**

(१) मतदानको अधिकार बिना मतदान गर्न नहुने,

(२) एउटै निर्वाचनमा पटक पटक मतदान गर्न नहुने,

(३) मत खसालिसकेपछि मत सङ्केत सार्वजनिक गर्न नहुने,

(४) मतदानको प्रकिया उल्लंघन गर्न नहुने,

(५) मतपेटिकामा मतपत्र बाहेक अन्य वस्तु खसाल्न वा राख्न नहुने,

(६) मतदान भएको मतपत्र विगार्न वा नष्ट गर्न नहुने,

(७) मतदान गर्न बाधा गर्न नहुने,

(८) गैर नेपाली नागरिकले मतदान गर्न नहुने,

(९) मतगणना स्थलमा अनधिकृत रुपमा प्रवेश गर्न नहुने,

(१०) मतगणना सम्बन्धी सामग्री बिगार्न वा नोक्सान गर्न नहुने,

(११) गलत ढङ्गले मतगणना गर्न नहुने,

(१२) सुरक्षाकर्मी बाहेक अरुले हातहतियार साथमा लिएर हिँड्न वा प्रयोग गर्न नहुने,

(१३) निर्वाचनको समयमा शान्ति भङ्ग गर्न नहुने ।

**ग. निर्वाचनमा प्रभाव पार्ने सम्बन्धी कसूर**

(१) कुनै पनि किसिमले निर्वाचनको स्वच्छता र निष्पक्षतामा खलल पुग्ने वा वाधा पुग्ने गरी प्रभाव पार्न नहुने,

(२) नगद वा जिन्सी दिन वा लिन नहुने ।

**घ. निर्वाचन प्रचार प्रसार सम्बन्धी कसूर**

(१) तोकिएका केही विषयमा प्रचार प्रसार गर्न नहुने,

(२) चरित्र हनन गर्न नहुने,

(३) निर्वाचनको प्रचार प्रसारमा गर्न नहुने अन्य कार्य, जस्तै- उम्मेद्वार वा अन्य व्यक्तिका बारेमा गलतप्रचार आदि ।

(४) अनुचित ढङ्गले सवारी साधनको प्रयोग गर्न नहुने,

(५) सरकारी कर्मचारी तथा सार्वजनिक सम्पत्तिको प्रयोग गर्न नहुने ।

**ङ. निर्वाचन प्रचार प्रसारको आय व्यय सम्बन्धी कसूर**

(१) कानुनबमोजिम बाहेक आर्थिक सहयोग लिन नहुने,

(२) अन्य व्यक्तिबाट खर्च गराउन नहुने,

(३) आयोगले तोकेको हदभन्दा बढी खर्च गर्न नहुने,

(४) निषेधित कार्यको लागि आर्थिक सहयोग लिन वा खर्च गर्न नहुने,

(५) निर्वाचन प्रचार प्रसारमा भएको आम्दानी र खर्चको विवरण बुझाउनु पर्ने ।

**च. अन्य कसूर**

(१) निर्वाचन अधिकारीले गलत लिखतलाई मान्यता दिन नहुने,

(२) पदीय जिम्मेवारीबाट पन्छिन नहुने,

(३) निर्वाचनको गोपनीयता भङ्ग गर्न नहुने,

(४) निर्वाचनमा प्रतिकूल असर पर्ने अन्य कार्य गर्न नहुने,

(५) ऐन विपरीतको कार्य गर्ने उद्योग गर्न वा त्यस्तो कसूर गर्न वा मद्दत वा दुरुत्साहन गर्न नहुने, आदि ।

## सत्र २
## नेपालमा प्रयोगमा रहेका निर्वाचन प्रणालीहरु

**समयः १ घण्टा ३० मिनेट**

यस सत्र पश्चात देहायका सिकाइ उपलब्धी हुनेछन् ।

(क) निर्वाचन प्रणाली र निर्वाचन प्रणालीको लागि लिइने आधारहरुको बारेमा जानकारी हुनेछ।

(ख) विश्वमा प्रचलनमा रहेका निर्वाचन प्रणालीको बारेमा सामान्य जानकारी हुनेछ।

(ग) नेपालमा अवलम्वन गरिएका निर्वाचन प्रणालीको बारे सहभागी स्पष्ट हुनेछन् ।

सत्र सञ्चालनको लागि देहायका तयारी गर्नु पर्दछ।

(क) सत्र सञ्चालनको लागि आवश्यक प्रयोगमा आउने सिकाई सामग्रीहरु न्युजप्रिन्ट, मार्कर, मेटाकार्ड, पोष्टेड, मास्किङ टेप, कैची, A4 साइजको पेपर तयार गर्नु पर्दछ।

(ख) तालिमको विषयवस्तुको पावरप्वाइन्ट र हेण्डआउट तयारी अवस्थामा राख्नु पर्दछ।

सत्र सञ्चालनको लागि प्रशिक्षकले देहायको सिकाई विधिहरु अपनाउन सक्नेछन् ।

(क) मस्तिष्क मन्थन

(ख) समूह छलफल र प्रस्तुतीकरण

(ग) समूहमा प्रश्न उत्तर

**सत्रको चरणहरु**

**चरण १** निर्वाचन प्रणाली र निर्वाचन प्रणालीको लागि लिइने आधारहरुको बारेमा सहभागीहरुलाई मेटाकार्ड मार्फत वा आफनो कपीमा टिप्न लगाई छलफल गर्ने र सहभागीहरुबाट आएका बुँदाहरुलाई न्युजप्रिन्टमा टिपोट गर्ने र उक्त छलफलपश्चात पावरप्वाइन्टमा तयार गरिएको प्रस्तुतीकरण मार्फत थप ब्याख्या गर्ने। (१० मिनेट)

**चरण २** विश्वमा प्रचलनमा रहेका निर्वाचन प्रणालीको बारेमा सहभागीहरुलाई मस्तिष्क मन्थन गर्न लगाउने र पावरप्वाइन्ट मार्फत प्रस्तुतीकरण गर्ने। (२० मिनेट)

**चरण ३** नेपलमा हाल प्रचलनमा कुन कुन निर्वाचन प्रणाली अवलम्वन गरिएको छ ? सहभागीहरु बीच छलफल गर्नै, छलफलमा आएका बुँदाहरुलाई व्याख्या गर्दै जाने र नेपालमा अवलम्वन गरिएको निर्वाचन प्रणालीको बारेमा प्रस्तुतीकरण गर्ने । (५५ मिनेट)

**चरण ४** सत्रको पुनरावलोकन तथा सारांश प्रस्तुतीकरण गर्ने। (५ मिनेट)

यो सत्रको लागि स्रोत सामगीहरु

१. नेपालको संविधान र निर्वाचन सम्बन्धी ऐन, नियम सङग्रह.

२. https://election.gov.np

३. https://aceproject.org/ace-en/topics/em/default

४. Frequently Asked Questions( FAQ) of ECN


## सत्र २ सन्दर्भ सामग्री
## नेपालमा प्रयोगमा रहेका निर्वाचन प्रणालीहरु

मतलाई सीटमा रुपान्तरण गर्ने (Votes into seats) वैधानिक विधि वा तरिका नै निर्वाचन प्रणाली हो । यसबाट जनताको अभिमतलाई प्रतिनिधिको रुपमा रुपान्तरण गरिन्छ । लोकतन्त्रको सम्बर्द्धन र प्रबर्द्धनका लागि निर्वाचन प्रणालीको छनौट एक महत्वपूर्ण राजनीतिक निर्णय हो । निर्वाचन प्रणालीको छनौट गर्दा राज्यको परिस्थिति र राजनीतिक, सामाजिक, भौगोलिक, जनसाङ्खिक तथा आर्थिक परिवेशलाई आधार मान्नु पर्दछ। यसरी छनौट गरिएको निर्वाचन प्रणालीले मतदाताले दिएको मतलाई निर्वाचित स्थानमा रूपान्तरण गर्दछ । विभिन्न सूत्रहरूको प्रयोग गरी निर्वाचनमा खसेको सदर मतलाई निर्वाचित स्थानमा रूपान्तरण गर्न निर्वाचन प्रणाली आवश्यक हुन्छ ।

### निर्वाचन प्रणाली (Electoral System) तय गर्दा लिइने आधारहरु

निर्वाचन प्रणाली तय गर्दा मुख्यतः निर्वाचन क्षेत्रको भूगोल, जनसङ्ख्या तथा फैलावट (District magnitude), मतपत्रको ढाँचा (Ballot structure) तथा मतलाई सिटमा रूपान्तरण गर्ने सूत्र (Formula) लाई मुख्य आधारका रूपमा लिने गरिन्छ । यसका अतिरिक्त देशको भौगोलिक, सामाजिक, सांस्कृतिक र शैक्षिक स्थिति, उपलब्ध प्राविधिक प्रशासनिक तथा आर्थिक स्रोतहरू, सिट निर्धारण गर्नका लागि आवश्यक पर्ने न्यूनतम मत प्रतिशत, निर्वाचनमा प्रतिस्पर्धाको स्वरूप, दर्ता भएका मतदाताहरूका आधारमा प्रतिनिधिहरूको अनुपात, लैङ्गिक तथा समावेशी अवस्था, निर्वाचन प्रणालीको स्वीकार्यता तथा लोकतन्त्रको अवस्था आदि निर्वाचन प्रणाली तय गर्दा लिइने अन्य आधारहरू हुन् ।

### विश्वमा प्रचलनमा रहेका निर्वाचन प्रणाली र त्यसका प्रकारहरु




विश्वमा मुख्यरुपमा बढीमत/बहुमत निर्वाचन प्रणाली, समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली, मिश्रित निर्वाचन प्रणाली तथा अन्य निर्वाचन प्रणाली गरी चार प्रकारका निर्वाचन प्रणाली परिवार अन्तरगत १२ प्रकारका निर्वाचन प्रणालीहरु प्रचालनमा रहेका छन् ।

उल्लेखित निर्वाचन प्रणाली परिवार अन्तरगतका निर्वाचन प्रणालीहरु मध्ये विश्वमा सबैभन्दा बढी प्रयोगमा रहेको निर्वाचन प्रणाली पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली हो । हाल विश्वका ८७ भन्दा बढी देशहरुले यो प्रणाली अपनाएको पाइन्छ । समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली प्रयोग गर्ने देशहरु पनि ८० भन्दा बढी रहेको पाइन्छ ।

*(निर्वाचन प्रणालीको सम्बन्धमा थप जानकारीका लागि अनुसूची १ मा दिइएको छ ।)*

### नेपालमा प्रयोगमा रहेको निर्वाचन प्रणाली

नेपालको संविधान र निर्वाचन सम्बन्धी कानूनले व्यवस्था गरे अनुसार स्थानीय तह सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली, प्रदेश सभा र प्रतिनिधि सभा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली, राष्ट्रिय सभा सदस्यको निर्वाचन बढी मत वा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन बहु मत वा दुई चरण मत प्रणाली अन्तरगत हुने व्यवस्था रहेको छ । निर्वाचन कानूनमा स्पष्ट रुपमा उल्लेख नभएतापनि स्थानीय तहको अन्य वडा सदस्यको निर्वाचन एकमुष्ट मत प्रणाली अन्तरगत गरिन्छ ।

### नेपालमा समानुपातिक प्रतिनिधित्व प्रणालीतर्फ प्रतिनिधिहरु निर्वाचित हुन्छन्

नेपालमा प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यमा समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली अवलम्बन गरिएको छ । प्रतिनिधि सभा सदस्यमा २७५ मध्ये ११० र प्रदेश सभा सदस्यमा ५५० मध्ये २२० अर्थात कुल सदस्य संख्याको चालीस प्रतिशत सदस्यहरु समानुपातिक निर्वाचन प्रणाली अन्तरगत निर्वाचित हुन्छन् । समानुपातिक निर्वाचन प्रणाली बमोजिम प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने र प्रत्येक दलले प्राप्त गरेको कूल मत संख्याको अनुपातमा दललाई प्राप्त हुने सिटमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रतिनिधि सभाको सदस्यमा निर्वाचित हुन्छन् । त्यसैगरी, प्रदेश सभा सदस्य तर्फ प्रत्येक प्रदेशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने र दलले प्राप्त गरेको कूल मत संख्याको अनुपातमा दललाई प्राप्त हुने सिटमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रदेशसभा सदस्यमा निर्वाचित हुन्छन् । समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी, जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट भूगोल र प्रादेशिक सन्तुलन समेतका आधारमा बन्द सूचीबाट प्रतिनिधित्व गराउनु पर्ने व्यवस्था रहेको छ । तर प्रतिनिधि सभा सदस्यको हकमा समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली तर्फ कुल सदर मतको तीन प्रतिशत वा सो भन्दा बढी मत प्राप्त गर्ने र प्रदेश सभा सदस्यको हकमा कुल सदर मतको १.५ प्रतिशत मत वा सो भन्दा बढी मत प्राप्त गर्ने दलको तर्फबाट मात्र उम्मेदवार निर्वाचित हुने व्यवस्था छ ।

### वि.सं. २०७४ मा सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचनमा अपनाइएको निर्वाचन प्रणाली

वि.सं. २०७४ मा सम्पन्न राष्ट्रिय सभा सदस्य निर्वाचनमा एकल संक्रमणीय मत प्रणाली र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाईएको थियो । प्रत्येक प्रदेशबाट महिला तीन जना, दलित एक जना, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट एक जना र अन्य तीन जना निर्वाचित हुने संवैधानिक व्यवस्था रहेकोमा निर्वाचित हुने पदमध्ये महिला समुहका तीन जना र अन्य समुहका तीन जनाको लागि एकल सङ्क्रमणीय मत प्रणाली अपनाईएको थियो भने दलित एक जना र अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायबाट एक जनाको लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइएको थियो ।

### बढीमत वा बहुमत प्रणाली निर्वाचन प्रणाली

मतदानमा खसेको कुल सदर मत मध्ये सबैभन्दा बढी मत ल्याउने उम्मेदवार वा राजनीतिक दल निर्वाचित हुने प्रणालीलाई बढीमत प्रणाली भनिन्छ । बढी मत भनेको निर्वाचनमा सबैभन्दा बढी मत अर्थात एक मत बढी ल्याउने दल वा उम्मेदवार विजयी हुने हो। यस पद्दतीमा जति उम्मेदवारले निर्वाचनमा प्रतिष्पर्धा गर्दछन त्यसमा सबै भन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी भएको मानिन्छ। यसमा पुर्ण बहुमत ल्याउनु आवश्यक पर्दैन । त्यसै गरी मतदानमा खसेको कुल सदर मत मध्ये बहुमत ल्याउने उम्मेदवार वा राजनीतिक दल निर्वाचित हुने प्रणालीलाई बहुमत प्रणाली भनिन्छ । यस प्रणालीमा निर्वाचनमा कुनै दल वा उम्मेदवारले

खसेको सदरमतको कम्तिमा ५० प्रतिशत र थप १ मत (५० प्रतिशत + १) प्राप्त गर्ने उम्मेदवार विजयी घोषणा गरिन्छ । अतः यस प्रणालीमा एकातिर बढी मत ल्याई विजयी हुने कुरा गरिन्छ भने अर्कोतिर बहुमत प्राप्त गरी विजयी हुने कुरा गरिन्छ । बढी मत/बहुमत प्रणालीको विशिष्टता भनेको नै एक निर्वाचन क्षेत्रमा प्रयोग गर्नु हो । यस प्रणालीमा बढी मत र बहुमतमा रहेको भिन्नतालाई स्पष्टसंग बुझ्नु पर्दछ ।

## पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली

एक निर्वाचन क्षेत्रबाट सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुने प्रणालीलाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली भनिन्छ । यस्तो निर्वाचन प्रणालीमा मतदाताले दल वा समूहलाई नभई उम्मेदवारलाई मतदान गर्दछन् । बढी मत ल्याउने उम्मेदवार विजयी हुने यो प्रणालीलाई प्रत्यक्ष निर्वाचनका रुपमा अपनाइन्छ । यस्तो निर्वाचन प्रणाली अपनाउँदा निश्चित भूगोललाई विभिन्न निर्वाचन क्षेत्रमा विभाजन गरी एक क्षेत्र एक पदका आधारमा प्रतिनिधि निर्वाचित गरिन्छ । नेपालको संविधानले प्रतिनिधि सभा सदस्य २७५ मध्ये १६५ तथा प्रदेश सभा सदस्य ५५० मध्ये ३३० स्थान अर्थात कुल सदस्य संख्याको ६० प्रतिशत हुन आउने सदस्यको लागि यो निर्वाचन प्रणालीबाट निर्वाचन हुने व्यवस्था गरेको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बढीमत वा बहुमत निर्वाचन प्रणालीको सबैभन्दा सरल रूप हो । यो प्रणालीमा सदर मतको पूर्ण बहुमत नभए पनि अरूभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुन्छ । यो प्रणाली एक सदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गरिन्छ र यसमा मतदाताले राजनीतिक दललाई नभई उम्मेदवारलाई मत दिन्छन् ।

## पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका विशेषताहरु

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मुख्य विशेषता सबै भन्दा बढी मत ल्याउने उम्मेदवार निर्वाचित हुनु हो । यस प्रणालीमा उम्मेदवार र मतदाताको बीचमा प्रत्यक्ष सम्बन्ध रहने, कुनै राजनीतिक दलले सरकार गठनका लागि आवश्यक बहुमत प्राप्त गर्न सहज हुने, दलले बहुमत प्राप्त गर्न सक्ने भएकोले स्थिर सरकार निर्माण हुने, कुनै क्षेत्र वा स्थान विशेषमा मात्र क्रियाशिल रहेका राजनीतिक दलका उम्मेदवारहरू बिजयी हुन सक्ने, मतदान गर्न एवम् मतगणना गर्न सरल हुने, स्वतन्त्र उम्मेदवारले पनि निर्वाचनमा प्रतिष्पर्धा गर्न र बिजयी हुन सक्ने तथा कुनै उम्मेदवार निर्वाचित हुन बहुमत आवश्यक नहुने जस्ता विशेषताहरु रहेका छन् ।

## समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली

निश्चित भौगोलिक क्षेत्रलाई एक निर्वाचन क्षेत्र मानी दललाई मत दिने र प्रत्येक दलले प्राप्त गरेको कुल मत सङ्ख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार निर्वाचित हुने प्रणाली समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली हो । नेपालको संविधानले प्रतिनिधि सभा र प्रदेश सभामा समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीबाट समेत सदस्य निर्वाचित हुने व्यवस्था गरेको छ । यस अनुसार प्रतिनिधि सभा र प्रदेश सभाका कुल सदस्य मध्ये ४० प्रशितशत समानूपातिक प्रतिनिधत्व निर्वाचन प्रणालीबाट निर्वाचित हुन्छन् । यस्तो निर्वाचनमा मतदाताले उम्मेदवारलाई नभइ राजनीतिक दललाई मत दिन्छन् ।

## समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीमा बन्द सूची

निश्चित भौगोलिक क्षेत्रलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा संविधान तथा कानून बमोजिम सबै वर्ग, क्षेत्र, लिङ्ग, जात, जाती र समुदायको उचित प्रतिनिधित्व हुने गरी निर्वाचन व्यवस्थापन गर्ने निकाय समक्ष पेश गरिएको उम्मेदवारको सूची नै बन्द सूची हो । बन्द सूची भन्नाले खामबन्दी वा गोप्य भन्ने अर्थमा लिनु हुँदैन । निर्वाचन व्यवस्थापन गर्ने निकायमा पेश भएको उम्मेदवारको अन्तिम सूचीमा कसैले थपघट वा परिवर्तन गर्न नपाउने हुँदा यसलाई बन्द सूची भनिएको हो । यस्तो अन्तिम सूची मतदाताको जानकारीका लागि निर्वाचन व्यवस्थापन

निकायले सार्वजनिक गर्दछ । दलले पाएको मतको आधारमा दललाई उपलब्ध हुने सिटमा राजनीतिक दलले यसै सूचीमा रहेका उम्मेदवारहरु मध्येबाट विजयी उम्मेदवारको छनौट गर्दछन् । नेपालको सन्दर्भमा संविधान र निर्वाचन कानूनमा भएको व्यवस्था बमोजिम महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुश्लिम, खस आर्य, पिछडिएको वर्ग क्षेत्र, अल्पसंख्यक, तथा आपाङ्गता भएको व्यक्ति समेतको समानुपातिक प्रतिनिधित्व हुने गरी ६ वटा क्लष्टरमा राजनीतिक दलले उम्मेदवारको नाम समावेश गरी निर्वाचन आयोगमा उम्मेदवारको बन्द सूची पेश गर्नु पर्ने व्यवस्था रहेको छ । यसरी बन्द सूचीमा नाम कायम रहेको व्यक्ति सम्बन्धित सभाको उक्त कार्यकाल भरी उम्मेदवारको रुपमा रहने हुँदा कुनै पनि तहको निर्वाचनमा उम्मेदवार बन्नु पूर्व बन्द सूचीबाट नाम हटाएको हुनु पर्नेछ ।

### समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीका विशेषताहरु

समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीका मुख्य विशेषता मतदाताको मतको अधिकतम सदुपयोग भइ कम भन्दा कम मत खेर जाने र राज्यको जनसाङ्ख्यिक बनोट अनुसार महिला तथा पिछडिएका वर्ग, क्षेत्र, अल्पसङ्ख्यक तथा जातजातिको प्रतिनिधित्व सुनिश्चित हुन सक्नु हो । यस प्रणालीमा निर्वाचनमा भाग लिने अधिकांश राजनीतिक दलहरुको प्रतिनिधित्व हुन सक्ने तथा उम्मेदवारको सूचीमा राजनीतिक दलको नियन्त्रण हुने हुँदा दलले छनौट गरेका उम्मेदवार प्राथमिकतामा पर्ने जस्ता बिशेषताहरु रहेका छन् ।

### समानुपातिक निर्वाचन प्रणालीमा सीट निर्धारण गर्दा प्रयोग गरिने सूत्रहरु

समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीमा राजनीतिक दलले प्राप्त गर्ने सिट बाँडफाँडका लागि सेण्ट लग, मोडिफाइड सेण्ट लग जस्ता सूत्रको प्रयोग गरिन्छ । नेपालमा संविधान सभा सदस्य निर्वाचन, २०६४ र अर्को संविधान सभा निर्वाचन, २०७० मा समानुपातिक सदस्यको सिट संख्या निर्धारण गर्दा मोडिफाइड सेण्ट लग सूत्र १, ३, ५, ७..........र यस्तै विजोर अङ्कले भाग गर्ने र अधिक शेष (Higher Remainder) ले सिट प्राप्त गर्दै जाने विधिको प्रयोग गरिएको थियो । वि. सं. २०७४ मा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा समानुपातिक सदस्यको सिट संख्या निर्धारण गर्दा सेण्ट लग सूत्र १, ३, ५, ७..........र यस्तै विजोर अङ्कले भाग गर्ने र अधिक शेष (Higher Remainder) ले सिट प्राप्त गर्दै जाने विधिको प्रयोग गरिएको थियो ।

### दुई चरण मत प्रणाली

दुई चरण मत प्रणाली बढी मत वा बहुमत निर्वाचन प्रणाली परिवारको एक निर्वाचन प्रणाली हो । बहुमत निर्वाचन प्रणालीमा निर्वाचित हुन उम्मेदवारले निर्वाचनमा खसेको सम्पूर्ण मतको पचास प्रतिशत भन्दा बढी (५० प्रतिशत +१) मत प्राप्त गर्नु पर्ने हुन्छ । यदी पहिलो चरणमा प्रतिष्पर्धामा रहेको उम्मेदवार कसैले पनि बहुमत प्राप्त गर्न नसकेमा दोश्रो चरणको निर्वाचन गर्नु पर्ने हुनाले यसलाई दुई चरण मत निर्वाचन प्रणाली भनिन्छ । पहिलो चरणमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना उम्मेदवारको बीचमा दोश्रो चरणको निर्वाचन गरिन्छ । दोश्रो चरणमा पूर्ण बहुमत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुने व्यवस्था छ । नेपालको सन्दर्भमा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा यो प्रणाली अपनाउनु पर्ने संवैधानिक व्यवस्था रहेको छ ।

### एकल संक्रमणीय मत निर्वाचन प्रणाली

सामान्य अर्थमा मतदाताले उम्मेदवारहरूको क्रम निर्धारण गरी मतदान गर्नुपर्ने निर्वाचन प्रणाली एकल संक्रमणीय मत निर्वाचन प्रणाली हो । यसलाई अझ प्रष्ट गर्ने हो भने मतदाताले मतपत्रमा क्रमश प्राथमिकता तोकी गरेको मतदानबाट सबै भन्दा बढी मत ल्याउने वा कम मत ल्याउने कुनै उम्मेदवारले प्राप्त गरेको मत लगतै दोस्रो प्राथमिकतामा रहेको उम्मेदवारका लागि सार्ने गरी गरिने निर्वाचन प्रणालीलाई एकल संक्रमणीय मत निर्वाचन प्राणाली भनिन्छ । यसमा उम्मेदवार बिजयी हुनका लागि कोटा अथवा प्राप्त गर्नै पर्ने मत सुत्रका आधारमा निर्धारण गरिन्छ । यसरी निर्धारण गरिएको कोटा कुनै उम्मेदवारले प्राप्त गरेमा सो उम्मेदवार बिजयी हुन्छ । यसरी बिजयी भएको उम्मेदवारले प्राप्त गरेको मत कोटा भन्दा बढी भएमा बढी

भएको जति मत दोस्रो प्राथमिकताको उम्मेदवारमा सर्न जान्छ । यदी कुनैपनि उम्मेदवारले कोटा बराबरको मत प्राप्त गर्न नसकेमा सबै भन्दा कम मत प्राप्त गर्ने उम्मेदवारलाइ प्रतिष्पर्धाको सूचीबाट हटाई निजको मत दोस्रो प्राथमिकताको उम्मेदवारमा सारिन्छ । यो प्रक्रिया तोकिएको निश्चित संख्यामा उम्मेदवार निर्वाचित नभए सम्म चलिरहन्छ । एक निर्वाचन क्षेत्रबाट एकजना भन्दा बढी उम्मेदवार निर्वाचित गर्नुपर्ने वा बहुसदस्यीय निर्वाचन क्षेत्रमा यस्तो निर्वाचन प्रणाली उपयुक्त मानिन्छ । एकल संक्रमणीय मत निर्वाचन प्रणालीमा देहायको सूत्र प्रयोग गरी निर्वाचित हुने कोटा निर्धारण गरिन्छ :

$$\text{कोटा} = \frac{\text{जम्मा मत संख्या}}{\text{निर्वाचन गर्नुपर्ने स्थान + १}} + \text{१}$$

**एकल संक्रमणीय मत निर्वाचन प्रणालीमा Surplus value**

एकल संक्रमणीय मत निर्वाचन प्रणालीअन्तर्गत प्रतिष्पर्धामा रहेका उम्मेदवार मध्ये कुनै उम्मेदवारलाई निर्वाचित हुन आवश्यक हुने तोकिएको कोटाभन्दा बढी मत प्राप्त भएमा त्यस्तो बढी भएको मतलाई Surplus value भनिन्छ । यसरी बढी भएको मत वा Surplus value लाई ऐकिक नियमबाट मतपत्रको पुनः मत मूल्य कायम गरी जित्ने उम्मेदवार भन्दा पछाडिको प्राथमिकताक्रमको उम्मेदवारलाई सर्दछ ।

**एकल संक्रमणीय मत निर्वाचन प्रणालीमा Eliminated Value**

एकल संक्रमणीय मत निर्वाचन प्रणालीमा मत गणना गर्दा कुनै पनि उम्मेदवारले निर्वाचित हुन आवश्यक कोटा प्राप्त नगरेमा सबैभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारलाई प्रतिष्पर्धाबाट हटाइ निजले प्राप्त गरेको मतलाई निजभन्दा पछाडिको प्राथमिकता जनाइएको उम्मेदवारको मतमा सारिन्छ । यसरी सारिएको मतमूल्यलाई Eliminated Value भनिन्छ । यसरी मत सार्दा प्रतिष्पर्धाबाट हटाइएको उम्मेदवारले प्राप्त गरेको मतको पुरै मूल्यभार जोड्ने गरिन्छ ।

**एकमुष्ठ मत प्रणाली**

एक भन्दा बढी सदस्य निर्वाचित हुने निर्वाचन क्षेत्रमा बढी मत निर्वाचन प्रणालीको प्रयोग नै एकमुष्ठ मत प्रणालीको रुपमा रहेको हुन्छ । यस्तो निर्वाचन प्रणालीमा निर्वाचित हुने संख्या जति छ मतदाताले त्यति नै संख्यामा मतदान गर्न पाउँदछन् । मतदाताले प्रदान गरेको मत अनुसार बढी मत ल्याउने उम्मेदवारहरु निर्वाचित हुन्छन् । यस्तो प्रणालीमा सामान्यतया मतदाताले राजनीतिक दलभन्दा उम्मेदवारलाई नै निर्वाचित गर्न मतदान गर्दछन् । सम्वत् २०७४ सालको स्थानीय तहको निर्वाचनको वडा सदस्यमा अन्य समुहबाट दुई जना निर्वाचित गर्न यो प्रणालीको प्रयोग भएको थियो ।

## सत्र ३
## मतदाता दर्ता (Voter Registration) अध्यावधिक कार्य र मतदाता परिचय पत्र

**समयः १ घण्टा ३० मिनेट**

यस सत्र पश्चात देहायका सिकाइ उपलब्धी हुनेछन् ।

(क) मतदाता दर्ता तथा अध्यावधिक गर्ने कार्य सम्बन्धमा भएको कानूनी व्यवस्था बताउन सक्नेछन् ।

(ख) मतदाता दर्ताका लागि आवश्यक पर्ने कागजातहरु बताउन सक्नेछन् ।

(ग) मतदाता नामावलीको शुद्धता र अन्तिम नामावली प्रकाशनको प्रक्रियाबारे स्पष्टता हुनेछ ।

सत्र सञ्चालनको लागि देहायका तयारी गर्नु पर्दछ ।

(क) सत्र सञ्चालनको लागि आवश्यक प्रयोगमा आउने सिकाई सामग्रीहरु न्युजप्रिन्ट, मार्कर, मेटाकार्ड, पोष्टेड, मास्किङ टेप, कैंची, A4 साइजको पेपर तयार गर्नु पर्दछ ।

(ख) तालिमको विषयवस्तुको पावरप्वाइन्ट र हेण्डआउट (ह्याण्डआउट्स) तयारी अवस्थामा राख्नु पर्दछ ।

सत्र सञ्चालनको लागि प्रशिक्षकले देहायको सिकाई विधिहरु अपनाउन सक्नेछन् ।

(क) मस्तिष्क मन्थन

(ख) समूह छलफल, लघुप्रवचन र प्रस्तुतीकरण

(ग) समूहमा प्रश्न उत्तर

(घ) भिडियो प्रदर्शन

**यो सत्रको चरणहरु**

**चरण १** नेपालको सन्दर्भमा मतदाता भनेको कसलाई जनाउछ ? भन्नेबारे मस्तिष्क मन्थन गराउने र छलफल पछि पावरप्वाइन्टमा भएको परिभाषा सहभागीलाई प्रस्तुत गर्ने (१० मिनेट)

**चरण २** नेपालमा हुने विभिन्न निर्वाचन र ती निर्वाचनका मतदाता को हुने भन्ने बिषयमा प्रस्तुतीकरण गर्ने (५ मिनेट)

**चरण ३** मतदाता नामावली भनेको के हो र यसको महत्वको बारेमा सहभागी बीच छलफल गराउने र पावरप्वाइन्ट मार्फत परिभाषा बुझाउने (२० मिनेट)

**चरण ४** अहिले सम्म सहभागीहरुले मतदान गर्नु भएको छ की छैन खुल्ला छलफल गर्ने, छैन भने सहभागीलाई पुच्छरे प्रश्न सोध्दै जाने पावरप्वाइन्ट मार्फत छलफल गर्ने (१० मिनेट)

**चरण ५** मतदाता नामावली दर्ता सम्बन्धमा भएका अन्तर्राष्ट्रिय अभ्यास र यसका मान्यताको बारेमा प्रस्तुतीकरण गर्ने (१० मिनेट)

**चरण ६** मतदाता नामावलीको प्रकार, मतदाता नामावली दर्ता, अध्यावधिक कार्य (व्याख्या गर्दा स्थानीयतहको पञ्जिकरण शाखाको भुमिका र तथ्याकं दोहोरोपना कसरी हटाउने बारेमा

| | |
|---|---|
| | समेत छलफल गर्ने), आवश्यक कागजात, दाबी विरोधको प्रक्रिया र अन्तीम मतदाता नामावलीको बारेमा प्रस्तुतीकरण गर्ने (२० मिनेट) |
| **चरण ७** | मतदाता परिचय पत्रको बारेमा छोटो भिडियो प्रस्तुत गर्ने र भिडियो पश्चात सहभागीको जिज्ञासाको बारेमा छलफल चलाउने (१० मिनेट) |
| **चरण ८** | सत्रको पुनरावलोकन तथा सारांश प्रस्तुतीकरण गर्ने । (५ मिनेट) |

यो सत्रको लागि स्रोत सामगीहरु

१. मतदाता नामावली ऐन २०७३

२. https://election.gov.np

३. https://aceproject.org/ace-en/topics/vr

४. Frequently Asked Questions (FAQ) of ECN

## सत्र ३ सन्दर्भ सामग्री
## मतदाता दर्ता (Voter registration), अध्यावधिक कार्य र मतदाता परिचयपत्र

### मतदाताको परिचय

निर्वाचनमा मतदाता, राजनीतिक दल तथा उम्मेदवारको महत्वपूर्ण भूमिका हुन्छ । निर्वाचनमा मतदाता नै नभई निर्वाचन सम्पन्न हुदैन । सामान्यतया निर्वाचनमा मतदान गर्न योग्य नागरिकलाई नै मतदाता भनिन्छ । हरेक देशको कानुनले मतदाता हुन आवश्यक योग्यता तोकेको हुन्छ । यसैगरी भिन्ना भिन्नै निवाचनको मतदाता हुन भिन्नै योग्यताको आवश्यकता पर्दछ ।

नेपालको सन्दर्भमा हेर्दा निर्वाचनमा मतदान गर्ने प्रयोजनको लागि आयोगले अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति मतदाता हुने कानूनी व्यवस्था रहेको छ ।

### मतदाता नामावली

लोकतन्त्रको आधारशिला निर्वाचन भएजस्तै निर्वाचनको आधारशिला मतदाता हो । मतदाता विनाको निर्वाचनको कल्पना पनि गर्न सकिदैन । मतदातको पहिचान मतदाता दर्ताबाट हुन्छ । मतदाता दर्ता गर्ने आधारहरु कानुनले सुनिश्चित गरेको हुन्छ । सम्बन्धित निर्वाचन क्षेत्रमा बसोबास गरेको र निश्चित उमेर पूरा गरेको तथा अन्य प्रकिया पूरा गरेको व्यक्तिलाई मतदाताको रुपमा स्वीकार गरिन्छ । मतदाताले कानुन बमोजिम तोकिएको प्रक्रिया अनुसार नाम दर्ता गरेपछि मात्र आफ्नो मताधिकार प्रयोग गर्न सक्दछ । योग्य मतदाताहरूको पहिचान गरी निर्वाचन आयोगद्वारा स्वीकृत गरिएको मतदाताहरूको नाम तथा व्यक्तिगत विवरण सहितको नामावली नै मतदाता नामावली हो । यही मतदाता नामावलीकै आधारमा मतदाताले निर्वाचनमा भाग लिन पाउँछन् । निर्वाचनमा सहभागी हुन कानूनी रुपमा योग्यतम र अति आवश्यक कदम भनेको नै मतदाता नामावलीमा नाम समावेश गराउनु हो । मतदाता नामावली सङ्कलन गर्दा योग्य मतदाताहरूको पहिचान गरी फोटो, औंलाको छाप (Bio-metric data) र व्यक्तिगत विवरण समेत सङ्कलन गरिन्छ ।

### मतदाता नामावलीको महत्व

(क) स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि एक व्यक्ति एक मतको अवधारणाको पालना र सही मतदाताले मतदान गर्न पाउने अधिकार सुनिश्चित गर्नु,

(ख) फोटोसहितको मतदाता नामावलीले मतदाताको पहिचान सहज र भरपर्दो बनाउँनु,

(ग) योग्य मतदाताको पहिचान गरी तयार गरिएको मतदाता नामावली नै निर्वाचन प्रक्रियालाई वैधानिकता दिने आधार,

(घ) सबै मतदाताहरूलाई लक्षित गरी निर्वाचन शिक्षा सञ्चालन गर्नु,

(ङ) निर्वाचन व्यवस्थापनको योजना र यसको कार्यान्वयन गर्नका लागि पनि मतदाता नामावली अपरिहार्य छ । त्यसैले मतदाता नामावलीलाई निर्वाचन व्यवस्थापनको आधारभूत संरचना (Basic Infrastructure) हो भन्ने गरिन्छ ।

**मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्य**

निर्वाचन आयोगले आफ्नो प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरीवेक्षण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रभित्रका गाउँपालिका र नगरपालिकाको वडाको मतदाता नामावली सङ्कलन गर्ने तथा त्यसको अद्यावधिक गर्ने कार्य गर्नेछ । मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्दा आयोगबाट निर्धारित स्थान र समयमा एकै पटक वा पटक पटक हुने गरी तोक्न सक्नेछ ।

- कुनै एक गाउँपालिका वा नगरपालिकाको कुनै एक वडाको मतदाता नामावली सङ्कलन वा अद्यावधिक गर्दा एकै पटक गर्नु पर्नेछ,
- निर्वाचनको मिति घोषणा भइसकेपछि सो निर्वाचनको प्रयोजनको लागि मतदाता नामावलीमा नाम दर्ता गरिने छैन,
- मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्दा सर्वसाधारणलाई सूचना दिने लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**मतदाता दर्ता**

कुनै निश्चित निर्वाचनमा मतदान गर्न निश्चित मतदाताहरु रहेका हुन्छन् । मतदाता दर्ताले मतदान गर्ने प्रयोजनको लागि मतदाताको नाम मतदाता नामावलीमा दर्ता गर्ने कार्यलाई बुझाउँछ । मतदाता दर्ताका लागि विभिन्न मुलुकले आ-आफ्नो कानून बमोजिम दर्ता प्रक्रिया निर्धारण गरेका हुन्छन् । निश्चित उमेर, कानुनी प्रावधान पुरा गरिसकेका नागरिकहरुले निर्वाचनको लागि आफनो नाम दर्ता गराउन सक्छन् ।

नेपालको सन्दर्भमा निर्वाचन आयोगको प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरीवेक्षण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रभित्रका गाउँपालिका र नगरपालिकाको वडालाई आधार मानी व्यक्ति स्वयम् उपस्थित गराएर मतदाता नामावली संङ्कलन तथा अद्यावधिक गरिन्छ । नेपाली नागरिकता प्रमाणपत्र तथा अन्य व्यक्तिगत विवरण सहित तोकिएको स्थानमा गई Biometric Based Voter Registration System - BBVRS मार्फत फोटो र औँला छाप सहितको व्यक्तिगत विवरण उपलब्ध गराई नाम दर्ता गर्ने कार्य नै मतदाता दर्ता हो ।

**निर्वाचन आयोगले नाम दर्ता अधिकारी खटाउने व्यवस्था**

- निर्वाचनका लागि मतदाताको नाम तथा अन्य आवश्यक विवरण सङ्कलन गर्न, मतदाता नामावली तयार वा अद्यावधिक गर्न र तत् सम्बन्धमा आवश्यक अन्य सबै काम गर्नका लागि प्रत्येक जिल्लामा एकजना प्रमुख नाम दर्ता अधिकारी र आवश्यकता अनुसार नाम दर्ता अधिकारी तथा सहायक नाम दर्ता अधिकारी तोक्न सक्नेछ ।
- नाम दर्ता अधिकारीलाई सहयोग पुर्‍याउन नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा

सञ्चालित संस्थाका कर्मचारी वा सामुदायिक विद्यालयका शिक्षकलाई खटाउन वा काममा लगाउन सक्नेछ ।

### मतदाता नामावलीमा दर्ता हुने व्यक्तिहरु

सम्बन्धित देशको प्रचलित कानून बमोजिम निर्वाचन प्रयोजनको लागि मतदाता हुन योग्यता पुगेका व्यक्तिले मतदाता नामावलीमा नाम दर्ता गर्न सक्दछन् । नेपालको संविधानले बालिग मताधिकार र आवधिक निर्वाचनलाई प्रस्तवनामा उल्लेख गरी १८ बर्ष उमेर पुरा भएको प्रत्येक नेपाली नागरिकलाई संघीय कानून बमाजिम मतदानको अधिकार हुने व्यवस्था छ । १६ वर्ष उमेर पूरा गरी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका र कुनै निर्वाचन क्षेत्र भित्रको कुनै गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडामा स्थायी बसोबास भएका नागरिकले मतदाता नामावलीमा नाम दर्ता गर्न सक्ने व्यवस्था छ । यसरी नाम दर्ता गरेका व्यक्तिहरुको मतदाताको रुपमा अन्तिम मतदाता नामावलीमा नाम समावेश हुन १८ वर्ष उमेर पूरा भएको हुनुपर्दछ ।

### निर्वाचनमा मतदाता नामावलीको आवश्यकता

निर्वाचन भनेको जनता वा मतदाताको रोजाइको आधारमा प्रतिनिधि चयन गर्ने विधि सम्मत तरिका वा प्रक्रिया हो । निर्वाचनले जनताको अभिमतलाई प्रतिनिधिको रुपमा रुपान्तरण गर्दछ । कुनै पनि निर्वाचनको सञ्चालन तथा व्यवस्थापनको पहिलो शर्त भनेको सो निर्वाचनमा मतदाता को को हुन् र मतदाता कति छन् भन्ने यकिन गर्नु हो । आधुनिक लोकतान्त्रिक मुलुकमा सार्वभौम सत्ता जनतामा निहित हुने, जनताले मतदान मार्फत सार्वभौमिक अधिकारको उपयोग गर्ने, मतदाताको मतबाट नै प्रतिनिधि चयन हुने, स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि एक व्यक्ति एक मतको अवधारणाको पालना तथा सही मतदाताले मतदान गर्न पाउने अधिकार सुनिश्चित गर्नु पर्ने भएकोले मतदाता नामावलीलाई निर्वाचनको आधार स्तम्भ मानिन्छ । यसका अतिरिक्त निर्वाचनको सिलसिलामा मतदाताको प्रकार भन्नाले मतदाताको उमेर, जात जाति, भाषा, अपाङ्गता भएका व्यक्ति, समूहको पहिचान गर्न र सोहि अनुसार मतदाता शिक्षा कार्यक्रम तयार गर्न आयोग र राजनीतिक दलहरुलाई सहयोग पुर्‍याउछ । यसैगरी निर्वाचन सामग्री, मतदान केन्द्र निर्धारण, मतपत्र र मतदान सामग्रीको व्यवस्था, मतदान कर्मचारीको प्रवन्ध लगायतका पक्षहरुमा व्यवस्थापकीय निर्णयका लागि मतदाता संख्यालाई मुख्य आधारको रुपमा लिइने समेत कारणले मतदाता नामावलीलाई निर्वाचन व्यवस्थापनको आधार स्तम्भ मानिन्छ ।

### मतदाता दर्ताका प्रकारहरु

सामान्यत स्थायी दर्ता, अस्थायी दर्ता र नागरिक दर्ता गरी तीन प्रकारबाट मतदाता दर्ता गर्ने प्रचलन रहेको पाइन्छ । मतदाता नामावलीमा एकपटक नाम दर्ता गरेपछि सोही विवरणको आधारमा त्यसपछिका निर्वाचनका लागि मतदाता नामावली तयार गर्ने र सोही मतदाता नामावलीमा विवरण अद्यावधिक गर्ने तथा नयाँ मतदाता दर्ता गर्दै जाने दर्ता प्रक्रिया नै **स्थायी मतदाता दर्ता** हो । तोकिएको निर्वाचन विशेषका लागि मतदाता नामावली तयार पार्न गरिने दर्ता **अस्थायी मतदाता दर्ता** हो। यसरी तयार गरिएको मतदाता नामावली सो निर्वाचन सम्पन्न भएपछि प्रयोगमा आउँदैन । नेपालमा सम्पन्न भएका संविधान सभाका निर्वाचनहरु र वि.सं.२०३७ मा भएको जनमत संग्रहमा अस्थायी मतदाता दर्ता पनि प्रयोग भएको थियो ।

राज्यद्वारा निर्वाचन लगायतका विभिन्न प्रशासनिक उद्देश्यका लागि आफ्ना नागरिकको विवरण अद्यावधिक गर्नका लागि गरिने दर्ता **नागरिक दर्ता** हो । देशका प्रत्येक व्यक्तिलाई जन्मनासाथ प्रदान गरिने बेग्लाबेग्लै नम्बरको आधारमा भएको नागरिक दर्ता सूचीबाट निर्वाचन प्रयोजनार्थ उमेर पुगेका मतदाताको मात्र आवश्यक विवरण सहित छुट्टै मतदाता नामावली तयार गरिन्छ । नेपालको सन्दर्भमा स्थायी दर्ता र अस्थायी दर्ता मात्र प्रचलनमा रहेका छन् । आयोगले मतदाता नामावली दर्ता प्रक्रियालाई राष्ट्रिय परिचयपत्र प्रणालीसँग आबद्धता गर्दै लाने नीति लिएको र भविष्यमा राष्ट्रिय परिचयपत्रमा दर्ता भएका नागरिकहरुको विवरण लिई मतदाता नामावली तयार गर्ने आयोगको योजना रहेको छ ।

- मतदाता नामावली
- स्थायी दर्ता, अस्थायी दर्ता र नागरिक दर्ता

**मतदाता दर्ता अद्यावधिक गर्ने तरिका**

मतदाता दर्ता गर्ने काम विभिन्न देशमा विभिन्न निकाय, सरकारले गर्ने गर्दछ भने नेपालमा मतदाता दर्ता गर्ने कार्य निर्वाचन आयोगको प्रत्यक्ष रेखदेख, नियन्त्र, सुपरीवेक्षण र निर्देशनमा निरन्तर दर्ताको रुपमा र विशेष अभियानका रुपमा गर्ने गरिन्छ । देशका ७७ वटै जिल्लाका प्रदेश तथा जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र निर्वाचन आयोगबाट तोकिएका इलाका प्रशासन कार्यालयबाट प्रचलित कानून बमोजिम निरन्तर रुपमा मतदाता दर्ता गरिन्छ भने समय समयमा जिल्ला प्रशासन कार्यालयको समन्वयमा एकीकृत घुम्ती टोली मार्फत पनि मतदाता दर्ता गर्ने गरिन्छ । त्यसैगरी आयोगको निर्णय अनुसार मतदाता नामावली सङ्कलन तथा अद्यावधिक विशेष कार्यक्रम मार्फत आयोगबाट तोकिएको मितिमा स्थानीय तह वा वडा स्तरसम्म गई मतदाता नामावली सङ्कलन र अद्यावधिकको कार्य गरिन्छ ।

**मतदाता नामावलीमा नाम दर्ता गर्न आवश्यक कागजातहरु**

मतदाता नामावली ऐन, २०७३ ले कुनै निर्वाचन क्षेत्र भित्रको कुनै गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडामा स्थायी बसोबास भएको एवम् अठार वर्ष उमेर पुगेको नेपाली नागरिकको नाम मतदाताको रुपमा मतदाता नामावलीमा दर्ता गरिने व्यवस्था गरको छ । मतदाता नामावलीमा नाम दर्ता गर्न उल्लेखित योग्यता पुष्ट्याई गर्ने नेपाली नागरिकताको प्रमाण पत्र आवश्यक हुन्छ । नागरिकतामा भएको स्थायी ठेगाना र हाल बसोबास रहेको स्थायी ठेगाना फरक भएमा फरक हुनुको कारण जनिने बसाईसराई वा विवाह दर्ताको प्रमाणपत्र आवश्यक पर्दछ । यदि कुनै व्यक्तिको जन्म वा उमेर वा बासस्थान नागरिकताको प्रमाणपत्रबाट मात्र खुल्न नसकेमा नाम दर्ता अधिकारीले थप प्रमाणको रुपमा जग्गाधनी प्रमाणपूर्जा वा शैक्षिक योग्यताको प्रमाणपत्र वा राहदानी वा सवारी चालक अनुमतिपत्र वा सम्बन्धित वडाको सिफारिस माग गर्न सक्ने कानूनी प्रावधान रहेको छ । फोटो, औंलाछाप लगायतका बायोमेट्रिक विवरण आवश्यक पर्ने हुँदा मतदाता नामावलीमा नाम दर्ता गर्न माथि उल्लेख भएका अनुसारका कागजात सहित सम्बन्धित व्यक्ति स्वयं मतदाता दर्ता स्थलमा उपस्थित हुनुपर्दछ ।

- नेपाली नागरिकताको प्रमाण पत्र,
- स्थायी ठेगाना फरक भएमा– बसाईसराई वा विवाह दर्ताको प्रमाणपत्र,
- अन्य कागजात,
- जग्गाधनी प्रमाणपूर्जा वा शैक्षिक योग्यताको प्रमाणपत्र वा राहदानी वा सवारी चालक अनुमतिपत्र वा सम्बन्धित वडाको सिफारिस माग गर्न सक्ने ।

**मतदाता दर्ता प्रक्रियामा दाबी विरोध**

अन्तिम मतदाता नामावली तयार पार्ने प्रयोजनका लागि आयोगले प्रकाशन गरेको मतदाता नामावलीमा समावेश भएको कुनै व्यक्तिको विवरण भुट्टा कागजात वा विवरणका आधारमा दर्ता भएको भनि सो सम्बन्धमा कुनै व्यक्तिले उजुरी दिने कार्यलाई दाबी विरोध भनिन्छ ।

यस्तो उजुरी उपर आवश्यक छानविन गरी सहायक नाम दर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारीले निर्णय गर्दछन् । मतदाता नामावली ऐन, २०७३ बमोजिम आयोगबाट अन्तिम मतदाता नामावली तयारी गर्न दाबी विरोधको कानूनी प्रक्रिया पुरा गर्नु पर्दछ । यसका लागि आयोगले सूचना जारी गर्दछ । झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेमा त्यस्तो कार्यले कानूनी मान्यता प्राप्त गर्न सक्दैन । यस्तो उजुरी उपर आवश्यक छानविन गरी सहायक नाम दर्ता अधिकारी वा प्रमुख नाम दर्ता अधिकारीले निर्णय

गर्दछन् । दाबी विरोधको प्रक्रियाले मतदाता नामावलीलाई तथ्यपरक, समयपरक र वैधानिक बनाउन सहयोग गर्दछ ।

**मतदाताको योग्यता**

नेपालको सन्दर्भमा नेपाली नागरिकलाई मतदाता नामावलीमा फोटो र व्यक्तिगत विवरणसहित नाम दर्ता गर्नका लागि निर्वाचन आयोगले सूचना जारी गर्दछ । मतदाता हुनका लागि देहायबमोजिमको योग्यता चाहिन्छ :

(क) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,

(ख) निर्वाचन कानुनबमोजिम मतदाता नामावलीमा नाम दर्ता गराई कानुनले तोके बमोजिमको मितिमा १८ वर्ष उमेर पूरा गरेको,

(ग) सम्बन्धित निर्वाचन क्षेत्रमा स्थायी रुपमा बसोबास भएको ।

नामदर्ता गर्नु पर्ने व्यक्ति नेपाली नागरिकताको प्रमाणपत्रसहित नामदर्ता गर्ने स्थानमा स्वयं उपस्थित हुनु पर्छ । नेपालको सन्दर्भमा नेपाली नागरिकलाई मतदाता नामावलीमा फोटो र व्यक्तिगत विवरणसहित नाम दर्ता गर्नका लागि निर्वाचन आयोगले सूचना जारी गर्दछ ।

**मतदाता नामावलीमा नाम दर्ता गर्ने समय र स्थान**

**समय** फोटोसहितको मतदाता नामावली दर्ता कार्य सार्वजनिक विदाका दिन बाहेक कार्यालय समयमा निरन्तररुपमा गरिन्छ । तर निर्वाचनको समयमा निर्वाचन व्यवस्थापनलाई मध्यनजर राखी दर्ता प्रक्रिया केही समयका लागि वन्द गरिन्छ ।

**स्थान** देशभरिका ७ वटा प्रदेश तथा ७० वटा जिल्ला निर्वाचन कार्यालयमा निरन्तर रुपमा दर्ता कार्य चलिरहन्छ । समय समयमा जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय तथा निर्वाचन आयोगले तोकेका अन्य स्थानहरूमा पनि दर्ता कार्य सञ्चालन गरिन्छ ।

दर्ता गराएको विवरण सही भए/नभएको सुनिश्चित गर्न सम्बन्धित प्रदेश/जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोगको वेभसाइटमा (www.election.gov.np) मा गई मतदाता नामावलीमा आफ्नो विवरण हेर्न सकिन्छ ।

**मतदाता नामावलीमा विवरण सच्याउने तरिका**

मतदाता नामावली ऐन, २०७३ बमोजिम तयार पारेको वा अद्यावधिक गरिएको मतदाता नामावली निर्वाचन आयोगले निर्दिष्ट गरेको स्थान र समयमा प्रकाशन गरिन्छ । यसरी प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटि भएमा सच्याउनको लागि सम्बन्धित मतदाता वा निजको परिवारको कुनै सदस्यले मतदाता नामावलीमा नाम हटाउन वा त्रुटि सच्याउन वा दाबी विरोध गर्न वा दोहोरो नाम हटाउन सूचना दिने दरखास्त फारम भरी प्रमुख नाम दर्ता अधिकारी वा सहायक नाम दर्ता अधिकारी समक्ष निवेदन दिन सक्दछ । यसरी पेश भएको विवरण सच्याउने निवेदनका सम्बन्धमा आवश्यक छानबिन गरी गराइ प्रमुख नाम दर्ता अधिकारीले विवरण सच्याउने वा यथावत राख्ने बिषयमा निर्णय गर्दछ ।

**मतदाताको नाम मतदाता नामावलीमा दोहोरो परेमा हटाउने तरिका**

कुनै मतदाताको नाम एकभन्दा बढी गाउँपालिका वा नगरपालिकाको वडाको मतदाता नामावलीमा समावेश गर्नु गैर कानूनी हुने भएकोले नामावली दोहोरो पेरको जानकारी हुनासाथ सम्बन्धित मतदाताले आफ्नो एक स्थानको नाम हटाउने तर्फ आवश्यक कारवाही प्रारम्भ गर्नु पर्दछ । निर्वाचन आयोगले अन्तिम मतदाता नामावली प्रकाशन गर्नु अगावै केन्द्रीय डाटावेशमा मतदाता नामावली दोहोरिएको यकिन गरी पुनरावलोकन

गर्ने भएकोले यसरी अन्तिम मतदाता नामावली प्रकाशन गर्नु पूर्व आफुले रोजेको स्थानको मतदाता नामावलीमा मात्र नाम राखी अन्य स्थानको मतदाता नामावलीबाट नाम हटाउनको लागि तोके बमोजिमको फारम भरी देहाय बमोजिम निवेदन दिनुपर्दछ:

- एउटै गाउँपालिका वा नगरपालिकाको वडा भित्र भए सहायक नाम दर्ता अधिकारी समक्ष,
- एउटै जिल्लाको फरक फरक गाउँपालिका वा नगरपालिकामा भए जिल्लाको प्रमुख नाम दर्ता अधिकारी समक्ष,
- फरक फरक जिल्लाको गाउँपालिका वा नगरपालिकामा भए निज आफैँले वा नाम दर्ता अधिकारी मार्फत निर्वाचन आयोग समक्ष ।

यसरी निवेदन प्राप्त भएमा सहायक नाम दर्ता अधिकारी, प्रमुख नाम दर्ता अधिकारी वा आयोगले तोकेको अधिकारीले आवश्यक जाँचबुझ तथा छानबिन गरी दोहोरो परेको नाम हटाउने कानूनी व्यवस्था रहेको छ। निवेदन प्राप्त नभए तापनि आयोगलाई कुनै मतदाताको नाम दोहोरो परेको जानकारी प्राप्त भएमा निज मतदाता स्थायी बसोबास गर्दै आएको गाउँपालिका वा नगरपालिकाको वडाको कायम गरी अन्य स्थानको मतदाता नामावलीबाट नाम हटाउन आयोगले सम्बन्धित नाम दर्ता अधिकारीलाई आदेश दिन सक्दछ। नाम दर्ता अधिकारी स्वयम्लाई जानकारी प्राप्त भएमा एउटै वडा भित्र भए सहायक नाम दर्ता अधिकारीले र एउटै जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकामा दोहोरो परेकोमा प्रमुख नाम दर्ता अधिकारीले स्थायी बसोबासको कायम गरी अन्य स्थानको मतदाता नामावलीबाट नाम हटाउन सक्ने प्रावधान छ ।

### मतदाता नामावली रद्ध हुने अवस्था

सही सत्य विवरण पेश गरी आफ्नो नाम मतदाता नामावलीमा दर्ता गराउनु मतदाता हुन योग्यता पुगेका प्रत्येक नेपाली नागरिकको कर्तव्य हुन्छ। यदि कसैले झुट्टा विवरणका आधारमा मतदाता नामावली तयार भई अन्तिम मतदाता नामावली प्रकाशन भएको कुरा प्रमाणबाट स्पष्ट देखिन आएमा आयोगले त्यस्तो मतदाता नामावली रद्द गर्ने कानूनी व्यवस्था छ। मतदाता नामावली ऐन, २०७३ ले कसैले आफ्नो नाम, थर, वतन, उमेर वा अन्य विवरण ढाँटी नाम दर्ता गराएमा वा दर्ता गराउनका लागि दरखास्त दिएमा त्यस्ता व्यक्तिलाई निर्वाचन कसूर गरेको मानी एक लाख रुपैयाँ सम्म जरिबाना वा छ महिना सम्म कैद वा दुबै सजाय हुन सक्ने व्यवस्था रहेकोले मतदाता नामावलीको शुद्धतामा ध्यान दिनु प्रत्येक नागरिकको कर्तव्य हुन्छ ।

### अन्तिम मतदाता नामावली सम्बन्धी जानकारी

दाबी विरोध पछि निर्वाचन आयोगले सम्बन्धित निर्वाचनका लागि योग्य मतदाताको रुपमा कायम हुने भनि स्वीकृत भएको मतदाता नामावली नै अन्तिम मतदाता नामावली हो। आयोगले सम्बन्धित निर्वाचनका लागि अन्तिम मतदाता नामावली प्रकाशन गर्ने गरेको छ। यसरी सम्बन्धित निर्वाचनका लागि मतदाता बालिग हुने निर्दिष्ट मिति (Cut off date) का आधारमा निर्वाचन आयोगले उक्त निर्वाचन प्रयोजनका लागि अन्तिम मतदाता नामावली तयार गर्नुपर्ने कानूनी व्यवस्था छ। अन्तिम मतदाता नामावलीमा नाम भएका मतदाताले मात्र सो निर्वाचनमा मतदान गर्न पाउने प्रावधान छ।

### निर्दिष्ट मिति (Cut off date)

कुनै निर्वाचनको प्रयोजनको लागि कुन मितिसम्मका मतदातालाई मतदानका लागि योग्य मान्ने भनी सम्बन्धित निर्वाचन कानून वा निर्वाचन व्यवस्थापन गर्ने निकायबाट तोकिएको मिति नै मतदाता बालिग हुने निर्दिष्ट मिति (Cut off date) हो । नेपालको संविधानले १८ बर्ष उमेर पुरा गरेको प्रत्येक नेपाली नागरिकलाई संघीय कानून बमोजिम मतदानको अधिकार हुने उल्लेख गरेबमोजिम मतदाता नामावली ऐन,

२०७३ बमोजिम आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिमा १८ बर्ष उमेर पुरा गरेको व्यक्तिको नाम अन्तिम मतदाता नामावलीमा समावेश हुने व्यवस्था रहेको छ । यसै व्यवस्था बमोजिम आयोगले अन्तिम मतदाता नामावलीमा नाम समावेश गर्ने प्रयोजनका लागि तोकेको निर्दिष्ट मिति नै Cut off date हो । यसले निर्वाचन प्रयोजनको लागि अन्तिम मतदाता नामावली तयार गर्न सघाउनुका साथै योग्य मतदाता पहिचान गर्न मद्दत गर्दछ । नेपालको सन्दर्भमा त्यस्तो निर्दिष्ट मितिसम्ममा १८ वर्ष उमेर पूरा भएको र अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको मतदाताले मतदान गर्न पाउने व्यवस्था रहेको छ ।

**अस्थायी मतदाता नामावलीमा समावेश हुने व्यक्तिहरु**

अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आफ्नो नाम समावेश भएको सम्बन्धित स्थानीय तहको वडामा रहको मतदान केन्द्रबाट मतदान गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ । तर राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, कारागारमा रहेका थुनुवा र कैदी, वृद्धाश्रममा बसेका व्यक्ति लगायतका मतदाताले आफ्नो नाम रहेको मतदान केन्द्रमा उपस्थित भइ मतदान गर्न असमर्थ हुन सक्छन् । त्यस्ता मतदाताको मताधिकारको सुनिश्चितताका लागि मतदाता नामावली ऐन, २०७३ ले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको प्रयोजनको लागि अस्थायी मतदाता नामावली तयार गराउन सक्ने व्यवस्था गरेको छ । नेपालमा भएका दुई वटा सविधान सभा निर्वाचनमा पनि अस्थायी मतदाता नामावली तयार गरि मतदान गराईको थियो । अस्थायी मतदाता नामावलीमा आयोगले स्वीकृत गरेको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका देहायका व्यक्तिको नाम समावेश गरिने प्रावधान छ :-

- नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्थामा कार्यरत कर्मचारी,
- ब्यारेकमा रहेका नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी,
- निर्वाचन कसूरमा सजाय भोगिरहेको व्यक्ति बाहेक कारागारमा रहेका थुनुवा र कैदी,
- निर्वाचन कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मी,
- नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गरेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वीकृति लिई सञ्चालन भएको वृद्धाश्रममा बसेको व्यक्ति,
- आयोगले तोकेको अन्य व्यक्ति ।

**मतदाता नामावली प्रमाणित गर्ने तरिका**

कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको कुनै मतदाताले त्यस्तो व्यहोरा प्रमाणित गरिपाउँ भनी निर्वाचन आयोग वा जिल्ला निर्वाचन कार्यालय वा आयोगबाट अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिन सक्दछ । यसरी दरखास्त प्राप्त भएमा त्यस्तो दरखास्त दिने व्यक्तिको नाम मतदाता नामावलीमा भए मतदाता भएको व्यहोरा प्रमाणित गरिदिनु पर्ने कानूनी व्यवस्था छ । उल्लेखित कानूनी व्यवस्था बमोजिम निर्वाचन कार्यालय वा निर्वाचन आयोगबाट तोकिए बमोजिम मतदाता नामावलीको व्यहोरा प्रमाणित गरिन्छ । मतदाता नामावली ऐन बमोजिम निर्वाचन आयोगले तयार गरेको मतदाता नामावली स्थायी वा अस्थायी मतदानको प्रयोजनको लागि प्रमाणको रुपमा लिन सकिन्छ । मतदानको प्रयोजनका लागि र प्रचलित कानूनमा विशेष व्यवस्था भएको अवस्था बाहेक अन्य प्रयोजनका लागि प्रमाण नलाग्ने हुँदा यसरी प्रमाणीत माग गर्दा कानून बमोजिमको प्रयोजनका लागि मात्र प्रमाणीत गरिदिनु पर्दछ ।

**मतदाता परिचयपत्र सम्बन्धी जानकारी**

निर्वाचन आयोगले तयार गरेको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताको पहिचान खुल्ने गरी आयोगले जारी गरेको फोटो सहितको विवरण भएको परिचयपत्र नै मतदाता परिचयपत्र हो । फोटो सहितको मतदाता नामावलीमा नाम समावेश भएको मतदातालाई निर्वाचन आयोगले परिचयपत्र उपलब्ध गराउनु पर्ने कानूनी व्यवस्था छ । मुख्यतः मतदानको समयमा मतदाताको पहिचानका लागि यसको प्रयोग गरिन्छ । मतदाता परिचयपत्रको प्रयोगले मतदान कर्मचारी तथा मतदान प्रतिनिधिलाई मतदाता पहिचान गर्न सहज हुने, गलत व्यक्तिले मतदान गर्न नपाउने, मतदान कार्यको व्यवस्थापन गर्न सजिलो हुने, मतदान स्थलको सुरक्षा प्रवन्ध सहज हुने र निर्वाचनको बैधतामा योगदान पुग्ने हुँदा मतदाता परिचयपत्रको प्रयोग गरिन्छ । निर्वाचन आयोगले जारी गर्ने मतदाता परिचयपत्रमा मतदाता क्रमसंख्या, मतदाताको नाम थर, जन्म मिति, लिङ्ग, मतदाताको नागरिकता नं. र जारी गरेको जिल्ला, मतदाताको बाबु आमाको नाम, मतदाताको पति पत्नीको नाम, मतदाताको स्थायी ठेगाना, मतदान स्थल जस्ता विवरणका अतिरिक्त QR Code (Quick Response Code) समेत समावेश गरिन्छ ।

- मतदाता परिचयपत्र
- मतदाताको विवरण
- फोटो
- नाम थर
- जन्म मिति
- लिङ्ग
- नागरिकता नं. र जारी गरेको जिल्ला
- बाबु आमाको नाम
- पति पत्नीको नाम
- स्थायी ठेगाना
- मतदान स्थल
- QR Code (Quick Response Code)

| | | | | | |
|---|---|---|---|---|---|
| १ | १४३७०४८२ |  | १ | १०५३५२४३ |  |
| २ | अनिल महर्जन | | २ | अम्मा कुमारी गिरी | |
| ३ | ३०/१९५४ / ललितपुर | | ३ | २-७४४/२३८ / ललितपुर | |
| ४ | २०३५-०९-२० / पुरुष | | ४ | २०२६-०७-०१ / महिला | |
| ५ | भगवती महर्जन | | ५ | धन बहादुर गिरी | |
| ६ | हरीमान / लालमाया | | ६ | गंगा राम / बिष्णु कुमारी | |
| १ | १४३७०२६४ |  | १ | १०५३५५६२ |  |
| २ | अम्बीका श्रेष्ठ | | २ | अमन यादव | |
| ३ | २९४६/३६ / ललितपुर | | ३ | ११२८ / जनकपुर | |
| ४ | २०३८-०८-०६ / महिला | | ४ | २०३३-०९-१० / पुरुष | |
| ५ | नवीन कुमार श्रेष्ठ | | ५ | भगबती यादव | |
| ६ | नन्दकृण्ण / रुपा | | ६ | नर विर / मैना | |

निर्वाचन आयोगले जारी गरेको मतदाता परिचयपत्र वितरणको व्यवस्था सम्बन्धित निर्वाचन कार्यालयले गर्दछ । सामान्यतया मतदाता परिचयपत्र निर्वाचनको अवधिमा छपाई गरी मतदान हुने दिनभन्दा केही दिन अगाडि वितरण गरिन्छ । मतदाताको सहजताका लागि मतदाता परिचयपत्रको वितरण सम्बन्धित मतदान केन्द्रबाट हुने व्यवस्था मिलाइएको हुन्छ । मतदान केन्द्रमा वितरण हुन नसकी बाँकी रहेका मतदाता परिचयपत्रहरु सम्वन्धित निर्वाचन कार्यालयबाट प्राप्त गर्न सकिन्छ ।

## नेपालको निर्वाचन र मतदाता

नेपालको सन्दर्भमा हेर्दा निर्वाचनमा मतदान गर्ने प्रयोजनको लागि आयोगले अन्तिम मतदाता नामावलीमा नाम समावेश गरेको देहाय बमोजिमका व्यक्ति मतदाता हुने कानूनी व्यवस्था रहेको छ :-

- राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा मतदाता हुनका लागि सङ्घीय संसदका सदस्य र प्रदेश सभाका सदस्य हुन आवश्यक छ,
- प्रतिनिधि सभाको सदस्य र प्रदेश सभाको सदस्यको निर्वाचनका लागि सम्बन्धित निर्वाचन क्षेत्रभित्रको गाउँपालिका वा नगरपालिकाको वडामा स्थायी बसोबास भएको व्यक्ति हुनु पर्दछ,
- राष्ट्रिय सभाको सदस्यको निर्वाचनको लागि प्रत्येक प्रदेश सभाका सदस्य, नगर कार्यपालिका प्रमुख र उपप्रमुख तथा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष हुनु पर्दछ,
- नगर कार्यपालिका प्रमुख र उपप्रमुखको निर्वाचनका लागि सम्बन्धित नगरपालिका भित्रको वडामा स्थायी बसोबास भएको व्यक्ति हुनु पर्दछ,
- गाउँ कार्यपालिका अध्यक्ष तथा उपाध्यक्षको निर्वाचनका लागि सम्बन्धित गाउँपालिका भित्रको वडामा स्थायी बसोबास भएको व्यक्ति हुनु पर्दछ,
- नगरपालिका तथा गाउँपालिकाका वडा अध्यक्ष तथा वडा सदस्यको लागि सम्बन्धित वडामा स्थायी बसोबास भएको व्यक्ति हुनु पर्दछ,
- नगरपालिकाको सदस्यको निर्वाचनका लागि नगर सभाका सदस्य हुनु पर्दछ, र
- गाउँपालिकाको सदस्यको निर्वाचनका लागि गाउँसभाका सदस्य भएको हुनु पर्दछ ।

| |
|---|
| **सत्र ४**<br>**निर्वाचन चक्र तथा प्रक्रिया (मतदान, नमुना मतदान अभ्यास र मतगणना प्रक्रिया)**<br>**र निर्वाचन विवाद**<br><br>**समय: १ घण्टा ३० मिनेट** |
| यस सत्र पश्चात देहायका सिकाइ उपलब्धी हुनेछन् ।<br>(क) निर्वाचन चक्र एवम् प्रक्रिया र निर्वाचनका महत्वपुर्ण क्रियाकलापहरुको बारेमा सहभागीमा आधारभूत ज्ञान वोध भएको हुनेछ ।<br>(ख) मतदान के हो र मतदान किन गर्ने भन्ने सम्वन्धको बुझाईमा स्पष्टता हुनेछ ।<br>(ग) मतदान केन्द्र, मतदान स्थल, आवश्यक कर्मचारी, काम, कर्तव्य अधिकारका बारेमा सहभागीमा वोध हुनेछ ।<br>(घ) सहभागीहरु नमुना मतदान प्रक्रियामा संलग्न भई मतदानको प्रक्रिया, मतगणना र मतपरिणाम प्रकाशनको बारेमा सहभागीले बताउन सक्नेछन् ।<br>(ङ) निर्वाचन विवाद र निरुपणको बारेमा बताउन सक्नेछन् । |
| सत्र सञ्चालनको लागि देहायका तयारी गर्नु पर्दछ ।<br>(क) सत्र सञ्चालनको लागि आवश्यक प्रयोगमा आउने सिकाई सामग्रीहरु न्युजप्रिन्ट, मार्कर, मेटाकार्ड, पोष्टेड, मास्किङ टेप, कैची, A4 साइजको पेपर तयार गर्नु पर्दछ ।<br>(ख) तालिमको विषयवस्तुको पावरप्वाइन्ट र हेण्डआउट तयारी अवस्थामा राख्नु पर्दछ । |
| सत्र सञ्चालनको लागि प्रशिक्षकले देहायको सिकाई विधिहरु अपनाउन सक्नेछन् ।<br>(क) मस्तिष्क मन्थन<br>(ख) समूह छलफल र प्रस्तुतीकरण<br>(ग) समूहमा प्रश्न उत्तर<br>(घ) भिडियो प्रर्दशन<br>(ङ) अनुभव आदान प्रदान |

**यो सत्रको चरणहरु**

| | |
|---|---|
| **चरण १** | निर्वाचन चक्र भनेको के हो भन्ने बारेमा सहभागीहरु बीच मस्तिष्क मन्थन गर्ने, छलफलबाट आएका बुँदाहरुलाई टिपोट गर्दै जाने र पावरप्वाइन्टवाट निर्वाचन चक्र बारेमा व्याख्या गर्दै जाने (५ मिनेट) |
| **चरण २** | निर्वाचन चक्रमा पर्ने क्रियाकलापहरुबारे सहभागीहरुलाई तीन समुहमा विभाजन गरी छलफल गराउने, छलफल पश्चात आएका बुँदाहरुलाई समूहवाट एक जना प्रतिनिधिवाट प्रस्तुतीकरण गर्ने र प्रशिक्षकले तिनै चक्र र क्रियाकलापहरुको बारेमा व्याख्या गर्दै जाने (१० मिनेट) |
| **चरण ३** | मतदान भेनको के हो ? मतदानको महत्वको बारेमा छोटो भिडियो "एक भोट" सहभागीहरु बिच प्रस्तुत गर्ने र सहभागीहरुसँग छोटो छलफल गर्ने । (५ मिनेट) |
| **चरण ४** | मतदान केन्द्र तथा मतदान स्थलको निर्माण कसरी गरिन्छ, मतदान अधिकृतको कार्य जिम्मवारी के के हुन्छ भन्ने बारेमा सहभागीहरुबाट अनुभव आदान प्रदान गर्ने र यस विषयमा तयार गरिएको प्रस्तुतीकरण गर्ने । (१० मिनेट) |
| **चरण ५** | मतदान केन्द्रमा खटिने कर्मचारीहरु, नियुक्ति प्रक्रिया र जिम्मेवारीको बारेमा पावरप्वाइन्टवाट तयार गरिएको प्रस्तुतीकरण गर्ने । (५ मिनेट) |
| **चरण ६** | मतदानको दिन मतदान केन्द्रमा भोगेका समस्याहरुबारेमा सहभागीहरु बिच प्रश्नउत्तर छलफल गर्ने र उक्त छलफल पश्चात मतदानको दिन मतदान केन्द्रमा गरिने मुख्य कार्यहरु विच प्रस्तुतीकरण मार्फत व्याख्या गर्ने । (१० मिनेट) |
| **चरण ७** | नमुना मतदानको बारेमा प्रस्तुतीकरण गर्दै सहभागीहरुलाई अभ्यास गराउने । (२० मिनेट) |
| **चरण ८** | मतदान पश्चात गरिने मुख्य क्रियाकलापहरु, मतगणना प्रक्रिया, र परिणाम घोषणा बारेमा प्रस्तुतीकरण गर्ने । (१० मिनेट) |
| **चरण ९** | निर्वाचन विवाद निरुपणको बारेमा प्रस्तुतीकरण गर्ने । (१० मिनेट) |
| **चरण ९** | सत्रको पुनरावलोकन तथा साराश प्रस्तुतीकरण गर्ने । (५ मिनेट) |

**यो सत्रको लागि स्रोत सामग्रीहरु**

१. https://youtu.be/Oej1N_Y7mQ0
२. https://aceproject.org/ace-en/topics/vc/explore_topic_new
३. https://election.gov.np
४. Frequently Asked Questions( FAQ) of ECN

## सत्र ४ सन्दर्भ सामग्री
## निर्वाचन चक्र तथा प्रक्रिया (मतदान, नमुना मतदान अभ्यास र मतगणना प्रक्रिया) र निर्वाचन विवाद निरुपण

### निर्वाचन चक्र तथा प्रक्रिया

आममतदाताले मतदानको दिनलाई मात्र निर्वाचन मान्ने गरेको भए तापनि एउटा निर्वाचन सम्पन्न गर्नको लागि निर्वाचन व्यवस्थापन गर्ने निकायले लामो समयदेखि तयारीका कार्यहरु निरन्तर गरिरहनु पर्ने हुन्छ । कुनै पनि निर्वाचनमा गर्नुपर्ने व्यवस्थापकीय कार्यहरुलाई निर्वाचन पूर्वको चरण, निर्वाचन अवधिको चरण र

निर्वाचन पश्चातको चरणमा क्रमबद्ध रुपमा सम्पादन गरिन्छ । यसरी निर्वाचन व्यवस्थापन सम्बन्धी कार्यहरु निर्वाचन व्यवस्थापन गर्ने निकायले निरन्तर रुपमा गरिरहनु पर्ने हुँदा निर्वाचनलाई एक दिवसीय कार्य मानिदैन । अन्तराष्ट्रिय अभ्यास अनुरुप विश्वका अधिकांश निर्वाचन व्यवस्थापन निकायले निर्वाचन सञ्चालन र व्यवस्थापनका लागि विभिन्न अवधिका तीन चरणको चक्र अनुसार कार्य सम्पादन गर्ने प्रचलन रहेकोले पनि निर्वाचनलाई एकदिवसीय कार्यको रुपमा नलिइ निरन्तर प्रक्रियाको रुपमा लिने गरिन्छ ।

**निर्वाचन चक्र**

निर्वाचन व्यवस्थापनका सिलसिलामा गरिने सम्पूर्ण कार्यहरुलाई विभिन्न अवधिमा विभाजन गरी चरणबद्ध रुपमा सम्पादन गरिने कार्यहरुको समष्टीगत रुप नै निर्वाचन चक्र हो । निर्वाचन व्यवस्थापन सम्बन्धी कार्यहरुलाई निर्वाचन पूर्वको चरण, निर्वाचन अवधिको चरण र निर्वाचन पश्चातको चरणमा वर्गीकरण गरी सम्पादन गर्ने गरिन्छ । तोकिएको निर्वाचनका लागि गर्नुपर्ने पूर्वतयारीदेखि निर्वाचनको समीक्षा एवं प्रतिवेदन पेश गर्नेसम्मका कार्यहरुको चरणबद्ध प्रक्रिया पार गरेपछि मात्र निर्वाचन चक्र पूरा हुन्छ । एउटा निर्वाचन सम्पन्न भएपछि सोको समीक्षा गरी कानूनी तथा अन्य व्यवस्थापकीय एवम् प्रकियागत सुधार गर्दै आगामी निर्वाचनका लागि तयारी प्रारम्भ गरिने भएकोले निर्वाचन चक्र निरन्तर चलिरहन्छ ।

निर्वाचन एक चुनौतीपूर्ण एवं वृहत व्यवस्थापकीय कार्य हो । निर्वाचन व्यवस्थापनमा विधि र प्रक्रियालाई बढी महत्व दिइन्छ । निर्वाचन एक दिनमा सम्पन्न हुने कार्य होइन । यो निरन्तर चलिरहने प्रक्रिया हो ।

सामान्यतया निर्वाचन चक अन्तर्गत सम्पादन गरिने मुख्य मुख्य क्रियाकलापहरूलाई देहायको चक्रमा उल्लेख गरिएको छ :-



### निर्वाचन पूर्वको चरण

निर्वाचन चक्रका तीन चरण मध्ये निर्वाचन व्यवस्थापनमा समयावधिका दृष्टिले सबैभन्दा लामो अवधि भएको चरण निर्वाचन पूर्वको चरण हो । निर्वाचन पूर्वको चरण भनेको अघिल्लो निर्वाचनको समीक्षा सम्पन्न भई आगामी निर्वाचनको मिति घोषणा हुनुभन्दा अगाडिको निश्चित अवधिको चरण हो । निर्वाचन पूर्वको चरणका सम्बन्धमा विभिन्न देशमा विभिन्न समयावधिको अभ्यास रहेको पाइन्छ । यो चरणलाई निर्वाचनको नीतिगत, कानूनी, व्यवस्थापकीय एवम् पूर्वाधार निर्माण तथा सुधारको चरण पनि भनिन्छ। निर्वाचन पूर्वको चरण जति व्यवस्थित, प्रभावकारी र कार्यात्मक हुन्छ त्यति नै निर्वाचन अवधिको कार्य सहज हुन्छ ।

### निर्वाचन पूर्वको चरणमा गरिने मुख्य मुख्य क्रियाकलापहरु

निर्वाचन पूर्वको चरणमा निर्वाचनको नीतिगत, कानूनी एवम् व्यवस्थापकीय सुधार तथा पूर्वाधार निर्माणका कार्यहरुका साथै रणनीतिक योजनाले निर्देश गरेका क्रियाकलापहरुको कार्यलाई प्राथमिकता साथ कार्यान्वयन गरिन्छ । निर्वाचन कानूनमा संशोधन, परिमार्जन तथा नयाँ कानून निर्माण, संगठन संरचनाको अध्ययन, कार्य जिम्मेवारी निर्धारण तथा साङ्गठनिक सुधार, सूचना प्रविधिको प्रयोग तथा संस्थागत व्यवस्था, जनशक्तिको आंकलन, वर्गिकरण तथा क्षमता अभिवृद्धि, बजेट प्रक्षेपण, निर्माण र श्रोत व्यवस्थापन, निर्वाचन सञ्चालन योजना तथा समय तालिका निर्माण, तालीम पाठ्यक्रम, स्रोत सामग्री तथा निर्देशिका तर्जुमा, तालीम, गोष्ठी, सेमीनार तथा अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन, निरन्तर मतदाता नामावली दर्ता तथा विशेष अभियान सञ्चालन, नागरिक तथा मतदाता शिक्षा, सरोकारवालासँग अन्तरसम्वाद, समन्वय र अन्तरसम्बन्धको विकास, राजनीतिक दल दर्ता तथा नियमन लगायतका कार्यहरु यस चरणका मुख्यमुख्य क्रियाकलापहरु हुन् ।

### निर्वाचन अवधिको चरण

निर्वाचन व्यवस्थापनमा निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पश्चात गरी निर्वाचनका तीन चरण रहन्छन । त्यस मध्ये निर्वाचन अवधि निर्वाचन प्रक्रियाको सबैभन्दा महत्वपूर्ण चरण हो । यसमा निर्वाचनको लागि आवश्यक पर्ने निर्वाचन सामग्रीको व्यवस्थापन, जनशक्तिको आंकलन, तालिम प्रशिक्षण तथा कार्यशाला, मतपत्र डिजाइन, छपाई तथा ढुवानी आदि कार्य गरिन्छ । निर्वाचन आयोग ऐन, २०७३ बमोजिम "निर्वाचन अवधि" भन्नाले निर्वाचन हुने मितिभन्दा एकसय बीस दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधि भन्ने बुझिन्छ । तर एक सय बीस दिनभन्दा कम अवधि रहने गरी निर्वाचन मिति घोषणा भएमा त्यसरी घोषणा भएको मितिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधिलाई निर्वाचन अवधि मानिन्छ । त्यसैले निर्वाचन मिति घोषणा, अन्तिम मतदाता नामावली प्रकाशन, निर्वाचन सामग्री व्यवस्थापन, निर्वाचन कार्यक्रम प्रकाशन, कर्मचारी व्यवस्थापन, निर्वाचन सुरक्षा व्यवस्था, उम्मेदवरी मनोनयन, प्रचार प्रसार, मतदान र मतगणनाको परिणाम प्रकाशन सम्मको कार्य गर्ने अवधि नै निर्वाचन अवधि हो ।

### निर्वाचन अवधिको चरणमा गरिने मुख्य मुख्य क्रियाकलापहरु

निर्वाचन अवधिको चरण भनेको निर्वाचन चक्रमा पर्ने दोश्रो चरण हो । यस चरणमा मतदाताको नाम अन्तिम मतदाता नामावलीमा समावेश हुने निर्दिष्ट मिति (Cutoff date) तय गर्ने, अन्तिम मतदाता नामावली तयारी गर्ने, निर्वाचन सामग्रीको व्यवस्थापन गर्ने, निर्वाचन प्रयोजनको लागि राजनीतिक दल दर्ता गर्ने, मतदाता शिक्षा सामग्री तयारी तथा कार्यक्रम सञ्चालन गर्ने, निर्वाचन कार्यक्रम तयारी गरी प्रकाशन गर्ने, निर्वाचन अधिकृतको नियुक्ति र कार्यालय स्थापना गर्ने, निर्वाचन आचार संहिता लागू गर्ने, निर्धारित मतदान स्थलहरुमा मतदान केन्द्र तोक्ने, आचार संहिताको तयारी र पालना गर्न लगाउने, निर्वाचन सञ्चालनका लागि जनशक्तिको आँकलन तथा परिचालन गर्ने, प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, निर्वाचन पर्यवेक्षण तथा अनुगमनको व्यवस्थापन गर्ने, मतपत्र व्यवस्थापन गर्ने, उम्मेदवार मनोनयन गर्ने, निर्वाचन चिन्ह प्रदान गर्ने, निर्वाचन प्रचार प्रसार गर्ने, मतदाता शिक्षा सञ्चालन गर्ने, कल सेन्टरको संचालन, JEOC सञ्चालन, मतदाता

परिचय पत्र छपाइ तथा ढुवानी र वितरण, गर्ने सुरक्षा व्यवस्था मिलाउने, मतदान, मतगणना तथा मत परिणाम घोषणा गर्ने लगायतका क्रियाकलाप गरिन्छ ।

### निर्वाचन पश्चात्को चरण

निर्वाचन पश्चात्को चरण निर्वाचन चक्रका तीन चरण मध्ये तेश्रो चरण हो। तोकिएको निर्वाचनको अन्तिम परिणाम घोषणा भइसकेपछि अर्को निर्वाचनको व्यवस्थापकीय सुधारका कार्य प्रारम्भ नहुँदासम्मको अवधिलाई निर्वाचन पश्चात्को चरण भनिन्छ । यस चरणमा निर्वाचन व्यवस्थापन निकायले निर्वाचनका सरोकारवालाहरुको सहभागितामा वृहत समीक्षा गरी निर्वाचन व्यवस्थापनमा आवश्यक सुधारका लागि पृष्ठपोषण समेत प्राप्त गर्दछ । यससँगै तोकिएको निर्वाचनको एउटा चक्र पूरा हुन्छ ।

### निर्वाचन पश्चात्को चरणमा गरिने मुख्य मुख्य क्रियाकलापहरु

निर्वाचन पश्चात्को चरणमा मुख्य रुपमा निर्वाचनको समग्र मूल्याङ्कन गर्ने, निर्वाचन प्रतिवेदन तयार गरी संविधान तथा निर्वाचन कानूनले तोकेका पदाधिकारी समक्ष पेश गर्ने, निर्वाचन पर्यवेक्षण संस्थाहरुबाट पर्यवेक्षण प्रतिवेदन प्राप्त गर्ने, निर्वाचन समीक्षा गरी सुधारका क्षेत्र पहिचान गर्ने एवम् सुधारका कार्यहरु सहितको कार्ययोजना निर्माण गर्ने लगायतका क्रियाकलापहरु गरिन्छन् । मतपत्रहरुलाई निर्धारित समयसम्म सुरक्षित राख्ने र आयोगको निर्णय पछि धुलाई गर्ने, निर्वाचन बेलामा परेका मुद्दाहरुको यकिन र यथासम्भव निर्णयको लागि पहल गर्ने, निर्वाचनमा भएका असल अभ्यासहरुलाई प्रचार प्रसार गर्ने, निर्वाचन समीक्षाबाट प्राप्त पृष्ठपोषणका आधारमा आवश्यकता अनुसार रणनीतिक योजना परिमार्जन समेत गरिन्छ ।

### निर्वाचन चक्रका सबै चरणमा निरन्तर चलिरहने मुख्य कार्यहरु

निर्वाचन व्यवस्थापन अन्तर्गत सम्पादन गरिने कार्यहरु मध्ये कतिपय कार्यहरु निश्चित समयावधिमा मात्र सम्पादन गर्ने प्रकृतिका हुन्छन् भने केही कार्यहरु निरन्तर रुपमा सम्पादन गर्नुपर्ने हुन्छ। सामान्यतया मतदाता नामावली प्रशोधन, तालिम सञ्चालन, नागरिक तथा निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन, राजनीतिक दल दर्ता, निर्वाचनका सरोकारवालाहरुसँग छलफल तथा अन्तर्क्रिया निर्वाचन चक्रका सबै चरणमा निरन्तर चलिरहने मुख्य कार्यहरु हुन् ।

### निर्वाचन प्रक्रिया र त्यस अन्तर्गतका महत्वपूर्ण क्रियाकलापहरु

क) निर्वाचन प्रणालीको निर्धारण,

ख) निर्वाचन कानून तथा निर्देशिका निर्माण, परिमार्जन र सुधार,

ग) निर्वाचन क्षेत्र निर्धारण,

घ) निर्वाचन कार्यतालिका निर्माण (निर्वाचन बजेट र स्रोतसाधनको अनुमान तथा निर्धारण),

ङ) मतदाता नामावली सङ्कलन तथा अद्यावधिक,

च) निर्वाचन सरोकारवालाहरुसँग छलफल, परामर्श तथा अर्न्तक्रिया,

छ) मतदान केन्द्र निर्धारण,

ज) निर्वाचन सामग्री तयारी तथा व्यवस्थापन,

झ) जनशक्ति आंकलन र परिचालन,

ञ) निर्वाचन प्रशिक्षण (क्षमता अभिवृद्धि कार्यक्रम),

ट) निर्वाचन/मतदाता शिक्षा कार्यक्रम सञ्चालन,

ठ) निर्वाचन कार्यक्रम र मनोनयन/कार्यालय स्थापना,

ड) निर्वाचन सुरक्षा व्यवस्था,

ढ) निर्वाचन आचार संहिताको कार्यान्वयन,

ण) निर्वाचन पर्यवेक्षण र अनुगमन,

त) मतदान केन्द्रको तयारी र मतदान,

थ) मतगणना र परिणाम घोषणा,

द) निर्वाचन विवाद निरुपण,

ध) प्रतिवेदन र पृष्ठपोषण ।

**मतदान**

निर्वाचन व्यवस्थापनको सबैभन्दा महत्वपूर्ण दिन हो मतदानको दिन । लामो समयको तयारी र प्रयासको परिणामस्वरुप तोकिएका प्रतिनिधिहरुको छनोटको लागि संविधान र कानुनले तोकेको प्रक्रिया अनुसार मतदान कार्य (Polling) हुन्छ । यस दिनले देशको वा देशको सम्बन्धित तहको प्रतिनिधित्व र सरकारमा समेत परिवर्तन ल्याउँछ ।

निर्वाचन चक्रका सबै चरणका सबै कियाकलापहरु आआफ्नो ठाउँमा महत्वपूर्ण हुन्छन् तापनि निर्वाचनको अर्थात मतदानको दिन नै निर्वाचन चक्रको सबैभन्दा महत्वपूर्ण दिन मानिन्छ । निर्वाचन चक्रका सबै चरणमा हुने प्रत्येक कियाकलाप यहि दिनको कार्यलाई सफल बनाउने आधार हुन् । त्यसैले मतदानलाई निर्वाचन व्यवस्थापनको मुख्य तत्व मानिन्छ ।

प्रतिनिधि छनोट गर्नको लागि मतपत्रमा मतसङ्केत गरी तोकिएको मतपेटिकामा मतपत्र खसाउने कार्यलाई मतदान (Voting) भनिन्छ ।

## मतदाताले मतदान किन गर्ने ?

१. लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुने पहिलो पाइला भनेको मतदानमा सहभागी हुनु हो ।

२. व्यक्तिले आफुलाई मनपरेको राजनीतिक दल वा उम्मेदवारलाई मतदान गरी आफ्नो मताधिकारको प्रयोग गर्न सक्छ । त्यस्तै, व्यक्तिले चित्त नबुझेको राजनीतिक दल वा उम्मेदवारलाई पराजित पनि गर्न सक्दछं ।

३. व्यक्तिले मतदान नगरेमा सो व्यक्ति राज्य सञ्चालनप्रति जिम्मेवार नभएको मानिन्छ।

४. निर्वाचनमा एक मत नै निर्णायक हुन सक्दछ । तसर्थ, मतदाताले मत हालेमा आफूले चाहे अनुरूपको उम्मेदवारले जित्न सक्दछ ।


मतदानको प्रक्रियाको बारेमा निर्वाचन आयोगले **"एक भोट"** छोटो फिल्म प्रकासन गरेको छ। तल दिइएको लिकं मार्फत हेर्न सकिन्छः https://youtu.be/Oej1N_Y7mQ0

**मतदान स्थल (मतदान गर्ने स्थान)**

निर्वाचनमा मतदान गर्नका लागि तोकिएको स्थानलाई मतदान स्थल (Polling location) भनिन्छ । सामान्यतया मतदान गर्ने ठाउँको चारैतिर ३०० मिटरसम्मको क्षेत्रलाई मतदान स्थलको क्षेत्र मानिन्छ। विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी जस्ता सार्वजनिक भवन रहेका स्थानलाई मतदान स्थल तोक्ने प्रचलन रहेको छ । सार्वजनिक भवन उपलब्ध हुन नसकेको अवस्थामा खुला चौर एवम् मठमन्दिरका परिसरलाई समेत

मतदान स्थलका रूपमा तोक्न सकिन्छ । कुनै मतदान स्थलभित्र निश्चित सङ्ख्याका मतदाताले मतदान गर्नका लागि तोकिएको केन्द्र नै मतदान केन्द्र हो । एउटा मतदान स्थलमा मतदाताको सङ्ख्या अनुसार एक वा सोभन्दा बढी मतदान केन्द्र हुन सक्छन् । सामान्यतया एक हजार जनासम्म मतदाताका लागि एउटा केन्द्र तोकिन्छ । तर स्थानीय तहको कुनै वडामा एक हजारभन्दा कम सङ्ख्यामा मतदाता भए तापनि कम्तीमा एक मतदान स्थल तोकिन्छ । सामान्यतया मतदान स्थल तथा मतदान केन्द्र निर्धारण गर्दा विगतमा कायम गरिएका मतदान स्थल तथा केन्द्र, मतदाताको सङ्ख्या तथा सघनता, यातायातको सुविधा, पहुँचको सुगमता, सार्वजनिक स्थल तथा भवनको उपलब्धता, सञ्चार, विद्युत, खानेपानी, शौचालय जस्ता पूर्वाधारहरूको अवस्था, भौगोलिक अवस्थिति एवम् सुरक्षा प्रबन्धको सहजता जस्ता पक्षहरूलाई मुख्य आधारका रूपमा लिइन्छ । मतदान स्थल तथा केन्द्र निर्धारण गर्दा राजनीतिक दलको सहमति एवम् निर्वाचनका अन्य सरोकारवालाको सुझावलाई समेत आधारका रूपमा लिइन्छ ।

## मतदान केन्द्र (Polling Centre)




मतदान केन्द्रमा महिला र पुरुषका लागि अलग अलग लाइनको व्यवस्था गरिएको हुन्छ । अपाङ्गता भएका वा अशक्त मतदाता लाइनमा बस्न नपर्ने गरी विशेष व्यवस्था मिलाइएको हुन्छ । केन्द्रभित्र मतदाता नामावली रुजु गर्ने कर्मचारी, नङमा मसी लगाउने स्वयम्सेवक, तथ्याङ्क भर्ने कर्मचारी र मतपत्र दिने कर्मचारी बस्ने स्थान हुन्छ । कर्मचारीको पछाडि दलका प्रतिनिधि रहन्छन् । मतदान गर्नका लागि गोप्य मतदान कक्षको व्यवस्था मिलाइएको हुन्छ । यस कक्षको नजिकै मतपेटिका र सोको सुरक्षार्थ सुरक्षाकर्मी रहन्छन् । केन्द्रभित्र उपयुक्त स्थानमा सहायक मतदान अधिकृत र केन्द्रभित्रका सबै गतिविधिहरू देख्न सकिने स्थानमा मतदान अधिकृत बस्दछन् । निर्वाचन प्रणालीअनुसार मतदान केन्द्रको ढाँचामा केही भिन्नता हुन्छ । सामान्यतया मतदान केन्द्रको ढाँचा चित्रमा देखाइएअनुसार हुन्छ ।

## मतदान अधिकृतको काम र कर्तव्य

मतदान गर्ने दिन निर्वाचनको मुख्य क्षण हो । मतदान व्यवस्थापनका लागि प्रत्येक मतदान केन्द्रमा मतदान अधिकृतको नेतृत्वमा मतदान कर्मचारीहरूको व्यवस्था गरिएको हुन्छ । मतदानलाई स्वच्छ, निष्पक्ष, मर्यादित एवम् व्यवस्थित बनाउनमा मतदान अधिकृतको दक्षता, आचरण र व्यवहारको अहम् भूमिका रहेको हुन्छ । प्रचलित निर्वाचन कानुनको अधीनमा रही मतदान अधिकृतले देहायबमोजिमका भूमिका निर्वाह गर्नुपर्ने हुन्छ :

- मतदान केन्द्रमा खटिने कर्मचारी तथा सुरक्षाकर्मीहरूसँग समन्वय गर्ने,
- मतदान सामग्री बुझी समयमै मतदान केन्द्रमा पुग्ने,
- राजनीतिक दलका स्थानीय प्रतिनिधिहरूसँग सर्वपक्षीय बैठक गर्ने,
- मतदान केन्द्र निर्माण गर्ने,
- प्रचारप्रसार बन्द गरिएको, हातहतियार निषेध गरिएको लगायतका सूचना मतदान केन्द्रमा टाँस गर्ने,
- मतदानको दिन मतदान सुरु हुनुभन्दा पहिले नै पुगेर मतदानको तयारी गर्ने,
- समयमै मतदान सुरु गराउने,
- सुरक्षित रूपमा मतदातालाई मतदानको व्यवस्था मिलाउने,

- व्यवस्थित रूपले मतदान कार्य गराउने,
- मतदान कर्मचारीहरूमा आवश्यक समन्वय गर्ने,
- मतदान केन्द्रमा उपस्थित पर्यवेक्षक, अनुगमनकर्ता, सञ्चारकर्मीलाई आवश्यक सूचना तथा जानकारी प्रदान गर्ने,
- आवश्यक प्रक्रिया पूरा गरी मतदान बन्द गर्ने,
- मतदान अधिकृतले सुनुवाइ गर्ने भनी तोकिएको निर्वाचन विवादहरूको सुनुवाइ गर्ने,
- मतपत्रसहितको मतपेटिकालगायतका निर्वाचन सामग्री निर्वाचन अधिकृतको कार्यालयमा बुझाउने ।

**मतदान कार्यमा राजनीतिक दल र उम्मेदवारको भूमिका**

मतदान कार्यमा राजनीतिक दल र उम्मेदवारको भूमिका देहायअनुसार रहेको हुन्छ :

- राजनीतिक दल वा उम्मेदवारले पालना गर्नुपर्ने निर्वाचनसम्बन्धी आचरण पूर्ण रूपमा पालना गर्ने, गराउने,
- मतदातालाई मतदान प्रक्रिया बारे जानकारी गराउने,
- मतदान कार्यमा बाधा अवरोध हुन नदिने,
- मतदातालाई शान्तिपूर्वक मताधिकारको प्रयोग गर्न प्रेरित गर्ने,
- मतदानमा खटिएका कर्मचारी र सुरक्षाकर्मीलाई सहयोग गर्ने,
- मतदान कार्य स्वच्छ र स्वतन्त्र रूपमा सम्पन्न गर्न राजनीतिक दलहरू बीच आपसी सहयोग, सद्भाव र समन्वय कायम गर्ने, गराउने,
- मतदान कार्यमा कुनै विवाद उत्पन्न भएमा शान्तिपूर्ण रूपमा समाधान गर्ने सहजीकरण गर्ने,
- आफूले तोकेका निर्वाचन तथा मतदान प्रतिनिधिलाई अनुशासित रूपमा मतदान कार्यमा सहयोग गर्न निर्देशन दिने,
- दल वा उम्मेदवारको निर्वाचन तथा मतदान प्रतिनिधिले निर्वाचन आचारसंहिता विपरीत कार्य गरेमा तत्काल हटाई अर्को प्रतिनिधि तोक्ने ।

**निर्वाचनमा खटिने कर्मचारीको भूमिका**

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष बनाउनमा निर्वाचनका तीनवटै चरणमा सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरू गर्न खटिएका कर्मचारीहरूको दक्षता, आचरण र व्यवहारको अहम् भूमिका रहेको हुन्छ । तसर्थ निर्वाचनमा खटिने कर्मचारीले निम्नअनुसारको भूमिका निर्वाह गर्नुपर्छ :

- निर्वाचनसम्बन्धी सबै कामकारबाही र व्यवहारमा व्यावसायिकता, निष्पक्षता, तटस्थता र स्वच्छता कायम राख्ने,
- बोली र व्यवहारमा शिष्टता, नम्रता, संयमता र धैर्यता कायम गर्ने,
- सबैसँग समान व्यवहार गर्ने र कुनै उम्मेदवार वा राजनीतिक दलसँग एकपक्षीय रूपमा निकटतम सम्बन्ध कायम नगर्ने,

- निर्वाचन आचारसंहिताबमोजिम कर्मचारीले पालना गर्नुपर्ने आचरण पूर्ण रूपमा पालना गर्ने,
- मद्यपान जस्ता निषेधित वस्तुहरूको उपभोग नगर्ने गर्न नदिने ।

**(२) मतदान केन्द्र निर्माणपछि गर्नु पर्ने काम**

(क) प्रचार पसार गर्न निषेध गरेको सुचना प्रकाशन गर्ने : मतदान अधिकृतले मतदान हुने दिनभन्दा ४८ घण्टा अघिदेखि मतदानको काम पुरा नभएसम्म कुनै उम्मेदवार वा दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न तथा अन्य कुनै प्रकारले प्रचार प्रसार गर्न वा गराउन पाइने छैन ।

(ख) मादक पदार्थ निषेध गर्ने: मतदान अधिकृतले प्रचार प्रसार निषेध गरेको अवधिमा मतदान केन्द्रको वरिपरीको क्षेत्रमा मादक पदार्थ बिक्री वितरण र सेवन गर्न निषेध गरिएको सूचना प्रकाशन गर्नु पर्ने छ ।

(ग) हातहतियार लिएर हिंडन वा प्रयोग गर्न नदिने : मतदान अधिकृतले मतदान केन्द्र र सोको वरिपरि मतदानको काममा खटिएका सुरक्षा कर्मचारीले सुरक्षाको लागि आवश्यक पर्ने हातहतियार लिएर हिंडन वा प्रयोग गर्न बाहेक अरु कसैलाई कुनै प्रकारको विष्फोटक पदार्थ, रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी, बन्दुक, पेस्तोल वा त्यस्तै प्रकारका अन्य हातहतियार लिएर हिंडन, प्रदर्शन गर्न, प्रयोग गर्न वा गराउन रोक लगाउनु पर्नेछ ।

**(३) मतदान केन्द्रमा कर्मचारी व्यवस्था**

(क) मतदान केन्द्रलाई राम्रो रेखदेख गर्न सक्ने ठाउँमा मतदान अधिकृत तथा सहायक मतदान अधिकृत बस्ने व्यवस्था गर्नु पर्दछ ।

(ख) नाम रुजू गर्ने कर्मचारीसँगै महिला/पुरुष मतदाताको तथ्याङ्क भर्ने, औँलामा चिनो लगाउने स्वयंसेवक र मतपत्र दिने कर्मचारी बस्ने व्यवस्था गर्नु पर्दछ ।

(ग) मतदान कर्मचारीका पछाडि मतदान प्रतिनिधि राख्नु पर्दछ ।

(घ) प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचन भए मतदातालाई प्रत्येक मतपत्र दिन छुटटा छुट्टै कर्मचारी राख्नु पर्दछ ।

(ङ) पहिलो हुने निर्वाचित हुने निर्वाचनको मतपेटिकाको नजिकै समानुपातिक निर्वाचनको मतपत्र दिने कर्मचारी राख्नु पर्दछ ।

(च) मतदान गर्न लामवद्ध मतदातामध्ये पुरुषको लाइन मिलाउन पुरुष स्वयंसेवक र महिला मतदाताको लाइन मिलाउन महिला स्वयंसेवक रहने व्यवस्था गर्नु पर्दछ ।

(छ) समानुपातिक निर्वाचन अन्तर्गतको मतपत्र दिने कर्मचारीको सामुन्नेमा सहायक मतदान अधिकृत र कार्यालय सहयोगी रहने व्यवस्था गर्नु पर्दछ ।

**(४) स्वयंसेवकको नियुक्ति प्रक्रिया :** मतदान अधिकृतले मतदान केन्द्रमा सहयोग गर्न बढीमा तीन दिनको लागि देहाय बमोजिमको सङ्ख्यामा स्वयंसेवक नियुक्त गर्न सक्नेछ ।

(क) दुईसय पचाससम्म मदताता भएको मतदान केन्द्रमा कम्तीमा एकजना महिलासहित दुईजना,

(ख) दुईसय एकाउन्नदेखि पाँच सयसम्म मतदाता भएको मतदान केन्द्रमा कम्तीमा एकजना महिला सहित तीनजना,

(गं) पाँचसय एकदेखि एक हजारसम्म मतदाता भएको मतदान केन्द्रमा कम्तीमा दुईजना महिलासहित चारजना,

(घ) एक हजार भन्दा बढी मतदाता भएको मतदान केन्द्रमा कम्तीमा तीनजना महिलासहित पाँचजना खटाउन सक्नेछ,

(ङ) मतदाताको परिचयपत्र हेरी मतदाताको नामावली रुजु गर्ने तथा मतदातालाई मतपत्र दिने कार्यको जिम्मेवारी स्वयंसेवकलाई दिनु हुदैन ।

**स्वयंसेवकको कार्यहरु**

मतदान अधिकृतले मतदान केन्द्रमा देहायका कार्यमा सहयोग गर्नको लागि तोकेबमोजिमको सङ्ख्यामा स्वयंसेवक नियुक्त गर्न सक्ने व्यवस्था छ :

(क) महिला/पुरुष मतदाताको तथ्याङ्क फाराम भर्न,

(ख) नङमा नउड्ने मसीको चिन्ह लगाउन (महिला),

(ग) महिला/पुरुषको लाइन मिलाउन,

(घ) थप सहायक कर्मचारीको रूपमा काम गर्न,

(ङ) थप कार्यालय सहयोगीको रूपमा काम गर्न ।

**(५) अभिमुखीकरण र कार्य विभाजन**

(क) अभिमुखीकरण गर्नेः मतदान अधिकृतले मतदानको पुर्व तयारी स्वरुप मतदान हुने दिन अगावै मतदान केन्द्रमा खटिएका सहायक मतदान अधिकृत, सहायक कर्मचारी, सहयोगी कर्मचारी, सुरक्षाकर्मी तथा स्वयसेवकलाई मतदान प्रक्रियाको बारेमा अभिमुखीकरण गराउनु पर्ने छ ।

**(६) सर्वदलीय / सर्वपक्षीय बैठक**

मतदान अधिकृत र सहायक मतदान अधिकृतले मतदान स्थलमा पुगेपछि राजनीतिक दल, उम्मेदवार र निजका प्रतिनिधि बोलाई मतदान कार्य सुचारु रूपले सञ्चालन गर्न सर्वपक्षीय बैठकको आयोजना गर्नु पर्दछ। उक्त बैठकमा स्थानीय स्तरका सुरक्षा निकायका प्रतिनिधि, पर्यवेक्षक समेतलाई आमन्त्रण गरी मतदान प्रक्रियाका बारेमा जानकारी दिनुका साथै मतदान कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न र मतदान केन्द्रको सुरक्षा व्यवस्था मिलाउन आवश्यक छलफल गर्नु पर्दछ।

मतदान केन्द्रको क्षेत्र तोक्ने : मतदान अधिकृतले मतदान केन्द्रमा पुगेपछि मतदान केन्द्र रहेको ठाउँको चारैतिर साधारणतया तीन सय मिटरसम्मको क्षेत्रलाई चारकिल्ला तोकी मतदान केन्द्रको क्षेत्र तोक्नु पर्नेछ।

**(७) मतदान प्रतिनिधि (Polling Agent) को नियुक्ति**

मतदान कार्यमा राजनीतिक दलको तर्फबाट मतदान केन्द्रमा गर्नुपर्ने काम गर्नको लागि राजनीतिक दल तथा उम्मेदवारको तर्फबाट मतदान प्रतिनिधि नियुक्ति गर्न सक्ने व्यवस्था रहेको छ । प्रत्येक राजनीतिक दल वा उम्मेदवारले प्रत्येक मतदान केन्द्रको लागि एकजना मतदान प्रतिनिधि नियुक्त गरी खटाउन सक्दछन् । मतदान प्रतिनिधि सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता हुनुपर्छ ।

**(८) मतदानको प्रगति विवरणः** मतदान अधिकृतले मतदान सुरु भएको जानकारी तुरुन्त सम्बन्धित निर्वाचन अधिकृतलाई पठाउनु पर्नेछ । त्यसपछि सामान्यतया प्रत्येक दुई घण्टामा मतदानको प्रगति – मतदाताको कुल संख्या, खसेको मतको संख्या र त्यसको प्रतिशत विवरण छिटो साधनद्धारा निर्वाचन अधिकृत समक्ष पठाउनु पर्नेछ ।

**परिचयपत्र लगाउनु पर्ने**: मतदान अधिकृत, सहायक मतदान अधिकृत, निर्वाचनमा खटिएका अन्य कर्मचारी, उम्मेदवार, निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि र स्वयंसेवकले मतदान अवधिभर आयोगले उपलब्ध गराएको परिचयपत्र देखिने गरी लगाउनु पर्ने छ ।

**मतदान प्रक्रिया**

मतदान प्रारम्भ हुने समय निर्वाचन कार्यक्रममा निर्दिष्ट गरिएको हुन्छ । निर्दिष्ट समयभन्दा अगावै मतदान कर्मचारीसहित सम्बन्धित मतदान केन्द्रमा पुगी मुचुल्का फारमहरू भर्ने, मतदानका लागि मतपेटिका तयार गर्ने र कर्मचारीलाई आआफ्नो जिम्मेवारीमा खटाउनुपर्छ । मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिका रोहवरमा मतपत्रको सिलबन्दी पोका खोली मतदान अधिकृतले दस्तखत गर्नुपर्छ । मतदान अधिकृतले मतदान केन्द्रमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहवरमा मतदान प्रारम्भ भएको मुचुल्का गरी मतदान प्रारम्भ हुने निर्धारित समयमा नै मतदान प्रारम्भ गर्नु पर्दछ ।

**मतदान दिनको मुख्य क्रियाकलापहरु**

**(१) मतदान केन्द्रमा प्रवेश**

मतदान केन्द्रमा देहायका व्यक्ति बाहेक अरुलाई प्रवेश गर्न दिइँदैन :

(क) मतदाता,

(ख) उम्मेदवार वा निजको एकजना निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि,

(ग) आयोगबाट अनुमति प्राप्त पर्यवेक्षक,

(घ) आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतबाट अनुमति पाएका व्यक्ति,

(ङ) महिला मतदाताको साथमा रहेको बढीमा पाँच वर्षको बालक,

(च) दृष्टिविहीन वा शारीरिक रुपले अशक्त मतदाताको सहयोगको लागि साथमा आएको एकाघरको परिवारको सदस्य ।

कुनै मतदाताले दृष्टिविहीन वा शारीरिक अशक्तता वा अरु कुनै कारणवश आफैँ मत सङ्केत गर्न नसक्ने भई मत सङ्केत गर्ने काममा सहयोग पुऱ्याउँन आफ्नो एकाघरको परिवारको सदस्यलाई साथमा लैजान अनुमति मागेमा वा मत सङ्केत गर्ने काममा सहयोग पुऱ्याउँन मतदान अधिकृतलाई अनुरोध गरेमा र मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा परिवारको त्यस्तो सदस्यलाई मतदाताको साथमा मत सङ्केत गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिन वा मतदान अधिकृतले मतदाताको इच्छा अनुसार निजको मतपत्रमा मत सङ्केत गरिदिन सक्ने व्यवस्था रहेको छ ।

कुनै प्रकारको हतियार लिएको वा मादक पदार्थ सेवन गरेको व्यक्ति मतदाता भए तापनि त्यस्तो व्यक्तिलाई मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न दिनु हुदैन ।

**(२) मतदान केन्द्रमा मतदान गर्ने तरिका**

(क) मतदान गर्न मतदाता परिचय पत्र वा आयोगले तोकेको अन्य प्रमाण साथमा लानु पर्दछ ।

(ख) मतदान गर्न निर्वाचन आयोगले तोकेको समयभित्र मतदान केन्द्रमा पुग्नु पर्दछ ।

(ग) मतदान केन्द्रमा पुगेपछि महिला भए महिला र पुरूष भए पुरूष आ-आफ्नो लाइनमा उभिनु पर्दछ ।

(घ) मतदाता नामावली रुजु गर्ने कर्मचारीलाई आफ्नो परिचय पत्र देखाउने, नाम रूजु गराउने, औंलामा मसी लगाउन दिने र मतपत्र बुझिलिने काम मतदाताको हुन्छ ।

(ङ) मतपत्रमा मतदान अधिकृतको हस्ताक्षर भएको एकिन गर्नु पर्दछ ।

(च) गोप्य कोठामा गएर मतपत्रमा आफूलाई चाहेको दल वा उम्मेदवारको चिन्ह भएको कोठामा स्वस्तिक छाप लगाउने, मतपत्रलाई पट्याई मत पेटिकामा खसाल्ने र तोकिएको मार्गबाट बाहिर निस्कने गर्नु पर्दछ ।

(छ) मतदान केन्द्रमा जेष्ठ नागरिक, अपाङ्गगता भएका व्यक्ति तथा सुत्केरीको लागि विशेष प्राथमिकता दिई सहयोग गर्नु पर्दछ ।

### (३) मतपत्रमा छाप लगाउने तरिका

(क) मतपत्रमा स्वस्तिक छाप लगाउनु पर्दछ । औंठाको छाप वा अन्य किसिमको सङकेतहरू गर्नु हुँदैन ।

(ख) स्वस्तिक छाप लगाउँदा आफूले चाहेको दल वा उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठा भित्र स्पष्ट रूपमा देखिने गरी, र अन्य चिन्हमा नपर्ने गरी छाप लगाउनु पर्दछ ।

मतपत्रमा छाप लगाउदा बिग्रीयो भने अर्को मतपत्र पाउनै व्यवस्था हुदैन । त्यसैले होसियारी पूर्वक मतपत्रमा छाप लगाउँनु पर्छ ।

**(४) मतदान गर्न प्राथमिकता:** मतदान अधिकृतले अपाङ्गता भएका व्यक्ति, गर्भवती, आपनो काखे बालबालिका साथमा भएकी महिला, अशक्त, बृद्ध वा बिरामी मतदातालाई मतदान गर्ने काममा प्राथमिकता दिइ मतदान गराउने व्यवस्था गर्नु पर्नेछ ।

**निविदा मतपत्र सम्वन्धी व्यवस्था:** कुनै मतदाताले आफनो नामवाट अरु कसैले मतपत्र लिइ सकेको वा मतदान गरी सकेको र आफुनै वास्तविक मतदाता हो भनी दाबी गर्न चाहेमा निजले मतदान अधिकृत समक्ष दावीकर्ताले आफनो मतदाता परिचयपत्र, नागरिकताको प्रमाणपत्र वा निजको परिचय खुल्ने अन्य प्रमाण प्रस्तुत गनु पर्ने छ ।

### मतदान समाप्त भइसकेपछि गर्नुपर्ने कामहरु

मतदान समाप्त हुने निर्धारित समयभित्र मतदान केन्द्रभित्र प्रवेश गरिसकेका मतदाताले मतदान गरिसकेपछि मतदान समाप्त हुन्छ । मतदान समाप्त भइसकेपछि मतदान अधिकृत तथा मतदान कर्मचारीहरुले निम्नानुसारका कार्यहरु गर्नुपर्छ :

- मतपेटिकामा मतपत्र खसाल्ने प्वाल बन्द गर्ने र सोको मुचुल्का गर्ने,
- मतपत्रको फाँटवारी तयार गर्ने,
- मतपत्रको अर्धकट्टी, प्रयोग नभएका मतपत्र, रेजा लगाइएको मतदाता नामावली लगायतका मतदान केन्द्रमा प्रयोग भएका कागजातहरु सिलबन्दी गर्ने र सोको मुचुल्का गर्ने,
- मतपत्र सहितको सिलबन्दी मतपेटिका, सिलबन्दी गरिएका कागजपत्रहरु, अन्य कागजातहरु एवम् मतदान सामग्रीहरु सहित सुरक्षित रुपमा मतदान केन्द्रबाट निर्वाचन अधिकृतको कार्यालयतर्फ प्रस्थान गर्ने,

- मतदान केन्द्रमा खसेको मतको संख्या, पुरुष, महिला, लैङ्गिक तथा यौनीक अल्पसंख्यक र जम्मा खसेको मतको प्रतिशत निर्वाचन आयोगमा टिपाउने,

- **मतदान केन्द्रवाट प्रस्थान:** मतपत्र भएको मतपेटिका र साथमा रहन सक्ने व्यक्ति मतदान कार्य समाप्त भई सकेपछि मतदान अधिकृतले सिलबन्दी गरिएको मतपेटिका र मतदान सम्बन्धी अन्य कागजात साथमा लिई यथासम्भव छिटो सुरक्षितसाथ मतगणना गर्ने स्थान तर्फ प्रस्थान गर्नु पर्नेछ ।

**नमुना मतदान अभ्यास**

निर्वाचनलाई जस्ताको तस्तै बुझ्न र बुझाउनका लागि निर्वाचनमा भाग लिने मतदाताको सहभागितामा उनीहरूलाई नै भूमिका अभिनय गर्न लगाई गरिने मतदानको अभ्यास नै नमुना मतदान हो । यसबाट मतदातामा निर्वाचनप्रति आकर्षण बढाउन, सहभागितामा वृद्धि गर्न एवम् बदर मत प्रतिशत घटाउन सहयोग पुग्न जान्छ । निर्वाचनका समयमा निर्वाचन आयोगले देशका विभिन्न समुदाय, स्थानमा मतदाताका बीचमा गई नमुना मतदान अभ्यास गराउँछ ।

निर्वाचन शिक्षा तथा सूचना केन्द्रको भ्रमण गर्ने टोलीलाई नियमित रूपमा नमुना मतदानको अभ्यास गराइन्छ । नमुना मतदानको अभ्यासमा संलग्न शिक्षक, विद्यार्थी, आम सर्वसाधारणलाई निर्वाचनका प्रक्रियाबारे सरल ढङ्गबाट बुझ्न र बुझाउन सहयोग पुग्दछ ।

नमुना मतदानको अभ्यासलाई सहजकर्ताले सबै सहभागीहरुले अनुसरण गर्न लायक व्यवहारिक अभ्यासको रुपमा तयारी र प्रस्तुत गर्नु पर्दछ । यो विधि सिकाईको भूमिका अभिनयसँग सम्वन्धित छ । सत्रको प्रारम्भमा सहजकर्ताले मतदान प्रक्रियाका कानूनी व्यवस्थाहरु प्रस्तुत गरीसके पछि सोहि बमोजीम सहभागीहरुले आ-आफनो जिम्वेवारी अनुसार भूमिका निर्वाह गरी मतदान बारे जानकारी प्राप्त गर्दछन् । सहजकर्ताले सहभागीहरुको नामावलीलाई मतदाता नामावलीको रुपमा प्रयोग गर्न सकिने बताउन सक्नेछन् । मतदान व्यवस्थापनको लागि जनशक्ति तोक्दा एक जना मतदान अधिकृत, एक जना सहायक मतदान अधिकृत तथा सहायक कर्मचारीको रुपमा मतदाता नामावली रुजु गर्ने कर्मचारी, नङमा मसी लगाउने र तथ्याक फाराम भर्ने कमचारी र मतपत्र दिने कर्मचारी तोक्ने व्यवस्था मिलाउनु पर्दछ । त्यसैगरी मतदाताको लाइन मिलाउन स्वयमसेवक, मतदान केन्द्रको सुरक्षाको लागि सुरक्षाकर्मी एवम सम्पूर्ण मतदान प्रक्रिया अवलोकन गर्नको लागि पर्यवेक्षकको भूमिकामा सहभागीको संख्या हेरी एक एक जनालाई जिम्मेवारी प्रदान गर्न सकिनेछ । सत्र प्रारम्भ गर्नु पुर्वनै सहजकर्ताले आवश्यक नमुना मतपत्र, मतपेटिका, सुरक्षा सिल, स्ट्याम्प प्याड, स्वस्तीक छाप, छेकवारा, भित्र बाहिर महिला पुरुष लेखिएका कार्ड व्यवस्था गरेको हुनु पर्दछ । मतदान कार्य सम्पन्न भइसकेपछि मतदान व्यवस्थापनमा खटिएका कर्मचारी वा जनशक्ति वा मतदानमा भाग लिएका सहभागीलाई आफनो अनुभव संक्षितमा प्रस्तुत गर्न लगाउनु पर्दछ । यसरी अनुभव प्रस्तुत गर्ने कार्य (debriefing) तथा भूमिका अभिनय गर्ने व्यक्तिको अनुभव वा अभिव्यक्तीबाट अन्य सहभागीहरुले बढी भन्दा बढी विषयवस्तु बारे बुझने मौका पाउँछन् ।

**नमुना मतदानको लागि आवश्यक जनशक्ति**


- मतदान अधिकृत
- सहायक मतदान अधिकृत

**सहायक कर्मचारी/स्वयंसेवक/सुरक्षाकर्मी**

- नाम रुजु गर्ने र तथ्याङ्क फाराम भर्ने
- नङमा मसि लगाउने (महिला)

- मतपत्र दिने कर्मचारी
- मतदाताको लाइन मिलाउने २ जना
- सुरक्षाकर्मी

## स्थानीय तह सदस्य निर्वाचन,२०७९
## नमूना मतपत्रको ढाँचा



मतपत्र १



मतपत्र २




मतपत्र ३




मतपत्र ४



# स्थानीय तह निर्वाचन, २०७९ को मतदान केन्द्रको ढाँचा



## प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को मतदान केन्द्रको ढाँचा



**मतगणना**

निर्वाचन व्यवस्थापनमा मतदानको दिन (Polling Day) लाई सवैले बिशेष ढंगबाट नियालिरहेका हुन्छन् । यसैगरी सरोकारवालाले अत्यन्त प्रतिक्षाकासाथ हेर्ने अर्को महत्वपूर्ण निर्वाचन प्रक्रिया भनेको मतगणना र मत परिणाम घोषणाको कार्य हो । यो प्रक्रिया छिटो, त्रुटिरहित, निष्पक्ष र पारदर्शी ढंगबाट हुनुपर्छ । मतगणना र परिणाम घोषणामा हुने कमी कमजोरीले सम्पूर्ण निर्वाचन व्यवस्थापनलाई निष्फल बनाउन सक्ने हुँदा निर्वाचनको मतगणना र परिणाम घोषणाको कार्यलाई अत्यन्त व्यवस्थित ढंगबाट अगाडि बढाउनु पर्ने हुन्छ ।

निर्वाचन अधिकृतले मतदान कार्य समाप्त भई मतगणना कार्य शुरु हुनुभन्दा अघिको अवस्थामा गर्नुपर्ने क्रियाकलापहरुको सूची तयार गरी सो को सिलसिलावद्ध क्रम निर्धारण गरेमा मतगणनाको कार्यलाई सहज रुपले अघि बढाउन सकिन्छ ।

यसका लागि निर्वाचन अधिकृतहरुले देहाय बमोजिमको कार्य योजना तयार गरी सोही आधारमा काम कारवाही अघि बढाउनु उचित र व्यवहारिक हुन्छ :

- मतदान अधिकृतबाट मतपेटिका, मत सङ्केत गर्ने छाप, प्रयोग नभएको मतपत्र र खामबन्द गरिएका सम्पूर्ण कागजातहरु निर्वाचन अधिकृतले बुझी सुरक्षित रुपमा भण्डारण गर्नुपर्छ,
- प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको बेला मतपेटिका राख्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतका मतपेटिका र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतका मतपेटिका छुट्टाछुट्टै मिलाएर राख्नुपर्छ,
- स्थानीय निर्वाचनमा एकै प्रकारको मतपत्र प्रयोग हुने भएकोले मतपेटिका छुट्टाछुट्टै राख्न,
- मतपेटिका राखेको कोठा बाहिर राजनीतिक दलका प्रतिनिधि वा उम्मेदवार वा तिनको प्रतिनिधि बस्न वा कुर्न चाहेमा निर्वाचन अधिकृतले अनुमति दिनुपर्छ ।



**मतगणनाका चरणबद्ध कार्यहरु**

- मतगणना स्थलको व्यवस्था,
- मतगणना स्थलको सुरक्षा व्यवस्था,
- मतगणना स्थलमा बत्तिको व्यवस्था र त्यसको वैकल्पिक व्यवस्था,
- मतगणना गर्न लाग्ने अनुमानित समयको आँकलन,
- सर्वदलीय बैठक,
- मतगणना प्रतिनिधिको नियुक्ति र मतगणनाको सूचना प्रकाशन,
- मतपेटिका र मतदान सामग्रीको रुजु गर्ने, बुझ्ने, भण्डारण गर्ने ठाउँ र जनशक्ति व्यवस्था ,
- सबै मतदान केन्द्रबाट मतपेटिका प्राप्त भएपछि मात्र मतगणना गर्ने सूचना प्रकाशित गर्ने,
- दुवै प्रणालीको गणना एकैसाथ संभव छ वा छैन छलफलबाट एकिन गर्ने,
- आवश्यक पर्ने मतगणना कर्मचारी र टोली संख्या एकिन गर्ने,
- मतगणना कर्मचारीको अभिमुखीकरण गर्ने,
- मतगणना निर्देशिका र तोकिएका फारम को ढाँचामा मतगणनाका चरणबद्ध मुचुल्का तयार पारी प्रतिनिधिको सहीछाप,
- FPTP तर्फको निर्वाचन परिणाम घोषणा,
- मतगणना परिणाम तालिका स्थानीय सूचना पाटीमा टाँस गर्ने,
- विजयी उम्मेदवारलाई प्रमाण पत्र दिने,
- मतगणनाको विवरण फारम तयार गरी आयोगमा पठाउने,
- समानुपातिक निर्वाचन प्रणाली तर्फको मतगणना तालिका फारम तयार गरी आयोगमा पठाउने ।

**मतगणना स्थलमा प्रवेश**

मतगणना स्थल एकदमै संवेदनशील क्षेत्र हुँदा मतगणना स्थलमा प्रवेशलाई व्यवस्थित गर्न प्रवेश अनुमति अर्थात् प्रवेश पासको व्यवस्था गरिएको हुन्छ । सामान्यतया देहायका व्यक्तिलाई मतगणना स्थलमा प्रवेशका लागि निर्वाचन अधिकृतले प्रवेश अनुमति दिने व्यवस्था गरिएको हुन्छ :

- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनको मतगणनाका लागि उम्मेदवार वा निजको एक जना निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि,
- समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनको मतगणनाका लागि दलको एक जना निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि,
- मतगणनाको काममा खटिएका कर्मचारी,
- आयोगबाट अनुगमन वा अन्य प्रयोजनका लागि खटिएका पदाधिकारी वा कर्मचारी,
- आयोगबाट अनुमति प्राप्त स्वदेशी तथा विदेशी पर्यवेक्षक,
- सुरक्षाका लागि खटिएका कर्मचारी,

- आयोग वा निर्वाचन अधिकृतबाट अनुमति पाएका व्यक्ति ।

**मतगणना लगातार गर्ने :** निर्वाचन अधिकृतले मतगणनाको काम प्रारम्भ गरेपछि सबै मतदान केन्द्रबाट प्राप्त मतपत्रको मतगणना नसकिदासम्म मतगणनाको काम लगातार गर्नु पर्नेछ ।

**मतपत्र बदर हुने अवस्था**

कुनै पनि निर्वाचनमा कस्तो मतपत्र बदर हुने भन्ने विषय उक्त निर्वाचनका सन्दर्भमा निर्वाचन आयोगले जारी गरेको निर्देशिकामा उल्लेख भएबमोजिम हुन्छ । निर्वाचन निर्देशिकामा सामान्यतया देहायबमोजिमको मतपत्र बदर हुने प्रावधान समावेश गरिएको हुन्छ :

- सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको,
- औँठा छाप लगाई वा आयोगद्वारा निर्धारित स्वस्तिक चिह्नबाहेक अन्य चिह्न वा छाप लगाई मत सङ्केत गरिएको,
- मत सङ्केत चिह्न नबुझिने गरी लतपतिएको वा च्यातिएको,
- उम्मेदवार वा दलको निर्वाचन चिह्न भएको कोठामा मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको,
- तोकिएभन्दा बढी उम्मेदवार वा दलको निर्वाचन चिह्न भएको कोठामा छुट्टाछुट्टै मत सङ्केत गरिएको,
- एकभन्दा बढी उम्मेदवार वा दलको निर्वाचन चिह्न भएको कोठामा मत सङ्केतको चिह्न पर्ने गरी मत सङ्केत गरिएको,
- मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको,
- कुनै पनि उम्मेदवार वा दलको निर्वाचन चिह्नमा मत सङ्केत नगरिएको,
- आयोगद्वारा निर्धारित मतपत्रबाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,
- मतपेटिकाभन्दा बाहिर राखिएको,
- जाली मतपत्र,
- पट्याएको मतपत्रभित्र रुपैयाँ, कागज वा अन्य कुनै वस्तु संलग्न गरेको वा कुनै रूपमा च्यातेको, प्वाल पारेको,
- एउटा पट्याएको मतपत्रभित्र अरू मतपत्रसँगै एकसाथ पट्याएको,
- उम्मेदवार वा दलको निर्वाचन चिह्न रहेको कोठामा र निर्वाचन चिह्न रहेको कोठाभन्दा बाहिर वा मतपत्रको अन्य कुनै भागमा समेत मतसङ्केत गरेको,
- समानुपातिक निर्वाचन प्रणालीबमोजिमको निर्वाचनका हकमा उम्मेदवारको बन्दसूची पेस नगरेको दलको निर्वाचन चिह्नमा मत सङ्केत गरिएको,
- आयोगले बदर हुने भनी तोकेको मतपत्र ।

**सदर र बदर मतपत्र अलग अलग खाममा बन्द गर्ने :** निर्वाचन अधिकृतले गणना गरी सकेको मतपत्रमध्ये सदर र बदर मतपत्र छुट्टा छुट्टै खाम वा थैलोमा बन्द गरी लाहाछाप लगाई सिलबन्दी गरी राख्नु पर्ने छ । यसरी सिलबन्दी गर्दा आफुले सहीछाप गरी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहीछाप

गराउनु पर्नेछ । तर समानुपातीक निर्वाचन प्रणालीको एउटै पानामा मतपत्र रहेको अवस्थामा सदर र बदर मतपत्र एउटै खाम वा थैलोमा राख्नु पर्नेछ ।

**मत परिणाम घोषणा र प्रकाशन**

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र बढीमत निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचनको निर्वाचन परिणाम सम्बन्धित निर्वाचन अधिकृतले निर्वाचन क्षेत्र स्तरमा प्रकाशन गरी सोको जानकारी निर्वाचन आयोगलाई दिनुपर्ने व्यवस्था रहेको छ । अतः कुनै पनि निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र बढीमत निर्वाचन प्रणाली अन्तर्गत भएको निर्वाचन क्षेत्र विशेषको मतपरिणाम निर्वाचन अधिकृतले प्रकाशन गर्दछ । यसरी निर्वाचनको परिणाम प्रकाशन गर्दा सबैभन्दा बढी सदर मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित भएको घोषणा गरी त्यस्तो उम्मेदवारलाई आयोगले तोकेबमोजिमको ढाँचामा निर्वाचित भएको प्रमाण पत्र दिनुपर्दछ । यसै गरी समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचन क्षेत्र स्तरमा निर्वाचन अधिकृतले मतगणना गरी सदर मतको सङ्ख्या तोकिएबमोजिमको तालिका भरी निर्वाचन अयोगमा पठाउनुपर्दछ । यसरी प्राप्त हुन आएको मत परिणाम एकीकृत गरी  दलहरूले प्राप्त गरेको मतपरिणामका आधारमा आयोगले दलले प्राप्त गर्ने सिट सङ्ख्या यकिन गरी दलहरूलाई जानकारी गराउनु पर्दछ । दलहरूले आयोगले तोकेको सिट सङ्ख्यामा प्रतिनिधि निर्वाचनका लागि बन्दसूचीबाट कानुनबमोजिम उम्मेदवारको नाम सिफारिस गरी पठाएपछि आयोगले निर्वाचन परिणाम घोषणा गर्दछ । निर्वाचन क्षेत्रको एकीकृत निर्वाचन परिणाम तयार गरी आवश्यकता अनुसार प्रकाशन गर्ने एवम् कानुनबमोजिम तोकिएका पदाधिकारी वा निकाय समक्ष प्रतिवेदन गर्ने कार्य निर्वाचन आयोगले गर्दछ ।

**मतगणनासम्बन्धी सामग्री बिगारेमा वा नोक्सान गरेमा सजाय हुने कानुनी व्यवस्था**

निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ ले कसैले पनि मतगणना भइरहेको अवस्थामा मतपेटिका वा मतपत्र वा निर्वाचनसम्बन्धी अन्य कुनै पनि कागजपत्र बल प्रयोग गरी वा नगरी खोस्न, लुट्न, बिगार्न वा कुनै किसिमले नोक्सान गर्न वा निर्वाचन अधिकृतको अनुमतिबिना मतगणना स्थलबाट अन्यत्र लैजान निषेध गरेको छ । निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम यस्तो कार्य गरेगराएमा निर्वाचन अपराध भएको मानिन्छ । निर्वाचन अपराधको अनुसन्धान नेपाल सरकारले तोकेको अनुसन्धान अधिकृतले गरी सोसम्बन्धमा मुद्दा चलाउनुपर्ने देखिएमा सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्दछ । यसरी अदालतमा दायर हुन आएको मुद्दामा सुनुवाइ हुँदा मतपेटिका वा मतपत्र वा निर्वाचनसम्बन्धी अन्य कुनै पनि कागजपत्र बल प्रयोग गरी वा नगरी खोस्ने, लुट्ने, बिगार्ने वा कुनै किसिमले नोक्सान गर्ने वा निर्वाचन अधिकृतको अनुमतिबिना मतगणना स्थलबाट अन्यत्र लैजाने कार्य गरे गराएको ठहर भएमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुने कानुनी व्यवस्था रहेको छ ।

**मतगणना समाप्त भइसकेपछि निर्वाचन अधिकृतले गर्नुपर्ने कामहरु**

मतगणना समाप्त भइसकेपछि निर्वाचन अधिकृतले गर्नुपर्ने कार्यहरूसमेत सम्बन्धित निर्वाचन निर्देशिकामा उल्लेख गरिएको हुन्छ । मतगणना समाप्त भइसकेपछि निर्वाचन अधिकृतले मतगणना समाप्त भएको  मुचुल्का गर्नुपर्छ र सो मुचुल्कामा निर्वाचन अधिकृतले सहीछाप गरी मतगणना स्थलमा उपस्थित उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनुपर्छ । सदर र बदर मतपत्र छुट्टाछुट्टै खाम वा थैलोमा राखेर सिलबन्दी गरी त्यसमा निर्वाचन अधिकृतले सहीछाप गरी मतगणना स्थलमा उपस्थित उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनुपर्छ । मतगणना समाप्त भएको मुचुल्का भइसकेपछि निर्वाचनको परिणाम घोषणा तयार गरी एकप्रति आफ्नो कार्यालयमा प्रकाशन गरी एकप्रति यथाशीघ्र आयोगलाई उपलब्ध गराउनुपर्छ । निर्वाचन परिणाम घोषणा भएपश्चात् आयोगबाट निर्धारित ढाँचामा प्रमाण पत्र तयार गरी एकप्रति निर्वाचित पदाधिकारीहरूलाई दिई एकप्रति अभिलेखका लागि निर्वाचन कार्यालयमा बुझाउनुपर्छ । मतगणना तालिका र निर्वाचन परिणाम घोषणासम्बन्धी विवरण तुरुन्त निर्वाचन आयोगमा पठाउनुपर्छ ।

**मतगणना गरिसकेपछि मतपत्रको व्यवस्थापन**

मतगणना गरिसकेपछि सदर र बदर मतपत्र छुट्टाछुट्टै खाम वा थैलामा (एउटै पानामा एकभन्दा बढी मतपत्र रहेको अवस्थामा कुनै मतपत्र सदर र कुनै मतपत्र बदर हुन सक्ने भएको हुँदा त्यस्तो मतपत्र सदर मतपत्र रहेको खाम वा थैलोमा) बन्द गरी लाहाछाप लगाई सिलबन्दी गरिन्छ र त्यसमा निर्वाचन अधिकृत, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहीछाप गराउनुपर्छ । निर्वाचन अधिकृतले मतगणनाको प्रयोजनका लागि खोलिएका र मतगणनाको काम समाप्त भएपछि सिलबन्दी गरिएका कागजातहरू, मतपत्रको अर्धकट्टी, मतदानमा प्रयोग गरिएका मतदाता नामावली, सदर र बदर मतपत्रको सिलबन्दी खाम कसैले खोल्न र हेर्न नपाउने गरी गोप्य राख्नुपर्छ । निर्वाचन परिणाम घोषणा भएपछि उक्त सम्पूर्ण कागजात सम्बन्धित निर्वाचन कार्यालयमा बुझाउनुपर्छ ।

सिलबन्दी गरिएका मतपत्रको अर्धकट्टी, मतदानमा प्रयोग गरिएका मतदाता नामावली, सिलबन्दी गरिएको सदर तथा बदर भएका मतपत्रहरू प्रचलित कानुनबमोजिम परेको उजुरीका सिलसिलामा अदालतले मात्र खोल्न र हेर्न सक्ने एवम् यस्ता कागजात वा अभिलेख मुद्दा परेकामा मुद्दाको अन्तिम टुङ्गो लागेको मितिले र मुद्दा नपरेकामा उजुरी गर्ने म्याद भुक्तान भएको मितिले तीन महिनासम्म सुरक्षित राख्नुपर्ने कानुनी व्यवस्था छ । उक्त अनुसारको म्याद भुक्तान भएपछि आयोगको निर्णयानुसार प्रचलित कानुनबमोजिम धुल्याउने गरिन्छ ।

**निर्वाचन विवाद**

निर्वाचन व्यवस्थापन तथा सञ्चालन गर्दा निर्वाचन आयोग वा निर्वाचनसँग सम्बन्धित कर्मचारी, राजनीतिक दल, उम्मेदवार वा कार्यकर्ता वा शुभेच्छुक वा समर्थक, निर्वाचनसँग सरोकार राख्ने कुनै सङ्घसंस्था वा व्यक्तिले गर्ने काम, कारबाही, निर्णय वा प्रक्रियाको सिलसिलामा उत्पन्न हुने विवादलाई निर्वाचन विवाद भनिन्छ । सामान्य अर्थमा निर्वाचनका क्रममा कर्मचारीको पदस्थापना, मतदान केन्द्रको निर्धारण, निर्वाचनसम्बन्धी कानुनको उल्लङ्घन, मतगणनामा गणितीय त्रुटि जस्ता प्रशासकीय विवाद, कानुनद्वारा निषेध गरिएका निर्वाचन अपराध सम्बन्धी विवाद,निर्वाचनको स्वच्छता र स्वतन्त्रतामा आँच पुऱ्याउने खराब अभ्यास, अनुचित प्रभाव पार्ने, सम्पत्ति, शक्ति, बल वा प्रभावका आधारमा गरिने जबरजस्ती, दबाब, धम्की, दुर्व्यवहार, भौतिक तथा मानसिक क्षति र मतदाता नामावलीमा नाम दर्ता गराउने कार्यमा अवरोध, निर्वाचन आचारसंहिता विपरीतका कार्य, मतदान गर्नबाट वञ्चित गराउने कार्य, मतगणना कार्यमा अवरोध र नतिजालाई प्रभावित पार्ने कार्य जस्ता प्रशासनिक, राजनीतिक तथा कानुनी विवादहरू निर्वाचन विवादअन्तर्गत समेटिन्छन् । सामान्यतया निर्वाचन विवादलाई प्रशासकीय, फौजदारी, कानुनी तथा राजनीतिक भनी वर्गीकरण गर्ने गरिन्छ । निर्वाचन विवाद सधैं एकै प्रकारको हुदैन र यो राजनीतिक परिस्थिती, राजनीतिक चेतना अनुरुप फरक फरक हुने गरेको छ ।

**निर्वाचन विवाद**

निर्वाचन व्यवस्थापन तथा सञ्चालन गर्दा निर्वाचन आयोग वा निर्वाचनसँग सम्बन्धित कर्मचारी, राजनीतिक दल, उम्मेदवार वा कार्यकर्ता वा शुभेच्छुक वा समर्थक, निर्वाचनसँग सरोकार राख्ने कुनै सङ्घसंस्था वा व्यक्तिले गर्ने काम, कारबाही, निर्णय वा प्रक्रियाको सिलसिलामा उत्पन्न हुने विवादलाई निर्वाचन विवाद भनिन्छ ।

**निर्वाचन विवाद निरुपणमा न्यायिक संयन्त्र**

- **जिल्ला अदालतः** सबै तहको निर्वाचनको अपराधिक प्रकृतिका निर्वाचन कसुर अनुसन्धान अधिकारी मार्फत तयार हुने ।
- **उच्च अदालतः** व्यक्तिवादी मुद्दा स्थानीय तह निर्वाचन ।

- **सर्वोच्च अदालत, संबैधानिक इजलासः** व्यक्तिवादी मुद्दा संघीय संसद र प्रदेश सभा सदस्य, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन

**निर्वाचन आयोग नेपाल र मातहत**

- **मतदान अधिकृतः** उजुरी लिने, सुनुवाई गर्ने र निर्णय गर्ने, सबै विवादहरु निर्वाचन अधिकृत समक्ष पेश गर्ने ।
- **अनुगमनकर्ताः** उजुरी लिने, सुनुवाई गर्ने र निर्णय गर्ने, सबै विवादहरु मुख्य निर्वाचन अधिकृत समक्ष पेश गर्ने ।
- **मुख्य निर्वाचन अधिकृतः** उजुरी लिने, सुनुवाई गर्ने र निर्णय गर्ने, सबै विवादहरु निर्वाचन विवाद निरुपण समिति समक्ष पेश गर्ने ।
- **निर्वाचन विवाद निरुपण समितिः** उजुरी लिने जांचबुझ र छानविन गर्ने, आयोगलाई निर्णयका लागि सिफारिस गर्ने ।
- **निर्वाचन आयोगः** निर्वाचन विवाद निरुपण समितिको निर्णय अनुमोदन वा अन्तिम निर्णय दिने ।

**निर्वाचन कसुर**

निर्वाचन कसुर भन्नाले निर्वाचनको स्वच्छता, निष्पक्षता र विश्वसनीयतामा आँच पुऱ्याउने, निर्वाचनको व्यवस्थापन र सञ्चालनमा अवरोध गर्ने तथा निर्वाचनको अधिकारबाट वञ्चित गर्न गराउनका लागि गरिने अपराधिक क्रियाकलापलाई जनाउँछ । निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ ले निर्वाचन कसुरलाई निम्नानुसार ६ समूहमा विभाजन गरेको छ :

- निर्वाचनसम्बन्धी लिखत तथा निर्वाचन सामग्री सम्बन्धी कसुर,
- मतदान तथा मतगणना सम्बन्धी कसुर,
- निर्वाचनमा प्रभाव पार्ने सम्बन्धी कसुर,
- निर्वाचन प्रचारप्रसार सम्बन्धी कसुर,
- निर्वाचन प्रचारप्रसारको आयव्यय सम्बन्धी कसुर,
- अन्य कसुर ।

# निर्वाचन विवाद निरुपणमा नेपालको न्यायीक संयन्त्र



## सत्र ५
## निर्वाचन शिक्षा तथा मतदाता जागरण र निर्वाचनमा सामाजिक सञ्जालको सदुपयोग

**समयः १ घण्टा ३० मिनेट**

यस सत्र पश्चात देहायका सिकाइ उपलब्धी हुनेछन् ।

(क) निर्वाचन तथा मतदाता शिक्षाका बारेमा सहभागीहरु स्पष्ट भई भिन्नता समेत बताउनसक्नेछन् ।

(ख) निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रमको खाका कोर्न तथा बताउन सक्नेछन् ।

(ग) निर्वाचनमा सामाजिक सञ्जालको सकारात्मक उपयोगिताबारे बोध हुनेछ ।

सत्र सञ्चालनको लागि देहायका तयारी गर्नु पर्दछ ।

(क) सत्र सञ्चालनको लागि आवश्यक प्रयोगमा आउने सिकाई सामग्रीहरु न्युजप्रिन्ट, मार्कर, मेटाकार्ड, पोष्टेड, मास्किङ टेप, कैची, A4 साइजको पेपर तयार गर्नु पर्दछ ।

(ख) तालिमको विषयवस्तुको पावरप्वाइन्ट र हेण्डआउट तयारी अवस्थामा राख्नु पर्दछ ।

सत्र सञ्चालनको लागि प्रशिक्षकले देहायको सिकाई विधिहरु अपनाउन सक्नेछन् ।

(क) मस्तिष्क मन्थन

(ख) समूह छलफल र प्रस्तुतीकरण

(ग) समूहमा प्रश्न उत्तर तथा अनुभव आदान प्रदान

**यो सत्रको चरणहरु**

**चरण १** निर्वाचन शिक्षा, मतदाता शिक्षा र नागरिक शिक्षा के हो भन्ने बारेमा सहभागीहरुलाई मस्तिष्क मन्थन गराउने र पावरप्वाइन्टबाट प्रस्तुतीकरण गर्ने । (१० मिनेट)

**चरण २** नागरिक तथा मतदाता शिक्षाको सिद्धान्त र नीतिगत व्यवस्थाबारेमा पावरप्वाइन्टवाट प्रस्तुतीकरण गर्ने । (१० मिनेट)

**चरण ३** निर्वाचन आयोगले निर्वाचन तथा मतदाता शिक्षा सञ्चालनको लागि विगत तथा वर्तमानमा गरेका प्रयासहरुको बारेमा सहभागीहरुलाई जानकारी छ की छैन भनेर सहभागीहरुसँग छलफल गर्ने र उक्त छलफल पश्चात पावरप्वाइन्टवाट आयोगले सञ्चालन गरेका क्रियाकलपाहरुलाई प्रस्तुतीकरण गर्ने । (३० मिनेट)

**चरण ४** नेपालमा सामाजिक सञ्जालको प्रयोग र सामाजिक सञ्जालको नकारात्मक प्रयोग सम्वन्धमा छलफल एव प्रस्तुतीकरण गर्ने । (२० मिनेट)

**चरण ५** निर्वाचनमा सामाजिक सञ्जालको सकारात्मक उपयोगिताबारे प्रस्तुतिकरण र छलफल गर्ने । (१५ मिनेट)

**चरण ६** सत्रको पुनरावलोकन तथा सारांश प्रस्तुतीकरण गर्ने । (५ मिनेट)

**यो सत्रको लागी स्रोत सामग्रीहरु**

१. https://election.gov.np

२. https://aceproject.org/ace-en/topics/ve/exploretopic_new

३. Frequently Asked Questions( FAQ) of ECN

## सत्र ५ सन्दर्भ सामग्री
## निर्वाचन शिक्षा तथा मतदाता जागरण र निर्वाचनमा सामाजिक सञ्जालको सदुपयोग

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययीरुपमा सम्पन्न गर्नको लागि नागरिक तथा मतदाता शिक्षाको भूमिका महत्वपूर्ण रहन्छ । मतदाता शिक्षाको प्रभावकारीता, सान्दर्भीकता तथा मतदाता शिक्षाको सफलता तब मात्र हुन्छ जब निर्वाचनमा अत्यधिक मतदाताको बढी भन्दा बढी अर्थपुर्ण सहभागिता रहनुका साथै बदर मतको संख्यामा कमी आउँछ । आम नागरिकहरुको निर्वाचनप्रति चासो, बुझाई र निर्वाचनको हरेक प्रक्रियामा सहभागीता बढाउनको लागि नागरिक तथा मतदाता शिक्षाको ठुलो योगदान रहन्छ । निर्वाचन प्रक्रियाप्रति आममतदाताहरुलाई जागरुक तथा सुसूचित बनाउनको लागि नागरिक तथा मतदाता शिक्षा अपरिहार्य हुन्छ । नागरिक तथा मतदाता शिक्षा मार्फत निर्वाचनमा आममतदाताको सहभागीता सुनिश्चित गर्न, मतदानमा आत्मनिर्णयको अधिकारलाई थप सुदृढ गर्न,आफ्नो अमुल्य मत मार्फत लोकतान्त्रिक विधि प्रक्रियालाई मजबुद वनाउनको लागि टेवा पुर्याउँन सकिन्छ ।

लोकतान्त्रिक शासन व्यवस्थामा लोकतन्त्र, प्रतिनिधित्व प्रणाली, संविधान, निर्वाचन प्रणाली तथा निर्वाचन व्यवस्थापन लगायतका विषयमा जानकारी प्राप्त गर्न नागरिकलाई निर्वाचन शिक्षा / मतदाता शिक्षा प्रदान गरिन्छ । कतिपय देशहरुमा नागरिक शिक्षाको माध्यमबाट विद्यालय तहदेखि नै पठनपाठन गर्ने व्यवस्था रहेको पाइन्छ । लोकतान्त्रिक मुलुकहरुले निर्वाचन शिक्षा / नागरिक शिक्षा निरन्तर रुपमा सञ्चालन गरिरहेका हुन्छन् । मतदाता शिक्षा सामान्यतः निर्वाचनको मिति घोषणा भएपछि मात्र दिने प्रचलन पनि रहेको पाइन्छ । निर्वाचन आयोगले नागरिक तथा मतदातालाई सुसूचित गरी निर्वाचनमा बदर मतप्रतिशत न्यूनीकरण गर्नको लागि विभिन्न निर्वाचन शिक्षा, नागरिक शिक्षा, मतदाता शिक्षा र नागरिक सचेतनाका कार्यक्रम संञ्चालन गर्दै आएको छ ।

### नागरिक शिक्षा (Civics)[1]

नागरिक चासो र सरोकारका विषयवस्तुमा मत वा विकल्प निर्माण गर्न सक्ने, विकल्प छनोटमा प्रभाव पार्न सक्ने शिक्षा नै नागरिक शिक्षा हो । सूचना र सिकाइ अनुभवका माध्यमबाट लोकतान्त्रिक विधि र प्रक्रियामा सहभागी हुन सक्ने गरी आमनागरिकलाई सक्षम र सशक्त तुल्याउने एक माध्यमका रूपमा नागरिक शिक्षालाई लिइन्छ । यसले राज्यप्रतिको नागरिक कर्तव्य तथा दायित्वका विषयमा समेत सचेत तुल्याउँदै आर्थिक, सामाजिक, सांस्कृतिक एवम् राजनीतिक अधिकारप्रति इमान्दार र जिम्मेवार बन्न योगदान पुऱ्याउँछ । नागरिक शिक्षा लोकतन्त्रको मुख्य अन्तरवस्तु हो । शासकीय सबै आयाममा नागरिक शिक्षाका सम्बन्धहरू रहेका हुन्छन् । मतदाता शिक्षा, राजनीतिक शिक्षा, अधिकारसम्बन्धी शिक्षा, शान्ति र विकास एवम् शक्तिको शिक्षा र प्रजातान्त्रिक शिक्षाका क्षेत्रहरू यसभित्र समेटिएको देखिन्छ ।

### निर्वाचन शिक्षा (Electoral Education)

लोकतन्त्र, संविधान, शासन प्रणाली, सुशासन, निर्वाचन प्रक्रिया, निर्वाचन पद्धति, निर्वाचन प्रणाली, नागरिकको कर्तव्य र अधिकार, सरोकारवालाको भूमिका, राजनीतिक दललगायतका विषयमा आममतदाता तथा नागरिक सबैलाई निरन्तर रूपमा दिइने शिक्षा नै निर्वाचन शिक्षा हो । निर्वाचन व्यवस्थापन गर्ने निकायलगायत निर्वाचन सम्बद्ध सरोकारवाला संस्थाले निरन्तर रूपमा निर्वाचन शिक्षा प्रदान गरी नागरिकलाई राजनीतिक अधिकारको उपयोग सही तरिकाले गर्न सक्षम तुल्याउँछ। मतदाता शिक्षा निर्वाचन शिक्षाअन्तर्गत पर्दछ ।

[1] *Definition* of *civics*: the study of the rights and duties of citizens and of how government works.

**मतदाता शिक्षा (Voter Education)**[2]

मतदातालाई मतदानका लागि तयारी अवस्थामा राख्न निर्वाचन व्यवस्थापन गर्ने निकाय वा उसको स्वीकृतिमा अन्य संस्थाद्वारा सञ्चालन गरिने शिक्षा नै मतदाता शिक्षा हो । मतदाता शिक्षाले मतदातालाई मतदान गर्ने सही तरिका सिकाउनुका अतिरिक्त मतदानको महत्त्वका बारेमा समेत बोध गराउँछ । मतदाता शिक्षा निर्वाचन सम्बद्ध कार्यक्रमसँग सम्बन्धित हुन्छ । मतदातालाई लक्षित गरी मतदानमा मतदाताको अधिकाधिक सहभागिताका लागि मतदाता शिक्षा प्रदान गरिन्छ । छापा माध्यम, रेडियो, टेलिभिजन, घरदैलो, आम पहुँचलगायतका माध्यमबाट सबै मतदाता समेटिने गरी बृहत् रूपमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिन्छ ।

**मतदाता सूचना (Voter information)**

मतदातालाई मतदान गर्नका लागि सजिलो पार्ने उद्देश्य राखी सम्प्रेषण गरिएका सूचना नै मतदाता सूचना हुन् । मतदान गर्न कहाँ र कहिले जाने ?, मतदान गर्न जाँदा आवश्यक पर्ने कागज वा प्रमाण के हुन् ? लगायतका जानकारी मतदाता सूचनाले प्रदान गर्छ । निर्वाचन व्यवस्थापन गर्ने निकायले यस्ता सूचना रेडियो, टेलिभिजन, पोस्टर, पम्प्लेटलगायतका माध्यमबाट मतदातासमक्ष पुऱ्याउँछ ।

**निर्वाचन शिक्षा र मतदाता शिक्षामा भिन्नता**

निर्वाचन शिक्षा आम मतदाता तथा नागरिक सबैलाई प्रदान गरिन्छ भने मतदाता शिक्षा निर्वाचनका कुनै कार्यक्रममा आधारित भई मतदातालाई मात्र प्रदान गरिन्छ । निर्वाचन शिक्षाका विषयवस्तु लोकतन्त्र, शासकीय प्रणाली, निर्वाचन जस्ता फराकिला हुन्छन् भने मतदाता शिक्षाका विषयवस्तु निर्वाचन र मतदान कार्यसँग मात्र सीमित रहेका हुन्छन् । निर्वाचन शिक्षा नागरिक शिक्षाको एक अङ्गका रूपमा निरन्तर चलिरहन्छ भने मतदाता शिक्षा निर्वाचनका समयमा मात्र सञ्चालन हुन्छ ।

**निर्वाचन तथा मतदाता शिक्षा सञ्चालनका सिद्धान्त**

- सर्वव्यापी, महिला, अपाङ्गता भएका व्यक्ति, युवा, पिछडिएको वर्ग, क्षेत्र, लिङ्ग, भाषा, भूगोललाई समेटनु पर्ने आदि,
- निष्पक्षता, समान पहुँच सुनिश्चित गर्ने गरिनु पर्ने,
- आम मतदाताले बुझ्ने सरल, स्पष्ट भाषा र स्थानीय भाषा संस्कृतिको प्रयोग गरिनु पर्दछ,
- कुनै पनि भाषा, जात, वर्गप्रति द्धेश भावनाको सम्मान गरिनु पर्दछ ।

निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम निर्माण र कार्यान्वयनमा ध्यान पुर्‍याउनु पर्ने निम्न **चरणहरु** हुन सक्दछन् ।

- प्रकृया निर्धारण
- कार्यक्रमको मुल्यांकंन
- लक्ष निर्धारण
- उद्धेश्य छनौट
- उपलब्ध साधन स्रोतको मुल्यांकन गर्ने
- लक्षित समुहबारे बुझाई

2 **Voter education** is an enterprise designed to ensure that **voters** are ready, willing, and able to participate in electoral politics.

- कार्यान्वयन गर्ने
- अभिलेखिकरण

**निर्वाचन तथा मतदाता शिक्षा सञ्चालनको लागि नीतिगत व्यवस्था**

- निर्वाचन आयोग ऐन, २०७३ को दफा ३३ ले निर्वाचनमा मतदाता नामावली सङ्कन गर्ने, अद्यावधिक गर्ने तथा मतदान गर्ने प्रक्रिया र मतदाताको अधिकारका सम्बन्धमा मतदाताहरुलाई जानकारी गराउन आयोगले आवश्यकता अनुसार **मतदाता जागरण कार्यक्रम** सञ्चालन गर्न, गराउन सक्नेछ भनी उल्लेख गरेको छ । सबै क्षेत्र, वर्ग, लिङ्ग र समुदायका मतदाता एवं भावी मतदाता (Potential Voter) को सचेतना अभिवृद्धि गरी निर्वाचन प्रक्रियामा उनीहरुको पँहुचलाई सहज र सरल बनाउन एवं निर्वाचनलाई स्वच्छ ,स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि सहयोग प्राप्त गर्न निर्वाचन आयोगले निर्वाचन/मतदाता शिक्षा कार्यक्रम निरन्तररुपले सञ्चालन गर्दै आएको छ ।
- नागरिक तथा मतदाता शिक्षालाई सवै वर्ग समुदायका नागरिक तथा मतदाता समक्ष पुर्‍याउन निर्वाचन आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/०७७ -२०८०/०८१) ले रणनीति ५ मा निर्वाचन व्यवस्थापन एवम् नागरिक शिक्षामा समन्वय र सहकार्य अभिवृद्धि गर्ने उल्लेख छ । वि.स २०७४ सालमा सम्पन्न निर्वाचनको समीक्षा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुको सुझावले पनि बृहतरुपमा समावेशीताको सिद्धान्त अनुरुप नागरिक तथा मतादाता शिक्षा निरन्तर सञ्चालन गर्न सुझाव प्राप्त भएको । निर्वाचन, नागरिक र मतदाता शिक्षाको महत्वलाई निर्वाचनको हरेक चरणमा स्पष्ट पार्दै निर्वाचन प्रक्रियामा आम नागरिक तथा मतदाताको सहभागीता बृद्धि गरी बदर मतलाई न्यूनीकरण गर्न नागरिक तथा मतदाता शिक्षालाई व्यवस्थित र प्रभावकारी बनाउँदै लैजानुपर्ने भएको हुँदा निर्वाचन आयोगले निर्वाचन तथा मतदाता शिक्षा नीति, २०७८ तयार पनि गरेको छ ।
- वर्तमान सन्दर्भमा निर्वाचन आयोगले निर्वाचन व्यवस्थापनको लागि निर्वाचन तथा मतदाता शिक्षा नीति २०७८ मस्यौदा गरेको छ ।

**विगतका प्रयासहरु**

**विक्रम सम्वत् २०६३ साल अघि**

निर्वाचन आयोगले निर्वाचनमा मतदाताको सहभागिता अभिवृद्धि गर्ने एवम् बदर मत प्रतिशतलाई घटाउने उद्देश्यले विभिन्न तरिका र माध्यमबाट मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने गरिएको थियो । आमनिर्वाचन, २०१५ मा रेडियो नेपालबाट गीति सन्देश प्रसारण तथा गोरखापत्र र अन्य समाचारपत्र मार्फत मतदानको लागि आममतदातालाई आव्हान गरेको थियो । यस पश्चातका निर्वाचनहरुमा समेत मतदाता शिक्षालाई कुनै न कुनै रुपमा निरन्तरता दिइएको पाइन्छ । विक्रम सम्वत् २०४७ सालमा प्रजातन्त्रको पुनर्स्थापना पश्चात भएका विभिन्न निर्वाचनहरूमा आयोगले छापा माध्यमका साथै रेडियो तथा टेलिभिजन मार्फत व्यवस्थित तरिकाले मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो ।

**विक्रम सम्वत् २०६३ सालदेखि २०६९ सालसम्म**

नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम मिश्रित निर्वाचन प्रणाली अपनाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली अनुरूप संविधान सभा सदस्य निर्वाचन, २०६४ सम्पन्न भएको थियो । यस निर्वाचनमा मतदाताले दुई वटा मतपत्रमा मतदान गर्नुपर्ने भएकोले निर्वाचन आयोगले मतदाता शिक्षालाई बृहतरूपमा सञ्चालन गरेको थियो । निर्वाचनमा मतदाता सचेतनाको लागि सरोकारवालाको समेत सहभागितामा आयोगलाई उपलव्ध श्रोत साधनको कुशलतापूर्वक परिचालन गरी विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएका थिए ।

संविधान सभा सदस्य निर्वाचनमा मतदाता शिक्षामा सबै जाति, भाषा, क्षेत्र, वर्ग र समुदायको बृहत सहभागिताका लागि आयोगले मतदाता तथा नागरिक शिक्षा नीति, २०६३ तर्जुमा गरी सोही नीति अनुरूप कार्यक्रमहरू सञ्चालन गरेको थियो । त्यसपछिका निर्वाचनहरूमा आयोगले मतदाता शिक्षा नीतिलाई परिमार्जित गर्दै निर्वाचनका सरोकारवालासँगको परामर्शमा निर्देशिका र कार्यविधि तयार गरी मतदाता शिक्षालाई मतदाताको घरदैलोसम्म पुऱ्याएको थियो । निर्वाचन तथा मतदाता शिक्षा व्यवस्थापन र सञ्चालनमा थप प्रभावकारिता र निरन्तरताका लागि वि.सं. २०६९ साल जेष्ठ ११ गते आयोग परिसर काठमाडौंमा निर्वाचन शिक्षा तथा सूचना केन्द्र (Electoral Education and Information Centre - EEIC) को स्थापना गरियो ।

**विक्रम सम्वत् २०७० पछि**

वि.सं. २०६४ सालमा सम्पन्न संविधान सभा सदस्य निर्वाचन र २०७० मा सम्पन्न अर्को संविधान सभा सदस्य निर्वाचनको अनुभव तथा प्राप्त पृष्ठपोषणका आधारमा आयोगले वि.सं. २०७४ सालमा सम्पन्न गरेका स्थानीय तह, प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्य, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनमा मतदाता शिक्षा कार्यक्रम सञ्चालनको लागि मतदाता शिक्षा कार्यक्रम सम्बन्धी निर्देशिकाहरु जारी गरी सोही बमोजिम मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो भने टेलिभिजन तथा रेडियोका साथै निर्वाचन आयोगको सामाजिक सञ्जाल (फेसबुक, ट्वीटर, वेबसाइट) पृष्ठ मार्फत समेत आमनागरिक तथा मतदातालाई सन्देश प्रवाह गरिएको थियो ।

**वर्तमान प्रयासहरु**

निर्वाचन तथा मतदाता शिक्षा व्यवस्थापन र सञ्चालनका लागि आयोग परिसरमा निर्वाचन शिक्षा तथा सूचना केन्द्र (EEIC) को स्थापना भई सो केन्द्रबाट निरन्तर रूपमा निर्वाचन शिक्षा सम्वन्धी क्रियाकलापहरु सञ्चालन भईरहेका छन् । उक्त केन्द्रबाट सञ्चालित क्रियाकलापहरु प्रभावकारी भएको महशुस गरी विराटनगर, पोखरा, सुर्खेत र धनगढीमा समेत निर्वाचन शिक्षा तथा सूचना केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ। निर्वाचन शिक्षाको सहज पहुँच नभएका दुर्गम स्थानका मतदाता तथा विद्यार्थीहरूलाई लक्षित गरी घुम्ती निर्वाचन शिक्षामार्फत केन्द्रमा जस्तै प्रविधिमैत्री निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन गर्ने गरिएको छ ।

निर्वाचन शिक्षालाई स्थानीयस्तरका समुदायसम्म प्रभावकारीरूपमा सम्प्रेषण गर्न वि.सं. २०७० सालदेखि माध्यमिक विद्यालयका सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षा प्रशिक्षण प्रदान गरिँदै आएको छ । निर्वाचन तथा मतदाता शिक्षाको विकास र विस्तारका लागि सरकारी तथा गैर सरकारी संघसंस्था, नागरिक समाज लगायतका निर्वाचनका सरोकारवालासँग समन्वय तथा सहकार्य भईरहेको छ । यसका अतिरिक्त आयोगले निर्वाचन तथा मतदाता शिक्षाको क्षेत्रमा देहायका प्रयासहरु गर्दै आएको छ :

- कक्षा ९ र १० मा अध्ययन गर्ने विद्यार्थीहरू मार्फत घरघरमा निर्वाचन तथा मतदाता शिक्षा पुऱ्याउने उद्देश्यले विद्यालयस्तरमा निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन,
- आममतदाता र शिक्षक एवम् विद्यार्थीलाई लक्षित गरी निर्वाचन तथा मतदाता शिक्षामा क्षमता अभिवृद्धि गराउने उद्देश्यले निर्वाचन सम्बन्धी मोवाइल एप, निर्वाचनको महत्व सम्बन्धी छोटो जनचेतनामुलक चलचित्र र एनिमेशन भिडियो निर्माण तथा प्रसारण,
- समुदायमा आधारित संघसंस्थाहरूसँगको साझेदारीमा आमनागरिकलाई निर्वाचन तथा मतदाता शिक्षा प्रदान,

  आयोगको वेबसाइट, प्रेस विज्ञप्ती, फेसबुक, प्रकाशनका अतिरिक्त विभिन्न छापा, रेडियो, टेलिभिजन, घरदैलो, आउटरिच जस्ता कार्यक्रम मार्फत निर्वाचन सम्बन्धी सूचना एवम् जानकारी प्रसारण,

- लोक सेवा आयोग लगायत प्रतिस्पर्धात्मक परीक्षा सम्बन्धी पाठ्यक्रममा निर्वाचन विषयलाई समावेश गराउन पहल एवम् स्थानीय तथा प्रदेश सरकारसँग निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रममा समन्वय एवम् सहकार्यका लागि जोड,
- निर्वाचनको अवधिमा मतदाता शिक्षा सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्ने गरिएको (विशेष कार्यक्रम अन्तर्गत विभिन्न किसिम र प्रकारका मतदाता शिक्षा सम्बन्धी छपाई सामग्री, अडियो र भिडियो सामग्रीको उत्पादन, रेडियो, टेलिभिजनबाट प्रसारण, घरदैलो तथा आउटरिच कार्यक्रम, प्रवर्द्धनात्मक सामग्री उत्पादन र वितरण जस्ता विविधतामूलक मतदाता शिक्षा कार्यक्रम सञ्चालन, विभिन्न १७ वटा भाषामा मतदाता शिक्षा सामग्री तयारी, वितरण र प्रसारण),
- सामाजिक अध्ययन शिक्षकहरुका लागि  निर्वाचन स्रोत पुस्तिका तयार गरी विभिन्न चरणमा तालिम प्रदान,
- सामुदायिक सिकाई केन्द्र (२९८ सिकाई केन्द्र) हरुलाई विभिन्न चरणमा निर्वाचन शिक्षा प्रदान साथै सामुदायिक सिकाई केन्द्र र अन्य सामुदायीक संघसंस्थाहरुको क्षमता अभिवृद्धिको लागि निर्वाचन शिक्षा सम्वन्धी स्रोत पुस्तिका तयार ।

**निर्वाचन शिक्षा तथा सूचना केन्द्र (Electoral Education and Information Centre - EEIC)**
निर्वाचन शिक्षा तथा सुचना केन्द्रबाट भावी मतदाता (Potential Voter) तथा अन्य सरोकारवालालाई लोकतन्त्र, संविधान र निर्वाचन प्रक्रियाका बारेमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गरिदै आएको छ। यस केन्द्रको प्रत्यक्ष भ्रमण गरी लाभ लिन नसक्ने शिक्षक, विद्यार्थी तथा अभिभावकहरुमा निर्वाचन शिक्षालाई व्यापक र समयानुकूल बनाउनका लागि सामाजिक अध्ययन विषयक शिक्षकहरुलाई छुट्टै प्रशिक्षण मार्फत निर्वाचन आयोगले निर्वाचन शिक्षाको विस्तार गर्दै आएको छ। विभिन्न प्रदेशमा पनि निर्वाचन शिक्षा तथा सूचना केन्दको स्थापना गरी निर्वाचन शिक्षा तथा सूचनाको जानकारी गराउने व्यवस्था गरिएकोछ ।

**निर्वाचन तथा सूचना केन्द्र अन्तर्गत निम्न कुराहरु पर्दछन्।**

- प्रर्दशन/ सङग्रहालयः स्वदेश तथ विदेशका निर्वाचन सम्बन्धी ऐतिहासिक एवंम पुरातात्विक महत्वका सामग्रीहरुको पर्दशन,
- मिनि थिएटरः लोकतन्त्र र निर्वाचन सम्वन्धी जानकारी दिने, थिएटरमा जनकारी दिने कार्यक्रम,
- अन्तरक्रियाः लोकतन्त्र, संविधान र निर्वाचनको इतिहास, नागरिकका हक अधिकार तथा कर्तव्य, निर्वाचन प्रणाली र मतदान पक्रिया, राजनीतिक दल र राजनीतिक प्रक्रिया, निर्वाचनको सन्दर्भमा साझेदारको भुमिका र उत्तरदायित्व विषयमा अन्तरक्रिया,
- मतदान अभ्यासः निर्वाचन प्रणाली, विधि र प्रक्रियाको झलक दिने मतदान अभ्यास ।

**पुस्तकालयः** यस केन्द्रमा अध्येता र सोधकर्ताहरुका लागि सुचना प्रविधिमा आधारित पुस्तकालय रहनेछ, साथै लोकतान्त्रिक प्रक्रियामा नेपाल र विश्वभरी सम्पन्न हुने निर्वाचनसंग सम्वन्धित पुस्तक पत्रपत्रिका तथा लेख रचनाहरु समेत सग्रहित गरिनेछ ।

**प्रशिक्षण केन्द्रः** यस केन्दमा निर्वाचन आयोगद्धारा संञ्चालन गरिने निर्वाचन सम्वन्धी विषयहरुका अतिरिक्त राष्ट्रिय, प्रादेशिक र अन्तराष्ट्रियस्तरका ब्रिज तालिमहरु नियमितरुपमा सञ्चालन हुन्छन् । यस केन्द्रले निर्वाचनको समयमा संञ्चार केन्द्र र नतिजा प्रकाशन गर्ने केन्द्रका रुपमा समेत सेवा प्रदान गर्नेछ ।



**घुम्ती निर्वाचन शिक्षा (Mobile Electoral Education)**

आयोगले स्थापना गरेको निर्वाचन शिक्षा तथा सूचना केन्द्रको पहुँचबाट टाढा रहेका मतदाता एवम् सरोकारवालाका लागि उनीहरुकै समुदायमा पुगेर प्रदान गरिने शिक्षा नै घुम्ती निर्वाचन शिक्षा हो । निर्वाचन शिक्षा तथा सूचना केन्द्रबाट उलपब्ध हुने निर्वाचन शिक्षा एवम् जानकारीका विषयलाई केन्द्रको पहुँचदेखि टाढा रहेका सरोकारवालाहरुलाई उनीहरुकै समुदायमा प्रोजेक्टर/टेलिभिजन, टच प्याड, EVM मेशिन जस्ता प्रविधियुक्त सामग्री मार्फत निर्वाचन शिक्षा प्रदान गरिन्छ । यसबाट उक्त समुदायका नागरिकलाई लोकतन्त्र र निर्वाचन सम्बन्धी आधारभूत जानकारी प्राप्त गर्ने अवसर उपलब्ध हुन्छ ।



त्यसैगरी, निर्वाचन शिक्षाका लागि विशेष समुदायमा आधारित कार्यक्रम मार्फत पिछडिएको वर्ग, जाति, लिङ्ग तथा क्षेत्रका नागरिकहरुलाई समेत निर्वाचन तथा मतदाता शिक्षामार्फत विभिन्न सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गरी निर्वाचनमा सुसूचित सहभागिता बढाउन उत्प्रेरित गर्ने निर्वाचन शिक्षा प्रदान गर्दछ ।

तल दिइएको लिंकमा गई आयोग द्धारा प्रकाशन गरिएको निर्वाचन सम्वन्धी स्रोत सामग्रीहरु अध्ययन गर्न सकिन्छ ।

http://election.gov.np/election/np/resource-material.html

**आयोगले सञ्चालन गर्ने मतदाता शिक्षा कार्यक्रम**

- **छपाई विधिः** पर्चा, पम्पलेट, हातेपुस्तिका, ब्रोसर, निमन्त्रणा कार्ड, बरोबर सोधिने प्रश्न र उत्तर, फ्लिप चार्ट आदि प्रकाशन ।
- **रेडियो प्रसारणः** रेडियो तथा एफ एमबाट मतदाता शिक्षा सूचना, सन्देश, पिएसए, जिंगल, गीति नाटक, परिसम्बाद आदि प्रसारण ।
- **घरदैलो कार्यक्रमः** यस अन्तर्गत आयोगले छनौट गरी तालीम प्रदान गरेका मतदाता शिक्षा कार्यकर्ता मार्फत गाउँघर, टोल, समुदायसम्म पुगी मतदाता शिक्षा प्रदान गरिन्छ ।
- **टेलिभिजन प्रसारणः** केन्द्रीय तथा स्थानीय टेलिभिजन मार्फत पिएसए, जिंगल, सर्ट फिल्म, डकुमेन्ट्री, भिडियो एनिमेसन, टक सो प्रोग्राम आदि प्रसारण ।,
- **आउटरिच कार्यक्रम :** लोक दोहरी, सडक नाटक जस्ता लोकप्रिय साँस्कृतिक कार्यक्रम मार्फत सहज मतदाता शिक्षा पहुँच नभएका समुदायमा मतदाता शिक्षा प्रवाह गरिन्छ ।
- **नमूना मतदान कार्यक्रम :**यस कार्यक्रमबाट मतदाताहरुलाई मतदान कसरी गर्ने भन्ने बारे अभ्यास गराइन्छ ।
- **सामाजिक सञ्जालः** आयोगको वेबसाइट, फेसवुक, ट्वीटर, मोबाइल एप्स आदि सोसल मिडिया मार्फत निर्वाचन शिक्षा सूचना सन्देश प्रवाह गरिन्छ ।

यसका साथै आयोगको निर्णयानुसार उपयुक्त अन्य विधि र प्रक्रिया पनि अपनाउन सकिन्छ ।

**आयोगले निर्वाचनका सरोकारवालाहरुको क्षमता अभिवृद्धिका लागि सञ्चालन गर्ने कार्यक्रम**

निर्वाचन सम्बद्ध सरोकारवालाहरुको क्षमता अभिवृद्धिका लागि आयोगले विभिन्न किसिमका प्रशिक्षण, गोष्ठी, सेमिनार, अभिमुखीकरण कार्यक्रम तथा अन्तरक्रिया कार्यक्रम निरन्तर रुपमा सञ्चालन गर्दछ। आयोगले समय समयमा देहायका सरोकारवालाहरुका लागि देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्ने गरेको छः

- राजनीतिक दल तथा अन्य आयोगका सबै सरोकारवालाहरुका लागि विविध विषयमा अन्तर्क्रिया तथा लैंगिक समावेशिता र निर्वाचन, अपाङ्गता तथा निर्वाचन शिक्षा प्रशिक्षण कार्यक्रम,
- माध्यामिक विद्यालयस्तरीय सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षा तालिम कार्यक्रम,
- सञ्चारकर्मीका लागि निर्वाचनको समयमा विशेष गरी निर्वाचन र सञ्चार विषयक तालिम,
- सुरक्षा निकायका लागि निर्वाचनको समयमा निर्वाचन र सुरक्षा विषयक तालिम,
- पर्यवेक्षण संस्थाका लागि पर्यवेक्षण अभिमुखीकरण आदि ।

**निर्वाचनमा सामाजिक सञ्जालको सदुपयोग**

सूचना प्रविधिको वर्तमान समयमा इन्टरनेट र सामाजिक सञ्जाल देशभित्र र बाहिरका सबै पक्षसँग सम्पर्क राख्न तथा तत्कालै घटनाक्रमसँग जोडिनका लागि प्रभावशाली माध्यम बनेको छ । नेपालको शहरी तथा ग्रामीण क्षेत्रमा इन्टरनेटको पहुँच पुगेसँगै सामाजिक सञ्जालको उपयोग बढ्दै गइरहेको छ । करिब तीन दशकको इतिहास बोकेको सामाजिक सञ्जालको द्रुत गतिमा विकास भइरहेको सन्दर्भमा विशेषगरी युवाहरू इन्टरनेटको पहुँच र उपयोगमा अगाडि रहेका छन् । यसरी सामाजिक सञ्जालको बढ्दो उपयोगले सामाजिक अन्तरक्रिया, सूचना प्रवाह र सेवा सुविधाको उपलब्धतामा आधारभूत परिवर्तन गरी सहजता र शीघ्रता प्रदान गरेको छ ।

देशभित्र र बाहिर बसोबास गर्ने सबैमा एकै पटक पुग्न र सन्देश प्रवाह गर्न यो माध्यमले सहयोग पुऱ्याएको छ । वर्तमान समयमा बहुप्रयोजन र फाइदाका लागि सामाजिक सञ्जालको उपयोग भइरहेको छ । विश्वको जुनसुकै कुनामा रहेका व्यक्ति सामाजिक सञ्जाल मार्फत आफ्नो सरोकारको राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक परिवेश लगायत दैनिक हुने घटनासँग सजिलै जोडिन सक्ने अवस्था छ । विश्व परिवेशमा फेसबुक, ट्वीटर, इन्स्टाग्राम, युट्युब, ब्लग, लिन्क्ड्इन, गुगल प्लस (+), ह्वाट्स एप, भाइबर, टिकटक, टमलर, वीच्याट जस्ता सामाजिक सञ्जालहरू बढी प्रचलनमा रहेका छन् ।

निर्वाचन आयोगले सामाजिक सञ्जालका माध्यमबाट आफ्ना अनुयायी वा सरोकारवाला वा फलोअरसम्म द्रुत गतिमा सन्देश र जानकारी प्रवाह गर्न सक्ने र अनुयायीहरूले पनि आफ्नो सञ्जाल मार्फत आयोगको सन्देश तुरुन्त लाखौं उपयोगकर्तासम्म पुऱ्याउन सक्दछन् । सामाजिक सञ्जालमा सरोकारवालाहरूले उठाएका प्रश्न, जिज्ञासा र सवालहरूलाई निर्वाचन आयोगले सामाजिक सञ्जालकै माध्यमबाट तत्काल सम्बोधन गरी दोहोरो सम्वाद स्थापित गर्न सहयोग पुऱ्याउँछ ।

निर्वाचन व्यवस्थापनका सबै प्रक्रिया र चरण एवम् निर्वाचनको समयमा हुने समग्र क्रियाकलापलाई सहजीकरण गर्न, सुरक्षा संवेदनशीलतालाई सम्बोधन गर्न, सामाजिक सञ्जालको उपयोगमा साइवर सुरक्षाको उपयुक्त व्यवस्था गर्न, आयोगका गतिविधिहरूलाई पारदर्शी ढङ्गले जनसमक्ष पुऱ्याई विश्वसनीयता अभिवृद्धि गर्न, बदलिँदो परिस्थितिसँगै निर्वाचनका सबै चरण र प्रक्रियामा सामाजिक सञ्जालको उपयोग सम्बन्धमा स्पष्ट नीतिगत अवधारणा तयार गर्न आयोगले सामाजिक सञ्जालको उपयोग सम्बन्धमा उपयुक्त नीतिगत एवम् संरचनात्मक प्रबन्ध गर्नु आवश्यक भएको छ । त्यसैले सामाजिक सञ्जालको क्षेत्रमा भएको गतिशिलतालाई स्पष्ट र व्यवहारिक कार्ययोजना मार्फत सम्बोधन गरी अन्तर्राष्ट्रिय जगतमा आयोगको साख

र प्रतिष्ठा अभिवृद्धि गर्न आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनामा “निर्वाचनमा सञ्चार माध्यम तथा सामाजिक सञ्जालको उपयोगलाई व्यवस्थित र प्रभावकारी बनाउँदै लैजाने” कार्यनीति रहेको छ । यसको कार्यान्वयन तथा निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोगका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा ११ को खण्ड (क) बमोजिम निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति, २०७७ तर्जुमा गरिएको छ ।

निर्वाचन आयोगले फेसबुक, यूट्युब र ट्वीटरलाई सामाजिक सञ्जालका औपचारिक मञ्चका रूपमा उपयोग गर्दै आएको छ । आयोगले आफ्ना निर्णय तथा महत्वपूर्ण सूचना र विज्ञप्तिहरू वेबसाइटको साथसाथै फेसबुकको उपयोग गरेर प्रकाशन गर्ने गरेको छ भने सामान्य सूचना प्रकाशनका लागि ट्वीटरको उपयोग पनि गर्ने गरेको छ । आयोगले तयार पारेको निर्वाचन सम्बन्धी भिडियो, सन्देशमूलक सामग्री, एनिमेशन भिडियो, टिभी कार्यक्रम, निर्वाचन सम्बन्धी सूचना तथा जानकारी आममतदाता समक्ष युट्युब मार्फत सर्वसुलभ रूपमा उपलब्ध गराउँदै आएको छ । यसैगरी जिल्ला निर्वाचन कार्यालयहरूबाट समेत “हेलो निर्वाचन” फेसबुक पेज मार्फत आफ्ना गतिविधि तथा सूचनाहरू सार्वजनिक भइरहेका छन् । हाल आयोगको सामाजिक सञ्जाल फेसबुक, युट्युब र ट्वीटरका अनुयायी वा उपयोगकर्ता करिब ४५,००० को सङ्ख्यामा रहेका छन् ।

सामाजिक सञ्जालको माध्यमबाट निर्वाचन तथा मतदाता शिक्षालाई बृहत र प्रभावकारी बनाउन सकिन्छ । वर्तमान समयमा सामाजिक सञ्जालको बढ्दो उपयोगसँगै यसको दुरूपयोग तथा गलत सूचना प्रवाहको मात्रामा पनि बढोत्तरी हुँदै गएको सन्दर्भमा सामाजिक सञ्जालको व्यवस्थित र प्रभावकारी उपयोगको माध्यमबाट देहायका विषयको सम्बोधनको लागि निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति कार्यान्वयनमा ल्याइएको छ :-

१ निर्वाचनका सबै प्रक्रिया र चरणमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी एकीकृत एवम् उपयुक्त नीतिगत व्यवस्था कायम गर्न,

२ निर्वाचन व्यवस्थापनमा हुने जानकारी तथा सूचना प्रवाहको विधि र प्रक्रियालाई सामाजिक सञ्जालको विशेषता अनुरूप हुने गरी रूपान्तरण गर्न,

३ सूचना प्रविधिको उपयोगमा सामाजिक सञ्जालले सिर्जना गरेका अवसर र सम्भावनाको उपयोग गर्दै निर्वाचनमा आउन सक्ने चुनौतीको व्यवस्थापन गर्न,

४ आयोगका सबै गतिविधि र क्रियाकलापहरू सामाजिक सञ्जालका माध्यमबाट लक्षित वर्ग तथा अन्य सरोकारवालालाई सहज र छिटोछरितो रूपमा प्रवाह गरी पारदर्शी बनाउन,

५ सामाजिक सञ्जालका माध्यमबाट निर्वाचन तथा मतदाता शिक्षामा सरोकारवालाको पहुँचलाई सहज र मितव्ययी बनाई समन्वय र सहकार्य बृद्धि गर्दै दोहोरो सञ्चार स्थापित गर्न,

६ युवा, महिला, समावेशी समूह, अपाङ्गता भएका व्यक्ति तथा सिमान्तकृत वर्गलाई लक्षित गरी निर्वाचन तथा मतदाता शिक्षा सामग्रीको उपलब्धता, प्रचार प्रसार एवम् उनीहरुको पहुँच बृद्धि गर्न,

७ सामाजिक सञ्जालमा सम्प्रेषित मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड र द्वेषपूर्ण अभिव्यक्तिको नियमन, तत्काल व्यवस्थापन तथा सूचनाका स्रोतको आधिकारिकता यकिन गर्न सक्षम जनशक्ति र संस्थागत प्रणालीको विकास गर्न,

८ निर्वाचनका सबै चरणमा राजनीतिक दल, सञ्चारमाध्यम तथा निर्वाचनका सरोकारवालाले सामाजिक सञ्जालमा सम्प्रेषण गर्ने निर्वाचन सम्बन्धी सूचना, जानकारी तथा विषयहरूको अनुगमन गर्न ।

हालका वर्षहरूमा सामाजिक सञ्जालमार्फत् प्रवाहित दुस्प्रचारले निर्वाचनको निष्ठामा पार्ने असर विश्वव्यापी चासोको विषय बनेको छ । सामाजिक सञ्जालबाट प्रवाहित मिथ्या सूचना तथा दुस्प्रचार निर्वाचनको निष्ठामा समस्याको रुपमा खडा हुँदै आएको छ । यसबाट लोकतान्त्रिक संस्थाप्रति नागरिकको विश्वास पनि गुम्ने

अवस्था आएको छ। निर्वाचनको समयमा उम्मेदवार (विशेष गरी महिला उम्मेदवार) हरूको इज्जत-प्रतिष्ठा गिराउन यस्ता श्रव्यदृश्यहरुको प्रयोग हुन सक्छ । उनीहरूको यौन जीवनसँग जोडेर यस्ता श्रव्यदृश्यहरू सार्वजनिक हुन सक्छन् । कतिपय विज्ञका दृष्टिमा यस्ता श्रव्यदृश्य मिथ्या समाचारभन्दा पनि तीव्र गतिमा फैलन सक्छन् । लोकतान्त्रिक परिपाटीमा निर्वाचनप्रतिको निष्ठा सार्वजनिक विश्वासको आधारस्तम्भ हो । निर्वाचनका क्रममा देखापर्ने मिथ्या सूचना, दुष्प्रचार, द्वेषपूर्ण अभिव्यक्ति तथा अनाधिकृत रुपमा प्राप्त सूचनाहरुले लोकतान्त्रिक प्रक्रियालाई कमजोर बनाउनुका साथै व्यक्तिगत तथा संस्थागत रुपमा नै हानि पुऱ्याउँदछ ।

मिथ्या सूचना, दुष्प्रचार, द्वेषपूर्ण अभिव्यक्ति वर्तमान सूचनाका चुनौती हुन् ।

### १. परिभाषा

नेपालमा मिथ्या सूचना, दुष्प्रचार, द्वेषपूर्ण अभिव्यक्तिको कुनै कानुनी परिभाषा छैन, यद्यपि राजनीतिक दलका कुनै समर्थकहरूद्वारा सामाजिक सञ्जालमा मिथ्या सूचना प्रवाह गरेको देखिन्छ । साथै यस्ता अभियानहरु अन्तर्राष्ट्रिय स्तरमा पनि प्रचलनमा रहेको देखिन्छ ।

**दुष्प्रचार** (Disinformation) मनगढन्ते समाचारलाई जनाउँछ । व्यक्ति, समूह, संस्था वा प्रक्रियालाई हानि पुऱ्याउने वा अपराधीलाई फाइदा पुऱ्याउने उद्देश्यले सिर्जना गरिएको वा फैलाइएको जानकारी नै दुष्प्रचार हो । यस्तो प्रकारको 'समाचार वा सूचना' तथ्यमा आधारित हुँदैन, तर तथ्यात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ ।

**मिथ्या सूचना** (Misinformation) गलत वा गलत हो भनी थाहा नपाई वा हानि पुर्याउने उदेश्य नराखी प्रवाह गरिएको सूचना वा जानकारीलाई मिथ्या सूचना भनिन्छ । कतिपय अवस्थामा मानिसहरूले थाहा नपाई आफ्ना सन्जालहरूमा सहि जानकारी हो भनी विश्वास गरेर सामग्रीलाई सेयर गरेर मिथ्या सूचना फैलाउन मद्दत गर्न सक्छन् ।

**कुसूचना** (Malinformation) अरूको अहित गर्ने वा आपराधिक मनोवृत्तिका व्यक्तिलाई हित गर्ने अभिप्रायले प्रवाह (सेयर) गरिएको जानकारीलाई कुसूचना भनिन्छ, जसमा प्रायगरी निजी सूचना सार्वजनिक रुपमा पुग्छ ।

**द्वेषपूर्ण अभिव्यक्ति** (Hate Speech) यो यस्तो अभिव्यक्ति हो जसले व्यक्तिहरूको समूह, जाती, रंग, राष्ट्रियता, धर्म, लिङ्ग, उमेर, अपाङ्गता, अल्पसंख्यक तथा सीमान्तकृत समुदायका आधारमा असहिष्णुता, घृणा वा हिंसालाई प्राथमिकता दिन्छ ।

**साइबर बुलिङ** (Cyberbullying) सामाजिक सन्जालको प्रयोग गरी कुनै व्यक्ती वा कसैप्रति दुर्भावना वा नकारात्मक, हानिकारक, झूटा वा अपमानजनक सामग्री पठाउनु, पोस्ट र सेयर गर्नु हो ।

**साइबर सुरक्षा** (Cyber hygiene) कम्प्युटर, सर्भर, मोबाइल उपकरण, विधुतीय उपकरण, नेटवर्क र डाटालाई आक्रमणबाट बचाउने कार्य हो । अर्को शब्दमा भन्नुपर्दा, साइबर सुरक्षा भन्नाले सूचना चोर्ने वा साइबर आक्रमणलाई रोक्न, पहिचान गर्न तथा त्यसको प्रतिक्रिया दिन प्रयोग गरिने विधिलाई जनाउँछ ।

### २. सामाजिक सन्जालको भूमिका

सामाजिक सञ्जाल दुष्प्रचार, मिथ्या सूचना, कुसूचना र द्वेषपूर्ण अभिव्यक्ति फैलाउने लोकप्रिय माध्यम बनेको छ । यसलाई नियमन गर्न कठीन छ र यस्ता कार्य गर्ने कर्ताहरू गुमनाम वा पहिचान रहित हुन सक्छन्।

सामाजिक सञ्जालका समूह र प्लेटफर्महरूको अन्तरसम्बन्ध रहेको हुन्छ जस्ले अप्रमाणिक व्यवहार तथा कार्यलाई थप प्रभावकारी बनाउँछ, जसले नक्कली पहिचान र समाचारहरू द्रुततर रुपमा फैलाउँदछ ।

सामाजिक सञ्जाललाई धेरै प्रयोगकर्ताहरूले सूचनाको विश्वसनीय स्रोतको रूपमा पनि लिने गर्दछन्। यसले प्रयोगकर्ताहरूसँग व्यक्तिगत रूपमा नै संदेशको आदान प्रदान गर्दछ। अरुलाई अहित गर्ने मनसाय राख्नेहरुले षड्यन्त्रमा विश्वास गर्ने गर्दछन् । आधिकारिक स्रोतहरूमा अविश्वास गर्न वा कुनै विशिष्ट विचारधारालाई पछ्याउने प्रवृत्तिलाई गलत तरिकाले उक्साउने वा परिमार्जन गर्ने गर्दछन् । सामाजिक सन्जालमा जोडिएका व्यक्तीहरुबाट प्राप्त जानकारीहरु परम्परागत मिडिया (रेडियो, टेलिभिजन वा पत्रपत्रिका) बाट प्रमाणित जानकारी भन्दा बढी विश्वास गरेको पाइन्छ । सहकर्मी वा साथीभाइ मार्फत् आएको मिथ्या सूचना वा दुष्प्रचार बारे जानकारी दिनु तथा त्यसप्रति रहेको विश्वासलाई हटाउनु र गलत जानकारी बारे स्पष्ट पार्ने कार्य नै यसको सामना गर्ने उपाय हो ।

विशेषगरी सामाजिक सञ्जालमा मिथ्या सूचना, कूसूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिबीचको सन्जाल बढ्दै गएको पाइन्छ, यस्ता सूचनाहरु राजनैतिक वा आर्थिक उदेश्य प्राप्तीले दुरुपयोग हुने अन्तरसम्बन्धित क्षमता बढ्दै गएको पाइन्छ । जस्तै केही सन्देश सेवाहरू end–to–end encryption (केवल तपाईं र तपाईंले सेयर गरिरहनुभएको व्यक्तिले मात्र पठाइएका सूचना वा जानकारीहरू पढ्न वा सुन्न सक्ने सुनिश्चित गर्दछ) को दुरुपयोग गरी घृणित सामग्री उत्पादन भइरहेको छ। समाजमा विभाजन ल्याउन वा डर वा भावनात्मक प्रभाव पार्न मिथ्या सूचनाहरू लैङ्गिक,जातीय,धार्मिक र यौनिक सम्बन्धहरूमा डर वा भावनात्मक वा मनोसामाजिक परिवर्तन ल्याउन सामाजिक सञ्जालको दुरुपयोग गरेको पाइन्छ ।

## ३ दुष्प्रचार तथा मिथ्या सूचनाको सामना

मिथ्या सूचना र दुष्प्रचारको प्रतिरोध गर्ने कुरा व्यक्तीगत तहमा निर्भर गर्दछ । संयन्त्रहरुको प्रयोग गरेर मिथ्या सूचना तथा दुष्प्रचार, त्यसको पहिचान गरेर फैलावट रोक्न सकिन्छ । सार्वजनिक रूपमा पहिचान तथा नागरिकलाई सही सूचना सेयर तथा प्रसारण गरी दुष्प्रचार रोक्न सकिन्छ ।

दुर्भाग्यवश, धेरै व्यक्तीहरू नक्कली समाचारको विश्वास गर्न चाहन्छन् । अध्ययनहरूले के देखाउँछन् भने व्यक्तीहरू सही भन्दा नक्कली समाचारहरूमा बढी आकर्षित हुन्छन् र विशेषगरी सामाजिक सञ्जालमार्फत् सही जानकारी भन्दा झुटा समाचार छिटो फैलिन्छ। गलत जानकारीलाई सही सूचनाको रूपमा विश्वास गर्नुको कारण भावनात्मक वा प्रतिक्रियाहरूमा आधारित हुन सक्छ, त्यसैले प्रति-रणनीतिहरूले यसलाई बुझ्न आवश्यक छ ।

### ३.१ मिडिया साक्षरता अभिवृद्धि मार्फत दुष्प्रचार तथा मिथ्या सूचना बारे सूचना पहिचान गर्दै गलत सूचनाबाट सजग हुन आवश्यक छ

**१.जंक समाचार** (Junk news) वैचारिक रूपमा पक्षपातपूर्ण सामग्रीलाई विश्वसनीय जानकारीको रूपमा प्रचार तथा प्रकाशन गर्ने, प्रमाणित गर्न मिल्ने गलत समाचार र तथ्यको रूपमा प्रस्तुत गरिएको टिप्पणी समावेश गर्दछ ।

**२.नक्कली र पहिचान गर्न कठिन नक्कली श्रव्यदृश्य** जसले स्रोत सामग्रीहरू सम्पादन गर्दछ वा कृत्रिम बुद्धिमत्ताको प्रयोग गरी वास्तविक सामग्रीलाई परिवर्तित सामग्रीसँग मिलाएर व्यक्तीहरूले भनिरहेका वा नगरेको कुराहरू गर्ने श्रव्यदृश्यहरू निर्माण गर्दछ ।

**३.Computational propaganda** जानाजानी धेरै सन्चार माध्यम तथा सामाजिक सञ्जालहरूमा दुष्प्रचार फैलाउन algorithms को प्रयोग, स्वचालित वा मानवीय रुचिको प्रयोग गर्छ । मानवीय व्यवहार कसरी नक्कल गर्ने वा भनेर सिकेर यसले विचारहरू हेरफेर गर्न सक्छ ।

मिथ्या सूचना तथा दुष्प्चारको पहिचानका लागि सूचना जाँच एक आधारभूत विधि हो। तल दिइएको केही आधारभूत जाँचहरू छन्, जसले junk समाचारहरू पहिचान गर्न मद्दत गर्नेछ ।

१. Web link र वेभसाइटको नामहरू जाँच गर्नु पर्दछ । ".infonet", ".com, .co" वा नक्कली वा उस्तै उस्तै नाम भएका खाताको अन्त्य गर्नका लागि Web link हरूबाट सावधान रहनुहोस्। केही junk समाचार अपरेटरहरूले वास्तविक Web link वा खातालाई वास्तविक जस्तै गरी नक्कल गर्दछन् । त्यसैले साइटहरु नियमित जाँच गरेर वास्तविक हो कि होइन भनेर पहिचान गर्नुपर्दछ ।

२. अपरिचित स्रोतहरू प्रमाणित गर्नुहोस्। वेभसाइटको हाम्रो बारेमा भन्ने खण्ड जाँच गर्नुहोस् वा गतिविधिलाई कस्ले समर्थन गरिरहेको छ । साइटका बारे जानकारी प्राप्त गर्न दर्ता आवश्यक छ भन्ने कुरामा सजग हुनु पर्दछ । लेखकका बारेमा जानकारी राख्नुहोस् तथा विषयवस्तुका बारेमा कुनै विशेषज्ञता छ कि छैन जाँच गर्नु पर्दछ ।

३. "सरकारका एक साथीले मलाई भन्नुभयो..." वा "डाक्टर सहकर्मी भन्नुहुन्छ ..." जस्ता अज्ञात स्रोतहरूमा आएका समाचार वा सूचनालाई विश्वास नगर्नुहोस् वा सेयर नगर्नुहोस्। किनभने यस्ता कुराहरुलाई प्रमाणित गर्न सकिँदैन वा त्यस्ता कुराहरु वनावटी पनि हुन सक्छ ।

४. प्रयोग गरिएको तस्वीर वा श्रव्यदृश्यहरु वास्तविक हो कि होइन भनी जाँच गर्नु पर्दछ । श्रव्यदृश्य वा तस्वीरको उत्पत्ति तथा वास्तविकता पत्ता लगाउन Google Reverse Image Search प्रयोग गर्नु पर्दछ र यो परिवर्तन वा परिमार्जन गरिएको छ कि छैन भनेर जाँच गर्नु पर्दछ ।

५. प्रारम्भिक साइटसँग कुनैपनि हिसाबले सम्बद्ध नभएका मिडिया साइटहरूले सूचना वा जानकारीलाई समेटिरहेका छन् कि छैनन् भनी पत्ता लगाउनु पर्दछ । सूचना वा जानकारीले अर्को समाचार संस्करणलाई यसको जानकारी स्रोतको रूपमा प्रयोग गरेको छ कि छैन भनेर दोहोर्याएर जाँच गर्नु पर्दछ । समाचारका लागि सामाजिक सञ्जालमा मात्र भर पर्नु हुदैन । सूचना वा जानकारीका लागि आधिकारिक साइट हेर्नु पर्दछ ।

६. प्रकाशन वा संस्करणमा खराब हिज्जे वा व्याकरण, अतिरंजित शीर्षकहरू वा कुनै स्रोत बिना दावीहरू वा सनसनीपूर्ण वा असम्बन्धित तस्वीरहरू समावेश भएका जानकारी वा सूचनाका बारेमा सजग हुनु पर्दछ ।

नक्कली वा स्रोत नखुलेको भिडियोहरू पहिचान गर्न अझ कठीन हुन सक्छ, किनकि यस्ता नक्कली भिडियोहरू सिर्जना गर्न प्रयोग गरिने आर्टिफिसियल इन्टेलिजेन्सको माध्यमबाट पहिचान गर्ने विधि असफल हुन सक्छ । सुझावहरू निम्नानुसार छन्

(क) के भिडियो वा तस्बीर प्राकृतिक देखिन्छन् ? स्रोत नखुलेको नक्कली भिडियोहरूले मानवीय वास्तविकतालाई पूर्ण रूपमा नक्कल गर्न सक्दैनन् । केही गल्तीहरू अप्राकृतिक हुन सक्छ, जस्तैः छालाको रंग; अनुहार वरिपरि अस्पष्टता; गलत विवरण; वा असमान प्रकाश आदि ।

(ख) के भिडियोमा सबै कुरा मिल्छन्? विवरणहरू जुन असंगत छन् वा दिइएको व्यक्ति वा स्थान वा पृष्ठभूमिसँग मेल खाँदैन पत्ता लगाउनु पर्दछः

(ग) के अडियोमा एकरुपता छ त ? यसका लागि पृष्ठभूमिका ध्वनिहरू; ओठको चाल बोली अनुसार मिलेको छ वा छैन हेर्नु पर्दछ ।

(घ) यदि, उक्त समाचार माथिको बुँदाहरुसँग मिल्छ जस्तो देखिन्छ भनेः

(ङ) सेयर वा फर्वार्ड नगर्नुहोस् - अरूलाई पनि सेयर वा फर्वार्ड नगर्न अनुरोध गर्नु पर्दछ, ताकि यो कुनै मिथ्या सूचना/दुष्प्रचारको सन्जालमा फैलिन नपाओस् ।

(च) नक्कली समाचार कथामा उल्लेख गरिएको विषय तपाईको संस्था वा सामाजिक सन्जाल / समूहहरूमा सार्वजनिक गरिएको छ वा छैन सुनिश्चित गर्नु पर्दछ ।

(छ) आफ्नो संस्था र सामाजिक सन्जाल / समूहहरूलाई 'समाचार' को विश्लेषण गर्न महत्वपूर्ण संयन्त्रको प्रयोग गर्न प्रोत्साहित गर्नु पर्दछ ।

### ३.२ गहन सोच क्षमता वृद्धि

गहन सोचले सन्चार माध्यम प्रयोगकर्ताहरूलाई विद्धुतिय माध्यमबाट जासूसी गर्न, समाचार स्रोतहरूको विश्लेषण गर्न सक्षम बनाउँछ तथा दुष्प्रचार र मिथ्या सूचना पहिचान गर्न सहज बनाउँछ । कुनैपनि "समाचार" का बारेमा सोध्ने प्रश्नहरु "यो किन लेखियो?", "के यसले तथ्य प्रस्तुत गर्छ ?" वा "यसले राजनीतिक वा सामाजिक एजेन्डालाई बढावा दिइरहेको छ?" र "यो एजेन्डा अनुरूप डर वा क्रोध जस्ता भावनात्मक प्रतिक्रियालाई उत्प्रेरित गर्न मद्दत गरिरहेको छ?"

समाचार कसरी प्रस्तुत गरिएको छ विश्लेषण गर्ने : के समाचार तथ्याङ्क वा अन्य विश्वसनीय वा प्रमाणित जानकारीमा आधारित छ ? यदि तथ्याङ्क वा रायहरू प्रस्तुत गरिएका छन् भने, ती तथ्याङ्कहरु सही रूपमा उद्धृत गरिएको एवं सान्दर्भिक छन् वा छैनन् भनी जाँच गर्नुपर्दछ । उल्लेख गरिएका कुनैपनि मिति वा समयसीमा सही छन् वा छैनन् भनि जाँच गर्नु पर्दछ । समाचार पुरा भयो वा भएको छैन ? यदि महत्त्वपूर्ण जानकारी हराइरहेको छ र नोट गरिएको छैन भने वा कथाको निष्कर्षमा प्रमाणित तस्विर वा श्रव्यदर्श्यहरूलाई सही छ वा छैन हेर्नुपर्दछ ।

आफू पूर्वाग्रही भए नभएको जाँच गर्नु पर्दछ : सामाजिक सञ्जालका विषयवस्तुलाई लक्ष्य गरी 'इको चेम्बरहरू' सिर्जना गरी प्रयोगकर्ताहरुलाई राजनीतिक विचार, पूर्वाग्रही र व्यवहारहरूको सुदृढीकरण गर्नका लागि सम्बन्धित् समाचारहरु पठाउने गरिन्छ ।

### ३.३ विश्वसनीय स्रोतहरू पहिचान गर्ने

विश्वास गर्न सकिने जानकारी स्रोतहरू ती हुन् जसले लगातार निम्न सिद्धान्तहरू पालना गर्दछन् ।

१. तथ्यात्मक समाचार र विचार स्पष्ट रूपमा अलग छ : के टिप्पणी र राजनीतिक विचारलाई स्पष्ट रूपमा उल्लेख गरिएको छ वा राय र तथ्यात्मक समाचारहरू बीच छुट्याएको वा अस्पस्ट वा अस्तित्वबिहिन छ ? के सबै समाचारहरू पक्षपातपूर्ण वा वैचारिक स्थितिबाट लेखिएका छन् ?

२. समाचारहरूका स्रोतहरू पहिचानयोग्य र विश्वसनीय छन् : के समाचार प्रत्यक्षदर्शी वा सो विषयका विशेषज्ञद्वारा लेखिएको थियो ? प्रयोग गरिएका बाह्य स्रोतहरूले यस समाचारको बारेमा कसरी थाहा पाउँछन् - के तिनीहरू घटनाको बेलामा नजिक थिए वा तिनीहरूले यस विषयमा अनुभव गरेका थिए ? के स्रोतहरूमा पहिचान योग्य पूर्वाग्रही छ ?

३. समाचारहरू आधिकारिक प्रमाणमा आधारित छ : स्पष्ट रुपमा प्रमाण देखाइएको छ र यो प्रमाण कसरी जाँच वा पुष्टि गरियो ?

४. पेश गरिएका प्रमाणले दावीहरुलाई पर्याप्त रुपमा प्रमाणित गर्दछन् : के निष्कर्ष उपलब्ध गराइएका प्रमाणहरूको तार्किक र उपयुक्त परिणाम हुन् ? के अज्ञात वा अस्पष्ट, स्वीकार्य छ ?

## ४. द्वेषपूर्ण अभिव्यक्ती विरुद्धको लडाई

द्वेषपूर्ण अभिव्यक्तीले समाजमा विभाजन ल्याउने, प्रतिकूल घटनाहरूको लागि लक्षित समूहहरूलाई कलंकित गर्ने र दोष लगाउने, जातीय, लिङ्ग, धर्म, योनिक झुकाव जस्ता उच्च/निम्न सामाजिक संरचनाहरू छन् भन्ने भावनालाई सामान्य बनाउन काम गर्नु पर्दछ । यसले हिंसालाई उक्साउने र कम आत्म-मूल्य, चिन्ता, डर र स्यंवलाई हानि हुन सक्दछ ।

द्वेषपूर्ण अभिव्यक्तीले रूढीवादी र कुनै समुदायलाई बढावा दिने भएकोले सामाजिक समस्याहरूको वास्तविक कारणको पहिचान गर्ने सम्भावना न्यून हुन्छ। यसले ब्यक्तिलाई लक्षित गरेता पनि समुदाय स्तरमा नकारात्मक असर पार्न सक्दछ। सामाजिक स्तरमा यसले भेदभाव र हिंसालाई सामान्य जस्तो देखाउन सक्दछ ।

## ४.१ द्वेषपूर्ण अभिव्यक्तिको पहिचान गर्ने

व्यक्ति वा समूहको बारेमा नकारात्मक हुने सबै अभिव्यक्ति द्वेषपूर्ण अभिव्यक्ति हुँदैन। कुनै आलोचना द्वेषपूर्ण अभिव्यक्ति हुन्छ जब त्यो कार्य वा व्यवहारमा आधारित हुँदैन, तर समूह वा त्यस्को सदस्य वा व्यक्ति पहिचानको आधारमा हुन्छ । प्रतिक वा हाउभाउहरू पनि द्वेषपूर्ण अभिव्यक्ति हुन सक्छन् ।
द्वेषपूर्ण अभिव्यक्तिलाई तीन भागमा वर्गीकरण गर्न सकिन्छ :

१. हिंसालाई उत्तेजित गर्ने - कुनै समुहको सदस्य भएकै कारणले सो विशेष समूह वा व्यक्तिविरुद्ध शत्रुता वा हिंसाको लागि उक्साउने हुन्छ ।

२. अमानवियकरण - कुनै समूहको सदस्य भएको कारणले उक्त समूह वा व्यक्तिलाई बेइज्जत गर्ने उदेश्यले मुसा, बाँदर, फोहोर जस्ता घृणित अभिव्यक्ति प्रयोग गर्ने वा तिनीहरूलाई खतरनाक चीजसँग तुलना गर्ने - जस्तै क्यान्सर, वा राक्षस । अमानवियकरणले लक्षित समूह विरुद्ध हिंसाको लागि आधार तयार गर्दछ र यसलाई "उचित" बनाउँछ ।

३. नकारात्मक वा मन नपर्ने भूमिकासँग सम्बद्ध गर्ने - कुनै समूह वा व्यक्तिलाई लेबल लगाई तिनीहरू "आलसी", "पैसाको भोको", "झूटो बोल्ने" जस्ता समूहको सदस्य हुन् भनी चरित्र हनन गरिन्छ ।

## ४.२ द्वेषपूर्ण अभिव्यक्तिको प्रतिक्रिया

हाल नेपालमा द्वेषपूर्ण अभिव्यक्तिलाई निषेध गर्ने कुनै कानुनी प्रावधान छैन, त्यसैले यसलाई निरुत्साहित गर्न वा उन्मूलन व्यक्तिगत कार्यहरू मार्फत हुनुपर्दछ । द्वेषपूर्ण अभिव्यक्तिको विकासको प्रारम्भिक लक्षणहरूको लागि निगरानी गर्न र यसलाई छिट्टै पहिचान गर्न आवश्यक छ । द्वेषपूर्ण अभिव्यक्तिले मानिसहरूलाई नकारात्मक रूपमा चित्रण गर्ने देखि हिंसालाई उक्साउने जस्ता कार्य गर्दछ ।

## ४.३ समावेशी अभ्यास तथा धैर्यताको प्रवर्द्धन

समावेशी अभ्यास तथा धैर्यताको प्रवर्द्धनले द्वेषपूर्ण अभिव्यक्तिका घटनालाई रोकथाम गर्न सक्ने वातावरण सिर्जना गर्न सक्दछ :

१. अरूलाई समानुभूति देखाउन प्रोत्साहित गर्ने, तिनीहरूलाई व्यक्तिको रूपमा हेर्न र सामाजिक सञ्जालमा तिनीहरू एक व्यक्तिसँग संलग्न छन्, निर्जीव स्क्रिन होइन भन्ने कुरालाई बुझाउनु पर्दछ ।

२. खुला हृदय भएका व्यक्तीहरुको जिज्ञासा तथा बेहोरालाई उच्च राख्नु पर्दछ। अज्ञानताले मानिसहरूलाई जोखिममा पार्ने तथा गलत सूचना वा जानकारीले उनीहरुलाई घृणा गर्ने समूहतर्फ लैजान्छ ।

३. सम्मान र सहमतिको प्रवर्द्धन ।

४. कार्यस्थलमा उत्पत्ति, धर्म, जाति, जाति, लिङ्ग, यौन झुकाव, उमेर वा असक्षमताको आधारमा कसैलाई भेदभाव गर्दैन भन्ने कुरा सुनिश्चित गर्नु पर्दछ।

५. भाषाको निगरानी गर्नु पर्दछ । जबसम्म अपमानजनक (derogatory) अभिव्यक्तिहरू टिपोट गरी तिनीहरूको प्रभावको बारेमा समीक्षा हुदैन, तबसम्म त्यी अभिव्यक्तिहरु बानीको रुपमा प्रयोग भइरहन सक्छ ।

६. द्वेषपूर्ण अभिव्यक्तिको कुनै पनि लक्ष्यका लागि देखिने समर्थन (visual support) प्रदान गरिएको छ भनी सुनिश्चित गर्नु पर्दछ ।

७. नम्र अभिव्यक्तीलाई प्रोत्साहन गर्दै द्वेषपूर्ण अभिव्यक्तिको सामना गर्नु पर्दछ ।

### ४.४ सीमान्तकृत समूहहरूका लागि प्लेटफर्महरू उपलब्ध गराउने

अल्पसंख्यक र सीमान्तकृत समूहहरूको आवाज सुन्न सकिएन भने उनीहरूको संस्कृति, विश्वास र गतिविधिहरू बारे अज्ञानता हुन जान्छ । जसले गर्दा द्वेषपूर्ण अभिव्यक्ति प्रयोग गर्नको लागि उचित स्थल बन्न सक्छ । कार्यस्थल वा सामाजिक समूहहरूमा गतिविधिहरू सजिलै संचालन गरी उनीहरुको आवाज सुन्ने प्लेटफर्म प्रदान गर्न सकिन्छ ।

## ५ साइबर बुलिङ

साइबर बुलिङमा दुस्प्रचार, मिथ्या सूचना, कूसुचना र द्वेषपूर्ण अभिव्यक्तिहरू समावेश हुन सक्छन् । अरू कसैलाई चोट पुर्याउनको लागि गरिने यो विधुतिय जानकारीको प्रसार हो। अपमानजनक वा झूटा इमेल, सामाजिक सञ्जाल वा गेमिङ प्रयोगकर्ता प्रोफाइलमा ह्याक गर्ने र परिवर्तन गर्ने, अरू कसैको संवेदनशील फोटो वा भिडियोहरू पोस्ट गर्ने, फोरम, च्याट रुम वा सन्देश बोर्डहरूमा अरूलाई अशिष्ट व्यवहार गर्ने, साइबर बुलिङका प्रकारहरू हुन् । साइबरबुलिङ अदितीय रूपमा शक्तिशाली छ ।

१. यो निरन्तर भई रहने हुनाले यसको लक्षित व्यक्ती वा समूहलाई यसबाट कुनैपनि राहत पाउन कठीन छ।

२. यसले स्थायी र सार्वजनिक रेकर्ड बनाउँदछ ।

३. यो सुनिने वा देख्न सकिँने नभएकाले पत्ता लगाउन कठीन छ र कुनै स्पष्ट भैतिक प्रभाव भने पार्दैन ।

४. यो सामान्यतया बेनामी/नचिनिने खालको हुन्छ, त्यसैले यी कार्य गर्नका लागि जिम्मेवार वेभसाइटहरू ब्लक गर्न कठिन सक्छ ।

साइबरबुलिङले यसका लक्षितहरुमा गम्भीर असर पार्न सक्छ। यसले मानसिक र शारीरिक स्वास्थ्य समस्याहरू उत्पन्न गर्न सक्छ। सबै उपकरण एवं वेभसाइटहरूको लागि गोपनीयता सेटिङ सावधानीपूर्वक सेट गरेर आत्म-सुरक्षा गर्नु साइबर बुलिङ विरुद्धको उत्तम उपाय हो । कुनै पनि पहिचान भएका साइबर बुलीङलाई रोक्न पनि त्यसले मद्दत गर्न सक्छ ।

## ६ साइबर सूरक्षा

(क) साइबर सूरक्षालाई यस्को नाराद्वारा संक्षेपमा उल्लेख गर्न सकिन्छ,

(ख) आफुलाई, आफ्नो डाटा तथा उपकरण (कम्प्युटर, स्मार्टफोन आदि) को सुरक्षा गर्नु पर्दछ ।

(ग) नियमित रूपमा साइबर सुरक्षा लागू गर्न असफल हुँदा व्यक्तिगत जानकारीहरुको दुरुपयोग मात्र होइन, दुस्प्रचार र मिथ्या सूचनाको फैलावट पनि हुन सक्छ ।

### ६.१ सहि तथ्यांकहरुको प्रयोग तथा प्रतिस्थापन

सहि तथ्यांक/डेटा प्रणालीको लागि निम्न नियमहरूले साइबर सुरक्षाको लागि ठोस आधार प्रदान गर्दछ। यी नियमहरू कम्प्युटर, स्मार्टफोन, शिक्षा र व्यक्तिगत प्रयोगको लागि प्रयोग हुने ट्याब्लेटहरूमा समान रूपमा लागू हुन्छन् ।

१. विश्वसनीय स्रोतबाट एन्टिभाइरस सफ्टवेयरको प्रयोग तथा मर्मत गर्नुपर्दछ। भाइरसहरुको निराकरण तथा अन्त्य गर्नका लागि स्वचालित अद्यावधिकहरू सक्रिय गर्नुपर्दछ ।

२. सुरक्षा संयन्त्रहरूको प्रयोग गर्नुपर्दछ

३. नियमित रूपमा अद्यावधिक हुने विश्वसनिय सफ्टवेयरको प्रयोग गर्नुपर्दछ

४. बलियो पासवर्डहरू प्रयोग गर्नु पर्दछ। संख्याहरू, सानो र ठूलो अक्षरहरू र प्रतिकहरूको मिश्रण प्रयोग गर्नु पर्दछ । ह्याकिङ कम्प्रोमाइजहरूका लागि यो लिंक मार्फत ( https://haveibeenpwned.com/) जाँच गर्नुपर्दछ। यदि यो भएको छ भने फरक उपकरणबाट एप पासवर्डहरू परिवर्तन गर्नुपर्दछ,

५. सम्भव भएसम्म बहु-कारक (multi–factor) वा दुई कारक (two factor) प्रमाणीकरण बिधि प्रयोग गर्नुपर्दछ ।

६. गणीतिय विधिहरुको प्रयोग गरि digital data हरुको सुरक्षा गर्नुपर्दछ

७. नियमित रूपमा डाटा ब्याकअप (पुन भण्डारण) गर्नुपर्दछ

८. कम्प्युटरको हार्ड ड्राइभ, स्मार्टफोन वा ट्याब्लेटको आन्तरिक भण्डारण, उपकरणमा जडान भएका कार्ड वा USB हरू Scan गर्नुपर्दछ र नियमित रूपमा सफा (clean) गर्नुपर्दछ ।

### ६.२ व्यक्तिगत सूचना/जानकारीको सुरक्षा

उपकरण वा डाटामा अनाधिकृत पहुँचको जोखिमलाई कम गर्नका लागि सबै आगमन सञ्चारहरूलाई संवेदनशिल रूपमा हेर्नु आवश्यक छ ।

१. सन्देश वा फाइलहरू खोल्नु अघि सावधान हुनु पर्दछ ।

२. अज्ञात स्रोतहरूबाट आएका सूचना बारेमा सावधान हुनुपर्दछ ।

३. वेबसाइटहरूको URL/Web link ठेगानाहरू सुरक्षित छन् भनी जाँच गर्नुपर्दछ ।

४. नेटवर्क सुरक्षा जोखिमहरू बारे सचेत रहनु पर्दछ ।

५. ठगहरु, ट्रोल र bots (a software program that performs automated) हरूबाट सावधान हुनुपर्दछ ।

६. सार्वजनिक र निजी संचारको अलगबाट अलग बस्नु पर्दछ ।

### ६.३ कार्य वातावरणको सुरक्षण

व्यक्तिगत जानकारीलाई अरुको पहुँचभन्दा टाढा रहनु पर्दछ । सबै उपकरणहरूमा (devices) गोपनीयता प्रयोग गर्नु पर्दछ ताकि अरूले संवेदनशील जानकारी देख्न नसकुन । उपकरण छोड्नु अघि एपहरू बन्द गर्नु पर्दछ र व्यक्तिगत जानकारी प्रिन्ट प्रतिलिपि वा डाटाहरु असुरक्षित स्थानमा छोड्नु हुदैन जहाँ तपाई अनुपस्थित हुँदा अरूको पहुँच हुन सक्छ ।

सार्वजनिक स्थल/वातावरणमा व्यक्तिगत जानकारीको सुरक्षाको लागि अतिरिक्त नियमहरू छन् । सार्वजनिक यातायात, क्याफे, होटल लबी, एयरपोर्ट, प्लेनजस्ता भीडभाडको वातावरणमा जानकारीहरू विशेषगरी सहकर्मीसँग सम्बन्धित छलफल नगर्नु बुद्धिमानी हुन्छ । यदि सार्वजनिक स्थानमा उपकरण प्रयोग गर्दै हुनुहुन्छ भने सुरक्षितसँग बस्नु पर्दछ ताकि तपाइँ उभिने वा पछाडि बस्नेले स्क्रिन देख्न नसकुन ।

सार्वजनिक स्थानमा पासवर्डहरू देखाउनबाट बच्न उपकरणहरूमा बायोमेट्रिकमा आधारित उपायको प्रयोग गर्नु पर्दछ । कार्यस्थलमा संवेदनशील वा गोप्य जानकारी समावेश भएको कुनै पनि कागजलाई जहिले पनि

प्रयोगविहिन भए पश्चात टुक्राटुक्रा गर्नुहोस्, प्रिन्टरबाट तुरुन्तै संवेदनशील कागजातहरू हटाउनुहोस्, बैठक पछि ह्वाइटबोर्डहरूबाट सबै जानकारीहरू हटाउनु पर्दछ र ताल्चा लगाएपछि दराज वा टेबलमा साँचोहरू त्यतिकै छोड्नु हुँदैन ।

## ६.४ सूचना आदान प्रदान तथा posting का लागि ब्यबहार निर्देशन

सूचना आदन प्रदानको आधारभूत नियम भनेको सामाजिक सञ्जालमा कुनै सन्देश वा भ्वाइसमेल कहिल्यै पनि पोस्ट गर्नु हुँदैन वा सार्वजनिक गरिएमा तपाई वा अरूको प्रतिष्ठामा हानि पुऱ्याउने कुनै पनि कुरालाई असुरक्षित डाटा भण्डारणमा राख्नु हुँदैन । काम गर्दा मनमा यो सोच राखेर गर्नु पर्दछ की आदान प्रदान गरिएका सूचना तथा जानकारीहरुमा अरुको पनि पहुँच रहेको हुन सक्छ । ति कुरा/सुचनाहरु यद्यपि उनीहरुलाई अत्यन्तै निजि जस्तो लाग्नुका साथै ती सूचना सुरक्षाका लागि सुरक्षित वा उपयुक्त प्रणाली नहुन पनि सक्छ ।

ख्याल गर्नुहोस् कि, एक पटक सामाजिक सञ्जालमा पोस्ट गरेपछि, पोस्ट सधैंभरि रहिरहन्छ । एक पटक हालेका फोटोहरू थप sharing (फेरी पठाउन) का लागि उपलब्ध हुन्छन् साथै व्यक्तिगत सम्बन्धमा दरार आउँदा वा विवादहरू हुँदा ति हतियार बन्न सक्छ ।

व्यक्तिगत जानकारीहरु सीमित गर्न सामाजिक सन्जाल एपहरूमा भएका सुविधाहरू प्रयोग गर्नु पर्दछ र साथै प्रोफाइलहरू निजी राख्नु पर्दछ, स्थान सार्वजनिक गर्नु हुँदैन र कसैले गरेको टिप्पणी (comments part) लाई नदेखिने (disable) बनाउनु पर्दछ ।

त्यस्तैगरी ट्रोल (troll) गर्नु हुँदैन । यसले अरूलाई हानि पुऱ्याउँछ र जब आरोपी पत्ता लगाइन्छ त्यसपछि उसले बदला लिन सक्छ । अरू कसैको बारेमा पोस्ट गर्नु हुँदैन ताकी जुन तपाईं आफ्नो बारेमा पनि नहोस भन्ने चाहनु हुन्छ ।

## ७ निर्वाचन आयोग नेपालको पदाधिकारीहरूको भूमिका

निम्न तरिका मार्फत् निर्वाचन आयोगका पदाधिकारीहरूले आफ्ना कर्मचारीहरू बीच साइबर सुरक्षा अन-लाइन गतिविधिहरू प्रवर्द्धन गर्न सक्नेछन ।

१. सबै कर्मचारीहरूलाई जानकारीको बारेमा संवेदनशिल रूपमा सोच्न प्रोत्साहित गर्ने,
२. सूचना सुरक्षाको सम्बन्धमा राम्रो अभ्यासहरू प्रयोग गर्ने,
३. पाइरेट (नक्कली) एप वा डाटा प्रयोग गर्नबाट कर्मचारीहरूलाई कडा रूपमा निरुत्साहित गरेर,
४. जानकारी आदान प्रदानको सम्बन्धमा राम्रो अभ्यासहरू प्रयोग गरेर,
५. काममा साइबर बुलिङको प्रमाण खोज्ने र यसलाई रोक्नको लागि कदम चाल्ने,
६. कर्मचारीहरूलाई काम र व्यक्तिगत प्रयोगको लागि फरक उपकरणहरू वा इमेल अकाउन्टहरू प्रयोग गर्न प्रोत्साहित गर्नु पर्दछ,
७. काममा 'दृश्य बाहिर' नीतिहरू (फरक तरिकाले गर्ने शैली) लागू गर्नु पर्दछ,
८. सम्भब भएसम्म, सामाजिक सञ्जाल वा अन्य अनलाईन गतिविधि बारे कर्मचारी तथा सरोकारवालाहरूसंग छलफल गर्नु पर्दछ ।

## निर्वाचन प्रक्रियामा घृणास्पद अभिव्यक्तिले पार्ने प्रभाव र यसको रोकथाम

मिथ्या सूचना, दुष्प्रचार तथा द्वेषपूर्ण अभिव्यक्तिले निर्वाचन प्रक्रियामा गम्भीर असर पुऱ्याउँछ । यसले राजनीतिक दल, उम्मेदवार, मतदाता तथा निर्वाचन प्रक्रियामा संलग्न कर्मचारीहरुलाई हतोत्साही बनाउनुका

साथै निर्वाचन व्यवस्थापनलाई पनि असर गर्न सक्छ । यसैले निर्वाचनमा मिथ्या सूचना, दुष्प्रचार तथा द्वेषपूर्ण अभिव्यक्तिले पार्ने असर तथा यसको रोकथामका उपायहरु निम्नानुसार छन् ।

**असर**

- लोकतान्त्रिक संस्था तथा निर्वाचन प्रक्रियालाई कमजोर पार्ने
- नागरिकको लोकतन्त्र, राजनीतिक दल, निर्वाचन प्रक्रिया र राज्यका संयन्त्रहरूसँगको विश्वास गुम्ने
- मतदातामा अन्योलता
- नागरिकहरुमा गलत बुझाइ र त्यसका आधारमा गरिएका गलत निर्णय
- उम्मेदवारको प्रतिष्ठामा आँच
- निर्वाचन नतिजामा प्रभाव
- निर्वाचित व्यक्ति, दल र सरकारप्रति नागरिक अविश्वास बढाउने
- सुरक्षामा चुनौती
- परिवार तथा समाज विभाजन
- साम्प्रदायिक सहिष्णुता वा सद्भावमा असर
- हिंसाका घटनाहरू

**रोकथामका उपाय**

- आधिकारिक सूचनालाई मात्र विश्वास गर्ने जस्तैः निर्वाचन आयोगको वेभसाइट तथा आयोगका सामाजिक सन्जालमार्फत् प्रकाशित आधिकारिक सूचना
- सार्वजनिक रुपमा नकारात्मक व्यवहार र बयान विरुद्ध एक जुट भएर आवाज उठाउने
- लैङ्गिक, दलित, अपाङ्गता भएका व्यक्ति तथा अल्पसंख्यक समुदाय विरुद्ध हुने दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिका बारेमा सचेतना अभिवृद्धि गर्ने,
- मिथ्या सूचना फैलाउने स्रोत पत्ता लगाई कानुनी दायरा ल्याउने
- आचारसंहिता, निर्वाचन (कसुर तथा सजाय) ऐन तथा निर्वाचन कानुनमा भएका व्यवस्थाहरुको पूर्ण रुपमा कार्यान्वयन तथा आवश्यक कानुनको निर्माण
- राजनीतिक दल तथा भातृ संगठनहरुबीच सचेतना बढाउने
- विषयवस्तुको बुझाईमा एकरुपता बनाउने
- नीतिगत स्पष्टता आवश्यक
- सरोकारवाला निकायहरुबीच समन्वय
- सरकारी संयन्त्र प्रभावकारी बनाउने

## सत्र ६
## निर्वाचनमा समावेशीता

**समयः १ घण्टा**

तालिम पश्चात देहायका सिकाई उपलब्धी हुनेछन् ।

(क) नेपालको संविधानले लैङ्गिक तथा समावेशी मुलप्रवाहीकरणको लागि गरेको संवैधानीक व्यवस्थाको सम्वन्धमा सहभागीमा स्पष्ट बुझाई हुनेछ ।

(ख) निर्वाचन आयोगले निर्वाचन प्रक्रियामा लैङ्गिक तथा समावेशीताको लागि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको लैङ्गिक तथा समावेशी नीतिको मुलभुत पक्षका वारेमा जानकारी हुनेछ ।

(ग) निर्वाचन सञ्चालन तथा व्यवस्थापनको चरणमा देखिएका महिला तथा समावेशी समूहका सवाल, समस्या र अवसरका बारेमा ज्ञान वोध हुनेछ ।

सत्र सञ्चालनको लागि देहायका तयारी गर्नु पर्दछ ।

(क) सत्र सञ्चालनको लागि आवश्यक प्रयोगमा आउने सिकाई सामग्रीहरु न्युजप्रिन्ट, मार्कर, मेटाकार्ड, पोष्टेड, मास्किङ टेप, कैची, A4 साइजको पेपर तयार गर्नु पर्दछ ।

(ख) तालिमको विषयवस्तुको पावरप्वाइन्ट र हेण्डआउट तयारी अवस्थामा राख्नु पर्दछ ।

सत्र सञ्चालनको लागि प्रशिक्षकले देहायको सिकाई विधिहरु अपनाउन सक्नेछन् ।

(क) मस्तिष्क मन्थन

(ख) समूह छलफल र प्रस्तुतीकरण

(ग) समूहमा प्रश्न उत्तर

**यो सत्रको चरणहरु**

**चरण १** लैङ्गिक समानता, समावेशीकरण, समता शब्दावलीहरुको बारेमा सहभागीहरुलाई मस्तिष्क मन्थन गराउने, सहभागीहरुवाट आएका भनाईहरुलाई मेटाकार्डमार्फत टिपाउने र प्रत्येक समूहवाट प्रस्तुतीकरण गर्ने । (५ मिनेट)

**चरण २** लैङ्गिकता सम्वन्धी शब्दावलीको बारेमा पावरपइन्टको माध्यमवाट प्रस्ट पार्ने । (५ मिनेट)

**चरण ३** निर्वाचन प्रक्रियामा लैङ्गिक र समावेशी बनाउन गरिएको विगतका प्रयासहरु व्यवस्थाबारेमा - महिलाले कहिलेवाट मतदानको अधिकार प्राप्त भयो, पहिलो मतदान गर्ने महिला ? बारेमा प्रश्न गर्ने । (५ मिनेट)

**चरण ४** नेपालको संविधान, २०७२ मा लैङ्गिक तथा समावेशीकरणको व्यवस्था, आयोगको ऐन, नीति, रणनीति तथा निर्देशिकाको वारेमा पावरप्वान्ट प्रस्तुतीकरण गर्ने । (१० मिनेट)

**चरण ५** समुहकार्य (नेपालको संविधानमा सन्दर्भमा समावेशी समूहहरु कुन कुन हुन? सो समूहले निर्वाचन प्रक्रियामा भोगका समस्या तथा समाधानका उपायबारेमा छलफल तथा समूहमा प्रस्तुतीकरण गर्ने (१० मिनेट)

**समुह १** समावेशी समूहबारेमा

| | |
|---|---|
| **समुह २** | समावेशी समूहले निर्वाचन प्रक्रियामा तथा निर्वाचन चक्रमा भोगेका समस्याहरु |
| **समुह ३** | समाधानका उपायहरु |
| **चरण ६** | निर्वाचन आयोगले निर्वाचनलाई लैङ्गिकमैत्री तथा समावेशी बनाउन गरिएका प्रयासहरु बारेमा प्रस्तुतीकरण गर्ने । (५ मिनेट) |
| **चरण ७** | लैङ्गिक तथा समावेशी नीति २०७७ को बारेमा प्रस्तुतीकरण गर्ने । ( १५ मिनेट) |
| **चरण ८** | सत्रको पुनरावलोकन तथा साराश प्रस्तुतीकरण गर्ने । (५ मिनेट) |

**यो सत्रको लागि स्रोत सामग्रीहरु**

१. निर्वाचन व्यवस्थापनको लागि लैङ्गिक तथा समावेशी नीति २०७७

२. https://election.gov.np

३. Frequently Asked Questions( FAQ) of ECN

## सत्र ६ सन्दर्भ सामग्री
## निर्वाचनमा समावेशिता

### लैंगिक समानता

लिङ्गका आधारमा बिना भेदभाव सबैले समान रूपमा अवसर र अधिकारको प्रयोग गर्न पाउने अवस्था लैङ्गिक समानता हो । मूलतः लैङ्गिक समानताले महिला र पुरुषलाई अवसर, जिम्मेवारी, अधिकार, सेवा, लाभ, स्रोत साधन आदिमा समान अवसर, पहुँच र नियन्त्रणमा जोड दिन्छ । महिला र पुरुष आफ्नो व्यक्तिगत विकास र छनोट गर्न समान र स्वतन्त्र छन् भन्ने मान्यता नै लैङ्गिक समानता हो । राज्यले महिला विरुद्ध हुने सबै प्रकारका विभेद र हिंसाको अन्त्य गरी उनीहरूको हक अधिकारको संरक्षण एवम् प्रवर्द्धनका लागि अधिकारवादी अवधारणाअनुरूप नीतिगत, कानुनी र संस्थागत सुधारका साथै शासकीय प्रणालीमा महिला सहभागिता बढाउने, आयआर्जन तथा स्रोतसाधनमाथि महिलाको पहुँच एवम् नियन्त्रण वृद्धि गर्ने, परम्पराजन्य हिंसा तथा प्रचलनका विरुद्ध सचेतना अभिवृद्धि गर्ने, सीप र क्षमताको विकास गर्ने, महिलालाई नीति निर्माणका उच्च तहमा पुऱ्याउने र सामाजिक न्याय प्रवर्द्धन गर्ने कार्यमा विशेष ध्यान दिनुपर्दछ । निर्वाचनका सन्दर्भमा लैङ्गिक समानताले लिङ्गका आधारमा बिना कुनै भेदभाव सबै मतदाताले निर्वाचनका सबै प्रक्रियाहरूमा समान रूपमा सहभागी हुन पाउने र आफ्नो मताधिकारको प्रयोग गर्न पाउने अवस्थालाई जनाउँछ ।

### समावेशीकरण

धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य कुनै आधारमा कसैलाई भेदभाव नगरी राज्यका हरेक क्षेत्रमा सबैको सहभागिता हुने अवस्थाको सिर्जना नै समावेशिता हो । समावेशीताले जातीय, वर्गीय, लैङ्गिक, भौगोलिक, धार्मिक र भाषिक जस्ता कारणले राज्यका मूल प्रवाहमा आउन नसकेको वर्गलाई शासकीय प्रणालीका राजनीतिक, सामाजिक, प्राशासनीक र आर्थिक आयामहरुमा मूल प्रवाहिकरण गर्दछ । यो बञ्चितिको अवस्थामा परेका वर्ग र समुदायलाई स्रोत, साधन र शक्तिमा न्यायोचित पहुँच र साझेदारी कायम गरी न्यायपूर्ण समाज निर्माण गर्ने अवधारणा हो । समावेशिकरणलाई सबै जातजाती, भाषा, धर्म, लिङ्ग, पेशा, वर्ग, क्षेत्रको आवाज, छनौट, आवश्यकता र अधिकार स्थापित गर्ने प्रक्रियाको रुपमा लिइन्छ । त्यसैले राज्य प्रणालीका सबै क्षेत्रमा पहिचान, पहुँच, प्रतिनिधित्व, प्रगति र प्रतिष्ठा कायम गर्ने नविनतम अवधारणा भएकोले कुनै पनि मुलुकले संरक्षण, विकास, शसक्तिकरण, अवसर र आरक्षण जस्ता विधि अवलम्बन गरी समावेशितालाई स्थापित गर्नु पर्दछ ।

भिडियो - *Equality, Diversity & Inclusion - YouTube*

**निर्वाचन प्रक्रियामा लैङ्गिक र समावेशी बनाउन गरिएको विगतका प्रयासहरु**

नेपाल सरकार वैधानिक कानून २००४ नेपालको पहिलो संविधान हो। यस संविधानले उमेर पुगेका सबैले भोट गर्न पाउने समान हकको व्यवस्था गरी बालिग मताधिकारको अवधारणालाई मान्यता प्रदान गरेको थियो । यसै अनुसार नेपालमा निर्वाचनको सुरूवात सम्वत् २००४ सालको स्थानीय निर्वाचनबाट भएको मानिन्छ । नेपाल अन्तरिम शासन विधान २००७ मा निर्वाचनको निमित्त मताधिकारीहरूको नामावली तयार गर्दा धर्म, जाति, वर्ण, लिङ्ग इत्यादिको आधारमा कुनै भेदभाव गर्न नपाइने व्यवस्था रहेको देखिन्छ । सम्वत् २००७ सालको परिवर्तन र प्रजातन्त्र प्राप्तिपछि सम्वत् २०१० भाद्र १७ मा सम्पन्न भएको काठमाण्डौ म्युनिसिपालिटीको निर्वाचनबाट मात्र नेपाली महिलाले मतदान गर्ने र उम्मेदवार हुने अधिकार प्राप्त गरेका थिए । यस अवधिमा लैङ्गिक तथा समावेशी अवधारणाको शुरूवातसम्म भएको भए तापनि त्यसको लागि संवैधानिक, कानूनी र संस्थागत व्यवस्था भने हुन सकेको थिएन । यस निर्वाचनमा महिला प्रतिनिधि समेत निर्वाचित भएका थिए । सम्वत् २०१५ सालमा भएको संसदीय आमनिर्वाचनबाट गठित पहिलो जननिर्वाचित सरकारमा १ जना महिलाको प्रतिनिधित्व रहेको थियो ।

वि.स २०१९ देखि वि.स २०४६ सम्मको अवधिमा प्रारम्भमा मतदान गर्दा सकभर जनाना र मर्दाना मतदाताहरूको छुट्टाछुट्टै लाम लगाई मत दिने ठाउँभित्र पस्न भिन्न-भिन्न खण्ड बनाउनुपर्ने व्यवस्था गरिएको थियो । गाउँ पञ्चायत ऐन, २०२० र गाउँ पञ्चायत (निर्वाचन) नियमावली, २०२० जारी भई निर्वाचन प्रक्रियामा व्यापक सुधार गरी मतदाताको गोप्य मतदान गर्न पाउने अधिकारलाई सुनिश्चितता प्रदान गर्दै निर्वाचन प्रक्रियासँग जोडिएका अन्य आवश्यक व्यवस्थाहरू पनि निर्वाचनमा अवलम्बन गरिएका थिए ।

अञ्चल पञ्चायत ऐन, २०१९ जारी भएपछि प्रत्येक अञ्चलमा गठन हुने अञ्चल सभामा अञ्चलभित्रका जिल्ला पञ्चायतका सदस्यहरू स्वतः सदस्य बन्ने व्यवस्था गरियो । साथै अञ्चल सभामा अञ्चल स्तरीय महिला संगठनबाट तीन जना, किसान संगठनबाट चार जना, युवक संगठनबाट चार जना, मजदुर संगठनबाट दुई जना र भूतपूर्व सैनिक संगठनबाट दुई जना छानिएर गएका व्यक्तिहरू पनि सदस्य हुने र कम्तीमा शास्त्री वा व्याचलर्स डिग्री प्राप्त गरेका व्यक्तिहरू मध्येबाट चार जनालाई पनि अञ्चल पञ्चायतले मनोनीत गर्ने व्यवस्था गरी समावेशीतालाई सम्बोधन गर्ने प्रयास गरिएको थियो ।

राष्ट्रिय पञ्चायतमा गाउँफर्क राष्ट्रिय अभियान समितिले मनोनीत गर्दा महिला सदस्य निर्वाचन भए नभएको हेरी एक जना महिला सदस्य मनोनीत गर्नुपर्ने व्यवस्था गरेको थियो । त्यसैगरी नेपाल किसान संगठनबाट चार जना, नेपाल युवक संगठनबाट चार जना, नेपाल महिला संगठनबाट तीन जना, नेपाल मजदुर संगठनबाट दुई जना, नेपाल भूतपूर्व सैनिक संगठनबाट दुई जना गरी जम्मा पन्ध्र जना मनोनीत हुने व्यवस्थाले राष्ट्रिय पञ्चायतमा पनि समावेशीता आधारमा प्रतिनिधित्व गराउने प्रयास भएको देखिन्छ ।

वि.स २०४७ देखि वि.स २०६२ मा नेपाल अधिराज्यको संविधान, २०४७ मा प्रतिनिधि सभाको लागि हुने निर्वाचनमा प्रत्येक राजनीतिक संगठन वा दलका उम्मेदवारहरू मध्ये कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवार हुनुपर्ने व्यवस्था रहेको थियो । त्यसैगरी राष्ट्रिय सभा सदस्य निर्वाचनमा कम्तीमा तीन जना महिला निर्वाचित गर्नु पर्ने व्यवस्था रहेको थियो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को प्रस्तावनामा आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेतका समग्र जनताको सहभागितामा अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने कुरा उल्लेख गरी लैङ्गिक तथा समावेशी प्रतिनिधित्वलाई बढावा दिने प्रयास गरियो । यसबाट गाउँ विकास समिति र नगरपालिकाको वडा समितिहरूमा कम्तीमा एक जना महिलाको अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था गरिएको थियो ।

सम्वत् २०६३ देखि २०७२ सम्म नेपालको अन्तरिम संविधान, २०६३ मा देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्ने संकल्प व्यक्त गरिएको र समानुपातिक समावेशीताको सिद्धान्तलाई अङ्गिकार गर्दै राज्यका सबै संरचनामा समानुपातिक

प्रतिनिधित्वका लागि आरक्षणको समेत व्यवस्था गरिएको थियो। सम्वत् २०६४ सालमा सम्पन्न संविधानसभा सदस्य निर्वाचनमा राजनीतिक दलले समानुपातिक सूची निर्वाचन आयोगमा पेश गर्दा पचास प्रतिशत महिलाको उम्मेदवारी दिनुपर्ने व्यवस्था गरियो । परिणामस्वरूप संविधान सभा सदस्य निर्वाचनमा तेत्तीस प्रतिशत महिला प्रतिनिधि निर्वाचित भएका थिए ।

आयोगले संविधान सभा सदस्य निर्वाचन, २०६४ को सञ्चालन तथा व्यवस्थापनमा जनशक्ति परिचालन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्तलाई अवलम्बन गर्ने नीति अख्तियार गरेको थियो। सो निर्वाचनमा निर्वाचन तथा मतदाता शिक्षाका सामग्रीहरू लैङ्गिकमैत्री तथा समावेशी ढङ्गले तर्जुमा गरी प्रकाशन तथा प्रसारण गरिएको थियो। अर्को संविधान सभा सदस्य निर्वाचन, २०७० मा समेत सम्वत् २०६४ सालमा सम्पन्न संविधान सभा सदस्य निर्वाचनको व्यवस्थालाई निरन्तरता दिइएको थियो । यसै अनुरूप निर्वाचन आयोगले पहिलो पटक लैङ्गिक तथा समावेशी समूहको निर्वाचन र राजनीतिमा सहभागिता अभिवृद्धि गरी क्षमता विकास गर्नका लागि लैङ्गिक तथा समावेशीकरण नीति, २०७० तर्जुमा गरी कार्यान्वयन गरेको थियो ।

## नेपालको संविधान, २०७२ मा लैङ्गिक तथा समावेशीकरणको व्यवस्था

नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। संविधानको कार्यान्वयन एवम् संवैधानिक हकहरूको प्रचलनको लागि लैङ्गीक समानता तथा समावेशी सिद्धान्तका आधारमा महिला, दलित, आदिवासी जनजाती, मधेशी, मुश्लिम, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, पिछडीएको वर्ग र क्षेत्रका सबैलाई शासकिय प्रणाली अनुरुप राज्य संरचनाका सबै अंगहरुमा सहभागी गराउन अनिवार्य हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ। यस अनुसार नेपालको संविधानमा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन गरिएको मुख्य व्यवस्थाहरु देहाय बमोजिम रहेका छन्:

- राष्ट्रपति र उपराष्ट्रपतिमा फरक फरक लिङ्ग वा समुदायबाट निर्वाचित गरिनु पर्ने,
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा, प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुने र त्यसरी उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्ने,
- संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तिमा एकतिहाई सदस्य महिला हुनु पर्ने,
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक सहित आठ जना गरी निर्वाचित गर्नुपर्ने एवम् नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत हुने कम्तीमा एक जना महिला सहित तीन जनाको प्रतिनिधित्व हुने,
- प्रतिनिधि सभाको सभामुख र उपसभामुख तथा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला हुने गरी गर्नु पर्ने,
- प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तिमा एकतिहाई सदस्य महिला हुनु पर्ने,
- प्रदेश सभाको सभामुख र उपसभामुखमध्ये एक जना महिला हुने गरी गर्नु पर्ने,

- प्रदेशसभाको लागि सात वटा प्रदेशका दुई सय बिस वटा पदमा समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचिका आधारमा संघीय कानून बमोजिम प्रतिनिधित्व गराउने र यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनुपर्ने,
- जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने,
- गाउँ वा नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुने,
- गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुई जना सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुने,
- नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीन जना सदस्य समेत नगर कार्यपालिकाको सदस्य हुने ।

**राजनीतिक दलसम्बन्धी ऐन, २०७३ (लैङ्गिक तथा समावेशी पक्ष)**

- राजनीतिक दलसम्बन्धी ऐन, २०७३ मा दलको सदस्यता प्राप्त गर्न नागरिकलाई धर्म, जात, जाति, सम्प्रदाय, भाषा वा लिङ्गको आधारमा बन्देज लगाइएको, बञ्चित गरेको वा विभेद गरेको देखिएमा दल दर्ता हुन नसक्ने प्रावधान राखी प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउने प्रयास गरिएको छ ।
- राजनीतिक दलको संगठनात्मक संरचना र विधान बमोजिम निर्वाचन, मनोनयन वा नियक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिविम्बित हुने गरी आफ्ना सदस्यहरु मध्येबाट त्यस्ता समितिमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने व्यवस्था गर्नु पर्ने र
- दलको सबै तहको समितिमा कम्तिमा एक तिहाई महिला सदस्य हुने व्यवस्था गर्नु पर्ने कानुनी प्रावधान रहेको छ ।

## प्रदेश सभामा समावेशिता

समानुपातिक निर्वाचन प्रणाली तर्फ दलले कूल निर्वाचित हुने सदस्य सङ्ख्याको कम्तीमा दश प्रतिशत सदस्यका लागि उम्मेदवारी दिनुपर्छ ।

| क्र.सं. | समावेशी क्षेत्र | प्रदेश र प्रतिशत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | आदीवासी जनजाती | ४६.७९ | ६.६१ | ५३.१७ | ४२३७ | १९.५८ | १३.६३ | ३.६१ |
| २ | खस आर्य | २७.८४ | ४.८९ | ३७.०९ | ३७.२४ | २८.८४ | ६२.२ | ६०.०२ |
| ३ | थारु | ४.१५ | ५.२७ | १.६६ | १.१७ | १५.१८ | ०.५ | १७.२१ |
| ४ | दलित | १०.०६ | १७.२९ | ५.८४ | १७.४४ | १५.११ | २३.२५ | १७.२९ |
| ५ | मधेसी | ७.५७ | ५४.३६ | १.५७ | ०.५२ | १४.३५ | ०.२४ | १.६४ |
| ६ | मुस्लिम | ३.५९ | ११.५८ | ०.६७ | ०.७१ | ६.९४ | ०.१८ | ०.२३ |
| जम्मा | | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |

## प्रदेश सभा : एक सदनात्मक

| सदस्य | | | | |
|---|---|---|---|---|
| प्रदेश | प्रतिनिधि सभा | प्रदेश सभा | | |
| | प हु नि हु | प हु नि हु | समानुपातिक | जम्मा |
| १ | 28 | 56 | 37 | 93 |
| २ | 32 | 64 | 43 | 107 |
| ३ | 33 | 66 | 44 | 110 |
| ४ | 18 | 36 | 24 | 60 |
| ५ | 26 | 52 | 35 | 87 |
| ६ | 12 | 24 | 16 | 40 |
| ७ | 16 | 32 | 21 | 53 |
| जम्मा | 165 | 330 | 220 | 550 |

**प्रदेश - १**
५६ प्रसस प हु नि हु + ३७ प्रसस समानुपातिक = ९३

**प्रदेश - २**
६४ प्रसस प हु नि हु + ४३ प्रसस समानुपातिक = १०७

**प्रदेश - ३**
६६ प्रसस प हु नि हु + ४४ प्रसस समानुपातिक = ११०

**प्रदेश - ४**
३६ प्रसस प हु नि हु + २४ प्रसस समानुपातिक = ६०

**प्रदेश - ५**
५२ प्रसस प हु नि हु + ३५ प्रसस समानुपातिक = ८७

**प्रदेश - ६**
२४ प्रसस प हु नि हु + १६ प्रसस समानुपातिक = ४०

**प्रदेश - ७**
३२ प्रसस प हु नि हु + २१ प्रसस समानुपातिक = ५३

३३० प्रसस प हु नि हु
२२० प्रसस समानुपातिक

**हरेक प्रदेश सभामा कम्तीमा ३३% महिला सदस्य रहनुपर्ने ७ वटा प्रदेशमा कम्तीमा १८२ महिला सदस्य हुनुपर्ने**
प्रत्यक्ष तर्फबाट ३३% महिला सदस्य नपुगे समानुपातिक बाट पुरा गर्नुपर्ने

**निर्वाचन आयोगले निर्वाचनलाई लैङ्गिकमैत्री तथा समावेशी बनाउन गरिएका वर्तमान प्रयासहरु**

निर्वाचनलाई लैङ्गिकमैत्री तथा समावेशी बनाउन मुख्यतः नियमावली, निर्देशिका, कार्यविधि तथा आचारसंहिता निर्माण गर्दा निर्वाचनलाई लैङ्गिकमैत्री तथा समावेशी बनाउने प्रावधानलाई समेट्ने प्रयास गरिएको छ । यसका अतिरिक्त संविधान तथा ऐनहरूले दिएको अधिकार प्रयोग गरी संविधान र ऐनमा रहेका लैङ्गिक तथा समावेशीकरणसम्बन्धी व्यवस्थाहरूलाई कार्यान्वयनमा ल्याउन आवश्यक प्रबन्ध गरेको, मतदाता शिक्षालाई लैङ्गिकमैत्री तथा समावेशी बनाई प्रभावकारी रूपमा सञ्चालन गर्न निर्वाचनका समयमा विभिन्न भाषामा पोस्टर, पम्प्लेट तथा सूचना जारी गर्ने गरेको, मतदाता शिक्षा स्वयम्सेवक नियुक्त गर्दा महिला स्वास्थ्य स्वयम्सेविका, महिला शिक्षकलाई प्राथमिकता दिने गरेको तथा मतदानको दिन महिला र पुरुषका लागि छुट्टाछुट्टै लाइनको व्यवस्था गर्नुका साथै वृद्धवृद्धा, गर्भवती, अशक्तलगायतका मतदाताका लागि विशेष प्रबन्ध गरी सहज रूपमा मतदान गर्ने व्यवस्था मिलाउने जस्ता अन्य कार्यहरू निर्वाचन आयोगले गर्दै आएको छ । त्यसै गरी मतदान केन्द्रलाई अपाङ्गतामैत्री बनाउने तथा निर्वाचनसम्बन्धी नीति निर्धारण गर्दा, कार्यक्रम सञ्चालन गर्दा, कर्मचारी खटाउँदा, अनुगमन वा पर्यवेक्षण गर्दा वा गराउँदा लैङ्गिकमैत्री र समावेशी सिद्धान्तलाई अवलम्बन गर्ने व्यवस्थाअनुरूपका कार्यहरू गर्दै आएको छ ।

**निर्वाचनलाई लैङ्गिकमैत्री तथा समावेशी बनाउने सम्बन्धमा देखिएका प्रमुख समस्या, चुनौती र अवसरहरु**
**समस्याहरु**

- परम्परागत सामाजिक संरचना, पितृसत्तात्मक सोच, लैङ्गिक विभेद, जातीय विभेद, वर्गीय अन्तर, सामाजिक दृष्टिकोण, मूल्य मान्यता, सोच र धारणा आदिका कारण निर्वाचनमा महिला तथा लक्षित वर्गको सहभागिता उल्लेख्य नहुनु,
- महिला तथा लक्षित वर्ग र समुदायको निर्वाचनका सबै प्रक्रिया र चरणमा सहभागिता र नेतृत्व स्थापित गर्न नसक्नु,
- महिला एवम् लक्षित वर्ग तथा समुदाय बीचको आर्थिक, सामाजिक र शैक्षिक अन्तर उच्च रहेकोले स्रोत साधनमा समान एवम न्यायोचित/समन्वित पहुँच पुर्याउँन कठिन हुनु,

- सामाजिक संरचना, जनसांख्यिक वितरण, राजनीतिक चेतनाको कमी र जातीय विभेदका कारण स्थानीय तहको निर्वाचनमा दलित महिला वडा सदस्य पदमा उम्मेदवार मनोनयन दर्ता नभई रिक्त रहने गरेको,
- महिला एवम् लक्षित वर्ग र समुदाय समक्ष लैङ्गिक तथा समावेशी विषयहरूको समन्वित पहुँच पुर्‍याउँन नसक्नु,
- निर्वाचन सम्बन्धी अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा लैङ्गिक र समावेशी विषय एवम् सूचकहरुलाई समावेश गर्न नसक्नु,
- निर्वाचनका प्रक्रियाहरूमा लैङ्गिक संवेदनशील तथा अपाङ्गमैत्री भौतिक पूर्वाधार एवम् अन्य सामग्रीहरूको कमी हुनु ।

**चुनौतीहरु**

- पछाडि पारिएका वर्ग, क्षेत्र, लिङ्ग, जातजाती र समुदायलाई संवैधानिक एवम् कानूनी व्यवस्था अनुसार लैङ्गिक समानता तथा समावेशीकरणको सिद्धान्त बमोजिम सशक्तिकरण गर्ने,
- निर्वाचन व्यवस्थापनका सबै प्रक्रिया र चरणमा महिला तथा लक्षित समूहको सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने,
- राज्यका सबै तह, क्षेत्र र निकायमा लैङ्गिक एवम् समावेशी दृष्टिकोणलाई मूल प्रवाहीकरण गरी शासन व्यवस्थामा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व, सहभागिता, स्वामित्व र नेतृत्व संस्थागत गर्ने,
- निर्वाचन आयोग, राज्यका विभिन्न तह र निकाय, राजनीतिक दल तथा निर्वाचन सरोकारवालाहरू बीच लैङ्गिक तथा समावेशी नीति, योजना तथा कार्यक्रमहरूमा समाञ्जस्यता परिपूरकता र समन्वय कायम गर्ने,
- महिला तथा विभिन्न वर्ग र समुदाय बीच रहेको आर्थिक, सामाजिक एवम् शैक्षिक क्षेत्रमा रहेको अन्तरलाई कम गरी राज्य प्रदत्त सेवा सुविधा र स्रोत साधनमा न्यायोचित पहुँच पुऱ्याउने लगायत चुनौतीहरु रहेका छन् ।

**अवसरहरु**

- नेपालको संविधानले महिला तथा विभिन्न वर्ग, क्षेत्र, जातजाती र समुदायका नागरिकलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागी हुन पाउने अधिकारलाई उपयोग गर्नु,
- नेपालको संविधान तथा प्रचलित निर्वाचन कानूनले संघ, प्रदेश र स्थानीय तहका विभिन्न निर्वाचित पदमा लैङ्गिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नु,
- महिला तथा विभिन्न लक्षित वर्ग, क्षेत्र, जातजाती एवम् समुदायका नागरिकमा आफ्नो हक अधिकारका बारेमा सचेत भै सहभागी एवम् प्रतिस्पर्धी हुने क्षमता बढ्दै जानु,
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई व्यवस्थित, प्रभावकारी एवम् उपलब्धिमूलक बनाउन विभिन्न संवैधानिक आयोगबाट कार्यक्रमहरु तर्जुमा भई कार्यान्वयनको वातावरण बन्दै जानु,

- सामाजिक दृष्टिकोण, मूल्य, मान्यता, सोच, धारणा र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तनका साथै निर्वाचनका विभिन्न चरण र प्रक्रियामा लैङ्गिक तथा समावेशिताका मुद्दा सम्बोधन गर्न सहज हुँदै जानु,
- स्थानीय तहको वडा समिति तथा कार्यपालिका र जिल्ला समन्वय समितिमा महिला तथा समावेशी समूहको प्रतिनिधित्व कानुनतः सुनिश्चित भएको सन्दर्भमा स्थानीय तहबाट नै नीति निर्माण र राज्य सञ्चालनमा महिला तथा समावेशी समूहको नेतृत्व विकास गर्नु
- नेपालले सन् २०३० सम्ममा हासिल गर्ने दिगो विकासको लक्ष्यमा महिलाको सहभागिता स्थानीय तहमा ४२ प्रतिशत, प्रदेश सभामा ४० प्रतिशत र संघीय संसदमा ४० प्रतिशत पुर्‍याउने लक्ष्य तय गरेको सन्दर्भमा यो लक्ष्य प्राप्तिका लागि कार्य गर्नु लगायत अवसरहरु रहेका छन् ।

**निर्वाचन आयोगको लैङ्गिक तथा समावेशी नीति २०७७ को मुख्य प्रावधानहरु**

**दूरदृष्टि** लैङ्गिक तथा समावेशी निर्वाचन

**ध्येय** निर्वाचनमा लैङ्गिक समानता तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तलाई आत्मसात् गर्दै नागरिकहरूलाई लोकतान्त्रिक अधिकारको सुनिश्चतता गर्ने ।

**लक्ष्य** लैङ्गिक समानतामूलक तथा समावेशी निर्वाचनको माध्यमबाट लोकतन्त्रको सुदृढीकरणमा योगदान पुऱ्याउने ।

**उद्देश्य**

- लैङ्गिक समानता तथा समावेशीताका आधारमा निर्वाचन व्यवस्थापनका सबै तह, चरण र प्रक्रियामा महिला तथा लक्षित वर्गको सहभागिता र भूमिका स्थापित गर्नु,
- निर्वाचन प्रक्रियाका सबै चरणमा लैङ्गिक समानता तथा समावेशीतालाई मूलप्रवाहीकरण गर्नु,
- निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीतिको कार्यान्वयनमा राजनीतिक दल तथा निर्वाचनका सरोकारवालासँगको समन्वय र अन्तर सम्बन्धलाई प्रभावकारी बनाउनु,
- राजनीतिक दल तथा अन्य सरोकारवालाहरूलाई लैङ्गिकमैत्री तथा समावेशी बनाउन आवश्यक समन्वय, सहयोग र सहजीकरण गरी क्षमता अभिवृद्धि गर्नु ।

**रणनीति**

- आयोगको नीति, रणनीति, कानून, योजना, बजेट, कार्यक्रम, संरचना तथा निर्वाचनका सबै चरण र प्रक्रियामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूल प्रवाहीकरण गर्दै लगिनेछ ।
- लैङ्गिक समानता तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्त अनुरूप निर्वाचनमा महिला तथा समावेशी समूहको सहभागिता अभिवृद्धि गरी सो को लेखाजोखा, अनुगमन तथा मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ ।
- आयोग र अन्तर्गत कार्यालयका भवन तथा निर्वाचनमा प्रयोग हुने पूर्वाधार संरचना र सूचना सामग्रीलाई लैङ्गिक, समावेशी तथा अपाङ्गता मैत्री बनाउँदै लगिनेछ ।
- सम्बन्धित संवैधानिक आयोग, सरकारी निकाय, राजनीतिक दल, गैर सरकारी संस्था, निजी क्षेत्र, नागरिक समाज तथा अन्य सरोकारवालासँगको समन्वय र सहकार्यमा निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीतिको कार्यान्वयन गरिनेछ ।

- राजनीतिक दल तथा निर्वाचनका अन्य सरोकारवालाहरूलाई लैङ्गिक तथा समावेशी नीतिको कार्यान्वयन गर्न क्षमता अभिवृद्धि गरिनेछ ।

लैङ्गिक तथा समावेशी नीति, २०७७ को ५७ वटा कार्यनीतिहरु समावेश गरिएको छ । नीति कार्यान्वयनको लागि संस्थागतरुपमा व्यवस्था गरिएका संयन्त्रहरु निम्न अनुसार रहेका छन । जसमा निर्वाचन आयुक्तको संयोजकत्वमा ११ सदस्यीय निर्देशक समितीको व्यवस्था गरिएको छ, त्यस्तैगरी सचिवको नेतृत्वमा १० सदस्यीय अन्तरनिकाय समन्वय समितीको व्यवस्था गरिएको छ । त्यसै गरी कार्यान्वयन तथा जिल्ला समितीको पनि व्यवस्था नीतिमा गरिएको छ ।

**सत्र ७**
**तालिम सहजीकरण सीप र अभ्यास**

**समय: २ घण्टा ३० मिनेट**

तालिम पश्चात देहायका सिकाई उपलब्धी हुनेछन् ।

(क) तालिम सहजीकरण सीप, ज्ञान तथा प्रस्तुतीकरण शैलीको बारेमा जानकारी हुनेछ ।

(ख) सहभागीहरुले तालिम विषयवस्तुहरुको बारेमा डेमो प्रस्तुतीकरण गर्न सक्ने हुनेछन् ।

सत्र सञ्चालनको लागि देहायका तयारी गर्नु पर्दछ ।

(क) सत्र सञ्चालनको लागि आवश्यक प्रयोगमा आउने सिकाई सामग्रीहरु न्युजप्रिन्ट, मार्कर, मेटाकार्ड, पोष्टेड, मास्किङ टेप, कैची, A4 साइजको पेपर तयार गर्नु पर्दछ ।

(ख) तालिमको विषयवस्तुको पावरप्वाइन्ट र हेण्डआउट तयारी अवस्थामा राख्नु पर्दछ ।

सत्र सञ्चालनको लागि प्रशिक्षकले देहायको सिकाई विधिहरु अपनाउन सक्नेछन् ।

(क) मस्तिष्क मन्थन

(ख) समूह छलफल र प्रस्तुतीकरण

(ग) समूहमा प्रश्न उत्तर

**चरण १** सहजीकरण सीपको परिभाषा र महत्वको बारेमा प्रस्तुतीकरण गर्ने (१० मिनेट)

**चरण २** तालिम सहजकर्तामा हुनु पर्ने गुण तथा विषेशताहरुको बारेमा प्रस्तुती मार्फत जानकारी गराउने (१५ मिनेट)

**चरण ३** प्रतिनीधि सहभागीहरु मार्फत डेमो प्रस्तुतीकरण अभ्यास गराउने (२ घण्टा)

**चरण ४** सत्रको पुनरावलोकन तथा सारांश प्रस्तुतीकरण गर्ने । (५ मिनेट)

यो सत्रको लागि स्रोत सामग्री

१. निर्वाचन आयोगमा कार्यरत कर्मचारीको आचारसहिंता २०७७

२. निर्वाचन आयोगका पदाधिकारीहरुको आचारसहिंता २०७७

३. https://election.gov.np

## सत्र ७ सन्दर्भ सामग्री
## तालिम सहजीकरण सीप र अभ्यास

**सहजिकरण भनेको के हो ?**
सहजिकरण एउटा त्यस्तो प्रक्रिया हो, जसबाट समुदायमा सहभागीहरुले:

- एक आपसमा सहभागीहरु बीच अन्तरक्रिया गर्दछन्,
- समुदायमा सिकेका अनुभवहरुको आदान प्रदान गर्दछन्,
- नयाँ सूचनाहरु प्राप्त गर्दछन्,
- समस्याहरु कसरी समाधान गर्ने भन्ने विषयमा छलफल हुन्छ,

सहजीकरण भनेको यस्तो प्रकृया हो जुन प्रकृयाबाट समुदायका मानिसहरुको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने काम गरिन्छ । यसो गर्न उनीहरुलाई हर प्रकारको सिक्ने र काम गर्ने अवसरहरु प्रदान गर्न सहयोग गरिन्छ । यस अर्थमा सहजीकरण कार्यलाई समुदायको व्यवहारमा परिवर्तन ल्याउन लक्षित गरिएको कृयाकलाप मान्न सकिन्छ । सहजीकरणले मानिसलाई उनीहरूले गर्ने कार्य सरलरुपमा सम्पन्न गर्नका लागि शसक्तिकरण गर्दछ ।

**सहजकर्ता को हो ?**
सहजकर्ता यस्तो ब्यक्ति हो जसमा भएको आन्तरिक क्षमताले (ज्ञान, सीप र धारणा) एक वा बढी ब्यक्तिहरुको सिकाई, काम र ब्यवहारमा परिवर्तन वा सुधार गर्नको लागि सहयोग पुऱ्याउँछ । समुदायका मानिसहरुको आवश्यकताको बारेमा थाहा पाउने, उनीहरुको स्तर र कुरो बुझ्न सक्ने क्षमता आंकलन गर्ने तथा समुदायका मानिसहरुलाई बुझेका कुरालाई ब्यवहारमा प्रयोग गर्न सक्ने आत्मविश्वास जगाउने जस्ता कुराहरुमा सहजकर्ताले ध्यान दिनुपर्छ । यिनै कारणले गर्दा कुनै पनि सहजकर्ता एउटा व्यवसायिक र दक्ष सहजकर्ता हुन जरुरी हुन्छ ताकि उसको गुण तथा दक्षताले कार्यक्रम प्रभावकारी हुन्छ ।

**सहजीकरण किन ?**
कुनै पनि समुदायमा मानिसले गर्नु पर्ने कार्यको प्रभावकारीता बढाउने र दक्षतापूर्वक कार्य गर्न सिकाउने कला सहजीकरणले गर्दछ ।

**सहजीकरण किन गर्ने त ?**

- सहभागीहरु तथा सहजकर्ताहरुलाई सहभागिताको लागि प्रोत्साहित गर्न,
- सहभागीहरुलाई रचनात्मक सोँच तथा सामुहिक निर्णय गर्नको लागि पर्याप्त समय र मौका प्रंदान गर्न,
- सहभागीहरुलाई उनीहरुको सिर्जनशीलता प्रदर्शन तथा विकास गर्न मौका प्रदान गर्न,
- विभिन्न कृयाकलापहरुको अनुभव प्रदान गर्न,
- सहभागीहरुमा आत्मविश्वास तथा आत्मसम्मानको भावना पैदा गर्नुका साथै जीवनमा उनीहरुको अनुभवको मूल्य स्थापित गर्न,

- सहभागीहरुमा विकासे कार्यकर्तामा हुनुपर्ने विभिन्न गुणहरुको विकास गर्न (जस्तै : सुन्ने चाहना, धैर्य, एक अर्काको बल तथा कमजोरीहरुको स्वीकार्यता, आपसी सहयोग तथा आदान प्रदानको भावना, लचकता, भावुकता आदि),
- तालिमको सफलताको लागि (सहभागीहरुबीच तथा सहभागी र सहजकर्ताहरुबीच)सामूहिक प्रयासलाई जोड गर्न,
- सहजकर्ता तथा सहभागीहरुबीच सामूहिक भावनाको विकास गर्न,
- विभिन्न ठाउँ तथा समूहका व्यक्तिहरु पनि साझा उद्देश्य तथा दृष्टिकोणका कारणले बाँधिएका हुन्छन् भन्ने बोध गराउन,
- सहजकर्ता तथा सहभागी दुवैलाई सोंच्न, रचनात्मक कार्य गर्न तथा परिवर्तन गर्नको लागि चुनौति दिन ।

**सहजकर्तामा हुनु पर्ने सीपहरु**
सबै पढेलेखेका व्यक्तिहरु कुशल सहजकर्ता हुन सक्दैनन्, किनकि सहजीकरण एउटा यस्तो क्षेत्र हो जहाँ विभिन्न प्रकारका सीपहरुको आवश्यकता पर्दछ । तल केही यस्ता ज्ञान र सीपहरुको उल्लेख गरिएको छ ।

- **पेशागत ज्ञान/विषयवस्तुको ज्ञानः** सहजकर्तालाई आफूले दिन खोजेको वा सिकाउन चोहको विषय वस्तुको बारेमा पर्याप्त मात्रामा ज्ञान हुनु जरुरी हुन्छ। उक्त विषय वस्तुसंग सम्बन्धित अन्य विषयहरुमा पनि उस्को दखल भएको हुनु पर्दछ । जसले गर्दा त्यस विषय प्रतिको सान्दभिकतालाई सही रुपमा प्रस्तुत गर्न सजिलो पर्दछ,
- **अनुभवः** कुनैपनि सहजकर्तामा विषय वस्तुको सैद्धान्तिक ज्ञान हुनुको साथै आफूले सो विषय सम्बन्धी ब्यवहारिक अनुभव पनि हाँसिल गरेको हुनुपर्दछ । किनकी कुनै पनि सैद्धान्तिक ज्ञानलाई व्यवहारमा प्रयोग गर्न अनुभवको खाँचो पर्दछ र व्यवहारमा लागु गर्न नसकिने सैद्धान्तिक ज्ञानको खासै मान्यता रहँदैन ।
- **प्रस्तुततिकरण/संचार सीपः** प्रस्तुतिकरण तथा संचार सीप पनि एउटा सहजकर्ताको लागि निश्चित विषय वस्तुको ज्ञान जत्तिकै आवश्यक हुन्छ। आफूले दिन चाहेको कुरा स्पष्टसंग समुदायलाई बुझाउन सक्ने क्षमता उसमा हुनुपर्दछ। समुदायलाई सक्रीय रुपमा छलफलमा भाग लिन लगाउन सक्ने खुबीले सहजीकरण प्रकृयालाई अर्थपूर्ण बनाउँछ । यसको लागि सहजकर्तालाई सहजीकरणका विभिन्न विधिहरु तथा प्रयोग गर्ने सामाग्रीको बारेमा पूर्ण ज्ञान हुनु जरुरी हुन्छ ।
- **व्यवस्थापकीय सीपः** सहजकर्तासंग कार्यक्रमको योजना तयार गर्ने सीप पनि हुन जरुरी हन्छ । यस्ले सही तरिकाबाट सहजीकरण योजना बनाउन र उद्देश्यसंग मेल गराउँदै लैजान मद्दत गर्दछ । जस अन्तर्गत सही सहजीकरण विधि, साम ग्री तथा भौतिक पूर्वाधारहरुको छनौट आदि पर्दछन् ।
- **व्यक्तित्वः** सहजकर्ताको शारीरिक, मानसिक र सामाजिक चरित्रले पनि सहजीकरण कार्यमा ठूलो भूमिका खेल्दछ। एउटा सहजकर्ता जीवन्त, उत्साही, नयाँ कुरा सिक्न चाहने, सम्बेदनशील र मेहनती व्यक्ति हुनुको साथै समुदायका मानिसहरुसंग काम गर्न रुचाउने र उनीहरुसंग असल सम्बन्ध कायम गर्न सक्ने हुनुपर्दछ।
- **मानवीय सम्बन्धः** सहजकर्तामा शैक्षिक योग्यता साथै असल मानवीय सम्बन्ध राख्न सक्ने गुण हुनु पर्दछ। उसँग आत्म विश्वास, धैर्य, अरुको प्रसंशाा गर्न सक्ने खुवी हुनाका साथै अरुलाई सम्मान गर्न सक्ने सीप पनि हुनु पर्दछ। समुदायमा मैत्रीपूर्ण वातावरण तयार गर्नको लागि सम्बन्धित व्यक्तिहरुसंग असल सम्बन्ध कायम राख्ने कुरामा संदैव अग्रसर रहनु पर्दछ।

**सहजकर्ताले कार्यक्रमको पूर्व तयारी गर्दा ध्यानमा राख्नु पर्ने कुराहरु :**

- खास रुपमा समुदायमा गर्नुपर्ने काम के हो ?
- अपेक्षा गरेको उपलब्धी/ उद्देश्य के छ ?
- कार्यक्रम सञ्चालनको रणनीति के हो ?
- निश्चित कार्यको लागि कति समय छुट्याइएको छ ?
- के के सुविधाहरु उपलब्ध छन् ? जस्तै सामग्री, स्थानको बारेमा ध्यान दिनु पर्दछ ।

**कुशल सहजकर्ता हुनको लागि :**

- समुदायमा रम्ने र उनीहरुको विकास, आवश्यकता र भावना प्रति सजग हुने,
- सिकाउन र सिक्नको लागि मद्दत गर्न रुचाउने,
- योग्यताको कदर गर्ने,
- अरुको विचारको कदर गर्ने,
- स्पष्ट बोल्ने, सहज शब्द र सरल वाक्यहरु प्रयोग गर्ने,
- विनम्र र आत्मविश्वासले भरिएको,
- जीवन्त, सक्रिय र सरल स्वभाव भएको,
- स्वयंसेवा प्रति समर्पित,
- प्रभावकारी संचार गर्न सक्ने,
- आफ्नो विषय वस्तुको बारेमा पर्याप्त ज्ञान भएको,
- कामको अनुगमन गर्ने सीप भएको,
- काम पुरा गर्न सक्षम र गतिशील भएको,
- सिक्ने र सिकाउने दुई तर्फी प्रकृया हो भन्ने कुरामा सहमत भएको,
- सहभागीतामूलक प्रकृया र सामुदायिक विकासको सिद्धान्तमा विश्वास गर्ने,
- आफ्नो काममा लचकता अपनाउन सक्ने,
- समूहमा मिलेर काम गर्न सक्नने,
- रचनात्मक, राम्रो चित्र र अक्षर लेख्न सक्ने,
- समुदायको बास्तविकताको ज्ञान भएको,
- आफूलाई थाहा नभएको कुरालाई थाहा छैन भनी स्विकार्ने र सिक्न जिज्ञासु भएको,
- पृष्ठपोषण लिई त्यो अनुरुप आफूलाई परिवर्तन गर्न तत्पर भएको,
- श्रोतको उपयोग बढी भन्दा बढी भएको देखाउन चाहने,
- काम गर्दा सिलसिलेवार रुपमा गर्नसक्ने हुनु पर्दछ ।

**कुशल सहजकर्ताका लक्षणहरु**

- संचार गर्ने सीप, स्पष्ट बोली, उत्प्रेरणा जगाउने सीप, सहभागीको कुरा सुन्ने सीप, आत्मविश्वास भएको, सहभागीहरुसंग राम्रो सम्बन्ध भएको, कक्षा संचालन गर्ने सीप, एक पटकमा एउटा मात्र कुरामा छलफल गराउने,
- छलफलका बुँदाहरुलाई संक्षेपीकरण गर्ने, तालिम सामग्री प्रयोग गर्ने सीप, विषय वस्तुमा प्रशस्त ज्ञान,
- अवस्थालाई अवलोकन र विश्लेषण गर्ने, शान्त स्वभाव, धैर्य धारण गर्ने सीप, मूल्यांकन गर्ने सीप, समयको प्रभावकारी रुपमा सदुपयोग गर्ने सीप,
- सरल भाषा बोल्ने, तालिम विधि सम्बन्धी ज्ञान, सहभागीहरुको प्रश्नको उचित किसिमबाट जवाफ दिने,
- चलाख, लचकदार तथा कुनै पनि अवस्थामा आफूले मिलाउन सक्ने, पढ्ने र लेख्ने सीप, आफ्नो कुरा प्रस्तुत गर्ने सीप,
- तालिमको श्रृजनात्मक रुपमा तर्जुमा गर्ने, विषय वस्तुलाई क्रमवद्ध रुपमा संचालन गर्न सक्ने सीप, प्रशासकीय सीप, व्यवसायीकता, संगठीत गर्ने, सिक्ने वातावरण श्रृजना गर्ने, उत्तेजनालाई नियन्त्रण गर्ने, मानव सम्बन्धको सिप,
- भविष्यमा आउने कुनै पनि चुनौतिबारे नडराउँने, आफ्नो उद्देश्य स्पष्ट भएको, स्वास्थ्य, समाजमा सजिलैसंग घुलमिल (सामाजिक), चुनौति बहन गर्न सक्ने क्षमता, नैरास्यता वहन गर्न सक्ने क्षमता, नयाँ कुरो सिक्ने धारणा, खुल्ला र विशाल हृदय र निश्पक्ष हुनु पर्दछ,
- विषय वस्तु छनोट, स्तर निर्धारण, स्तर अनुसारको तालिम सामग्री तयारि, र परीक्षण गर्ने,
- तालिम सामग्रीहरु स्थानीय स्रोतबाट तयार गर्ने,
- तालिम कहाँ, कहिले चलाउने, खाना, बस्ने ब्यबस्था कसरि गर्ने भन्ने सहभागीहरुसंग मिलेर गर्ने,
- परिचय, दैनिक तालिका, सिकेका नियमहरु संगै बसेर बनाउने,
- पाठ प्रस्तुतीकरण सहभागीकै आधारमा गर्ने,
- समुहमा जिम्मेवारी दिने,
- सिकाइ कस्तो भयो भन्ने कुरा सहभागीहरुलाई नै मुल्यांकन गर्न दिने,
- अनुगमन का लागि लक्ष्य निर्धारण र मिति तोक्ने काम सहभागीहरु बाटै गराउने ।

**सहभागीमूलक सिकाइका तरिकाहरु**

- बास्तबिक वस्तुको प्रयोग,
- फिल्ड भ्रमण कार्यको प्रयोग,
- चित्र, पोष्टरको प्रयोग तथा छलफल,
- बिचार तथा अनुभवको मन्थन,
- अन्तरक्रिया,
- सामुहिक कार्य तथा सामुहिक छलफल,
- स-सानो समुहमा छलफल,

- सहभागीलाई स्रोत व्यक्तिको रुपमा प्रयोग,
- अबलोकन कार्य,
- बिभिन्न वस्तुको नमुनाको प्रयोग,
- बादबिबाद, हाजिरी जवाफ, अभिनय, प्रदर्शन विधिको प्रयोग,

**क्रियाकलाप संचालन गर्ने विधिहरु**

- छलफल, प्रश्नोत्तर, मश्तिश्क मन्थन,
- कथा बाचन, सफलताको कथा, घटना अध्ययन,
- हाजिरी जवाफ, बादबिबाद, वाकत्रत्त्व,
- जानकारी, लघु प्रबचन,
- खेल, मनोरंजन, अभिनय,
- भूमिका निर्वाह, नारा लगाउने, सांस्कृतिक अभ्यास,
- प्रदर्शन, पृष्ठपोषण , मुल्यांकन,
- अबलोकन, फिल्ड भ्रमण,
- चलचित्र प्रदर्शन ।

**सहजकर्ताका लागि केही उपयोगी सुझावहरु**

एउटा सहजकर्तालाई आफूले पुरा गर्नुपर्ने कार्यक्रमको उद्देश्य स्पष्ट हुनुपर्दछ । जसले गर्दा सहजीकरणको विषय वस्तुसंग सन्दर्भ मिलाउन सजिलो पर्दछ । यसले उद्देश्य प्राप्तिको लागि धेरै मद्दत पुऱ्याउँदछ र कार्यक्रमलाई सफल बनाउँदछ । कार्यक्रमलाई प्रभावकारी र सही ढंगबाट सञ्चालन गर्न कार्यक्रमको योजना बनाउनु धेरै नै जरुरी हुन्छ । यस्तो योजना बनाउँदा समुदायको आवश्यकता, कार्यक्रमको उद्देश्य र प्रभावको मूल्याङ्कनका साथसाथै समुदायको इच्छालाई समेत ध्यान पुऱ्याउनु पर्ने हुन्छ ।

१. यदि बेग्ला बेग्लै दुई वा तीन समूहका व्यक्तिहरुलाई एकै ठाउँमा राखेर छलफल गर्न लगाइयो भने व्यवहारिक रुपमा बढी कुराहरु आउँछन् र तीनबाट अझ राम्रो नतिजा निकाल्न सघाउ पुग्दछ ।
२. सहजकर्ताको लागि समुदायका मानिसहरुको नाम, रुची, शैक्षिक स्तर र क्षेत्र आदिको बारेमा ज्ञान हुनु जरुरी हुन्छ साथै समूहहरु बीच पनि यी कुराहरु जानकारी हुनु राम्रो हुन्छ । एक अर्कासंगको आपसी चिनाजानीले वातावरणलाई अनौपचारिक र खुल्ला बनाउँदछ । सामान्यतया सहजकर्ताले थाहा पाउनु पर्ने कुराहरुमा :
    - समुदायको काम,
    - उनीहरुले निभाउनुपर्ने जिम्मेवारीसंग सम्बन्धित आवश्यक जानकारीहरु,
    - समुदायको स्तर र उनीहरुले जान्नुपर्ने कुरा,
    - कत्तिको बिस्तृत रुपमा विषयको जानकारी दिने हो,
    - समुदायले सिक्न सक्ने स्थान र समय ।

३. सहभागीहरुले कार्यक्रमको अवधीमा र साथै कार्यक्रम समय भन्दा बाहिर पनि सिक्ने कार्यहरु गरिरहेका हुन्छन् भन्ने कुरालाई एउटा सहजकर्ताले विर्सनु हुँदैन । यसर्थ सहभागीहरुको सिकाईको विकास प्रकृयाको महत्वलाई राम्ररी पहिचान गर्नु पर्दछ ।

४. कार्यक्रम अवधीमा सहजकर्ताले सहभागीतामुलक र विभिन्न नयाँ नयाँ उपायहरुद्वारा सिक्ने वातावरणको श्रृजना गरेमा समुदायको रुची बढ्नुका साथै उनीहरुलाई ताजा बनाइ राख्न मद्दत पुग्दछ ।

५. अनुभव र प्रयोगले नै धेरै कुराहरु जानिने हुँदा सहजकर्ताले निम्न बुँदालाई सदैव ध्यानमा राख्नु पर्दछ :

- सुनेको कुरा बिर्सिन्छ
- देखेको कुरा संझिन्छ
- गरेको कुरा जानिन्छ

६. यसर्थ व्यवहारिक अभ्यास गराउनमा बढी जोड दिनुका साथै विषयगत ज्ञानका कुरालाई अभ्याससंग सम्बन्धित गरेर लैजानु पर्दछ ।

७. एउटा सहजकर्ताले आफ्नो विषयमा स्कूल/कलेजको प्रमाणपत्र हाँसिल गरेको मात्र नभै विभिन्न क्षेत्रमा नयाँ नयाँ ज्ञानको जानकारी पनि लिन सक्ने र कार्यक्रम चलाउनु अगाडि प्रसस्त गृहकार्य गर्नुपर्ने हुन्छ।

८. सम्पन्न गरेका कार्यक्रमको मूल्याङ्कन गर्नु धेरै नै महत्वपूर्ण हुन्छ किनकी यसबाट आएका पृष्ठपोषण तथा सुझावहरुलाई अर्को दिनमा अथवा कार्यक्रममा सुधार गर्दै लैजान सजिलो पर्दछ जसबाट सहजकर्तामा परिपक्वता आउँछ । कुनै पनि कार्यक्रमको अन्त्यमा संक्षेपीकरण गर्ने गर्नाले र मुख्य मुख्य बुँदाहरुका साथै समुदायले सिकेका/लिएका कुराहरु संझन सजिलो पर्दछ ।

९. व्यवहारिक अभ्यास गराउनको लागि सैद्धान्तिक कुराहरुको केही भाग सम्झाउनु पर्ने हुन्छ किनकी व्यवहारमा प्रयोग गरिएका अथवा देखिएका कुराहरुको विकास सैद्धान्तिक विषयबाट आएको हुन्छ । यसले सहभागीहरुलाई निर्णय प्रकृयामा सहयोग पुग्नुको साथै विभिन्न अवस्थाहरुमा समस्याको समाधान गर्न पनि मद्दत पुऱ्याउँदछ ।

१०. एउटा सहजकर्ताले कहिले पनि आफूलाई सहभागी भन्दा भिन्न र सबै कुरा जान्ने सम्झनु हुँदैन । कहिले काहीं सहभागीहरुमा पनि सहजकर्ता जत्तिकै जान्ने वा आफ्नो विषयमा अझ बढी नै जान्ने पनि हुन सक्दछन् । यसर्थ उनीहरुलाई स्कूले कक्षाका विद्यार्थीहरुलाई जस्तो व्यवहार गर्नु हुँदैन । यस्ता धेरै क्षेत्रहरुमा समुदायका मानिसहरुले छलफलद्वारा सिकाई प्रकृयामा योगदान पुऱ्याउन सक्दछन् ।

११. सहजकर्ता एउटा साथी, सहयात्री र बाटो देखाउने ब्यक्तिको रुपमा अगाडि आउनु पर्दछ र समुदायलाई योजना बनाउन, त्यसको कार्यान्वियन गर्न र कामको मूल्यांङ्कन गर्न सहयोगीको भूमिका निर्वाह गर्नु पर्दछ । यस्ता कार्यहरुमा उसले जनप्रिय हुन खोज्ने मात्र नभई प्रभावकारी कार्य सम्पादनमा पनि बिचार पुऱ्याउनु पर्दछ ।

१२. सहजकर्ताले सहजीकरणको लागि स्थान, बातावरण, त्यहाँको भौतिक सुविधा आदिमा पनि बिचार पुऱ्याउनु पर्दछ । यस्ता तत्वहरुले सहजीकरण कार्यमा निकै ठूलो भूमिका खेलेको हुन्छ ।

१३. अन्तमा एउटा सहजकर्ताले आफ्नो कामलाई व्यवसायीकता दिनु पर्दछ ।

**सहजकर्तामा हुनुपर्ने आबश्यक अन्य सीपहरु**

| सहभागिहरुले देखाउने केही सम्भावित व्यवहार र तीनको मनोभाव | |
|---|---|
| **व्यवहारहरु** | **संभावित मनोभाव, अनुमान** |
| • उड्नु, हाई गर्नु, कानेखुसी, हाँसो, घडी हेर्नु, शरीर तन्काउनु, एकटकले हेर्नु | दिक्क (Boredom) |
| • ओठ लेप्प्राउनु, कपाल कन्याउनु, आँखाको सम्पर्क नहुनु | अलमल (Confusion) |
| • अगाडि झुक्ने, हसिलो, आँखाको सम्पर्क बुझेको दर्शाउदै टाउको हल्लाउनु | बुझिरहेको खुसी भएको (Happy) |

**सहजकर्ताले बोल्दा ध्यान दिनु पर्ने कुराहरु**

- ठाउँ र परिस्थति सुहाउँदो पहिरन, सफा टाँक नटुटेको तथा दाग नभएको,
- सहज मुद्रामा प्रस्तुत हुने,
- अनौपचारिक वातावरण तयार गर्न सानो समूहमा बसेर बोल्न पनि सकिन्छ,
- खुट्टा केही इन्च पर फट्टाएर उभिनु राम्रो हुन्छ,
- जिउ सहभागीतिर केही अगाडी झुकाउने,
- हात सहज स्थितिमा राख्ने,
- हाउभाउले शब्दमा प्रकट गरिएका कुरालाई शक्तिशाली बनाउन मद्दत गर्दछ तर स्वभाविक गर्ने हुनु पर्दछ,
- बोल्दा अह..........अह............. गरी खोक्ने, बोल्दा साँचोको झुप्पा, चक, कलम आदि हातमा लिई खेलाउने, बोल्ने विषयको टिपोट वल्टाई पल्टाई गरी खेलाउने, माने, चाइने जस्ता शब्द प्रयोग नगर्ने, कुरा बिर्सिदा वा अड्किंदा टाउको कन्याउने गर्न हुदैन,
- आखाँको सम्पर्क बोल्नु राम्रो हुन्छ,
- हँसिलो मुद्रामा बोल्नु राम्रो हुन्छ,
- बोल्दा सबैले सुन्ने गरी सशक्त रुपमा बोल्नु पर्दछ र चिच्याएर बोल्नु राम्रो हुदैन,
- ठिक ठाउ र वाक्यांशमा जोड दिएर बोल्नु राम्रो हुन्छ,
- समय समयमा विराम दिई बोल्नाले सहभागीलाई साराशं निकाल्न सजिलो हुन्छ,
- प्रश्नको उत्तर बोल्ने समय सकिएपछि गर्नु राम्रो हुन्छ,
- सरल भाषा प्रयोग गर्ने गर्नु पर्दछ ।

## सहजकर्ताले के गर्न हुन्छ र के गर्न हुँदैन

एउटा सहजकर्ता परम्परागत नेता अथवा अध्यक्ष भन्दा भिन्न हुन्छ । यस्तो भिन्नता उसले कसरी आफ्नो भूमिकालाई प्रस्तुत गर्दछ भन्ने कुरासँग सम्बन्धित हुन्छ । नेता/अध्यक्षले के र कसरी काम गर्ने भन्ने कुराको निर्णय गर्दछ । अनुयायीहरूलाई अनुमति भन्दा बाहिर जान दिदैन । तर प्रशिक्षण सहजकर्ताले भने सोध्छ, सुझाव दिन्छ, सम्झाउँछ, मुख्य विषयवस्तुलाई सही दिशामा ल्याउँछ र सहभागीहरू अर्को चरणमा जानका लागि तयार छन् कि छैनन् हेर्छ । सामान्यतया सबै सहभागीहरूले सहजकर्तासँग केही कुरा छ, त्यो सुनिन्छ र स्वीकार पनि गरिन्छ भन्ने कुराको आशा गरेका हुन्छन । सहजकर्ताले तटस्थ तथा निष्पक्ष बन्ने प्रयास गर्नुपर्दछ । सहजकर्ताले यति व्यापक प्रशिक्षण खाका उपलब्ध गराउँदछ कि सहभागीहरूले यसबारे त्यति चासो राख्नु आवश्यक हुँदैन ।

## सहजकर्ताले ध्यान दिनुपर्ने बुँदाहरु

- यदि छलफल विषयान्तर हुन पुग्यो भने पनि त्यो छिट्टै आफ्नो स्थानमा फर्कन्छ भन्ने कुराको जानकारी सहभागीलाई दिनुहोस् ।
- समय समयमा सहभागीलाई छलफल भइरहेको विषयका बारेमा स्मरण गराई रहनुहोस् ।
- सहभागीले भनेको कुरा संक्षेपीकरण गर्नुहोस् ।
- विशेषगरी कम सक्रिय हुने सहभागीहरूले भनेको कुराको संक्षेपीकरण गर्न नभुल्नुहोस् ।
- एउटा व्यक्तिले अर्कोको विचारका बारे राखेको धारणा के छ ? त्यसको अन्तरसम्बन्ध बताउनुहोस् ।
- विचारलाई स्वीकार गर्नुहोस् र अझै बढी त्यस्तो विचारको विकास गर्न सकिन्छ कि आग्रह गर्नुहोस् ।
- सहभागीलाई कुन कुराले गर्दा आफ्नो विचार सामान्य विचारसँग मिल्न नसकेको हो त्यसको जानकारी दिनुहोस् ताकि त्यसलाई सुधार गर्न सकियोस् ।
- सहभागीलाई प्रशिक्षणमा राम्रो अनुभव भएको छ भन्ने महसुस गराउनुहोस् ।
- सहभागीहरूको अनुभूतिका साथसाथै विषयवस्तुको पनि संक्षेपीकरण गर्नुहोस् ।
- रचनात्मक समस्यालाई रचनात्मक रूपमा पेश गर्नुहोस् जसमा सहभागीले काम गर्न सकुन् ।
- समस्यालाई दोषको रूपमा नभई समस्याकै रूपमा प्रस्तुत गर्नुहोस् ।
- समूहलाई प्रश्न एवम् समस्या मात्र दिनुहोस् उत्तर नदिनुहोस् ।
- निर्णय गर्नुपर्ने अवस्थामा सहभागी अल्मलिए भने त्यस बारे प्रष्ट पारिदिनुहोस् ताकि समय बर्बाद नहोस् ।
- समस्या समाधान गर्ने उपायहरू बताउनुहोस् ।
- अर्को विषय वा सन्दर्भमा कतिबेला छलफल गर्ने हो त्यसको जानकारी सहभागीलाई दिनुहोस् ।
- धेरै ठूलो समस्या भएमा त्यसलाई भिन्ना भिन्नै खण्डमा बाँडेर सानो बनाउनुहोस र छुट्टाछुट्टै रूपमा हेर्नुहोस् ।
- के के गरियो ? संक्षेपीकरण गर्नुहोस् ।
- समूहद्वारा गरिएका निर्णयहरूलाई पुनरावृत्ति गर्नुहोस् ।

**सहजकर्ताले हटाउनुपर्ने कुराहरू**

यदि सहजकर्ता तथष्ट रहन सकेन भने उसको कार्य कुनैपनि हालतमा प्रभावकारी बन्न सक्दैन । कसैको व्यक्तिगत कार्यसूचीलाई छलफलमा ल्याउन खोजेर सहजकर्ताले समूहका अन्य सदस्य माथि अन्याय गर्नु हुन्न । यस अर्थमा सहजकर्ताको भूमिका निस्वार्थ हुनुपर्छ ।

**सहजकर्ताले हटाउनै पर्ने कुराहरू :**

- अरूको विचार अथवा मूल्यलाई आलोचना गर्ने ।
- सहजकर्ता भएको नाताले नाजायज किसिमले कसैको विचारलाई छलफलको क्रममा निरन्तर रूपमा महत्व दिइरहने ।
- सहमतिका लागि वातावरण तयार नभइकनै निर्णयमा पुग्ने ।
- धेरै बोलिरहने अथवा छलफलमा नचाहिदो किसिमले संलग्न हुन खोज्ने । यसले सबैको ध्यान गलत बाटोमा लान सक्छ ।

**सहजीकरण अभ्यास**

सबै सहभागीहरुवाट उपयुक्त सहभागीहरु छनौट गरी प्रस्तुतीकरण गर्नको लागि तयार गरी पस्तुतीकरण र सहजीकरण गर्न लगाइने छ । सहजकर्ताले नयाँ सहजकर्ताको बारेमा मुल्याङकन गरी पृष्ठपोषण प्रदान गर्दा निजलाई आत्मविश्वास बढने गरी सुरुमा उसको राम्रा पक्षबारे बताई त्यसपछि सुधार गर्नु पर्ने विषय र क्षेत्र (Areas of improvement) बारे बताउनु पर्दछ ।

## सत्र ८
## स्थानीय तहसँगको आयोगको समन्वय र अन्तरसम्बन्ध एवम् निर्वाचन सम्पर्क व्यक्तिको कार्य विवरण

**समय : १ घण्टा**

तालिम पश्चात देहायका सिकाई उपलब्धी हुनेछन् ।

(क) निर्वाचन आयोगले स्थानीय तहसंगको सहकार्य तथा ढाँचाको बारेमा सहभागीहरु स्पष्ट जानकार हुनेछन् ।

(ख) निर्वाचन आयोगले निर्वाचन सम्पर्क व्यक्ति Election Focal person को नियुत्ती गरी परिचालन गर्नुको उद्देश्य बारे सहभागीहरु स्पष्ट हुनेछन् ।

(ग) निर्वाचन सम्पर्क व्यक्तिहरुको कार्यविवरणको बारेमा बताउन सक्नेछन् ।

सत्र सञ्चालनको लागि देहायका तयारी गर्नु पर्दछ ।

(क) सत्र सञ्चालनको लागि आवश्यक प्रयोगमा आउने सिकाई सामग्रीहरु न्युजप्रिन्ट, मार्कर, मेटाकार्ड, पोष्टेड, मास्किङ टेप, कैची, A4 साइजको पेपर तयार गर्नु पर्दछ ।

(ख) तालिमको विषयवस्तुको पावरप्वाइन्ट र हेण्डआउट तयारी अवस्थामा राख्नु पर्दछ ।

सत्र सञ्चालनको लागि प्रशिक्षकले देहायको सिकाई विधिहरु अपनाउन सक्नेछन् ।

(क) मस्तिष्क मन्थन

(ख) समूह छलफल र प्रस्तुतीकरण

(ग) समूहमा प्रश्न उत्तर

**चरण १** आयोग र स्थानीय तह बीचका सहकार्यका क्षेत्र, मुख्य क्रियाकलापहरु तथा भुमिकाको बारेमा प्रस्तुतीकरण गर्ने (२५ मिनेट)

**चरण २** तपाईहरु मध्य कति जना विगतको निर्वाचनमा संलग्न हुनु भएको छ ? के के भूमिका र जिम्मेवारी निभाउनु भएको थियो? सहभागीहरु बिच छलफल गर्ने (५ मिनेट)

**चरण ३** संघीय संरचना अनुसार निर्वाचन आयोगले सबै प्रदेश तथा स्थानीय निकायमा निर्वाचन सम्पर्क व्यक्ति नियुक्ति गर्नुको उद्देश्य, महत्व, निर्वाचन आयोगको भूमिका बारेमा पावरप्वाइन्ट मार्फत प्रस्तुतीकरण गर्ने । (१० मिनेट)

**चरण ४** सहभागीहरुलाई आफनो हालको कार्यालयको कार्य जिम्मेवारीको बारेमा जिज्ञासा राख्दै जिम्मेवारीको प्रकृतिको बारेमा सोध्ने र उक्त छलफल पश्चात निर्वाचन सम्पर्क व्यक्तिको कार्य जिम्मेवारी सम्वन्धी प्रस्तुतीकरण गर्ने (१५ मिनेट)

**चरण ५** सत्रको पुनरावलोकन तथा सारांश प्रस्तुतीकरण गर्ने । (५ मिनेट)

यो सत्रको लागि स्रोत सामग्री

१. निर्वाचन आयोगद्धारा स्वीकृत आयोग र स्थानीय तह वीचको सहकार्य फ्रेमवर्क २०७८

२. प्रदेश तथा स्थानीय तहमा रहने निर्वाचन सम्पर्क व्यक्तिको कार्यविवरण २०७७

३. https://election.gov.np

## सत्र ८ सन्दर्भ सामग्री
## स्थानीय तहसँगको आयोगको समन्वय र अन्तरसम्बन्ध एवम् निर्वाचन सम्पर्क व्यक्तिको कार्य विवरण

नेपालको संविधानको धारा २४६ ले राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, निर्वाचन प्रयोजनको लागि मतदाता नामावली तयार गर्ने एवम् राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउने समेतको जिम्मेवारी निर्वाचन आयोगलाई तोकेको छ । यस अनुसार आयोगले मतदाता नामावली दर्ता र अद्यावधिक गराउने, मतदानकेन्द्र पुरावलोकन गर्ने, नागरिक तथा निर्वाचन शिक्षा सञ्चालन सम्बन्धी कार्य गर्ने, निर्वाचन सम्बन्धी विविध विषयमा अध्ययन, अनुसन्धान गर्ने, योजना तर्जुमा गर्ने, आवश्यक कानून तर्जुमा र परिमार्जन गर्ने जस्ता निर्वाचन पूर्वका कार्यहरू गर्दछ भने निर्वाचनको समयमा मतदान केन्द्र तोक्ने, अन्तिम मतदाता नामावली प्रकाशन गर्ने, मतदानमा मतदाताको सहभागिता अभिवृद्धि गर्नुका साथै वदर मत न्यूनीकरणका लागि मतदाता शिक्षा सञ्चालन गर्ने, राजनीतिक दल दर्ता र निर्वाचन चिह्न निर्धारण गर्ने, निर्वाचन सामग्री तथा जनशक्ति व्यवस्थापन गर्ने, मतपत्रको ढाँचा स्वीकृत गरी छपाइ गर्ने, निर्वाचन कार्यक्रम सञ्चालन गर्ने एवम् आचारसंहिता लागू गर्ने र सो को कार्यान्वयनको अनुगमन गर्ने लगायतका विभिन्न कार्यहरू सम्पादन गर्ने गरेको छ । यसै गरी निर्वाचन पश्चात निर्वाचनको समीक्षा गर्ने, आचारसंहिता उल्लङ्घन भएकोमा कारबाही गर्ने, निर्वाचन प्रतिवेदन तयारी र प्रकाशन गर्ने, राजनीतिक दलहरू तथा उम्मेदवारहरूले निर्वाचनमा गरेका खर्चको विवरण लिने लगायतका कार्य गर्दै आएको छ ।

शासन व्यवस्थामा जनताले आफ्नो सहभागिताका लागि मतदानको माध्यमबाट आफ्नो प्रतिनिधि छान्ने प्रक्रिया निर्वाचन हो । निर्वाचन आयोग ऐन, २०७३ बमोजिम निर्वाचन भन्नाले संविधान तथा प्रचलित संघीय कानून बमोजिम हुने राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य तथा स्थानीय तहका सदस्यको निर्वाचन सम्झनु पर्दछ र सो शब्दले उपनिर्वाचन समेतलाई जनाउने व्यवस्था रहेको छ । यी निर्वाचनहरुमा मतदानस्थल तोक्ने, नामावली सङ्कलन गर्ने, मतदाता शिक्षा सञ्चालन लगायत निर्वाचनका विविध क्रियाकलापहरू स्थानीय तहसँगको समन्वय र सहकार्यमा सम्पन्न भैरहेका छन् ।

आयोगको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/०७७ देखि २०८०/८१) ले सबै प्रदेशमा प्रदेश निर्वाचन कार्यालय स्थापना गर्ने, मतदाता दर्ता, निर्वाचन शिक्षा र अन्य कार्यमा स्थानीयस्तरमा समन्वयको लागि सबै स्थानीय तहमा निर्वाचन सम्पर्क शाखा र व्यक्तिको व्यवस्था गर्ने बिषय समेटेको छ । यसै गरि कार्यनीति मा निर्वाचन व्यवस्थापनमा प्रदेश तथा स्थानीय तहसँगको समन्वय र सहकार्य बढाउदै लगिने तथा प्रदेश सरकार र स्थानीय तहसँगको सहकार्यमा निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन गर्ने भन्ने उल्लेख छ । रणनीतिक योजनाको लक्ष्य हाँसिल गर्न निर्वाचन मार्फत लोकतन्त्रको अभ्यास गर्दै जननिर्वाचित प्रतिनिधिहरूको माध्यमबाट राज्य सञ्चालनमा सहभागी हुने आम जनता विशेषत: मतदाताको सक्रिय सहभागिता बढाउन आयोगको काम कारवाही स्थानीय तहको वडास्तरसम्म पुग्नुपर्ने हुन्छ । मुलुक संघीय शासन व्यवस्थामा गई सकेको परिप्रेक्ष्यमा आयोगले सबै तहका सरकारसँग समन्वय र सहकार्य गरेर निर्वाचन व्यवस्थापनका समग्र कार्यहरू सम्पादन गर्नु पर्दछ । संघीय सरकारसँग नीतिगत व्यवस्था, बजेट व्यवस्थापन एवम् सुरक्षा विषय, प्रदेश सरकारसँग नीतिको कार्यान्वयनमा समन्वय तथा क्रियाकलापहरुको कार्यान्वयन र स्थानीय तहका सरकारसँग निर्वाचन सम्बन्धी स्थानीय नीति तथा कार्यक्रम कार्यान्वयन लगायतका विषयमा सहकार्य र समन्वय गरेर निर्वाचन सम्बन्धी कार्य गर्नुपर्ने हुन्छ । यस प्रकार निर्वाचन आयोगले आम समुदायको तहमा, विशेषत वडास्तरसम्म निर्वाचन सम्बन्धी क्रियाकलापको पहुँच बढाउनको लागि निर्वाचन आयोग, नेपाल र स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा विभिन्न कार्यक्रम सञ्चालन गर्नको लागि यो साझेदारी फ्रेमवर्क (Partnership Modality) तयार गरिएको छ ।

## वर्तमान अवस्था

नेपालमा मतदाता दर्ता गर्ने कार्य निर्वाचन आयोगको प्रत्यक्ष रेखदेख, नियन्त्रण, सुपरीवेक्षण र निर्देशनमा निरन्तर दर्ताको रुपमा र विशेष अभियानका रुपमा गर्ने गरिन्छ । देशका ७७ वटै जिल्लाका प्रदेश तथा जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र निर्वाचन आयोगबाट तोकिएका इलाका प्रशासन कार्यालयबाट प्रचलित कानून बमोजिम निरन्तर रुपमा मतदाता दर्ता गरिन्छ भने समय समयमा जिल्ला प्रशासन कार्यालयको समन्वयमा एकीकृत घुम्ती टोली मार्फत पनि मतदाता दर्ता गर्ने गरिन्छ । त्यसैगरी आयोगको निर्णय अनुसार मतदाता नामावली सङ्कलन तथा अद्यावधिक विशेष कार्यक्रम मार्फत आयोगबाट तोकिएको मितिमा स्थानीय तह वा वडा स्तरसम्म गई मतदाता नामावली सङ्कलन र अद्यावधिकको कार्य गरिन्छ ।

आयोगले निर्वाचनका हरेक प्रक्रिया र चरणमा अधिकाधिक नागरिकको सहभागिता अभिवृद्धि गराउने तथा निर्वाचन शिक्षा तथा मतदाता जागरण कार्यक्रम प्रभावकारीरुपमा सञ्चालन गरी निर्वाचनमा हुने बदर मत प्रतिशतलाई न्यूनीकरण गर्ने लक्ष्य लिएको छ । यही लक्ष्य प्राप्तिका लागि आयोगले निर्वाचन व्यवस्थापनमा स्थानीय तहसँगको समन्वय र सहकार्य गर्नु अपरिहार्य ठानी सबै प्रदेशमा निर्वाचन सम्बन्धी बिषयमा आवश्यक समन्वय गर्न सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सहसचिव वा सो सरहका एकजना कर्मचारीलाई निर्वाचन सम्पर्क व्यक्ति तोकी आयोगमा जानकारी गराउने व्यवस्थाका लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र स्थानीय तहमा शिक्षा वा सामाजिक विषयसँग सम्बन्धित शाखाको प्रमुखलाई निर्वाचन सम्पर्क व्यक्ति तोकीएको छ । आयोगले प्रदेश र स्थानीय तहमा रहने सम्पर्क व्यक्तिको कार्यविवरण समेत स्वीकृत गरेको छ । साथै सवै प्रदेश तथा स्थानीय तहमा तोकिएका निर्वाचन सम्पर्क व्यक्तिहरुको तथ्याकं संकलनको कार्य पनि सम्पन्न गरी ७५३ स्थानीय तह र ७ प्रदेश कार्यालयका निर्वाचन सम्पर्क व्यक्ति र सम्वन्धीत स्थानीय तहका प्रमुखहरुलाई अभिमुखिकरण कार्यक्रम पनि सम्पन्न भएको छ ।

## सहकार्यको मुख्य उद्देश्यहरु

(क) निर्वाचनका सबै चरण र प्रक्रियामा सम्पन्न हुने काम कारवाही र क्रियाकलापमा स्थानीय तहसँगको समन्वय र सहकार्यमा नागरिकको संलग्नता र पुहँच बढाउने,

(ख) स्थानीय तहसँगको समन्वय, सहयोग र साझेदारीमा स्थानीय तहका श्रोत साधन र जनशक्ति उपयोग गरी निर्वाचन सम्बन्धी कार्यमा मितव्ययिता कायम गर्ने,

(ग) निर्वाचन सम्बन्धी कार्यका लागि आयोग, प्रदेश निर्वाचन कार्यालय, जिल्ला निर्वाचन कार्यालय र स्थानीय तह वीचको सम्पर्क र समन्वयमा निरन्तर अभिवबृद्धि गर्ने ।

## निर्वाचन आयोग, नेपाल र स्थानीय तहसंगको सहकार्यका क्षेत्रहरु

आयोगले स्थानीय तहसँग समन्वय र सहकार्य गर्दा कानूनमा व्यवस्था भएकोमा कानून बमोजिम र कानूनमा व्यवस्था नभएकोमा आयोगबाट भएको निर्णय बमोजिम गर्न सकिनेछ । यस्तो समन्वय र सहकार्य निर्वाचन पूर्वको समयमा मतदाता नामावली विवरण सङ्कलन, निर्वाचनमा नागरिक संलग्नता, मतदान केन्द्र निर्माण, निर्वाचन शिक्षा, तालिम लगायतका विषयमा गर्न सकिन्छ भने निर्वाचनको समयमा मतदाता शिक्षा सञ्चालन, मतदातालाई मतदान केन्द्रमा जान सहजीकरण गर्ने विषयमा, आचारसंहिता पालना र कार्यान्वयन जस्ता कार्यमा सहकार्य गर्न सकिने हुन्छ । त्यसैगरी निर्वाचन पश्चात गरिने समीक्षामा सुझाव संकलन र नयाँ कानून तर्जुमाको सन्दर्भमा स्थानीय तहको राय, सुझाव लिने जस्ता विविध विषयमा समन्वय र सहकार्य गरेर जान सकिन्छ । यस प्रकार स्थानीय तहसँग समन्वय र सहकार्यबाट निर्वाचन प्रक्रियाका तीनै चरणमा गरिने कार्य एवम् क्रियाकलापहरू सहज र प्रभावकारी ढंगबाट सम्पन्न हुन जाने देखिन्छ ।

**स्थानीय तहको समन्वय र सहकार्यमा संञ्चालन गरीने मुख्य क्रियाकलापहरु :**

- **मतदाता नामावली दर्ता संकलन**
    - मतदाता नामावली सङ्कलन तथा अद्यावधिक,
    - मतदाता परिचयपत्रको वितरण,
    - निर्वाचन प्रचार प्रसार
- **मतदान केन्द्र व्यवस्थापन**
    - मतदान केन्द्र र निर्वाचन सम्बन्धी अन्य विवरण अद्यावधिक,
    - मतदान केन्द्रको पुनरावलोकन, मतदान केन्द्रको सुरक्षा र मर्मत संभार,
    - मतदानस्थल तथा मतदान केन्द्रहरूलाई व्यवस्थित गर्ने, सुरक्षित गर्ने र लैङ्गिक एवं अपाङ्गमैत्री बनाउन सहयोग गर्ने,
    - मतदानस्थलमा अन्य भौतिक पूर्वाधारहरू (टेलिफोन, विजुली, खानेपानी आदि) को व्यवस्थामा सहजीकरण,
    - मतदान केन्द्रमा खटिन सक्ने जनशक्तिको विवरण (रोष्टर) तयारी गर्न ।
- **निर्वाचन, नागरिक तथा मतदाता शिक्षा**
    - मतदाता शिक्षा/ निर्वाचन शिक्षा सञ्चालन,
    - मतदाता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन,
    - नागरिक संलग्नतामा निर्वाचनका क्रियाकलापहरु सञ्चालन,
- **समन्वय साझेदारी**
    - स्थानीय तहमा निर्वाचन हेर्ने DESK वा सम्पर्क व्यक्तिको व्यवस्था,
    - निर्वाचन व्यवस्थापन सम्बन्धी कार्यमा आवश्यकता अनुसार राय, सल्लाह तथा सुझाव,
    - निर्वाचन सम्बन्धी अन्य कार्य गर्दा समन्वय र सहजीकरण,
    - आयोगमा दर्ता भइ स्थानीय तहमा संगठन वा संयन्त्र वा कमिटी गठन गरेका राजनीतिक दलको विवरण, सङ्कलन र अद्यावधिक,
    - स्थानीय तहमा उपलब्ध निर्वाचन सम्बन्धी विज्ञ र सक्रिय व्यक्ति तथा संस्थाको सूची तयारी,
    - स्थानीय तहको बार्षिक बजेट तथा कार्यक्रममा मतदाता शिक्षा, निर्वाचन शिक्षा, लोकतन्त्र र निर्वाचन शीर्षकमा बजेट विनियोजन र कार्यक्रम सञ्चालनको व्यवस्था,
    - स्थानीयस्तरमा रहेका विद्यालय/सहकारी संस्थामाफ निर्वाचनका कार्यक्रम लैजादा आवश्यक सहयोग र सहजीकरण गर्न,
    - स्थानीय तहको नीति, कानून र मापदण्ड अनुसार दर्ता, सञ्चालन र नियमन हुने संस्थाहरू, सहकारी संस्था, स्थानीय एफ.एम.सामुदायिक संस्था, टोल विकास संस्था, उपभोक्ता समिति, विभिन्न व्यवस्थापन समिति आदि मार्फत नागरिक शिक्षा, मतदाता शिक्षा तथा निर्वाचन सम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने कार्यमा समन्वय तथा सहयोग,
    - नागरिक संलग्नताका लागि स्थानीय स्तरका संघ संस्थाहरुसँग समन्वय र सहकार्य ।

- **क्षमता विकास**
    - निर्वाचन सम्पर्क व्यक्तिको क्षमता विकासको लागि पाठ्यक्रम तयारी तथा संघ, प्रदेश र स्थानीय तहमा क्षमता विकासका कार्यक्रम संञ्चालन,
    - स्थानीयस्तरबाट सञ्चालन हुने तालिम, गोष्ठी, प्रशिक्षण, अन्तरक्रिया आदि कार्यक्रममा मतदाता शिक्षा तथा निर्वाचन शिक्षा सम्बन्धी विषय समावेश र सञ्चालन,
    - विद्यालयको पाठ्यक्रममा निर्वाचन सम्बन्धी बिषयहरू समावेश गर्न एव्म अद्यावधिक गर्न,
    - विद्यालयस्तरमा हुने मतदाता शिक्षा/निर्वाचन शिक्षाका कार्यक्रम सञ्चालनमा सहयोग प्राप्त गर्न,
    - आयोगले तयार गरेको सामुदायिक विद्यालयका शिक्षकहरूको तालिम कार्यक्रम निर्वाचन कार्यालयको समन्वयमा सञ्चालनमा सहयोग,
    - प्रदेश तथा स्थानीय स्तरमा सञ्चालन हुने तालिमहरु प्रदेश तहमा रहेका प्रदेश सुशासन केन्द्रसंग समन्वय र सहकार्य ।
- **आउटरिच कार्यक्रम**
    - निर्वाचन कार्यालयबाट उपलब्ध गराइने निर्वाचन प्रसार तथा नागरिक एवं निर्वाचन शिक्षा सम्बन्धी सामग्री आवश्यकता अनुसार स्थानीय भाषामा समेत तयार गरी सामुदायिक रेडियो, एफ.एम. स्थानीय टेलिभिजन आदि मार्फत प्रचार प्रसार,
    - निर्वाचन शिक्षा सम्बन्धी सामग्री स्थानीय तहको सूचना पाटी, डिजिटल बोर्ड, सूचना प्रचार प्रसार गर्ने सार्बजनिक स्थल, स्थानीय तहका प्रकाशन, प्रसारण सामग्री आदिमा समावेश गरी नागरिक समक्ष पुऱ्याउन सहयोग,

**कार्यक्रम सञ्चालनको विधि (Modality) तथा संस्थागत सयन्त्र**

- केन्द्रीयस्तरमा निर्वाचन आयोग, गाउँपालिका महासंघ र नगरपालिका महासंघवीच छलफल गरी MOU को खाका तयार गर्ने ।
- गाउँपालिका महासंघ र नगरपालिका महासंघले सम्बन्धित स्थानीय तहसँग निर्देशन/पत्राचार, समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाउने ।
- माथि उल्लिखित विषयबस्तुमध्ये कुनै एक वा सो भन्दा बढी कामका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय र सहकार्य गर्न सकिने । स्थानीयस्तरमा यस्तो समन्वय र सहकार्य आयोग अन्तर्गतका निर्वाचन कार्यालयले गर्ने ।
- कुनै विशेष कार्यक्रमका लागि आयोगले तोकेको मापदण्ड र स्वीकृत कार्यक्रमको परिधिभित्र रही प्रदेश तथा जिल्ला निर्वाचन कार्यालय र सम्बन्धित स्थानीय तहले कार्यक्रम सञ्चालनमा सहकार्य गर्ने ।
- कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने श्रोत साधन निर्वाचन आयोग र स्थानीय तहबाट उपलब्ध हुने व्यवस्था मिलाइने । कार्यक्रमको अनुगमन र प्रतिवेदन प्रदेश तथा जिल्ला निर्वाचन कार्यालय र सम्बन्धित स्थानीय तहले गर्ने ।
- स्थानीय तहबाट सम्पादन भए गरेका निर्वाचन सम्बन्धी कार्यहरूको विवरण प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयलाई सम्बन्धित स्थानीय तहले उपलब्ध गराउने ।

- कार्यक्रम सञ्चालनको लागि निर्वाचन आयोगको सचिवालय अन्तर्गत गाउँपालिका महासंघ र नगरपालिका महासंघ सहितको समिती वा कार्यदल सहितको सस्थागत सयन्त्र निर्माण गर्ने र आवश्यकता अनुसार बैठक बस्ने ।
- कार्यक्रम सञ्चालन तथा अनुगमनको लागि संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा संस्थागत सयन्त्र स्थापना गर्ने ।

## कार्यक्रम कार्यान्वयनमा संलग्न निकायको भूमिका

### निर्वाचन आयोग

- नीतिगत मार्गदर्शन,
- कार्यक्रम योजना तयार, मापदण्ड तर्जुमा र कार्यक्रम स्वीकृति,
- नेपाल सरकारसँग समन्वय,
- सरोकारवाला निकाय (स्थानीय निकाय, सुरक्षा निकाय, राजनीतिक दल, नागरिक समाज, सञ्चार माध्यम) वीच समन्वय,
- कार्यक्रमको माग अनुसार तालिम सञ्चालनका लागि आवश्यक पर्ने श्रोत सामग्रीको तयारी र तालिम सञ्चालन,
- प्राविधिक सहयोग,
- कार्यक्रम सञ्चालनको रेखदेख, निर्देशन र नियन्त्रण,
- कार्यक्रमसँग सम्बन्धित निर्वाचन सामग्रीको उपलब्धता,
- अनुगमन मूल्यांकन ।

### प्रदेश तथा जिल्ला निर्वाचन कार्यालय

- निर्वाचन कार्यक्रम सञ्चालनका लागि आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहसँग सम्झौता गर्ने,
- कार्यक्रमको माग बमोजिम आवश्यक निर्वाचन सामग्री स्थानीय तहलाई उपलब्ध गराउने,
- स्थानीय स्तरमा समन्वय गर्ने (जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, स्थानीय तह, राजनीतिक दल, सञ्चार माध्यम, नागरिक समाज),
- कार्यक्रमको माग अनुसार प्रदेश तथा  जिल्लास्तरमा तालिम सञ्चालन गर्ने,
- कार्यक्रमको प्रचार प्रसार गर्ने,
- जनशक्तिको व्यवस्था र खटनपटन,
- निर्वाचन कार्यक्रम सञ्चालन गर्न सम्बन्धित स्थानीय तहसँग सहकार्य र सहयोग लिने दिने,
- कार्यक्रमको अनुगमन मूल्याङ्कन र प्रतिवेदन गर्ने,
- निर्वाचनसँग सम्बन्धित विषयमा स्थानीय तहबाट माग भै आए बमोजिम आवश्यक सहयोग गर्ने ।

**स्थानीय तह**

- स्थानीयस्तरमा निर्वाचनका विविध पक्षहरूमा सरोकारवाला निकायसँग वैठक/छलफल र अन्तरक्रिया गर्ने,
- कार्यक्रमसँग सम्बन्धित आवश्यक जनशक्ति र वित्तिय श्रोत उपलब्ध गराउने,
- कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने स्थान र अन्य भौतिक सुविधा उपलब्ध गराउने,
- कार्यक्रमसँग सम्बन्धित जनशक्तिलाई तालिम कार्यक्रममा सहभागी गराउने,
- निर्वाचन आयोगबाट स्वीकृत कार्यक्रम तोकिए बमोजिम स्थानीयस्तरमा सञ्चालन गर्ने,
- कार्यक्रम सञ्चालनको अनुगमन, मूल्यांकन र प्रतिवेदन गर्ने,
- आयोगबाट समय समयमा माग गरिएका विवरणहरू जिल्ला निर्वाचन कार्यालयको समन्वयमा उपलब्ध गराउने,
- निर्वाचन सम्बन्धी कार्यक्रमहरू स्थानीयस्तरमा सञ्चालन गर्दा जिल्ला निर्वाचन कार्यालयसँग समन्वय गर्ने ।

**निर्वाचन आयोगले स्थानीय तहसंगको सहकार्य पश्चात लिएको अपेक्षित उपलब्धिहरु निम्न रहेका छन् ।**

- स्थानीय तहका विभिन्न ठाउँमा मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यमा छुट भएका व्यक्तिहरूको मतदाता नामावलीमा नाम समावेश तथा परिचय पत्र वितरणमा सहजता भएको हुनेछ,
- मतदान केन्द्र र निर्वाचन सम्बन्धी अन्य विवरण अद्यावधिक भएको हुनेछ,
- मतदाता शिक्षा सम्बन्धी तालिम र निर्वाचन सम्बन्धी हुने अन्य प्रशिक्षण कार्यक्रममा स्थानीय तहको सहयोग र सहभागिता भएको हुनेछ,
- आयोगमा दर्ता भएका स्थानीय तहमा रहेका राजनीतिक दल, विज्ञ तथा स्थानीय संस्थाको सूची तयारी भएको हुनेछ,
- मतदान केन्द्रमा खटिन सक्ने स्थानीयस्तरका जनशक्तिको विवरण (रोष्टर) को तयारी भएको हुनेछ,
- स्थानीयस्तरमा सञ्चालित निर्वाचन सम्बन्धी कार्यक्रमको अनुमगमन र निरन्तर प्रतिवेदन तयार भएको हुनेछ,
- नागरिक संलग्नताका लागि स्थानीय तहबाट पहल प्रयत्न भई नागरिक संलग्नतामा अभिबृद्धि भएको हुनेछ ।

**प्रदेश तथा स्थानीय तहमा रहने निर्वाचन सम्पर्क व्यक्तिको कार्य विवरण**

निर्वाचन सम्वन्धी स्थानीय स्तरमा निर्वाचनको बारेमा आधिकारीक सूचना प्रवाह गर्ने, आयोगको स्थानीयस्तरको प्रतिनिधि भइ काम गर्ने तथा निर्वाचन सम्वन्धी कार्यक्रममा स्थानीय समन्वय तथा सहजकर्ताको रुपमा काम गर्ने गरी सम्वन्धित स्थानीय तहका कर्मचारीहरु मध्येवाट एक जना अनुभवी कर्मचारीलाई आयोगको तर्फवाट काम गर्ने गरी तोकिएका कर्मचारी नै सो स्थानीय तहका लागि निर्वाचन सम्पर्क व्यक्ति हुने ।

नेपालको संविधानले निर्वाचन आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्य निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, निर्वाचन प्रयोजनको लागि मतदाता नामावली तयार गर्ने एवम् राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउने समेत जिम्मेवारी रहेको छ ।

संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संघीय संरचना अनुकूल आयोगको संगठनात्मक संरचनामा परिमार्जन गर्ने क्रममा सबै प्रदेशमा प्रदेश निर्वाचन कार्यालय स्थापना गर्ने तथा मतदाता दर्ता, निर्वाचन शिक्षा र अन्य कार्यमा समन्वयको लागि सबै स्थानीय तहमा निर्वाचन सम्पर्क शाखा र व्यक्ति रहने व्यवस्था गर्ने भन्ने रहेको छ । यसै गरी निर्वाचन व्यवस्थापनमा प्रदेश तथा स्थानीय तहसँगको समन्वयर सहकार्य बढाउदै लगिनेछ भन्ने उल्लेख छ । साथै प्रदेश सरकार र स्थानीय तहसँगको सहकार्यमा निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन गर्ने भन्ने उल्लेख छ ।

निर्वाचन व्यवस्थापन प्रक्रियाका विभिन्न चरण तथा क्रियाकलापहरुमा स्थानीय तहसँगको समन्वय, सहभागिता र सहकार्यबाट मात्र निर्वाचन व्यवस्थापन सम्वन्धी कार्यहरुमा चुस्तता, दुरुस्तता, मितव्ययिताका साथै निर्वाचन आयोग र आयोग अन्तर्गतबाट सम्पादन हुने सम्पुर्ण कार्यहरुमा आम नागरिकको सहभागिता तथा अपनत्व भावनाको विकासका साथै कार्यक्रम कार्यान्वयन प्रभावकारी हुने देखिन्छ ।

निर्वाचन आयोगले सबै प्रदेश तथा स्थानीय स्तरमा एक/एकजना सम्पर्क व्यक्ति तोकि निम्न अनुसारको कार्य विवरण समेत आयोगवाट स्वीकृत गरेको छ । तसर्थ, तोकिएका निर्वाचन सम्पर्क व्यक्तिहरुको निर्वाचन संञ्चालन तथा व्यवस्थापन सम्वन्धी विशेषगरी मतदाता नामावली संङ्कलन तथा अध्यावधिक गर्ने, निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम संञ्चालन, निर्वाचनसँग सम्बन्धित विभिन्न सूचना तथा सन्देशको सम्प्रेषण गर्ने लगायतका क्षमता विकासका कार्यहरु सहयोग गर्नको लागि आवश्यक कोर्ष पनि तयार गरिएको छ ।

## क. प्रदेशमा रहने निर्वाचन सम्पर्क व्यक्तिको कार्य विवरण

- मतदाता नामावली दर्ता, अध्यावधिक, मतदाता परिचय पत्र वितरण, सम्वन्धी कार्यमा सहयोग र समन्वय गर्ने,
- निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन सम्वन्धी कार्यमा सहयोग गर्ने,
- निर्वाचन सम्वन्धी सूचना तथा तथ्याङकको अभिलेख व्यवस्थापन सम्वन्धी कार्य गर्ने,
- मतदानस्थल तथा मतदान केन्द्र व्यवस्थापन सम्वन्धी कार्यमा सहयोग गर्ने,
- निर्वाचन आयोगबाट सञ्चालित निर्वाचन सम्वन्धी कार्यक्रमको लागि निर्वाचन आयोग जिल्ला निर्वाचन कार्यालय र स्थानीय तहसंग समन्वय, सहयोग तथा सम्पर्क सम्वन्धी कार्य गर्ने,
- निर्वाचन आयोगवाट निर्देशन भए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## ख. स्थानीय तहमा रहने सम्पर्क व्यक्तिको कार्य विवरण

- स्थानीय पञ्जिकाधीकारीको कार्यालयमा दर्ता हुन आएका विवरणहरु मध्ये मतदाता नामावली अध्यावधिक कार्यका लागि आवश्यक पर्ने विवाह दर्ता, मृत्यु, बसाईसराई जस्ता विवरण आफनो स्थानीय तहका वडा कार्यालयहरुबाट प्राप्त गरी सम्वन्धित जिल्ला निर्वाचन कार्यालयमा निरन्तर पठाउने र आफनो स्थानीय तहको निर्वाचनसंग सम्वन्धीत क्रियाकलापहरुको अभिलेख व्यवस्थित रुपमा राख्ने,
- स्थानीय तहमा सञ्चालन हुने मतदाता नामावली संकलन तथा अध्यावधिक कार्य मतदाता शिक्षा, तालिम, सचेतना, अन्तरक्रिया जस्ता निर्वाचनसंग सम्वन्धित कार्यक्रममा खटिएका कर्मचारीलाई सहयोग तथा समन्वय गर्दै स्थानीय तहका सामुदायिक संस्था, टोल विकास संस्था, उपभोक्ता समिती, सहकारी संस्था, सामुदायिक सिकाई केन्द्र लगायत समुदायमा आधारित संस्थाहरुका कार्यक्रम मार्फत समेत निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन गर्न गराउन प्राथमिकताका साथ पहल गर्ने,
- स्थानीय तहका मतदाताहरुलाई आयोगका कार्यक्रम, गतिविधि, सन्देश र सुचनाहरुको उपयुक्त विधि र प्रविधिको प्रयोग गरी जानकारी गराउने र आफनो कार्यालयको डिस्प्लेबोर्डमा त्यस्ता सुचनाहरु अपलोड गर्ने साथै आयोगद्वारा वितरण हुने मतदाता परिचय पत्र लगायत मतदाता सचेतना सम्वन्धी सामग्रीहरुको वितरणमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

- स्थानीय तह अन्तर्गत निर्वाचनमा लैङ्गिक तथा समावेशी क्रियाकलापहरु पहिचान गरी जिल्ला निर्वाचन कार्यालयको समन्वयमा कार्यक्रम सञ्चालन गर्नुका साथै आफ्नो स्थानीय तहमा आयोगको लैङ्गिक सम्पर्क व्यक्तिको रुपमा समेत कार्य गर्ने,

- आयोगको निर्णय बमोजिम सञ्चालन हुने घुम्ती मतदाता दर्ता कार्यक्रम, घुम्ती निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम, विद्यालयमा सञ्चालन हुने विद्यालय शिक्षा कार्यक्रम, सिमान्तकृत वर्गका लागि आम पहुँच (Outreach) कार्यक्रम जस्ता कार्यक्रम संञ्चालन गर्न सहयोग पुर्‍याउनुका साथै निर्वाचनका सबै चरणहरुमा निर्वाचन सम्पर्कविन्दुका रुपमा काम गर्ने र क्षमता विकास, प्रशिक्षण, अन्तरक्रिया, तालिम जस्ता कार्यक्रमहरुमा निर्वाचनको स्रोत व्यक्तिको रुपमा काम गर्ने,

- स्थानीय तह भित्र रहेका मतदानस्थल तथा मतदान केन्द्रहरुको पुर्वधार विकास गर्न, स्तरोन्नति र अपाङ्गमैत्री बनाउन स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश गर्न पहल गर्ने,

- निर्वाचनसंग सम्वन्धित सबै गतिविधिहरुका बारेमा आयोगमा नियमित रिर्पोटिङ गर्ने तथा समय समयमा आयोग तथा जिल्ला निर्वाचन कार्यालयले तोकेका अन्य काम गर्ने ।

## अनुसूची १
## विश्वमा प्रचलनमा रहेका निर्वाचन प्रणालीहरु

### निर्वाचन प्रणाली (Electoral System)


मतलाई सिटमा रूपान्तरण गर्ने (Votes into seats) वैधानिक विधि वा तरिका नै निर्वाचन प्रणाली हो । यसबाट जनताको अभिमतलाई प्रतिनिधिका रूपमा रूपान्तरण गरिन्छ । लोकतन्त्रको संवर्द्धन र प्रवर्द्धनका लागि निर्वाचन प्रणालीको छनोट एक महत्वपूर्ण राजनीतिक निर्णय हो । निर्वाचन प्रणालीको छनोट गर्दा राज्यको परिस्थिति र राजनीतिक, सामाजिक, भौगोलिक, जनसाङ्ख्यिक तथा आर्थिक परिवेशलाई आधार मान्नुपर्दछ । यसरी छनोट गरिएको निर्वाचन प्रणालीले मतदाताले दिएको मतलाई निर्वाचित स्थानमा रूपान्तरण गर्दछ । विभिन्न सूत्रहरूको प्रयोग गरी निर्वाचनमा खसेको सदर मतलाई निर्वाचित स्थानमा रूपान्तरण गर्न निर्वाचन प्रणाली आवश्यक हुन्छ ।

### निर्वाचन प्रणाली (Electoral System) तय गर्दा लिइने आधारहरू

निर्वाचन प्रणाली तय गर्दा मुख्यतः निर्वाचन क्षेत्रको भूगोल, जनसङ्ख्या तथा फैलावट (District magnitude), मतपत्रको ढाँचा (Ballot structure) तथा मतलाई सिटमा रूपान्तरण गर्ने सूत्र (Formula) लाई मुख्य आधारका रूपमा लिने गरिन्छ । यसका अतिरिक्त देशको भौगोलिक, सामाजिक, सांस्कृतिक र शैक्षिक स्थिति, उपलब्ध प्राविधिक प्रशासनिक तथा आर्थिक स्रोतहरू, सिट निर्धारण गर्नका लागि आवश्यक पर्ने न्यूनतम मत प्रतिशत, निर्वाचनमा प्रतिस्पर्धाको स्वरूप, दर्ता भएका मतदाताहरूका आधारमा प्रतिनिधिहरूको अनुपात, लैङ्गिक तथा समावेशी अवस्था, निर्वाचन प्रणालीको स्वीकार्यता तथा लोकतन्त्रको अवस्था आदि निर्वाचन प्रणाली तय गर्दा लिइने अन्य आधारहरू हुन् ।

### विश्वमा प्रचलनमा रहेका निर्वाचन प्रणालीहरू

विश्वमा मुख्य रूपमा बढीमत/बहुमत निर्वाचन प्रणाली, समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली, मिश्रित निर्वाचन प्रणाली तथा अन्य निर्वाचन प्रणाली गरी चार प्रकारका निर्वाचन प्रणाली परिवारअन्तर्गत १२ प्रकारका निर्वाचन प्रणालीहरू प्रचलनमा रहेका छन् ।



उल्लिखित निर्वाचन प्रणाली परिवारअन्तर्गतका निर्वाचन प्रणालीहरूमध्ये विश्वमा सबैभन्दा बढी प्रयोगमा रहेको निर्वाचन प्रणाली पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली हो । हाल विश्वका ८७ भन्दा बढी देशहरूले यो प्रणाली अपनाएको पाइन्छ । समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली प्रयोग गर्ने देशहरू पनि ८० भन्दा बढी रहेको पाइन्छ ।

**बढीमत वा बहुमत प्रणाली**

मतदानमा खसेको कुल सदर मतमध्ये सबैभन्दा बढी मत ल्याउने उम्मेदवार वा राजनीतिक दल निर्वाचित हुने प्रणालीलाई बढीमत प्रणाली भनिन्छ । बढीमत भनेको निर्वाचनमा सबैभन्दा बढी मत अर्थात् एक मत बढी ल्याउने दल वा उम्मेदवार विजयी हुने हो । यस पद्धतिमा जति उम्मेदवारले निर्वाचनमा प्रतिस्पर्धा गर्दछन् त्यसमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी भएको मानिन्छ । यसमा पूर्ण बहुमत ल्याउन आवश्यक पर्दैन । त्यसै गरी मतदानमा खसेको कुल सदर मतमध्ये बहुमत ल्याउने उम्मेदवार वा राजनीतिक दल निर्वाचित हुने प्रणालीलाई बहुमत प्रणाली भनिन्छ । यस प्रणालीमा निर्वाचनमा कुनै दल वा उम्मेदवारले खसेको सदरमतको कम्तीमा ५० प्रतिशत र थप १ मत (५० प्रतिशत + १) प्राप्त गर्ने उम्मेदवार विजयी घोषणा गरिन्छ । अतः यस प्रणालीमा एकातिर बढी मत ल्याई विजयी हुने कुरा गरिन्छ भने अर्कोतिर बहुमत प्राप्त गरी विजयी हुने कुरा गरिन्छ । बढीमत/बहुमत प्रणालीको विशिष्टता भनेको नै एक निर्वाचन क्षेत्रमा प्रयोग गर्नु हो । यस प्रणालीमा बढी मत र बहुमतमा रहेको भिन्नतालाई स्पष्टसँग बुझ्नुपर्दछ ।

**समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली**

कुनै निश्चित भूगोलभित्र बसोबास गर्ने जनसङ्ख्याको जनसाङ्ख्यिक बनोट अनुरूपको जनप्रतिनिधित्व हुने गरी जनमतलाई विजयी सिटमा परिणत गर्ने निर्वाचन प्रणाली नै समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली हो । यस्तो निर्वाचन प्रणालीमा राजनीतिक दललाई मत दिने वा राजनीतिक दलले तोकेका वा सूचीमा राखेका उम्मेदवारलाई मत दिने व्यवस्था गरिएको हुन्छ । बन्दसूची वा खुलासूचीमा आधारित समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली र एकल सङ्क्रमणीय मत निर्वाचन प्रणाली यस अन्तर्गत पर्ने निर्वाचन प्रणाली हुन् ।

**समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीमा बन्दसूची**

निश्चित भौगोलिक क्षेत्रलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनमा संविधान तथा कानुनबमोजिम सबै वर्ग, क्षेत्र, लिङ्ग, जात, जाति र समुदायको उचित प्रतिनिधित्व हुने गरी निर्वाचन व्यवस्थापन गर्ने निकायसमक्ष पेस गरिएको उम्मेदवारको सूची नै बन्दसूची हो । बन्दसूची भन्नाले खामबन्दी वा गोप्य भन्ने अर्थमा लिनुहुँदैन । निर्वाचन व्यवस्थापन गर्ने निकायमा पेस भएको उम्मेदवारको अन्तिम सूचीमा कसैले थपघट वा परिवर्तन गर्न नपाउने हुँदा यसलाई बन्दसूची भनिएको हो । यस्तो अन्तिम सूची मतदाताको जानकारीका लागि निर्वाचन व्यवस्थापन निकायले सार्वजनिक गर्दछ । दलले पाएको मतका आधारमा दललाई उपलब्ध हुने सिटमा राजनीतिक दलले यसै सूचीमा रहेका उम्मेदवारहरूमध्येबाट विजयी उम्मेदवारको छनोट गर्छन् । नेपालका सन्दर्भमा संविधान र निर्वाचन कानुनमा भएको व्यवस्थाबमोजिम महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, खस आर्य, पिछडिएको वर्ग, क्षेत्र, अल्पसङ्ख्यक, तथा अपाङ्गता भएको व्यक्तिसमेतको समानुपातिक प्रतिनिधित्व हुने गरी ६ ओटा क्लस्टरमा राजनीतिक दलले उम्मेदवारको नाम समावेश गरी निर्वाचन आयोगमा उम्मेदवारको बन्दसूची पेस गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी बन्दसूचीमा नाम कायम रहेको व्यक्ति सम्बन्धित सभाको उक्त कार्यकालभरि उम्मेदवारका रूपमा रहने हुँदा कुनै पनि तहको निर्वाचनमा उम्मेदवार बन्नुपूर्व बन्दसूचीबाट नाम हटाएको हुनुपर्नेछ ।

**खुलासूची**

खुलासूची समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत प्रयोग गरिने एक स्वरूप हो, जसमा मतदाताले आफूले चाहेको राजनीतिक दल वा समूह कुनै एकलाई मतदान गर्न सक्दछन् । त्यसै गरी यसमा त्यस्तो दल वा

समूहका तर्फबाट सूचीमा रहेका उम्मेदवारहरूमध्ये आफूले रोजेको उम्मेदवारलाई प्राथमिकता तोकी मतदान गर्न पाउने अधिकार मतदातालाई प्रदान गरिन्छ । यसमा राजनीतिक दलका तर्फबाट उम्मेदवारहरूको सूची प्रस्तुत गर्दा नै निर्वाचित हुने उम्मेदवारको प्राथमिकताक्रम निर्धारण गरी पेस गरिने हुँदा दल वा समूहले कुन उम्मेदवारलाई विजयी बनाउन चाहको छ भन्नेबारे मतदातालाई अग्रीम जानकारी हुन्छ । यस्तो सूचीका आधारमा हुने निर्वाचनबाट दलले तोकेकै उम्मेदवार निर्वाचित हुन्छन् भन्ने निश्चितता नहुन पनि सक्दछ । कुन उम्मेदवारलाई मतदान गर्ने भन्ने अधिकार मतदातालाई रहेबाट मतदाताको प्राथमिकताले उम्मेदवारहरूको क्रम सङ्ख्या र विजयी हुने उम्मेदवार निर्धारण गर्दछ । सूचीमा रहेका उम्मेदवारहरू जो कोहीलाई पनि मतदाताले मतदान गर्न सक्ने गरी खुला गरिएको कारण यसलाई खुलासूची भनिएको हो । खुलासूचीको अवधारणा अनुसार सूचीमा रहेका उम्मेदवारहरूमध्ये बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुन्छन् ।

**समानान्तर निर्वाचन प्रणाली**

निर्वाचनका लागि अपनाइने विभिन्न प्रणालीहरूमध्ये दुई वा सोभन्दा बढी प्रणालीलाई एकसाथ स्वतन्त्र रूपमा प्रयोग गरी निर्वाचन गरिने प्रणालीलाई समानान्तर निर्वाचन प्रणाली भनिन्छ अर्थात् समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली र बढीमत वा बहुमत निर्वाचन प्रणालीलाई एकसाथ प्रयोग गरी जनप्रतिनिधि चयन गरिने प्रणाली प्रयोग गरिएको छ भने त्यो समानान्तर निर्वाचन प्रणाली हो । दुई निर्वाचन प्रणालीलाई अलगअलग रूपमा अँगालिने यस प्रणालीमा एउटा मतपत्रबाट दुबै प्रणालीका लागि मतदान गर्न वा अलगअलग मतपत्र प्रयोग गरी मतदान गर्न सकिन्छ । एउटै मतपत्रबाट मतदान गर्ने व्यवस्था भएका अवस्थामा दुबै प्रणालीका लागि सोही मतपत्रबाट मतदान गरिन्छ भने अलगअलग मतपत्रको व्यवस्था गरिएकामा अलगअलग नै मतदान गरिन्छ । समानान्तर निर्वाचन प्रणाली अपनाउने देशहरूमा एउटा मात्र मतपत्र प्रयोग गर्ने मुलुक दक्षिण कोरिया हो भने अलगअलग मतपत्र प्रयोग गर्ने जापान तथा थाइल्यान्ड हुन् । दुई ओटा मतपत्र प्रयोग गरिएको अवस्थामा एउटा निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मतका आधारमा अर्को निर्वाचन प्रणालीबाट निर्वाचित हुने सिट सङ्ख्या वितरण गरिँदैन । नेपालमा वि.सं. २०६४ र २०७० मा सम्पन्न संविधान सभा सदस्य निर्वाचन तथा वि.सं. २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचन अलगअलग मतपत्रको प्रयोग गरी यसै प्रणालीबमोजिम सम्पन्न भएको थियो ।

**पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली**

एक निर्वाचन क्षेत्रबाट सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुने प्रणालीलाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली भनिन्छ । यस्तो निर्वाचन प्रणालीमा मतदाताले दल वा समूहलाई नभई उम्मेदवारलाई मतदान गर्दछन् । बढी मत ल्याउने उम्मेदवार विजयी हुने यस प्रणलीलाई प्रत्यक्ष निर्वाचनका रूपमा अपनाइन्छ । यस्तो निर्वाचन प्रणाली अपनाउँदा निश्चित भूगोललाई विभिन्न निर्वाचन क्षेत्रमा विभाजन गरी एक क्षेत्र एक पदका आधारमा प्रतिनिधि निर्वाचित गरिन्छ । नेपालको संविधानले प्रतिनिधि सभा सदस्य २७५ मध्ये १६५ तथा प्रदेश सभा सदस्य ५५० मध्ये ३३० स्थान अर्थात् कुल सदस्य सङ्ख्याको ६० प्रतिशत हुन आउने सदस्यका लागि यस निर्वाचन प्रणालीबाट निर्वाचन हुने व्यवस्था गरेको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बढीमत वा बहुमत निर्वाचन प्रणालीको सबैभन्दा सरल रूप हो । यस प्रणालीमा सदर मतको पूर्ण बहुमत नभए पनि अरूभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुन्छ । यो प्रणाली एक सदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गरिन्छ र यसमा मतदाताले राजनीतिक दललाई नभई उम्मेदवारलाई मत दिन्छन् ।

**पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका विशेषताहरू**

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मुख्य विशेषता सबैभन्दा बढी मत ल्याउने उम्मेदवार निर्वाचित हुनु हो । यस प्रणालीमा उम्मेदवार र मतदाताका बिचमा प्रत्यक्ष सम्बन्ध रहने, कुनै राजनीतिक दलले सरकार गठनका लागि आवश्यक बहुमत प्राप्त गर्न सहज हुन सक्ने, दलले बहुमत प्राप्त गर्न सक्ने भएकाले स्थिर सरकार निर्माण हुने, कुनै क्षेत्र वा स्थान विशेषमा मात्र क्रियाशील रहेका राजनीतिक दलका उम्मेदवारहरू विजयी हुन सक्ने, मतदान गर्न एवम् मतगणना गर्न सरल हुने, स्वतन्त्र उम्मेदवारले पनि निर्वाचनमा प्रतिस्पर्धा

गर्न र विजयी हुन सक्ने तथा कुनै उम्मेदवार निर्वाचित हुन बहुमत आवश्यक नहुने जस्ता विशेषताहरू रहेका छन् ।

## समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीका विशेषताहरू

समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीका मुख्य विशेषता मतदाताको मतको अधिकतम सदुपयोग भई कमभन्दा कम मत खेर जाने र राज्यको जनसाङ्ख्यिक बनोटअनुसार महिला तथा पिछडिएका वर्ग, क्षेत्र, अल्पसङ्ख्यक तथा जातजातिको प्रतिनिधित्व सुनिश्चित हुन सक्नु हो । यस प्रणालीमा निर्वाचनमा भाग लिने अधिकांश राजनीतिक दलहरूको प्रतिनिधित्व हुन सक्ने तथा उम्मेदवारको सूचीमा राजनीतिक दलको नियन्त्रण हुने हुँदा दलले छनोट गरेका उम्मेदवार प्राथमिकतामा पर्ने जस्ता विशेषताहरू रहेका छन् ।

## समानुपातिक निर्वाचन प्रणालीमा सिट निर्धारण गर्दा प्रयोग गरिने सूत्रहरू

समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीमा राजनीतिक दलले प्राप्त गर्ने सिट बाँडफाँटका लागि सेन्ट लग, मोडिफाइड सेन्ट लग जस्ता सूत्रको प्रयोग गरिन्छ । नेपालमा संविधान सभा सदस्य निर्वाचन, २०६४ र अर्को संविधान सभा निर्वाचन, २०७० मा समानुपातिक सदस्यको सिट सङ्ख्या निर्धारण गर्दा मोडिफाइड सेन्ट लग सूत्र १.४, ३, ५, ७..........र यस्तै बिजोर अङ्कले भाग गर्ने र अधिक शेष (Higher Remainder) ले सिट प्राप्त गर्दै जाने विधिको प्रयोग गरिएको थियो । वि.सं. २०७४ मा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा समानुपातिक सदस्यको सिट सङ्ख्या निर्धारण गर्दा सेन्ट लग सूत्र १, ३, ५, ७..........र यस्तै बिजोर अङ्कले भाग गर्ने र अधिक शेष (Higher Remainder) ले सिट प्राप्त गर्दै जाने विधिको प्रयोग गरिएको थियो ।

## एकल सङ्क्रमणीय मत निर्वाचन प्रणाली

सामान्य अर्थमा मतदाताले उम्मेदवारहरूको क्रम निर्धारण गरी मतदान गर्नुपर्ने निर्वाचन प्रणाली एकल सङ्क्रमणीय मत निर्वाचन प्रणाली हो । यसलाई अझ प्रस्ट गर्ने हो भने मतदाताले मतपत्रमा क्रमशः प्राथमिकता तोकी गरेको मतदानबाट सबैभन्दा बढी मत ल्याउने वा कम मत ल्याउने कुनै उम्मेदवारले प्राप्त गरेको मतलगतै दोस्रो प्राथमिकतामा रहेको उम्मेदवारका लागि सार्ने गरी गरिने निर्वाचन प्रणालीलाई एकल सङ्क्रमणीय मत निर्वाचन प्रणाली भनिन्छ । यसमा उम्मेदवार विजयी हुनका लागि कोटा अथवा प्राप्त गर्नै पर्ने मत सूत्रका आधारमा निर्धारण गरिन्छ । यसरी निर्धारण गरिएको कोटा कुनै उम्मेदवारले प्राप्त गरेमा सो उम्मेदवार विजयी हुन्छ । यसरी विजयी भएको उम्मेदवारले प्राप्त गरेको मत कोटाभन्दा बढी भएमा बढी भएको जति मत दोस्रो प्राथमिकताको उम्मेदवारमा सर्न जान्छ । यदि कुनै पनि उम्मेदवारले कोटा बराबरको मत प्राप्त गर्न नसकेमा सबैभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारलाई प्रतिस्पर्धाको सूचीबाट हटाई निजको मत दोस्रो प्राथमिकताको उम्मेदवारमा सारिन्छ । यो प्रक्रिया तोकिएको निश्चित सङ्ख्यामा उम्मेदवार निर्वाचित नभएसम्म चलिरहन्छ । एक निर्वाचन क्षेत्रबाट एक जनाभन्दा बढी उम्मेदवार निर्वाचित गर्नुपर्ने वा बहुसदस्यीय निर्वाचन क्षेत्रमा यस्तो निर्वाचन प्रणाली उपयुक्त मानिन्छ । एकल सङ्क्रमणीय मत निर्वाचन प्रणालीमा देहायको सूत्र प्रयोग गरी निर्वाचित हुने कोटा निर्धारण गरिन्छ :

$$\text{कोटा} = \frac{\text{मत संख्या}}{\text{निर्वाचन गर्नुपर्ने स्थान} + १} + १$$

## एकल सङ्क्रमणीय मत निर्वाचन प्रणालीमा Surplus value

एकल सङ्क्रमणीय मत निर्वाचन प्रणालीअन्तर्गत प्रतिस्पर्धामा रहेका उम्मेदवारमध्ये कुनै उम्मेदवारलाई निर्वाचित हुन आवश्यक हुने तोकिएको कोटाभन्दा बढी मत प्राप्त भएमा त्यस्तो बढी भएको मतलाई **Surplus value** भनिन्छ । यसरी बढी भएको मत वा **Surplus value** लाई ऐकिक नियमबाट मतपत्रको पुनः मत मूल्य कायम गरी जित्ने उम्मेदवारभन्दा पछाडिको प्राथमिकताक्रमको उम्मेदवारलाई सर्दछ ।

**एकल सङ्क्रमणीय मत निर्वाचन प्रणालीमा Eliminated Value**

एकल सङ्क्रमणीय मत निर्वाचन प्रणालीमा मत गणना गर्दा कुनै पनि उम्मेदवारले निर्वाचित हुन आवश्यक कोटा प्राप्त नगरेमा सबैभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारलाई प्रतिस्पर्धाबाट हटाई निजले प्राप्त गरेको मतलाई निजभन्दा पछाडिको प्राथमिकता जनाइएको उम्मेदवारको मतमा सारिन्छ । यसरी सारिएको मतमूल्यलाई Eliminated Value भनिन्छ । यसरी मत सार्दा प्रतिस्पर्धाबाट हटाइएको उम्मेदवारले प्राप्त गरेको मतको पूरै मूल्यभार जोड्ने गरिन्छ ।

**एकमुष्ठ मत प्रणाली**

एकभन्दा बढी सदस्य निर्वाचित हुने निर्वाचन क्षेत्रमा बढी मत निर्वाचन प्रणालीको प्रयोग नै एकमुष्ठ मत प्रणालीका रूपमा रहेको हुन्छ । यस्तो निर्वाचन प्रणालीमा निर्वाचित हुने सङ्ख्या जति छ मतदाताले त्यति नै सङ्ख्यामा मतदान गर्न पाउँदछन् । मतदाताले प्रदान गरेको मतअनुसार बढी मत ल्याउने उम्मेदवारहरू निर्वाचित हुन्छन् । यस्तो प्रणालीमा सामान्यतया मतदाताले राजनीतिक दलभन्दा उम्मेदवारलाई नै निर्वाचित गर्न मतदान गर्दछन् । वि.सं. २०७४ सालको स्थानीय तहको निर्वाचनको वडा सदस्यमा अन्य समूहबाट दुई जना निर्वाचित गर्न यो प्रणालीको प्रयोग भएको थियो ।

**दलगत एकमुष्ठ मत प्रणाली**

राजनीतिक दलले उठाएका उम्मेदवारलाई दलगत आधारमा एकमुष्ठ मत दिई बढी मत ल्याउने दल निर्वाचित हुने पद्धतिलाई दलगत एकमुष्ठ मत प्रणाली भनिन्छ । यो प्रणाली पनि बहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गरिन्छ । दलीय आधारमा मतदातालाई एक मत दिने अधिकार प्राप्त हुन्छ । यस्तो निर्वाचन प्रणालीमा मतदाताले उम्मेदवारलाई भन्दा राजनीतिक दलले प्रस्तुत गरेका नीति, कार्यक्रम र घोषणापत्रका आधारमा दललाई मतदान गर्दछन् । यसमा बढी मत प्राप्त गर्ने दलले सबै स्थान जित्ने हुँदा प्रतिपक्षी नहुने सम्भावना पनि रहन्छ ।

**वैकल्पिक मत प्रणाली**

मतदान गर्दा उम्मेदवारलाई प्राथमिकताक्रम तोकी मत दिइने र प्राथमिकताका आधारमा उम्मेदवार निर्वाचित हुने प्रणालीलाई वैकल्पिक मत प्रणाली भनिन्छ । वैकल्पिक मत प्रणालीमा बहुमत प्राप्त नहुँदासम्म सबैभन्दा कम मत पाउने उम्मेदवारलाई क्रमशः सूचीबाट हटाउँदै लगिन्छ र निजले प्राप्त गरेको मत निज पछिको प्राथमिकताक्रमको उम्मेदवारमा सारिन्छ । यो प्रक्रिया कुनै उम्मेदवारले बहुमत प्राप्त नगर्दासम्म कायम रहन्छ । यो प्रणाली उम्मेदवार केन्द्रित मत प्रणाली भएकाले मतदाताले राजनीतिक दलका आधारमा भन्दा उम्मेदवारका आधारमा मतदान गर्दछन् ।

**दुई चरण मत प्रणाली**

दुई चरण मत प्रणाली बढीमत वा बहुमत निर्वाचन प्रणाली परिवारको एक निर्वाचन प्रणाली हो । बहुमत निर्वाचन प्रणालीमा निर्वाचित हुन उम्मेदवारले निर्वाचनमा खसेको सम्पूर्ण मतको पचास प्रतिशतभन्दा बढी (५० प्रतिशत +१) मत प्राप्त गर्नुपर्ने हुन्छ । यदि पहिलो चरणमा प्रतिस्पर्धामा रहेको उम्मेदवार कसैले पनि बहुमत प्राप्त गर्न नसकेमा दोस्रो चरणको निर्वाचन गर्नुपर्ने हुनाले यसलाई दुई चरण मत निर्वाचन प्रणाली भनिन्छ । पहिलो चरणमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना उम्मेदवारका बीचमा दोस्रो चरणको निर्वाचन गरिन्छ । दोस्रो चरणमा पूर्ण बहुमत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुन्छ । नेपालका सन्दर्भमा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा यो प्रणाली अपनाउनुपर्ने संवैधानिक व्यवस्था रहेको छ ।

**मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली**

बढीमत वा बहुमत अथवा अन्य निर्वाचन प्रणालीबमोजिम प्राप्त कुनै पनि अमिल्दो अनुपातको विजयी उम्मेदवारको सङ्ख्यालाई समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीबाट क्षतिपूर्ति प्रदान गरिन्छ भने त्यस्तो प्रणालीलाई मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली भनिन्छ । उदाहरणका लागि कुनै राजनीतिक दलले राष्ट्रिय स्तरमा १० प्रतिशत मत प्राप्त गरेको छ तर कुनै पनि निर्वाचन क्षेत्रको स्थान जितेको छैन भने त्यस्तो दललाई १० प्रतिशतसम्मको स्थान समानुपातिक निर्वाचन प्रणालीबाट क्षतिपूर्ति स्वरूप प्रदान गरिन्छ ।

**एकल असङ्क्रमणीय मत निर्वाचन प्रणाली**

एकभन्दा बढी सदस्य निर्वाचित गर्नुपर्ने निर्वाचन क्षेत्रमा एक मतदाताले एक जना उम्मेदवारलाई मात्र मतदान गर्ने र बढी मत ल्याउने उम्मेदवारहरू विजयी हुने प्रणाली एकल असङ्क्रमणीय मत निर्वाचन प्रणाली हो । यस प्रणालीमा राजनीतिक दललाई नभई उम्मेदवारलाई मतदान गरिन्छ ।

**सीमित मत प्रणाली**

एकभन्दा बढी सदस्य निर्वाचित गर्नुपर्ने निर्वाचन क्षेत्रमा एक जना मतदाताले एकभन्दा बढी तर सो क्षेत्रबाट निर्वाचित हुने जम्मा सदस्य सङ्ख्याभन्दा कम सङ्ख्यामा मतदान गर्ने प्रणालीलाई सीमित मत प्रणाली भनिन्छ । यस्तो निर्वाचन प्रणालीमा कुल सदर मतको सबभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारहरू निर्वाचित हुन्छन् ।

**प्राथमिकता गणना निर्वाचन प्रणाली**

एक वा एकभन्दा बढी सदस्य निर्वाचित गर्नुपर्ने निर्वाचन क्षेत्रमा मतदाताले मतपत्रमा आफ्नो प्राथमिकता दिई मतदान गर्ने प्रणालीलाई प्राथमिकता गणना निर्वाचन प्रणाली भनिन्छ । यस्तो निर्वाचन प्रणालीमा कुल सदर मतको सबभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार वा उम्मेदवारहरू निर्वाचित हुन्छन् । यो उम्मेदवार केन्द्रित निर्वाचन प्रणाली हो ।

**निर्वाचन प्रणालीका विशेषता र उदाहरणहरू**

| निर्वाचन प्रणालीका परिवार | आधारभूत गुणहरू | निर्वाचन प्रणाली | देश र निर्वाचन प्रणाली |
|---|---|---|---|
| बढी मत बहुमत Plurality र Majority | निर्वाचन क्षेत्रबाट सबभन्दा बढी सदर मत प्राप्त गरी निर्वाचित हुने उम्मेदवार | पहिलो हुने निर्वाचित हुने (FPTP) | भारत, केन्या, मलेसिया, बेलायत, अमेरिका र नेपाल |
| | | एकमुष्ठ मत र दलगत एकमुष्ट मत (Block Vote - BV and Party Block Vote - PBV) | लाओस, सिरिया, सिंगापुर, क्यामरून |
| | | वैकल्पिक मत (Alternative Vote - AV/Preferential Voting System) | अष्ट्रेलिया (तल्लो सदन), फिजी |
| | | दुई चरण प्रणाली (TRS) | फ्रान्स, इरान, हैटी, किर्गिस्तान, माल्दिभ्स |
| समानुपातिक प्रतिनिधित्व Proportional | सबै निर्वाचन क्षेत्रबाट कुनै दलले प्राप्त गरेको मतको | बन्द सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व (List proportional | कम्बोडिया, निकारागुवा, दक्षिण अफ्रिका, स्वीडेन, नेपाल |

| | | | |
|---|---|---|---|
| Representation (PR) | हिस्सा सोही बराबरको अनुपातमा निर्धारित स्थानमा रूपान्तरण गर्ने | representation - Closed List) | |
| | | खुला सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व (List of Proportional Representation - Open List) | श्रीलंका (बन्द सूची वा खुला) डेनमार्क, इण्डोनेशिया, नेदरल्याण्ड |
| | | एकल सङ्क्रमणीय मत (Single Transferable Vote - STV) | अष्ट्रेलिया (माथिल्लो सदन) आयरल्यान्ड, माल्टा |
| मिश्रित प्रणाली (Mixed System) | बढी मत/बहुमत निर्वाचन प्रणाली र समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली दुवैका सकारात्मक गुणहरूलाई मिलाई उपयोग गरिने प्रणाली हो । | मिश्रित सदस्य समानुपातिक (Mixed Member Proportional - MMP) | बोलिभिया, जर्मनी, हंगेरी, भेनेजुयला |
| | | समानान्तर (Parallel) | जापान, पाकिस्तान, फिलिपिन्स, रसिया, सेनेगल, युक्रेन |
| अन्य (Others) | माथि उल्लेख गरिएका निर्वाचन प्रणाली अन्तर्गत नपर्ने प्रणालीहरू | एकल असङ्क्रमणीय मत (Single Non Transferable Vote - SNTV) | अफगानिस्तान, जोर्डन, भानुआतु |
| | | सुधारिएको प्राथमिकता गणना (Modified Borda Count) | नाउरू |
| | | सीमित मत (Limited Vote) | जिब्राल्टार, स्पेन (माथिलो सदन) |

# अनुसूची २
# निर्वाचन सम्पर्क व्यक्तिहरुका लागि क्षमता अभिवृद्धि सम्बन्धी
# मुख्य प्रशिक्षक प्रशिक्षण तालिम
# सिकाई पूर्व परीक्षण प्रश्नावली

**मिति :** ...............................

**सञ्चालन स्थान : प्रदेशः** ........................... **जिल्लाः** ....................... **स्थानः** .......................

**१. सहभागीको विवरण**

| | |
|---|---|
| सहभागीको परिचय संख्या | |
| लिङ्ग | ☐म ☐पु ☐ लैङ्गिक तथा यौनिकअल्पसंख्यक |
| उमेर समुह | ☐ क (<१८) ☐ ख (१८-३०) ☐ ग (३१-५०) ☐ घ (५१-६०) ☐ ङ (>६०) |
| शैक्षिक विवरण | ☐ एस.एल.सि./एस.इ.इ ☐ उच्च माध्यमिक तह ☐ स्नातक तह ☐ स्नातकोत्तर वा सो भन्दामाथि |

**२. विषय परीक्षण**

यो अभिमुखीकरण कार्यक्रम निम्न विषयहरुमा केन्द्रित रहने छ। यहाँलाई यी विषयहरुको बारेमा कति थाहा छ कृपया यहाँको पूर्व ज्ञानका आधारमा उत्तर दिनुहोला। यो केवल सहजकर्तालाई सहभागीहरुको पूर्व ज्ञानको स्तरको बारेमा जानकार गराउने प्रयोजनका लागि मात्र हो र यहाँले दिनु भएको उत्तरको आधारमा यहाँलाई मूल्यांकन गरिने छैन।

प्र. १ मतदाता नामावलीमा नाम समावेश हुन कति वर्ष उमेर पुरा भएको हुनु पर्दछ ?

(क) १६ (ख) १८ (ग) २१ (घ) २२

प्र. २. नेपालको सन्दर्भमा मतदाता दर्ता कुन-कुन माध्यमबाट गर्न सकिन्छ ?

क) हुलाक

ख) अनलाइन

ग) व्यक्ति स्वयम् उपस्थित भएर

घ) माथिका सबै

प्र. ३ निर्वाचनका चरणहरु कुन-कुन हुन् ?

क) निर्वाचन पूर्वको चरण

ख) निर्वाचन अवधिको चरण

ग) निर्वाचन पश्चात्को चरण

घ) माथिका सबै

प्र. ४ नेपालमा हाल कुन-कुन निर्वाचन प्रणालीहरु प्रचलनमा छन् ?

क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली

ख) समानुपातिक निर्वाचन प्रणाली

ग) बहु मत वा दुई चरण मत प्रणाली

घ) दलगत एकमुष्ठ मत प्रणाली

प्र. ५ Biometric Based Voter Registration System (BBVRS) प्रविधिको प्रयोग गरी निर्वाचन आयोगले मतदाताको कुन-कुन विवरण संकलन गर्दछ ?

क) औंठाको छाप ख) फोटो ग) आँखाको नानीको फोटो घ) क र ख

प्र. ६. मतदान केन्द्रमा कुन-कुन न्यूनतम पूर्वाधारहरु आवश्यक हुन्छ ?

क) आवागमनमा सहजता हुने गरी बाटोको सुविधा

ख) खानेपानी र शौचालयको सुविधा

ग) जेष्ठ नागरिक, गर्भवती महिला, लैङ्गिक, अपाङ्ग तथा अशक्तमैत्री पूर्वाधार

घ) सूचना र सञ्चारको सुविधा,

ङ) माथिका सबै

प्र. ७. ठिक (√)/बेठिक (×) छुट्याउनुहोस ।

क) मतगणनाको काम प्रारम्भ गरेपछि सबै मतदान केन्द्रबाट प्राप्त मतपत्रको मतगणना नसकिदासम्म मतगणनाको काम लगातार गर्नु पर्दछ । ☐

ख) मतपत्रमा स्वस्तिक छापका साथै औंठाको छाप वा अन्य किसिमको सङकेतहरू पनि गर्न सकिन्छ । ☐

ग) मतपेटिका राखेको कोठा बाहिर राजनीतिक दलका प्रतिनिधि वा उम्मेदवार वा तिनको प्रतिनिधि बस्न वा कुर्न चाहेमा अनुमति दिनु हुदैन । ☐

घ) मतदान केन्द्रभित्र कुनै पनि उम्मेदवार वा राजनीतिक दलको पर्चा, पम्प्लेट, पोष्टर जस्ता प्रचार सामग्री रहेछ भने सो हटाउनु पर्दछ । ☐

ङ) लिङ्गको आधारमा बिना भेदभाव सबैले समान रुपमा अवसर र अधिकारको प्रयोग गर्न पाउने अवस्था लाई नै लैङ्गिक समानता भनिन्छ । ☐

च) नेपालको संविधान अनुसार प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तिमा एकतिहाई सदस्य महिला हुनु पर्नेछ । ☐

छ) समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनमा भाग लिन चाहने दलले उम्मेदवारको बन्दसूची तयार गर्दा कुल उम्मेदवारको कम्तीमा ५० प्रतिशत महिलाको नाम समावेश गर्नुपर्ने । ☐

प्र. ८. नेपालको संविधानले निर्वाचन आयोगमा प्रमुख आयुक्त सहित अन्य कति जना आयुक्त रहने व्यस्था गरेको छ ?

क) २ ख) ३ ग) ४ घ) ५

प्र. ९. नेपालभर कति वटा  निर्वाचन कार्यालयहरु छन् ?

क) ७५ ख) ४५ ग) ७ घ) ७७

प्र. १० आयोगले सञ्चालन गर्ने मतदाता शिक्षाका कुनै दुई किसिमका कार्यक्रमहरु चिन्ह लगाउनुहोस् ।

क) रेडियो र टेलिभिजन

ख) घरदैलो कार्यक्रम

ग) नमूना मतदान कार्यक्रम

घ) पोष्टर/पम्लेट

प्र. ११. निर्वाचन/मतदाता शिक्षा सञ्चालनका सिद्धान्तहरु के-के हुन् ?

क) निष्पक्षता, समान पहुँच सुनिश्चित गर्ने गरिनु पर्ने,

ख) आम मतदाताले बुझ्ने सरल, स्पष्ट भाषा र स्थानीय भाषा संस्कृतिको प्रयोग गरिनु पर्दछ ।

ग) कुनै पनि भाषा, जात, वर्गको भावना प्रति सम्मान गरिनु पर्दछ ।

घ) माथिका सबै

ङ) क र ख

प्र. १२. नेपाली महिलाले मतदान गर्ने र उम्मेदवार हुने अधिकार कहिलेबाट प्राप्त गरेका थिए ?

क) वि.सं. २००४ सालको स्थानीय निर्वाचनबाट

ख) वि.सं. २००७ सालको परिवर्तन र प्रजातन्त्र प्राप्तिपछि

ग) वि.सं. २०१० सालमा सम्पन्न भएको काठमाण्डौ म्युनिसिपालिटीको निर्वाचनबाट

घ) २०१५ सालमा भएको संसदीय आमनिर्वाचनबाट

***धन्यवाद***

## निर्वाचन सम्पर्क व्यक्तिहरुका लागि क्षमता अभिवृद्धि सम्बन्धी
## मुख्य प्रशिक्षक प्रशिक्षण तालिम
## मूल्यांकन फारम

श्रद्धेय सहभागीज्यूहरु,
निर्वाचन आयोगद्वारा प्रदेश/स्थानीय तहमा मनोनित हुनु भएका निर्वाचन सम्पर्क व्यक्तिहरुका लागि सञ्चालित यस निर्वाचन सम्बन्धी अभिमुखिकरण कार्यक्रममा सहभागी हुनु भएकोमा धन्यवाद ।

यस कार्यक्रमलाई परिमार्जित गर्दै थप उपयोगी बनाउन यहाँहरुको अमूल्य सुझाव र पृष्ठपोषणको महत्वपूर्ण भूमिका रहने हुँदा सो को लागि देहाय बमोजिम आ-आफ्नो प्रतिक्रिया व्यक्त गरिदिनु हुन विनम्रतापूर्वक अनुरोध गरिन्छ ।

यहाँ उपलब्ध गराइकएका जानकारीहरु आन्तरिक प्रयोजनका लागि मात्र प्रयोग गरिने छ

**मिति :** ……………………………

**संचालन स्थान : प्रदेशः** ……………………….. **जिल्लाः** …………………… **स्थानः** ……………………

### १. सहभागीको विवरण

| | |
|---|---|
| सहभागीको परिचय संख्याः | |
| लिङ्गः | ☐ म ☐ पु ☐ लैङ्गिक तथा यौनिकअल्पसंख्यक |
| उमेर समुह : | ☐ क (<१८) ☐ ख (१८-३०) ☐ ग (३१-५०) ☐ घ (५१-६०) ☐ ङ (>६०) |
| शैक्षिक विवरणः | ☐ एस.एल.सि./एस.इ.इ ☐ उच्च माध्यमिक तह ☐ स्नातक तह ☐ स्नातकोत्तर वा सो भन्दामाथि |

### २. कार्यक्रमको समग्र मूल्यांकनः *(आफूलाई उचित लागेको विचारमा मात्र संकेत [✓] गर्नुहोला ।)*

| | धेरै राम्रो | राम्रो | औसत | औसत भन्दा कम | सुधार गर्नु पर्ने |
|---|---|---|---|---|---|
| **विषयवस्तु** | | | | | |
| समग्र विषयवस्तु | | | | | |
| सान्दर्भिकता | | | | | |
| कोर्स अवधि | | | | | |
| स्रोत सामग्रीको विविधता | | | | | |
| नया“ विषयक्षेत्र | | | | | |
| सहजीकरण सीप | | | | | |
| व्यवसायिकता | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| विषवस्तुको ज्ञान | | | | | |
| लचकता | | | | | |
| सीप | | | | | |
| तलिम सामग्रीको प्रयोग | | | | | |
| आफ्नो सहभागिता | | | | | |
| ज्ञानमा अभिवृद्धि | | | | | |
| सीपमा सुधार | | | | | |
| नया‘‘पन | | | | | |
| अनुभव आदान प्रदान | | | | | |
| साथीहरूस‘‘गको सहकार्य | | | | | |
| व्यवस्थापन | | | | | |
| छलफल कक्ष | | | | | |
| खानपिन | | | | | |
| लङैगिक तथा अपाङ्गता भैत्री | | | | | |
| तालिम स्थल | | | | | |
| प्रशिक्षकको व्यवहार | | | | | |
| स्रोत सामग्री | | | | | |

यस अभिमुखिकरण कार्यक्रमले तपाईको दक्षता अभिवृद्धिमा सहयोग पुऱ्याउन सक्यो ?

☐ सक्यो ☐ केही हदसम्म ☐ सकेन

**३. विषय परीक्षण**

यस कार्यक्रम पश्चात यहाँलाई यी विषयहरुको बारेमा कति जानकारी भयो कृपया उत्तर दिनुहोला।

प्र. १. मतदाता नामावलीमा नाम समावेश हुन कति वर्ष उमेर पुरा भएको हुनु पर्दछ ?

(क) १६ (ख) १८ (ग) २१ (घ) २२

प्र. २. नेपालको सन्दर्भमा मतदाता दर्ता कुन-कुन माध्यमबाट गर्न सकिन्छ ?

क) हुलाक

ख) अनलाइन

ग) व्यक्ति स्वयम् उपस्थित भएर

घ) माथिका सबै

प्र. ३ निर्वाचनका चरणहरु कुन-कुन हुन्?

क) निर्वाचन पूर्वको चरण

ख) निर्वाचन अवधिको चरण

ग) निर्वाचन पश्चात्‌को चरण

घ) माथिका सबै

प्र. ४ नेपालमा हाल कुन-कुन निर्वाचन प्रणालीहरु प्रचलनमा छन् ?

क) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली

ख) समानुपातिक निर्वाचन प्रणाली

ग) बहु मत वा दुई चरण मत प्रणाली

घ) दलगत एकमुष्ठ मत प्रणाली

प्र. ५ Biometric Based Voter Registration System (BBVRS) विधिको प्रयोग गरी निर्वाचन आयोगले मतदाताको कुन-कुन विवरण संकलन गर्दछ ?

क) औंठाको छाप ख) फोटो ग) आँखाको नानीको फोटो घ) क र ख

प्र. ६. मतदान केन्द्रमा कुन-कुन न्यूनतम पूर्वाधारहरु आवश्यक हुन्छ ?

क) आवागमनमा सहजता हुने गरी बाटोको सुविधा

ख) खानेपानी र शौचालयको सुविधा

ग) जेष्ठ नागरिक, गर्भवती महिला, लैङ्गिक, अपाङ्ग तथा अशक्तमैत्री पूर्वाधार

घ) सूचना र सञ्चारको सुविधा,

ङ) माथिका सबै

प्र. ७. ठिक (√)/बेठिक (×) छुट्याउनुहोस ।

क) मतगणनाको काम प्रारम्भ गरेपछि सबै मतदान केन्द्रबाट प्राप्त मतपत्रको मतगणना नसकिदासम्म मतगणनाको काम लगातार गर्नु पर्दछ । ☐

ख) मतपत्रमा स्वस्तिक छापका साथै औंठाको छाप वा अन्य किसिमको सङकेतहरू पनि गर्न सकिन्छ । ☐

ग) मतपेटिका राखेको कोठा बाहिर राजनीतिक दलका प्रतिनिधि वा उम्मेदवार वा तिनको प्रतिनिधि बस्न वा कुर्न चाहेमा अनुमति दिनु हुदैन । ☐

घ) मतदान केन्द्रभित्र कुनै पनि उम्मेदवार वा राजनीतिक दलको पर्चा, पम्प्लेट, पोष्टर जस्ता प्रचार सामग्री रहेछ भने सो हटाउनु पर्दछ । ☐

ङ) लिङ्गको आधारमा बिना भेदभाव सबैले समान रुपमा अवसर र अधिकारको प्रयोग गर्न पाउने अवस्था लाई नै लैङ्गिक समानता भनिन्छ । ☐

च) नेपालको संविधान अनुसार प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तिमा एकतिहाई सदस्य महिला हुनु पर्नेछ । ☐

छ) समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनमा भाग लिन चाहने दलले उम्मेदवारको बन्दसूची तयार गर्दा कुल उम्मेदवारको कम्तीमा ५० प्रतिशत महिलाको नाम समावेश गर्नुपर्ने । ☐

प्र. ८. नेपालको संविधानले निर्वाचन आयोगमा प्रमुख आयुक्त सहित अन्य कति जना आयुक्त रहने व्यस्था गरेको छ ?

क) २ ख) ३ ग) ४ घ) ५

प्र. ९. नेपालभर कति वटा निर्वाचन कार्यालयहरु छन् ?

क) ७५ ख) ४५ ग) ७ घ) ७७

प्र. १० आयोगले सञ्चालन गर्नेमतदाता शिक्षाका कुनै दुई किसिमका कार्यक्रमहरु चिन्ह लगाउनुहोस् ।

क) रेडियो र टेलिभिजन

ख) घरदैलो कार्यक्रम

ग) नमूना मतदान कार्यक्रम

घ) पोष्टर/पाम्प्लेट

प्र. ११. निर्वाचन/मतदाता शिक्षा सञ्चालनका सिद्धान्तहरु के-के हुन् ?

क) निष्पक्षता, समान पहुँच सुनिश्चित गर्ने गरिनु पर्ने,

ख) आम मतदाताले बुझ्ने सरल, स्पष्ट भाषा र स्थानीय भाषा संस्कृतिको प्रयोग गरिनु पर्दछ ।

ग) कुनै पनि भाषा, जात, वर्गको भावना प्रति सम्मान गरिनु पर्दछ ।

घ) माथिका सबै

ङ) क र ख

प्र. १२. नेपाली महिलाले मतदान गर्ने र उम्मेदवार हुने अधिकार कहिलेबाट प्राप्त गरेका थिए ?

क) वि.सं. २००४ सालको स्थानीय निर्वाचनबाट

ख) वि.सं. २००७ सालको परिवर्तन र प्रजातन्त्र प्राप्तिपछि

ग) वि.सं. २०१० सालमा सम्पन्न भएको काठमाण्डौ म्युनिसिपालिटीको निर्वाचनबाट

घ) २०१५ सालमा भएको संसदीय आमनिर्वाचनबाट

***धन्यवाद***

**निर्वाचन आयोग, नेपाल**
कान्तिपथ, काठमाण्डौ, नेपाल
फोन: ९७७ (१) ४२२८६६३ र ४२२५५८०
ईमेल: info@election.gov.np
www.facebook.com/ecnofficial